जनकपुरको जित कायमै । १२

'हामीलाई बोलाएको भए यस्तो दुर्घटना हुँदैनथ्यो' । ५



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष ३० अंक ३०५ १२ पुस २०७९ मंगलबार पौष शुक्लपक्ष चतुर्थी नेपाल संवत् ११४३ राष्ट्रिय संस्करण KANTIPUR, Nepali National Daily, Tuesday, December 27, 2022 पृष्ठ १२+२ १० रुपैयाँ





# CONGRATULATIONS

## NEPAL LIQUORS PVT. LTD.

On Succesfully Launching **THE WORLD'S *No.1* VODKA SMIRNOFF** in Nepal.

We are proud to be associated with your esteemed brand.

| | | | | |
|---|---|---|---|---|
| AVANISH TRADE LINK PVT. LTD<br>KATHMANDU | KOSHI SUPPLIERS<br>BIRATNAGAR | RA ENTERPRISES<br>BIRTAMOD | AYUSH TRADERS<br>LAHAN | JAY RAM ENTERPRISES<br>BARDIBAS |
| MAKALU EXIM PVT. LTD<br>BIRGUNJ | MEGHNA TRADE LINK<br>NARAYANGHAT | POKHARA ENTERPRISES<br>POKHARA | DINESH ENTERPRISES<br>DHANGADHI | KNIGHT HAWK TRADERS<br>PVT. LTD., BALAJU |
| KABYA ENTERPRISES<br>BIRATNAGAR | PATHIBHARA COLD STORE<br>BIRATNAGAR | HIMAL STORE<br>ITAHARI | CHANDRA SURYA SUPPLIERS<br>ITAHARI | TAKACHEN TRADE LINK<br>DHARAN |
| US STORE<br>KHANDBARI | JALAN DISTRIBUTORS<br>DHARAN | PATHIBHARA SUPPLIERS<br>HILE | JAY AMBE ENTERPRISES<br>BIRTAMOD | DIPTI & DIPSHIKA TRADE<br>& SUPPLIERS, BIRTAMOD |
| SUBHA LAXMI TRADERS<br>DAMAK | DIKU SHREE ENTERPRISES<br>ILAM | NEW THAPA SOTRE<br>FIDIM | AMATYA TRADERS<br>LAHAN | SR TRADERS<br>LAHAN |
| MAKALU TRADER & SUPPLIERS<br>LAHAN | RAJ DEIVS SONS<br>RAJBIRAJ | BANGALAMUKHI SHOPPING<br>CENTRE, GAIGHAT | DEEPAK IMPEX &<br>CONCERN, BIRGUNJ | NEW JAGADAMBA<br>TRADERS, BIRGUNJ |
| MAMATA TRADE & CONCERN<br>BIRGUNJ | MAMATA TRADERS<br>SIMARA | RABI ENTERPRISES<br>KALAIYA | HEMANT ENTERPRISES<br>BARDIBAS | ROYAL COLD STORE<br>JALESHWOR |
| ASHISH TRADERS<br>BAYALBAS | SIDDHA BABA TRADERS<br>JANAKPUR | SURBI ENTERPRISES<br>JANAKPUR | RISU TRADERS<br>CHAPUR | SHAH COLD<br>MALANGWA |
| MAA DURGA ENTERPRISES<br>MALANGWA | ARSHA & BROTHERS<br>CORPORATION, GAUR | ASHA ENTERPRISES<br>DHALKEBAR | BINAYAK SHREE<br>INTERNATIONAL, HETAUDA | NEW RAPTI COLD STORE<br>HETAUDA |
| PRIME MARKETING<br>NARAYANGHAT | NARAYANI SUPPLIERS<br>NARAYANGHAT | BRIGHT MARKETING<br>BUTWAL | NAVA SHREE ASTHABINAYAK<br>SUPP. PVT. LTD, RUPANDEHI | L P TRADERS CHANDRAUTA,<br>KAPILBASTU |
| SUNGABHA TRADE CENTRE<br>BHAIRAHAWA | B.G. GROUP TRADING<br>HOUSE, PALPA | BHAGWAN SUPPLIERS<br>GULMI | AMBESHOWRI TRADE<br>HOUSE, NEPALGUNJ | BHAWANA ENTERPRISES<br>TULSIPUR |
| BUDATHOKI MADIRA PASAL<br>TULSIPUR | AASTHA AUSHA<br>SUPPLIERS, LAMAHI | SUBHA SUPPLIERS<br>GHORAHI DANG | SAHI GENERAL STORE<br>JUMLA | OM BUDDHA ORDER &<br>SUPPLIERS, SURKHET |
| NEW SHANKER GENERAL<br>SUPPLIERS, SURKHET | CHETAN SUPPLIERS<br>MAHENDRANAGAR | SN TRADERS<br>MAHENDRANAGAR | HARI IMPEX<br>DHANGADHI | PB TRADE CONCERN<br>DHANGADHI |
| OM GANESH TRADERS<br>LAMKI | JOSHI BROTHERS<br>ACHHAM | DS CONCERN<br>ACHHAM | SANGAM SUPPLIERS<br>TARATAL | MITRA STORE<br>DADELDHURA |
| NEPALI RELATION TRADERS<br>POKHARA | DAMAULI TRADE CENTER<br>DAMAULI | UNITED TRADERS<br>POKHARA | SUHAG TRADERS<br>BAGLUNG | SUBIN TRADE CENTER<br>LEKHNATH |
| MOTI KUMAR KASHI<br>KUMAR, KUSMA | SUGAM STORE<br>SYANJA | SUNDER TRADERS<br>GORKHA | SK ORDERS AND<br>SUPPLIERS, CHARIKOT | M.S. MARKETING<br>BHAKTAPUR |
| MANGALAM INTERNATIONAL<br>PVT. LTD., NAXAL | BARSHU ENTERPRISES<br>BHAKTAPUR | FRIENDSHIP SUPPLIERS<br>PVT. LTD., KAPAN | SMN TRADERS<br>ABUKHAIRENI | J.B.S. MARKETING<br>NAYA BAZAR |
| TRIDEVI SUPPLIERS<br>RAM HITI, CHABAHIL | DBS TRADERS PVT. LTD.<br>BANEPA | MAHALAXMI SUPPLIERS<br>PVT. LTD., IMADOLE | TAJ MARKETING PVT.<br>LTD., LALITPUR | NEW SAMJHANA<br>ENTERPRISES, DHADING |
| R & R EMPORIUM PVT. LTD<br>SANEPA | SATYA SAI MARKETING<br>NUWAKOT | HOME SERVICE<br>TERHATHUM | GANDAKI COLD STORE<br>KOHALPUR | NN TRADE LINK<br>LALITPUR |
| JOSHI SUPPLIERS<br>KHUSHIBUN-17, KATHMANDU | WINE WORLD TRADE LINK<br>PVT. LTD., PAKNAJOL | SMN TRADERS<br>ABUKHAIRENI | | |

**THE WORLD'S *No.1* VODKA**

Smirnoff · Antiquity Blue · Signature Premier · Signature Rare Aged Whisky · Royal Challenge · Blue Riband · McDowell's No1 Luxury



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित



वर्ष ३० अंक ३०५ | १२ पुस २०७९ मंगलबार पौष शुक्लपक्ष चतुर्थी | नेपाल संवत् ११४३ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, December 27, 2022 | पृष्ठ १२+२ | १० रुपैयाँ

# भागबन्डा 'प्याकेजमै'

दाहालले सम्हाले कार्यभार, ४ दलको ८ सदस्यीय मन्त्रिपरिषद्

साझा न्यूनतम कार्यक्रममा चित्त बुझे राप्रपा पनि सरकारमा

रेशम चौधरी रिहा भए मात्र नागरिक उन्मुक्ति सरकारमा

**बबिता शर्मा र मणि दाहाल** (काठमाडौं)

माओवादी अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा सोमबार ८ सदस्यीय मन्त्रिपरिषद् गठन गरेका सत्तारूढ दलहरूले राज्यशक्तिका बाँकी पद 'प्याकेज' सहमतिमार्फत बाँडफाँट गर्ने भएका छन् । शपथ लिइसकेका चार मन्त्रीका लागि मन्त्रालय तोकिनै बाँकी छ । मन्त्रिपरिषद्मा कुन दलबाट कति र कुन-कुन मन्त्रालयमा प्रतिनिधित्व रहने भन्नेमा पनि सहमति भइसकेको छैन । राष्ट्रपति र सभामुखमा मोटामोटी समझदारी बने पनि संघ र प्रदेश तहका अन्य पदमा एकमुष्ट बाँडफाँट गर्ने तयारी भइरहेको नेताहरूले बताएका छन् ।

माओवादी अध्यक्ष दाहाल नेतृत्वको सरकारलाई एमाले, माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपा, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टीका र स्वतन्त्रसहित १ सय ६९ सांसदले समर्थन गरेका छन् । एमालेले राष्ट्रपति र सभामुख लिने सहमति छ । उपराष्ट्रपति, उपसभामुख, मन्त्रालय र प्रदेश प्रमुख भागबन्डा गर्न बाँकी छ । नयाँ सत्ता गठबन्धनसँग सातै प्रदेशमा बहुमत रहेका कारण मुख्यमन्त्री, प्रदेश सभामुख, उपसभामुखसहितका पदमा सहमति गर्नुपर्नेछ । संसदीय समिति सभापति पनि उनीहरूले भागबन्डा गर्नेछन् ।

प्रधानमन्त्री दाहाल निकट नेताहरूका अनुसार प्रारम्भिक छलफलमा प्रधानमन्त्रीसहित २५ सदस्यीय मन्त्रिपरिषद्मा एमालेको १० र माओवादीको ७ मन्त्रालयमा दाबी छ । राष्ट्रिय स्वतन्त्र पार्टी र जसपाले ३-३ तथा जनमत पार्टीले २ मन्त्रालयमा दाबी गरेका छन् । सरकारमा सहभागी हुने अवस्थामा आफूलाई ३ मन्त्रालय चाहिने राप्रपाको सर्त छ । नागरिक उन्मुक्ति पार्टीले सरकारमा जाँदा २ मन्त्रालयमा दाबी गर्ने जनाउ दिएको छ ।

दाहाललाई प्रधानमन्त्रीमा समर्थन गरेको जसपाले सरकारमा जाने/नजाने निर्णय गरिसकेको छैन । राजनीतिक समितिको बैठक बसेर संसदीय दल नेता चयन गरेपछि सरकारमा सहभागिताबारे निर्णय लिने जसपाले जनाएको छ । 'सरकारमा सहभागी हुने वा नहुने भन्नेमा पार्टीमा छलफल गर्न बाँकी नै छ । छलफलपछि निर्णय लिन्छौं,' जसपा अध्यक्ष उपेन्द्र यादवले भने । जसपाका १२ सांसद छन् ।

१४ सांसद रहेको राप्रपाले पहिला सरकारको काम हेर्ने र जनताप्रति उत्तरदायी भएर काम गरेको देखिए मात्र सरकारमा जाने निर्णय गरेको छ । देशलाई निकास दिनका लागि सरकार बनाउन राप्रपाले समर्थन गरेको अध्यक्ष राजेन्द्र लिङ्देनले बताए । 'पहिला सात दलको साझा न्यूनतम कार्यक्रम हेर्छौं,' उनले भने, 'राष्ट्रियता, राष्ट्रिय एकता, विकास, सुशासन र सेवा प्रवाहका सन्दर्भमा विगतमा फरक ढंगले यो सरकार जान्छ भन्ने सुनिश्चित नभई हामी सरकारमा जाने कुरालाई प्राथमिकतामा राख्दैनौं ।' सोमबार बिहान बसेको सत्ता गठबन्धनको बैठकमा सरकारसँग समन्वय गर्न संयन्त्र बनाउने र साझा न्यूनतम कार्यक्रम ल्याउने छलफल भएको छ ।

नागरिक उन्मुक्ति पार्टीले माग सम्बोधन भएपछि मात्रै सरकारमा जाने जनाएको छ । रेशम चौधरीको रिहा, गिरीशचन्द्र लाल नेतृत्व आयोगको प्रतिवेदन सार्वजनिक र टीकापुर घटनाका मुद्दा खारेज गर्नुपर्ने उसका मुख्य सर्त छन् । शेरबहादुर देउवा नेतृत्वको सरकारले अध्यादेशमार्फत कानुन संशोधन गरेर चौधरीलगायतको मुद्दा फिर्ता गर्न खोजेको थियो तर राष्ट्रपति कार्यलयबाट अध्यादेश जारी भएन ।

दाहाल नेतृत्वको सरकारलाई समर्थन गरेका सांसदहरू अमरेशकुमार सिंह, प्रभु साह र किरणकुमार साह पनि मन्त्री बन्ने दौडमा छन् । प्रधानमन्त्री दाहाल निकट स्रोतका अनुसार तीन जनाबीच सहमति जुटाएर स्वतन्त्रमध्येबाट एक वा दुई जनासम्मलाई मन्त्री बनाउने प्रयास हुनेछ । 'केही मन्त्रालयको मात्रै जिम्मेवारी तोकिएको छ । बाँकी मन्त्रालयलाई समग्रमै सहमति गरेर टुंग्याउँछौं,' एमाले उपाध्यक्ष एवं उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले भने ।

सत्ता गठबन्धनले १० सिट भएको एकीकृत समाजवादीलाई पनि सरकारमा लैजान छलफल गर्ने भएको छ । एमाले अध्यक्ष केपी शर्मा ओलीसँग एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालको तिक्तताका कारण सरकारमा जाने-नजाने अन्योल छ । तर एकीकृत समाजवादी सरकारमा आउने माओवादीको विश्वास छ । प्रधानमन्त्री दाहालले माओवादीको भागमा पर्ने मन्त्रालयमा नयाँ मानिस र विज्ञलाई समेट्ने तयारी गरेको उनी निकट नेताहरूले बताएका छन् ।

दाहालको नेतृत्वमा गठित मन्त्रिपरिषद्मा एमाले, माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी र जनमत पार्टी गरी चार दलको प्रतिनिधित्व रहेको छ । संविधानको धारा ७६ (२) अनुसार प्रधानमन्त्रीमा नियुक्त दाहाललाई सात दल र तीन स्वतन्त्र सांसदको समर्थन रहेको छ ।

०६५ र ०७३ मा पनि प्रधानमन्त्री बनेका दाहालको यो तेस्रो सिंहदरबार यात्रा हो । अरू बेला सुट र टोपीमा शपथ लिने गरेका दाहालले यस पटक भने दौरा-सुरुवाल, कोट र टोपी लगाएका थिए । दौरा-सुरुवाल, कोट र टोपी परम्परागत राष्ट्रिय पोसाक भएकाले रोजेको दाहालको सचिवालयले जनाएको छ ।

एमालेका उपाध्यक्ष विष्णु पौडेल, माओवादीका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ र राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने उपप्रधानमन्त्री बनेका छन् । दोस्रो वरीयताका पौडेलले अर्थ, तेस्रो वरीयताका श्रेष्ठले भौतिक तथा यातायात र चौथो वरीयताका लामिछानेले गृह मन्त्रालयको जिम्मेवारी सम्हालेका छन् । बाँकी पृष्ठ ११ ▶▶



विष्णु पौडेल | पुष्पकमल दाहाल | नारायणकाजी श्रेष्ठ | रवि लामिछाने | ज्वालाकुमारी साह | दामोदर भण्डारी | राजेन्द्र राई | अब्दुल खान

**मन्त्रालय २५**
**दाबी ३०**

| | |
|---|---|
| एमाले- | १० |
| माओवादी- | ७ |
| राष्ट्रिय स्वतन्त्र- | ३ |
| जसपा- | ३ |
| राप्रपा- | ३ |
| जनमत- | २ |
| नागरिक उन्मुक्ति- | २ |

## भित्र

- माओवादीका नारायणकाजी श्रेष्ठ र वर्षमान पुनले गृह मन्त्रालय ताकेका थिए, लामिछानेको अडानले बदलियो भागबन्डा
- गृहमन्त्री लामिछाने भन्छन्- 'भ्रष्टाचार रोक्न उच्चस्तरीय संयन्त्र बनाउँछौं'
- नाजुक अर्थतन्त्रको बागडोर पौडेलको काँधमा । भन्छन्- 'लयमा फर्काउनेछु'
- देउवाको 'आत्मघाती हठ' लाई लिएर कांग्रेसमा असन्तुष्टि, विशेष महाधिवेशन गरेर नेतृत्व परिवर्तन गर्नुपर्ने आवाज

# जोगिएला माओवादीको गिर्दो साख ?

**गंगा बीसी** (काठमाडौं)

दसवर्षे सशस्त्र द्वन्द्वको राप र तापमा ०६४ को संविधानसभा निर्वाचनबाट पहिलो पार्टी बनेको माओवादीको साख यो आमनिर्वाचनसम्म आइपुग्दा निरन्तर घटिरहेको छ ।

यस पटक प्रतिनिधिसभामा मुस्किलले समानुपातिकबाट १४ सिट (११ प्रतिशत मत) र प्रत्यक्षबाट १८ सिट जितेको माओवादी ०७४ को निर्वाचनमा भन्दा खुम्चिएको छ । माओवादीले ०७४ मा समानुपातिकमा १७ सिट (१३.६६ प्रतिशत मत) र प्रत्यक्षमा ३६ सिट जितेको थियो ।

तेस्रो पटक प्रधानमन्त्री भएका माओवादी अध्यक्ष पुष्पकमल दाहालका लागि अहिले पार्टीको साख जोगाउनु मुख्य चुनौती हो । दाहालको सत्तारोहण उनी आफैंका लागि जति महत्त्वपूर्ण छ, माओवादीको भविष्यका लागि त्यति नै चुनौतीपूर्ण छ । जसरी पनि सरकारमा जाने दाहालको नीतिले पार्टीका आमकार्यकर्तालाई खुसी पार्न सकेको छैन ।

संसद्मा तेस्रो शक्ति बनेको र सरकार बनाउन निर्णायक हैसियतमा रहेकाले माओवादीले सरकारको नेतृत्व गर्ने मौका पाएको हो । यसका लागि अध्यक्ष दाहालले कांग्रेस र एमालेसँग समानान्तर वार्ता अघि बढाएका थिए ।

यतिबेला प्रधानमन्त्री दाहाल र माओवादीका सामु मुलुकमा बढ्दो आर्थिक संकटले आममानिसमा उत्पन्न भएको निराशालाई चिर्दै आशा जगाउने चुनौती छ । सरकारले आगामी दिनमा गर्ने कामसँग माओवादीको भविष्य जोडिएको छ । एमाले नेतृत्वको गठबन्धनबाट सरकारमा सहभागी राष्ट्रिय स्वतन्त्र पार्टी र जनमत पार्टीका मन्त्रीहरूले गर्ने कामको जस-अपजस दाहालले लिनुपर्नेछ ।

०६५ सालमा संविधानसभाको ठूलो दलको नेताका हैसियतमा पहिलो पटक सत्तारोहण गर्दा तत्कालीन प्रधानसेनापति रुक्मांगत कटवाललाई हटाउन खोजेपछि आफैं बहिर्गमन भएका दाहाल त्यसयता सरकार बनाउने र गिराउने खेलमा निरन्तर सहभागी भए । यसबीच उनको पार्टी भने निरन्तर कमजोर बनिरह्यो । तीन पटक दाहाल र एक पटक तत्कालीन उपाध्यक्ष बाबुराम भट्टराई गरी माओवादीले चार पटक सरकारको नेतृत्व गर्ने अवसर पायो । ०६८ मा प्रधानमन्त्री बनेका भट्टराईले आर्थिक समृद्धिको प्रमुख नारा अघि सारेका थिए ।

यो आमनिर्वाचनमा माओवादीले 'जसको नीति उसको नेतृत्व' नारा अघि सारेको थियो । दाहाल प्रधानमन्त्री भएपछि माओवादीको चुनावी नारा साकार भएको छ । अब दाहालले सरकारको नयाँ नीति तथा कार्यक्रम कस्तो ल्याउँछन्, त्यसमा मुलुकको मात्रै होइन, माओवादी पार्टीकै पनि भविष्य निर्भर रहनेछ । माओवादी सचिव राम कार्कीले विगतका भूलसुधार गरी निम्नवर्गका लागि काम गर्ने अवसर आएको बताए । 'हरेक कुरा विचार गरेर सावधानीपूर्वक अघि बढ्नुपर्नेछ,' उनले भने, 'किसान र मजदुर केन्द्रित व्यावहारिक योजना ल्याउन आवश्यक छ । आर्थिक संकट सुधार गर्ने चुनौती छ ।'

राजनीतिक र वैचारिक हिसाबले एमाले र माओवादीमा खासै भिन्नता नभएको उल्लेख गर्दै कार्कीले 'मिलेर काम गर्दा आशा जगाउन सकिने' बताए । एमाले र माओवादीका नेताहरू यो गठबन्धनलाई 'स्वाभाविक' भन्न थालिसकेका छन् । एमाले उपाध्यक्ष युवराज ज्ञवालीले माओवादीसँग गठबन्धन हुनु स्वाभाविक भएको बताए । 'जे हुनुपर्थ्यो, त्यही भयो,' उनले भने, 'यो गठबन्धनलाई इमान्दारिताका साथ पाँच वर्ष लैजानुपर्छ । विश्वासका साथ अघि बढ्नुपर्छ ।' उनले पनि 'प्रगतिशील नीति तथा कार्यक्रम' ल्याएर जनतामा आशा जगाउनुपर्ने बताए ।

> दाहालको तेस्रो सत्तारोहण उनी आफैंका लागि जति महत्त्वपूर्ण छ, माओवादीको भविष्यका लागि त्यति नै चुनौतीपूर्ण

माओवादी जसरी ओरालो लाग्दै छ, जहिले पनि सत्तामा पुग्ने ध्याउन्नका कारण उसले विगतमा उठाउँदै आएका जनजीविकाका सवाल पनि त्यसरी नै हराइरहेका छन् । माओवादी नेता-कार्यकर्ताले सत्ताभोगलाई सुख ठानिरहेकाले उनीहरूका सामु सडक संघर्ष टाढाको विषय भइसकेको विश्लेषकको बुझाइ छ । १० वर्ष सशस्त्र द्वन्द्वको नेतृत्व गरेका दाहालले शान्ति प्रक्रियामा आइसकेपछि असुरक्षित भएको बेलाबेला बताउँदै आएका छन् । सडकमा जाँदा सबैतिरबाट घेरामा पर्ने उनको बुझाइ छ । 'पुष्पकमल दाहालजीलाई सरकारमा जानैपर्ने अन्तर्राष्ट्रिय बाध्यता पनि प्रमुख कारण हो, आफू लोकतन्त्रप्रति पूर्ण प्रतिबद्ध रहेको अन्तर्राष्ट्रिय निकायलाई विश्वास दिलाउन अझै बाँकी छ,' राजनीतिशास्त्रका प्राध्यापक खडक केसीले भने, 'विशेषगरी शान्ति प्रक्रियाका बाँकी काम टुंग्याउन सरकारमा नगई हुँदैन ।' बाँकी पृष्ठ ५ ▶▶





# रविको छलाङ

## राजनीतिक दल खोलेको ६ महिनामै संसद्‌को चौथो शक्ति, सरकारमा उपप्रधानसहित गृहमन्त्री

माओवादी वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ र उपमहासचिव वर्षमान पुनले गृह मन्त्रालय ताकेका थिए, लामिछानेको अडानपछि बदलियो भागबन्डा

**सिंहदरबारस्थित कार्यकक्षमा सोमबार कार्यभार सम्हाल्दै उपप्रधान तथा गृहमन्त्री लामिछाने ।**
*तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर*

**मातृका दाहाल र स्वरूप आचार्य** (काठमाडौं)

एमालेसहित सात दलले माओवादी अध्यक्ष पुष्पकमल दाहाललाई सर्वसम्मत प्रधानमन्त्रीमा प्रस्ताव गरेसँगै आइतबार शक्ति बाँडफाँटमा अनेक अड्कलबाजी चलेका थिए । कांग्रेससँगको डेढ वर्ष लामो सत्ता गठबन्धन तोडेर माओवादी अध्यक्ष दाहाल 'नाटकीय रूप' मा एमाले गठबन्धनमा सामेल भएपछि पद बाँडफाँट कसरी अघि बढ्छ भन्ने चासो धेरैमा थियो । तर, राजनीति सुरु गरेको छोटो समयमै राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले मारेको छलाङले भने धेरैलाई आश्चर्यचकित बनाएको छ ।

शक्तिशाली र विकासे मन्त्रालयमा जान साझेदार दलबीच हानथाप चलेपछि सोमबार दिनभर संसद् भवन बानेश्वरमा गठबन्धन दलको संयुक्त बैठक बसेको थियो । प्रधानमन्त्रीमा दाहाललाई सघाएको राप्रपाले बाहिरै बसेर समर्थन दिने निर्णय गर्‍यो । बाँकी दलबीच गृह, अर्थ, भौतिक पूर्वाधार, परराष्ट्रजस्ता शक्तिशाली मन्त्रालयको भागबन्डा मिलाउन दिनभर सकस पर्‍यो । सत्ता गठबन्धनको तेस्रो शक्ति रास्वपाले उपप्रधानसहित गृह मन्त्रालयमा दाबी गरेपछि मन्त्रालय भागबन्डा विषय थप पेचिलो बनेको थियो ।

बैठकमा सहभागी एक नेताका अनुसार एमाले र माओवादीले रास्वपालाई सेवाप्रवाहसँग प्रत्यक्ष जोडिएका केही मन्त्रालय दिएर चित्त बुझाउने प्रयास गरेका थिए । तर, रास्वपा सभापति लामिछानेले त्यसलाई अस्वीकार गरे । माओवादी वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ र उपमहासचिव वर्षमान पुनले गृह मन्त्रालय ताकेका थिए । एमाले उपाध्यक्ष विष्णु पौडेललाई अर्थमन्त्री बनाउने र बाँकीमा सहमति गरेर मन्त्रालय भागबन्डा मिलाउने पूर्वयोजना लामिछानेको अडानपछि बदलियो ।

गृह मन्त्रालय प्रहरीसमेत हेर्ने तालुक निकाय भएकाले अनुसन्धानमा स्वार्थ बाझिने जोखिम रहन्छ । स्रोतका अनुसार बैठकमा स्पष्ट रूपमा नउठे पनि एकातिर पहिलो पटक सरकारमा आएका र नागरिकता/राहदानी विवादको मुद्दा खेपिरहेकाले लामिछानेलाई गृह मन्त्रालय दिइहाल्ने पक्षमा एमाले-माओवादीले अनिच्छा गरेका थिए । तर, लामिछानेले उपप्रधानसहित गृह मन्त्रालयमा दाबी नछोडेपछि बैठक लम्बियो । गृहमा आफ्नो दाबी गर्दै उनी बैठक स्थलबाट बीचमै बाहिरिएका थिए ।

२० सिटसहित प्रतिनिधिसभाको चौथो र सत्ता गठबन्धनको तेस्रो ठूलो शक्ति रास्वपा दाहाल नेतृत्वको सरकारलाई अंकगणितका हिसाबले महत्त्वपूर्ण छ । त्यही कारण मन्त्रालय भागबन्डामा विवाद गर्नुभन्दा एमाले अध्यक्ष केपी ओली र प्रधानमन्त्री दाहाल उपप्रधानसहित गृहमन्त्रीमा लामिछानेलाई ल्याउन सहमत भए । त्यसपछि मात्रै प्रधानमन्त्री र मन्त्रीहरूको शपथ ग्रहणमा सहभागी हुन नेताहरू शीतलनिवासतर्फ लागेका थिए ।

राष्ट्रपति विद्यादेवी भण्डारीबाट पद तथा गोपनीयताको शपथ ग्रहणपछि गृह मन्त्रालयमा पदभार सम्हाल्न पुगेका लामिछानेले आफूले देखिने गरी काम गर्ने प्रतिबद्धता जनाएका छन् । कार्यभार सम्हाल्दै उनले 'बलात्कारपछि हत्या गरिएकी कञ्चनपुरकी किशोरी निर्मला पन्तलाई न्याय दिलाउन अधिकतम पहल गर्ने' सम्बन्धी निर्णयमा हस्ताक्षर गरेर आफ्नो सत्ता यात्रा सुरु गरेका छन् । निर्मला प्रकरणमा हालसम्म भएको विवरण पनि पेस गर्न उनले गृहसचिव विनोदप्रकाश सिंहलाई निर्देशन दिए । ०७५ साउनमा बलात्कारपछि निर्मलाको हत्या भए पनि घटनामा संलग्नबारेको मुद्दा अझै टुंगिएको छैन ।

पार्टी स्थापनाको ७ महिना नपुग्दै लामिछाने सत्ता साझेदार गठबन्धनको एक घटकका रूपमा मात्रै सीमित रहेनन्, प्रधानमन्त्रीपछि सबैभन्दा शक्तिशाली मानिएको गृह मन्त्रालयको बागडोर पनि सम्हाल्न पुगेका छन् । राजनीतिक अनुभव र पृष्ठभूमिका हिसाबले उनका लागि यो कठिन र नयाँ जिम्मेवारी हो । अपराध अनुसन्धान, नियन्त्रण, शान्तिसुरक्षा व्यवस्थापनलगायत आन्तरिक सुरक्षा जिम्मेवारी मात्रै होइन, बाह्य सुरक्षाको आन्तरिक व्यवस्थापनमा पनि जटिल विषय हो । कानुन कार्यान्वयन, सुशासन कायम, प्रहरी र सशस्त्र प्रहरी बल सञ्चालन, राष्ट्रिय अनुसन्धान विभागसँगको समन्वय र यससँग जोडिएका अरू थुप्रै विभाग र निकायको तालुक अड्डा गृह मन्त्रालय साधन/स्रोत र शक्तिका हिसाबले पनि महत्त्वपूर्ण मानिन्छ ।

### चुनौतीपूर्ण सत्तायात्रा

लामिछानेलाई जिम्मेवारी कुशलताका साथ निर्वाह गर्न त्यति सहज छैन । विदेशी नागरिकता र राहदानी भएकै बेला कानुनविपरीत नेपाली राहदानी र नागरिकता लिएको आरोपमा उनीमाथी कानुनी र नैतिक प्रश्न त छँदै छ, आरोपको अनुसन्धान गर्ने प्रहरीको तालुक निकायमा नै उनी स्वयं आइपुगेका छन् । यद्यपि पदभार ग्रहणपछि गृह मन्त्रालयमा सञ्चारकर्मीसँग त्यस विषयमा अनुसन्धान गर्ने निकायलाई निष्पक्ष रूपमा काम गर्न आफूले कुनै हस्तक्षेप नगर्ने प्रतिबद्धता जनाए । शान्ति सुव्यवस्थामा गृह प्रशासनले गर्ने जुन भूमिका हुन्छ, त्यसमा आफूहरूले सबैभन्दा बढी काम गर्न चाहेकाले गृह मन्त्रालय प्राथमिकतामा परेको उनको भनाइ थियो ।

'सञ्चारकर्मी भएर काम गर्दाखेरि सबैभन्दा बढी काम गर्नुपर्ने मन्त्रालय, त्यसअन्तर्गतका विभाग/कार्यालय गृह प्रशासन थियो,' लामिछानेले भने, 'त्यसमा अलिक बढी नागरिकको गुनासो थियो । आम नागरिकको न्यायमा गृह र प्रहरी प्रशासनले धेरै मद्दत गर्न सक्छ । जेजति गरिएको छ, त्योभन्दा बढी अझ गर्न सक्छु भन्ने लागेर गृह मन्त्रालय रोजेको हुँ ।'

नागरिकता/राहदानी विवादबारेको विषयमा स्वतन्त्र रूपमा अनुसन्धान/छानबिन हुनुपर्ने उनले बताए । 'स्वतन्त्र रूपमा सबैलाई बराबर ढंगले हेरेर कुनै विभेद नगरीकन न्याय सम्पादन/कार्यसम्पादन गर्ने अधिकार आजैबाट छ जहिल्यै पनि छ । चाहे म हुँ, चाहे अरू कोही होस्, चाहे क्याबिनेटका कोही मन्त्री/सचिवहरू हुन्, कसैसँग विभेद नगरी स्वतन्त्र ढंगले हरेक कुराको निष्पक्ष छानबिन गर्ने अधिकारमा मेरो सहयोगबाहेक कुनै हस्तक्षेप हुँदैन । कुनै पनि किसिमको सम्झौता हुँदैन ।'

शान्ति सुरक्षा व्यवस्थापन, आम नागरिकले देख्ने गरी अमनचयन कायम, गृह प्रशासनबाट प्रवाह हुने सेवालाई चुस्त पार्ने र सुरक्षा निकायमाथि हुने राजनीतिक हस्तक्षेप, सरुवा/बढुवामा अपारदर्शी निर्णय जस्ता विकृति अन्त्य गर्नु उनका लागि प्रमुख चुनौती हो । नेपाल प्रहरी र सशस्त्र प्रहरी गृह मन्त्रालय मातहतका सुरक्षा संगठन हुन् । दुवै सुरक्षा निकायमा कायम सेवा अवधि, पदावधि, उमेर हदबारेका बहस र विवाद अनि त्यसमा राजनीतिक स्वार्थ समूहले लिने नाजायज लाभ अन्त्य गर्न नीतिगत सुधार आवश्यक छ । गठबन्धन सरकार भएका कारण लामिछाने आफैंले चाहेर मात्रै यी काम गर्न त्यति सहज छैन ।

एउटा सरकार आउँदा अमूक सुरक्षा अधिकारी र प्रशासकको हित हुने निर्णय, अर्को आउँदा अर्कैको अनुकूल निर्णय गर्ने प्रवृत्ति २०४८ यता गृह प्रशासन र सुरक्षा संगठनमा झाँगिएको बेथिति हो । लामिछाने यसलाई प्रणालीभन्दा बाहिर गएर निर्णय गर्दाको नतिजा रहेको बताउँछन् । 'जब प्रणाली र भएका कानुनभन्दा बाहिर गएर काम गरिन्छ, जब आफन्तलाई राख्न काम गरिन्छ, जब आफ्ना मान्छेलाई हेर्ने कुरा आउँछ, मुद्दा/विषयमा आग्रह/पूर्वाग्रह हुन्छन्, त्यतिखेर मात्रै बेथिति आउने हो,' उनले भने, 'व्यक्तिलाई नहेरी प्रणालीलाई मानेर गयौं भने कहीं पनि समस्या छैन । विगतमा भएका राम्रा कुरा सिक्छौं । गलत चीजलाई दोहोर्‍याउँदैनौं ।'

आफूले सकेजति सुधारका प्रयास गर्ने र मन्त्रिपरिषद्मै आवश्यक परे प्रतिपक्षीको भूमिकासमेत निर्वाह गर्न पछि नपर्ने लामिछानेले बताएका छन् । 'जसलाई प्रधानमन्त्रीका रूपमा स्वीकारिन्छ, संवैधानिक प्रक्रिया छ, त्यो प्रक्रियामा त जानैपर्ने हुन्छ । तर काम गर्ने मान्छेलाई काम गर्न सानै स्पेस पनि ठूलो हुन्छ भने गृह मन्त्रालयजस्तो स्पेसमा बसेर धेरै काम गर्न सकिन्छ,' उनले भने, 'योभन्दा अघि पनि हामी खबरदारी गर्ने नै काममा थियौं । अरूले गरेको कुरामा होमा हो गर्न हामी आएका होइनौं । यसबारे नेताहरूसँग मैले स्पष्ट भनेको छु ।'

सुरक्षा निकायको आधुनिकीकरण, भौतिक सुधार, नीतिगत सुधार पनि गृह प्रशासनका लागि प्रमुख जिम्मेवारी हो । सरुवा/बढुवामा सत्ता र शक्ति निकटको घर धाउनुपर्ने प्रवृत्ति रोक्न गृहमन्त्रीको भूमिका महत्त्वपूर्ण रहन्छ । गृहमन्त्री आफैं यस्ता गलत गतिविधिमा सामेल नहुने हो भने सुधारका लागि बाटो खोलिन्छ । तर, उपल्लो अधिकृतदेखि कार्यालय सहयोगीसम्मको सरुवा/बढुवामा राजनीतिक वृत्तबाट हुने हस्तक्षेप रोक्न आवश्यक छ ।

सञ्चारकर्मीका रूपमा काम गर्दैगर्दा अमेरिका गएर उतैको नागरिकता/राहदानी लिएका लामिछाने नेपाल आएर ६२ घण्टा लगातार 'टक शो' चलाएर विश्व कीर्तिमान राखेपछि थप चर्चामा आएका थिए । तत्कालीन प्रधानमन्त्री केपी ओलीलाई आफ्ना योजना सुनाउँदै उनले 'सिधा कुरा प्रधानमन्त्रीसँग' कार्यक्रम नेपाल टेलिभिजनबाट चलाउन राजी गराएका थिए । त्यसपछि नै लामिछानेले १४ वर्षको अमेरिका बसाइ छोडेर स्वदेश फर्किएका हुन् ।

ओली प्रधानमन्त्रीबाट हटेर दाहाल प्रधानमन्त्री बने, 'सिधा कुरा प्रधानमन्त्रीसँग' पनि बन्द भयो । त्यसपछि उनले न्युज २४ बाट 'सिधा कुरा जनतासँग' कार्यक्रममार्फत नागरिकका आवाज उठाउन थाले । देश/विदेशमा नेपालीले पाएका दुःखलाई राज्यका जिम्मेवार निकायसम्म पुर्‍याउने मात्र होइन, भ्रष्टाचार र सेवा प्रवाह चुस्त नभएकामा सरकारविरुद्ध निरन्तर खबरदारी गरिरहे । ०७६ साउन २० मा पत्रकार शालिकराम पुडासैनी मृत अवस्थामा फेला परेपछि प्रहरीले उनीमाथि आत्महत्या दुरुत्साहनमा मुद्दा चलायो । पछि उक्त मुद्दामा अदालतबाट सफाइ पाए । उनलाई पक्राउ गर्दा 'राज्यले ज्यादती गरेको' भन्दै लामिछानेको पक्षमा चितवनमा जनस्तरबाटै सरकारविरुद्ध प्रदर्शन र नाराजुलुस भएको थियो ।

प्रहरी हिरासतबाट बाहिरिएपछि नै उनले चितवनबाट आमनिर्वाचनमा विजयी हुने आधार बनाएको देखिन्छ । ११ दिन हिरासत बसेर धरौटीमा छुटेका उनले नारायणी किनारमा समर्थन गर्नेहरूलाई धन्यवाद दिन राखेको कार्यक्रममा हजारौं सर्वसाधारण सहभागी भएका थिए । त्यही भीड नै उनको राजनीतिक फड्को मार्ने आधार बनेको कतिपय बताउँछन् ।

०७७ फागुनमा लामिछानेले न्युज २४ टेलिभिजन छोडेर ग्यालेक्सी फोरके सञ्चालनको घोषणा गरे । ०७८ असोज १५ बाट प्रसारणमा आएको ग्यालेक्सीमार्फत पनि उनले जनसरोकारका विषय अघि सारिरहे । टेलिभिजन पत्रकारिता छाडेर उनले गएको असार ७ गते राष्ट्रिय स्वतन्त्र पार्टी घोषणा गरे । हालै सम्पन्न निर्वाचनमा उनी चितवन-२ बाट प्रतिनिधिसभा सदस्यमा ठूलो मतान्तरले विजयी भएका थिए ।

# 'भ्रष्टाचार रोक्न उच्चस्तरीय संयन्त्र'

**टेलिभिजन पत्रकारिताका दौरान आक्रामक प्रश्न/प्रस्तुतिमा रुचाउने *रवि लामिछानेको* कार्यशैली उस्तै रहन्छ कि निर्वाचनका वाचा भुल्ने पुरानै दलका नेताझैं रूपान्तरण होलान् ? गृहमन्त्रीमा सोमबार पदबहाली गरेपछि राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति लामिछानेसँग *जनकराज सापकोटाले* गरेको संवाद :**

**तपाईंका मुख्य प्राथमिकताका विषय के हुन् ?**

जनजीविकाको सवालमा विशेष गरी गृह प्रशासनमा धेरै नागरिकको गुनासो आउँछ । मैले पहिले काम गर्दा नागरिकका धेरै गुनासो गृह प्रशासनसँग सम्बन्धित थिए । जनताको चासो हुने ढंगले त्यस्ता विषयमा मेरो प्राथमिकता रहन्छ । आम सर्वसाधारणलाई सुविधा दिने र काम गर्न सहज हुने वातावरण हुन्छ । जस्तो, प्रहरी कार्यालयमा गएपछि त उसका लागि वान स्टप जस्तो हुनुपर्ने हो । अन्त जानै नपर्ने हुनुपर्ने हो । त्यस्ता विषयलाई म प्राथमिकता दिन्छु ।

**धेरैको चासो संगठित अपराधको विषयमा पनि छ । संगठित सुन तस्करीको ठूलो जालो नेपालमा छ । यसबारे बारम्बार अनुसन्धान हुने र रोकिने क्रम जारी छ । कसरी काम गर्नुहुन्छ ?**

संयन्त्रहरूले के बताउँछन्, कसरी भइरहेको छ, यसबारे सम्पूर्ण ब्रिफिङ भोलि लिन्छु होला । सम्पूर्ण अवस्थाबारे बुझेर यसलाई निर्मम तरिकाले काम गर्ने निधो गरेको छु ।

**संगठित सुन तस्करीबारे सरकारले गरेको अध्ययन प्रतिवेदन सार्वजनिक गरिएको छैन । त्यो सार्वजनिक गर्नुहुन्छ वा फेरि खोतल्नुहुन्छ ?**

त्यो त सार्वजनिक गर्नैपर्ने हुन्छ नि । त्यो किन अध्ययन गरिएको हो भने त्यसमा अन्तर्वस्तुहरू छन्, जसले अनुसन्धानलाई सघाउँछ । किन सार्वजनिक नभएको रहेछ बुझ्छु । सार्वजनिक नहुनुको कुनै तर्कसंगत कारण छ भने बेग्लै कुरा भयो तर अन्यथा हो भने सार्वजनिक हुनुपर्छ ।

**तपाईं सञ्चारकर्ममा हुँदा पनि धेरै नेपाली मानव तस्करीमा परिरहेको घटना हरेक दिन सार्वजनिक हुन्थे । यस्ता घटना रोक्न गृह मन्त्रालय प्रत्यक्ष संलग्न हुन सक्छ । बेलाबेला अध्यागमन विभागकै कर्मचारी मानव तस्करीमा सहायक हुने घटना पनि सुनिन्छन् । यसलाई रोक्न तपाईंको के भूमिका हुन्छ ?**

परराष्ट्र मन्त्रालयसँग समन्वय गरेर यसमा काम गर्छु । मन्त्रिपरिषद्को बैठकमा पनि यसबारे थोरै कुरा गरें । परराष्ट्र मन्त्रालयसँग कुरा गरेर संयन्त्र बनाउने, भएको संयन्त्रलाई अलिकति सुधार गर्नुपर्छ भनेर प्रधानमन्त्रीलाई भनेको छु । कहाँबाट मानव तस्करी भइरहेको छ, कुन रुट प्रयोग भइरहेको छ भन्ने जानकारी पनि मलाई धेरथोर छ । त्यसैले यसमा तदारुकतासाथ काम गर्छु ।

- सुरक्षा संयन्त्रका मान्छेहरू नागरिकको सेवा गर्न छाडेर नेताको चाकडी गर्न जानु हुँदैन
- सरकारी सेवामा हुने ढिलासुस्ती हटाउन टाइम कार्डको अवधारणा ल्याएका छौं

**विगतमा प्रहरी संयन्त्र राजनीतिक हस्तक्षेपको सिकार भएका घटना बाहिरिन्थे । तपाईंहरू त नयाँ दल भएकाले कसैको स्वार्थबिना हस्तक्षेप नगरी नै अगाडि बढ्ने सुविधा छ नि हैन ?**

मैले गृह मन्त्रालय छान्नुको महत्त्वपूर्ण कडीमध्ये यो पनि एक हो । यहाँ राजनीतिक हस्तक्षेप नहोस्, इमानदार र कर्तव्यनिष्ठ प्रहरी अफिसर र जवानहरूको उन्नति होस् भन्ने मेरो चाहना हो । सुरक्षा संयन्त्रका मान्छेहरू नागरिकको सेवा गर्न छाडेर नेताको चाकडी गर्न जानु हुँदैन । सुरक्षा संयन्त्रले कोही कुनै नेता वा पार्टी नहेरेर कानुन हेर्ने हो, पद नहेरेर निर्मम भएर कानुन पालना गराउने हो । मैले पहिलो पटकको ब्रिफिङमा पनि यसबारे संयन्त्रका मान्छेहरूलाई स्पष्ट पारेको छु ।

**कमजोर प्रशासनिक संयन्त्र र सरकारी सेवामा हुने ढिलासुस्तीबाट जनता आजित छन् । आफ्नो कार्यकालमा कति दिनभित्र नतिजा दिन सकिन्छ भन्ने योजना बनाउनुभएको छ ?**

यसमा अलिकति वर्क आउट गर्नैपर्ने हुन्छ । कुन सेवाले कति समय माग्छ भनेर हेर्छौं । नागरिक बडापत्रमा भनिएको कागजपत्र पुर्‍याइसकेपछि नागरिकले एकछिन वा एक मिनेट पनि कुर्नुपर्दैन । त्यसका लागि हामीले टाइम कार्डको अवधारणा ल्याएका छौं । लागू गर्न कानुनी जटिलता के छ, तुरुन्तै लागू गर्न कानुनले दिन्छ/दिँदैन हेर्छु । यदि दिँदैन भने कानुन बनाएर भए पनि गर्छौं । सत्ता साझेदारी गर्ने बेलामा पनि मुख्य एजेन्डाका रूपमा यो बुँदा परेको छ । सेवा प्रवाहमा नागरिकले दुःख नपाउन् भन्नका लागि संयन्त्र बनाउन तत्कालै काम गर्छौं ।

**चुनावका बेला तपाईंले यी बूढा नेतालाई आफ्नो काँधमा बोक्दिनँ भनेको भिडियो सामाजिक सञ्जालमा फेरि आएका छन् । तपाईंमाथि पनि शंका सुरु भइसक्या हो ?**

तपाईंले नाम लिएका नेताहरूका विरुद्ध निर्वाचनमा हामीले हाम्रा उम्मेदवार उठाएकै हौं नि । उनीहरूलाई बोक्दिन, हेर्दिन होइन कि भोटबाट उनीहरूलाई आउट गरौं भनेर आम नागरिकलाई अपिल गरेकै हो । हामी त लोकतन्त्रको एउटा सुन्दर विधिबाट आएका हौं । निर्वाचनबाट उहाँहरूलाई बिदा गरौं भनेको हो । तर परिणामले उहाँहरू पराजय हुनुभएन । सरकार बन्ने संवैधानिक प्रावधानभन्दा बाहिर जान त सकिँदैन । बाहिर बसेर गर्ने कि भित्र बसेर गर्ने भन्ने निर्णयचाहिँ कठिन निर्णय थियो । मैले भित्रै गएर काम गर्नुपर्छ भन्ने सोच बनाएँ ।

हिजो गरेका वाचाबाट हामी तलमाथि हल्लिएका छैनौं । हल्लिनुपर्ने कारण पनि छैन । सत्ता समीकरणमा रहेका सबै दललाई हाम्रा बुँदाहरूमा संयुक्त रूपमा सहमत गराएका छौं । यी-यी विषयमा हामी निर्मम हुन्छौं भनेका छौं । सबैभन्दा पहिला भ्रष्टाचारका विषयमा एउटा उच्चस्तरीय संयन्त्र निर्माण गर्नुपर्ने हुन्छ । त्यसबारेको अवधारणा एक/दुई दिनमा सार्वजनिक हुन्छ । हामी सबैले त्यसमा हस्ताक्षर गर्छौं ।

आफ्नो बचनबद्धता र आम मतदातालाई भनेको कुराबाट कत्ति पनि विमुख भएको छैन । सरकारमा सहभागी हुनु भनेको यसअघि जेजे भएको छ, सबैमा सहमत हुनु भन्ने हैन । असहमतिहरूलाई कायम राख्दै हामी सहभागी भएका हौं ।

वर्गीकृत डिस्प्ले

VACAVCY
Acountant - 1
Qualification:
BBA or BBS
Having two wheeler
driving licence
Put ct at:
manakamanatarjali@gmail.com
Ph: 014650568

TEACHER WANTED
Apply:- 12 Passed with Bio-data
Salary negotiable
1. Lower Secondary
Social Teacher - 1
Laxmi Shikshya Sadan
(LSS High)Teku Kathmandu
Contact :- 5904218, 9840585533
Infront of Jilla Prahari Parisad

स्वदेशमै उत्पादित गुणस्तरीय
सोलार वाटर हिटर
सस्ता आयातित तथा न्यून गुणस्तरीय सोलार जडान गरेको केही बर्षमा नै बिग्रेर हैरान हुनुहुन्छ ??
महर्जन मेटल इण्डष्ट्रिज
टेकु, काठमाडौं,
५३६२००१, ५३६२०३२
९८०१०३८५३६/९८०१०३८५४०

भर्ना खुल्यो! भर्ना खुल्यो!!
CTEVT बाट मान्यता प्राप्त यस ग्रीनफिल्ड एजुकेशनल फाउन्डेशन तालिम केन्द्रमा ३ महिने तालिममा भर्ना खुल्यो।
1. Story Telling
2. Art and Craft
3. Games
4. ICT
5. Child Psycholgy
6. Steam Based Pedagogy
7. & Many More...
न्यूनतम योग्यता SEE पास
सिट सिमित भएकोले समयमै भर्ना गरेर मौकाको फाइदा उठाउनुहोला।
ट्रेनिङ पश्चात उत्कृष्ट प्रशिक्षार्थीलाई जागिरको अवसर भएको
०१-५२३३२०१, ९८४१६७२८८०,९८४१६६७६७०

वर्गीकृत डिस्प्ले
अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

# नाजुक अर्थतन्त्रको बागडोर पौडेलको काँधमा

## निवर्तमान अर्थमन्त्री जनार्दन शर्माले केही महिनायता ध्वस्त पारेको अर्थतन्त्रलाई लयमा ल्याउनु र अर्थ मन्त्रालयको गुमेको छवि फर्काउनु मुख्य चुनौती

**यज्ञ बञ्जाडे** (काठमाडौं)

पुँजीगत खर्च र राजस्वको अवस्था नाजुक रहेको, अर्थतन्त्रका महत्त्वपूर्ण सूचकहरू दबाबमै रहेको र सरकारप्रति निजी क्षेत्रको विश्वास टुटेका बेला अर्थतन्त्रको बागडोर तेस्रो पटक अर्थमन्त्री बनेका एमाले उपाध्यक्ष विष्णु पौडेलको काँधमा आएको छ । शेरबहादुर देउवा नेतृत्वको सरकारले छाडेको संकटोन्मुख अर्थतन्त्र सुधार गर्ने मुख्य चुनौती उनीसामु छ ।

अर्थमन्त्रीका रूपमा पौडेलका अघिल्ला दुई कार्यकाल त्यति सफल नमानिए पनि खराब भनेर दोषारोपण गर्ने ठाउँ छाडेका छैनन् । खासगरी निजी क्षेत्रका समस्या सुन्ने अर्थमन्त्रीका रूपमा परिचित उनको यो कार्यकाल निकै चुनौतीपूर्ण रहेको अर्थविद्हरूको तर्क छ । निवर्तमान अर्थमन्त्री जनार्दन शर्माले केही महिनायता ध्वस्त पारेको अर्थतन्त्रलाई लयमा ल्याउनु र अर्थ मन्त्रालयको गुमेको छवि फर्काउनु अर्थमन्त्री पौडेललाई फलामको चिउरा चपाउनुसरह हुने विज्ञहरू बताउँछन् ।

गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा ३१ प्रतिशतले राजस्व वृद्धि गर्ने लक्ष्य सरकारले तय गरेको छ । तर, आर्थिक वर्षको पहिलो पाँच महिनामा गत वर्षको भन्दा २० प्रतिशत कम मात्र राजस्व संकलन भएको छ । महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार सोमबारसम्म कुल ३ खर्ब ७२ अर्ब रुपैयाँ चालु खर्च भएको छ । सोही अवधिमा ३ खर्ब ४१ अर्ब रुपैयाँ मात्र राजस्व संकलन भएको छ । यसरी हेर्दा राजस्व संकलनभन्दा चालु खर्च करिब ३१ अर्ब रुपैयाँले बढी छ । यो तथ्यांकले सरकारी आम्दानीले चालु खर्च धान्न पनि कठिन हुने देखिन्छ । निवर्तमान अर्थमन्त्री जनार्दन शर्माद्वारा प्रस्तुत गरिएको बजेटमा चालु आर्थिक वर्षको पाँच महिनामा ४ खर्ब ६४ अर्ब १२ करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखिएको थियो । राजस्व संकलनसँगै पुँजीगत खर्चको अवस्था पनि निकै दर्दनाक छ ।

विलासिताका वस्तुको आयातमा प्रतिबन्ध र रेमिट्यान्समा सुधार भएकाले पछिल्ला महिनामा अर्थतन्त्रका बाह्य सूचकमा क्रमिक सुधार देखिएको छ तर त्यो सुधार संस्थागत हुने दिगो आधार छैन । बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह ठप्प पारेका छन् भने बजारमा समग्र मागमा कमी आएको छ । अर्थतन्त्रका बाह्य सूचकहरूमा सुधार ल्याउन सरकार र राष्ट्र बैंकद्वारा चालिएका नीतिगत कदमकै कारण समग्र मागमा कमी आएकाले अर्थतन्त्र मन्दीतर्फ जान लागेको आकलन अर्थविद्हरूले गरिरहेका छन् । यस्तै, निजी क्षेत्रका विभिन्न सर्वेक्षणहरूले समग्र मागमा कमी आएको देखाएका छन् ।

यस्तै, करका दरहरू हेरफेर गर्न अनधिकृत व्यक्तिसँग साँठगाँठ, निश्चित व्यापारिक घरानालाई धितोपत्र ब्रोकर, स्टक एक्सचेन्ज, वस्तु विनिमय बजार, बिमा कम्पनीलगायत विभिन्न क्षेत्रको लाइसेन्स वितरणको भरपुर प्रयासलगायत नीतिगत भ्रष्टाचारजस्ता चरम विकृति निवर्तमान अर्थमन्त्री शर्माले भित्र्याएका छन् । त्यस्ता गतिविधि नियन्त्रण गर्नुपर्ने चुनौती पनि नयाँ अर्थमन्त्रीको काँधमा छ । 'अर्थतन्त्रको तत्कालीन समस्या समाधान नै अर्थमन्त्रीको पहिलो कदम हुनुपर्ने देखिन्छ,' अर्थशास्त्री एवं सार्वजनिक खर्च पुनरावलोकन आयोगका अध्यक्ष डिल्लीराज खनालले भने, 'बैंकहरूसँग लगानीयोग्य रकम छैन । निजी क्षेत्रले लगानी गर्न पुँजी पाएको छैन । राजस्वले चालु खर्च धान्न सकेको छैन । यसकारण तात्कालिक समस्या समाधानका लागि प्राथमिकतासाथ परिणाममुखी योजना नयाँ अर्थमन्त्रीले तय गर्नुपर्छ ।'

अर्थतन्त्रलाई ट्र्याकमा ल्याएर अघि बढाउन जे-जस्ता नीतिगत तथा संरचनागत अवरोध छन्, तिनलाई सुधार गरेर ठोस रूपमा समाधानको पहल अर्थमन्त्रीले गर्नुपर्ने उनले बताए । 'रेमिट्यान्समा सुधार भएकाले अर्थतन्त्रका केही बाह्य सूचकमा क्रमिक सुधार देखिए पनि त्यो दिगो हुँदैन, यसकारण अर्थतन्त्र सुधारका लागि तत्काल एक्सन प्रोगाम ल्याउनुपर्छ,' उनले थपे, 'यसका लागि चालु खर्च बढाउने खालका कार्यक्रमहरूको स्क्यानिङ गरेर कम आवश्यकतालाई व्यापक रूपमा कटौती गर्ने र पुँजीगत खर्च प्रभावकारी रूपमा हुने प्रणाली विकास गर्नुपर्छ ।' बजेट प्रणालीभित्र पनि करिब ५० देखि ६० प्रतिशत काम नलाग्ने खालका कार्यक्रम छन् । तीमध्ये काम नलाग्नेलाई खारेज गर्ने, कम महत्त्वका लागि कम र बढी महत्त्वकालाई बढी महत्त्व दिएर नयाँ परिणाममुखी कार्यक्रम ल्याउन उनले अर्थमन्त्रीलाई सुझाव दिए ।

केही महिनायता अर्थतन्त्रमा समस्या आउनुको प्रमुख कारण अर्थ मन्त्रालय र राष्ट्र बैंकबीच प्रभावकारी समन्वय हुन नसक्नु पनि हो । निवर्तमान अर्थमन्त्री शर्मा र गभर्नर महाप्रसाद अधिकारीबीचको सम्बन्धमा आएको तिक्तता अर्थतन्त्र यो अवस्थामा आउनुको एउटा कारण भएको जानकारहरूको दाबी छ । यद्यपि राष्ट्र बैंकसँग समन्वयको समस्या भने नयाँ अर्थमन्त्रीले झेल्नुपर्ने छैन । गभर्नर अधिकारी पनि एमालेकै तर्फबाट नियुक्त भएकाले आउँदा दिनमा अर्थ मन्त्रालय र गभर्नरको सम्बन्ध सुमधुर हुने धेरैको आकलन छ ।

पौडेल यसअघि अर्थमन्त्री रहँदादेखि नै सुरु भएको तरलता अभावको समस्या अझै समाधान भएको छैन । प्रत्यक्ष विदेशी लगानी अपेक्षित रूपमा बढ्न सकेको छैन । लगानीका लागि कर्जा नपाएको र ब्याजदर वृद्धिको विरोध गर्दै उद्योगी व्यवसायी आन्दोलनमा छन् । अहिलेका अर्थमन्त्रीको पहिलो कर्तव्य सार्वजनिक र निजी क्षेत्रका लागि लगानीको स्रोत जुटाउन अधिकतम पहल गर्नु नै हुनुपर्ने पूर्वअर्थमन्त्री युवराज खतिवडाले बताए । 'आफ्नो बजेट सन्तुलनमा राख्ने, राजस्व परिचालन स्वच्छ र स्वस्थ ढंगले गर्ने र राजस्व प्रणालीका कारणले निजी क्षेत्र व्यवसाय गर्न निरुत्साहित हुन नदिनेमै अर्थमन्त्रीका गतिविधि केन्द्रित हुनुपर्छ,' उनले भने, 'निजी क्षेत्रले हामीलाई राज्यले समान व्यवहार गर्छ, कसैलाई काखा कसैलाई पाखा गर्दैन, निजी क्षेत्रका समस्याप्रति सरकार जिम्मेवार र समाधान गर्न तत्पर छ भन्ने विश्वास दिलाउनु अहिलेको आवश्यकता हो ।'

अर्थतन्त्रका धेरै समस्या तरलतासँग जोडिएको देखिए पनि अहिले आमरूपमा उत्पादन शृंखला नै भत्केको खतिवडाले बताए । 'हिजो सस्तो ब्याजमा कर्जा प्रवाह भयो, त्यो केही तोकेको क्षेत्रमा पनि गयो र बाहिर पनि गयो, जसले गर्दा बाहिर गएको रकम तिर्ने बेला आउँदा ब्याजदर पनि बढ्यो, आफूसँग पैसा भएन र राष्ट्र बैंकले पनि दिँदैनौं भन्यो, अहिलेको समस्या यही हो,' उनले थपे, 'त्यो स्थितिमा अहिले उत्पादनमूलक क्षेत्रका उद्योगहरूलाई सहुलियतपूर्ण पुँजी सरल ब्याजमा उपलब्ध गराउनुपर्नेछ । यो कामको नेतृत्व अर्थमन्त्रीले गर्नुपर्छ । अर्थ मन्त्रालय, राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्था सबै मिलेर यो काम गर्न सकिन्छ ।'

विभिन्न कारणले अर्थ मन्त्रालयको गुमेको छवि फर्काउने काम पनि नयाँ अर्थमन्त्री पौडेलको भएको खतिवडाले बताए । 'अर्थ मन्त्रालयले पक्षपाती काम गर्छ, कर्जा नीति छ, जथाभावी खर्च गर्छ भन्ने आमधारणा छ, यस्तो अवस्थामा राज्यलाई किन कर तिर्ने भन्ने भावना करदातामा छ,' उनले भने, 'राज्यले हामीलाई प्राथमिकतामा राखेको छ, यसकारण कर छल्नु हुँदैन । कर तिरेरै राज्य बनाउने हो भन्ने विश्वास करदातालाई दिलाउने गरी अर्थ मन्त्रालयका संयन्त्र परिचालन गर्नुपर्छ ।' अर्थमन्त्रीले भन्सार प्रशासन र कर प्रशासनलाई चुस्त र चोरी पैठारी तथा न्यून बिजकीकरणलाई नियन्त्रण गर्नासाथ अर्थतन्त्रमा सुधारका संकेत देखिने उनले बताए । समस्यालाई समाधान गर्नुको साटो अरू निकायलाई दोषारोपण गर्ने छुट यो सरकारलाई नभएकाले अर्थमन्त्रीले सोहीअनुरूप काम गर्नुपर्ने उनको सुझाव छ ।

वित्तीय स्रोतको परिचालन नै नयाँ अर्थमन्त्रीको सबैभन्दा ठूलो चुनौती भएको अर्थविद् एवं राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापाले बताए । 'वित्तीय स्रोत परिचालनमा नयाँ संरचनागत सुधार गर्नुपर्छ । बाह्य क्षेत्रबाट कसरी धेरैभन्दा धेरै स्रोत भित्र्याउन सकिन्छ भन्नेमा अर्थमन्त्रीको पहल हुनुपर्छ,' उनले भने, 'महत्त्वपूर्ण पक्ष अर्थतन्त्रमाथि लगानीकर्ताको विश्वास बढाउनुपर्‍यो ।' समग्रमा बाह्य क्षेत्रबाट स्रोत परिचालन, राजस्व संकलन, पुँजीगत खर्च र नयाँ रोजगारी सिर्जना नै अहिलेको प्रमुख चुनौती रहेको उनले बताए ।

उपप्रधानमन्त्री पौडेल एमालेबाट पटक-पटक मन्त्री बन्ने नेतामा पर्छन् । सत्ता समीकरण निर्माण गर्न चलाख मानिने उनी केपी शर्मा ओली प्रधानमन्त्री हुँदा दुई पटक अर्थमन्त्री बनेका थिए । ०७२ सालमा एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री हुँदा पौडेल पहिलो पटक अर्थमन्त्री भएका थिए । त्यसैगरी ०७७ सालमा पनि ओलीकै नेतृत्वमा बनेको सरकारमा पौडेल दोस्रो पटक अर्थमन्त्री बने ।



### 'अर्थतन्त्रलाई लयमा फर्काउनेछु'

**अर्थ मन्त्रालयको कार्यभार तेस्रो पटक सम्हाल्दै गर्दा तपाईंसँग मुख्य योजना के छन् ?**

सर्वोपरि रूपमा अर्थतन्त्रमा देखिएका गम्भीर प्रकृतिका समस्या सूक्ष्म अध्ययन गरेर तिनको कारण पहिचान गरी समाधान गर्नेतर्फ मेरो प्राथमिकता हुनेछ । अर्थतन्त्रलाई लयमा फर्काउने, सबल, सुदृढ र गतिशील अर्थतन्त्र निर्माण गर्ने काममा लाग्नेछु । सामाजिक न्यायको दिशातर्फ मुलुकलाई अघि बढाउन मेरो प्राथमिकता रहनेछ ।

**यसअघि तपाईं अर्थमन्त्री रहँदैताकाबाट सुरु भएको तरलता समस्या अझै समाधान हुन सकेको छैन । यो समाधानको कुनै विशेष योजना छ ?**

वित्तीय नीति र मौद्रिक नीतिको समन्वयात्मक ढंगको कार्यान्वयनबाट अर्थतन्त्रमा देखिएका समस्या समाधान गर्न सकिन्छ भन्ने निष्कर्षमा हामी पुगेका छौं । उच्च ब्याजदर, विदेशी मुद्रा सञ्चितिमा देखिएको दबाब र पुँजी बजारमा आएको गिरावटलाई सम्बोधन गरेर अर्थतन्त्रलाई गतिशील बनाउने हाम्रो योजना छ । यस सम्बन्धमा आजको मन्त्रिपरिषद् बैठकले पनि एउटा महत्त्वपूर्ण निर्णय गरेको छ ।

**पुँजीगत खर्च बढ्न सकेको छैन । राजस्वले चालु खर्च पनि धान्न नसकिने अवस्था छ । राजस्व वृद्धिका लागि तपाईंका योजना के-के छन् ?**

राजस्वको लक्ष्य हासिल गर्न चुहावटलाई कडाइका साथ नियन्त्रण गर्न र करको दायरा बढाउन जरुरी छ । यसका लागि आवश्यकताअनुसार राजस्व प्रशासनमा पुनःसंरचना गरिनेछ । त्यो काम छिट्टै सुरु हुनेछ । अर्थतन्त्रमा देखिएका समस्या समाधान गरेर लक्षित आर्थिक वृद्धिदर हासिल गर्न निजी क्षेत्रको पनि मनोबल उठाउन जरुरी छ । यो सरकारले निजी क्षेत्रसँग सघन छलफल गर्छ । निजी क्षेत्रमा सरकारप्रति गुमेको विश्वास जगाउँदै उनीहरूलाई साथमा लिएर अघि बढ्छौं ।

**अर्थ मन्त्रालयले आफ्नो छवि गुमाइसकेको छ । यसलाई कसरी सुधार गर्नुहुन्छ ?**

मेरो सबैभन्दा महत्त्वपूर्ण प्रयास नै अर्थतन्त्रको छवि सुधार्नेमा हुनेछ । त्यसपछि बिस्तारै समस्या समाधान गर्दै जानेछौं ।

**बढेको ब्याजदर घटाउन माग गर्दै निजी क्षेत्र आन्दोलनमा छ । तिनको समस्या कसरी समाधान गर्नुहुन्छ ?**

आन्दोलनकारी उद्योगी व्यवसायीका माग र मुद्दा मैले सुनिरहेको छु । त्यसलाई सूक्ष्म ढंगले अध्ययन विश्लेषण गरेर उनीहरूको माग सम्बोधन गर्न सम्बन्धित निकायसँग समन्वय गर्नेछु । आन्दोलनमा रहनुभएका उद्योगी व्यवसायीलाई आग्रह गर्न चाहन्छु कि तपाईंहरूका समस्या सुनिदिने अर्थमन्त्री आएको छ । अब आफ्ना माग लिएर सडकमा होइन, अर्थ मन्त्रालयमा आउनुस् । सँगै बसेर समाधानका उपाय खोजौं र मुलुकलाई समृद्धिमा लगौं ।

**अर्थतन्त्रलाई जोगाउन तपाईंका कुनै विशेष योजना छन् ?**

अर्थतन्त्रका समस्त परिसूचकलाई सूक्ष्म ढंगले अध्ययन गरेर तिनमा कसरी सकारात्मक सुधार ल्याउन सकिन्छ भन्ने सम्बन्धमा बृहत् अध्ययन जरुरी छ । यसका लागि अर्थतन्त्रका जानकारहरू, अर्थविद्, विभिन्न अनुसन्धानमूलक संघसंस्थालगायतसँग छलफल गरेर सुधारका उपाय खोजिनेछ ।

**अर्थतन्त्रमा आएको संकटका कारणले पनि अर्थ मन्त्रालयसमक्ष नागरिकका अपेक्षा धेरै छन् । कसरी पूरा गर्नुहुन्छ ?**

सरकारले नागरिकको आफूप्रतिको विश्वास गुम्न दिने छैन । नागरिकलाई सरकार हाम्रो साथमा छ भन्ने अनुभूति दिलाएर उनीहरूको आत्मविश्वास बढाउन हरपल प्रयास गर्छौं ।

# दाहालका सारथि



**सिंहदरबारमा सोमबार बसेको पुष्पकमल दाहाल नेतृत्वको मन्त्रिपरिषद्को पहिलो बैठक ।** *तस्बिर : इलिट जोशी/कान्तिपुर*

काठमाडौं (कास)- माओवादी वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले उपप्रधान र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको जिम्मेवारी पाएका छन् । सोमबार बिहान बसेको माओवादी केन्द्रीय पदाधिकारीको बैठकले श्रेष्ठलाई उपप्रधानमन्त्री बनाउने निर्णय गरेको थियो । श्रेष्ठ यसअघि परराष्ट्र र गृहमन्त्री भइसकेका छन् । उनी राष्ट्रिय सभाका सांसद हुन् । २०४० को दशकदेखि नेपाली राजनीतिमा सक्रिय रहेका श्रेष्ठ तत्कालीन विद्रोही माओवादी र आन्दोलनरत ७ राजनीतिक दलबीच १२ बुँदे सहमति गराउने सूत्रधारसमेत हुन् । तत्कालीन नेकपा एकता केन्द्रका महासचिव श्रेष्ठले माओवादीसँग एकीकरणपछि पनि पटक-पटक महत्त्वपूर्ण जिम्मेवारी पाएका छन् ।

२०७४ को चुनावमा उनी गोरखा-२ बाट चुनावी मैदानमा उत्रेका थिए । वाम गठबन्धनका उम्मेदवार रहेका उनी तत्कालीन नयाँ शक्ति पार्टीका संयोजक बाबुराम भट्टराईसँग पराजित भएका थिए । वाम गठबन्धनले देशभर जबर्जस्त जित निकाल्दा पनि गोरखा-२ मा चुनाव हारेपछि श्रेष्ठको संसद् प्रवेशको ढोका बन्द भएको थियो । त्यसअगाडि पनि उनले २०७० को चुनावमा हारको सामना गर्नुपरेको थियो । ०७० मा पुनः संविधानसभा निर्वाचन हुँदा मकवानपुर-३ बाट उम्मेदवार बनेका उनी तत्कालीन एमाले उम्मेदवार सुवासचन्द्र ठकुरीसँग पराजित भएका थिए । लामो समय भूमिगत र अर्धभूमिगत राजनीति गरेका उनले पहिलो पटक २०६४ मा संसद् प्रवेशको मौका पाएका थिए । त्यसबेला उनी संविधानसभामा मनोनीत सदस्यका हैसियतमा प्रवेश गरेका थिए । संविधानसभामा रहँदा उनी दुई पटक मन्त्री भएका थिए ।

### अल्पसंख्यक समुदायका खानले पाए अवसर

जनमत पार्टी उपाध्यक्ष अब्दुल खानको नेतृत्वमा सरकारमा गएको छ । जनमत पार्टीको भागबन्डामा एउटा मन्त्रालय परेको थियो । जनमतका अध्यक्ष सीके राउतको नेतृत्वमै सरकारमा जाने चर्चा भए पनि उनले कुनै मन्त्रालयको जिम्मेवारी नलिने भएका छन् । राउतले आफ्नो पार्टीले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय पाएको बताएका थिए । खान समानुपातिकबाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएका हुन् । जनमत पार्टीले प्रतिनिधिसभामा प्रत्यक्षतर्फ १ र समानुपातिकतर्फ ५ सिटमा जित हात पारेको छ ।

बर्दियाको गुलरिया-११ ओसीपुरमा सामान्य किसान परिवारमा ०४३ साल भदौ १ मा जन्मेका खानको अध्ययन स्थानीय सामुदायिक विद्यालयमा भएको थियो । पिछडिएको समुदायबाट पढ्न जाने विद्यार्थीमध्ये उनी मेधावी थिए । एसएलसीसम्म बर्दियामै अध्ययन गरेका उनले आईएस्सी भने टीकापुरबाट गरेका थिए । क्याम्पसमा अध्ययन गर्दा उनको सम्पर्क सीके राउतसँग भएको थियो । सीके राउतका कारण खान २०६९ मा स्वतन्त्र मधेस आन्दोलनमा लागेर लामो समय भूमिगत भएका उनी धेरै पटक जेल परिसकेको उनका सहयात्री जनमत पार्टीका पूर्वजिल्ला इन्चार्ज गुलरिया-११ का मन्साराम यादव बताउँछन् । 'उनीमाथि राज्य विप्लव र सार्वजनिक मुद्दा लागेको थियो,' उनले भने, 'हिरासतमुक्त भएपछि उनी पार्टीको राष्ट्रिय उपाध्यक्ष भएका हुन् ।'

### एमालेका 'कुशल संगठक' राजेन्द्र राई

पुष्पकमल दाहाल नेतृत्वको सरकारमा मन्त्री बनेका राजेन्द्रकुमार राई धनकुटामा कुशल संगठकका रूपमा चिनिन्छन् । २०७४ को निर्वाचनमा जिल्लामा प्रदेशसभा, प्रतिनिधिसभाका सबै सिट र सबै स्थानीय तह निर्वाचनमा एमालेलाई जिताएका राई पार्टी अध्यक्ष केपी शर्मा ओलीबाट 'म्यान अफ दी इलेक्सन' को उपमा पाएका थिए । त्यतिबेलै उनी मन्त्री बन्ने चर्चा पनि चलेको थियो तर मौका पाएनन् । यस पटक पाँचदलीय गठबन्धनविरुद्ध प्रतिस्पर्धा गर्दा पनि प्रदेशसभा र प्रतिनिधिसभा सदस्यमा एमाले विजयी भएको थियो । त्यही कारण एमाले सरकारमा जानासाथ राईले मौका पाउँछन् भन्ने विश्वास जिल्लावासीले गरेका थिए ।

राई लगातार दोस्रो पटक प्रतिनिधिसभा सदस्य बनेपछि मन्त्री भएका हुन् । उनी ०७० को संविधानसभा निर्वाचनमा भने तत्कालीन राष्ट्रिय प्रजातन्त्र पार्टीका महामन्त्री सुनीलबहादुर थापासँग पराजित भएका थिए । ०७४ र ०७९ को निर्वाचनमा भने उनले थापालाई नै पराजित गरे । थापा ०७४ मा राप्रपा (प्रजातान्त्रिक) र गएको निर्वाचनमा कांग्रेसबाट उम्मेदवार थिए । 'गत मंसिरमा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सबै स्थानमा एमालेले जित हात पार्नुको मुख्य जस राईलाई नै जान्छ,' एमाले जिल्ला अध्यक्ष इन्द्रमणि पराजुलीले भने ।

राई पाख्रिबास नगरपालिका-७ राम्चे गाउँका हुन् । ०२२ भदौ २९ मा जन्मिएका राई ०४६ मा राजनीतिक परिवर्तनको आन्दोलनमा जेल परेका थिए । उनी ०४७ मा अनेरास्ववियुको जिल्ला अध्यक्ष बनेका थिए । उनी ०४९ मा जिल्ला विकास समिति सदस्य र ०५४ मा जिविस उपसभापति भएका थिए । ०६६ मा जिल्लाको नेतृत्व सम्हालेका राई राष्ट्रिय कफी तथा चिया विकास बोर्डको केन्द्रीय उपाध्यक्ष पनि भए । अहिले उनी एमालेको केन्द्रीय सदस्य छन् ।

राई मन्त्रिपरिषद् सदस्य भए पनि उनको मन्त्रालय तोकिएको छैन । मन्त्री भएपछि राईले आफूभित्र उत्साह थपिएको प्रतिक्रिया दिएका छन् । 'यसअघि पनि सकेसम्म जिल्लावासीका लागि काम गरेको हुँ,' उनले भने, 'अब पनि योजनाबद्ध रूपमा थप काम देखाउने मौका मिलेको छ ।'

### साहलाई फेरि अवसर

बारा-३ बाट निर्वाचित एमालेकी सांसद ज्वालाकुमारी साह पनि दाहाल नेतृत्वको सरकारमा मन्त्री बनेकी छन् । उनले २०५४ सालदेखि भूमिगत भएर नेकपा माओवादीको विद्यार्थी संगठनबाट राजनीतिक यात्रा सुरु गरेकी थिइन् । पहिलो संविधानसभामा मनोनीत सदस्य रहेकी उनी २०७४ मा मधेस प्रदेशसभामा क्षेत्र ३ (क) बाट निर्वाचित भएकी थिइन् । २०७७ फागुन २३ को सर्वोच्च अदालतको फैसलापछि एमाले र माओवादी पार्टी अलग भए । साहले भने एमालेमै बस्ने निर्णय गरिन् । त्यसपछि उनलाई माओवादीले कारबाही गरेको थियो । यस पटक एमालेमा पोलिटब्युरो सदस्यसमेत रहेकी साह प्रतिस्पर्धी जनता समाजवादी पार्टीका रामबाबुकुमार यादव र सत्ता गठबन्धनबाट लोकतान्त्रिक समाजवादी पार्टीका लालबाबु सिंहलाई उछिनेर विजयी भएकी हुन् ।

माओवादीभित्र प्रभावशाली नेता मानिने प्रभु साह एमालेमै बस्ने निर्णयसँगै ज्वालाकुमारी पनि एमालेमै बसेकी थिइन् । चुनावअघि प्रभुले भने एमाले छाडेका थिए । २०६८ मा बाबुराम भट्टराई नेतृत्वको सरकारमा भूमिसुधार राज्यमन्त्री भएकी साह पछिल्लो पटक ओली नेतृत्वको सरकारमा १३ दिनका लागि कृषिमन्त्री बनेकी थिइन् ।

### संसद्मा ह्याट्रिक, पहिलो पटक मन्त्री

२०७०, २०७४ र २०७९ मा बैतडीबाट सांसद बनेका दामोदर भण्डारीले यसअघि ०७३ मा अर्थ राज्यमन्त्रीको जिम्मेवारी पाएका थिए । दाहाल नेतृत्वको सरकारमा उनले कुन मन्त्रालय पाउनेछन् भन्ने टुंगो लागेको छैन ।

२०४६ सालको जनआन्दोलनबाट प्रभावित भई राजनीतिमा आबद्ध भण्डारी २०४८ सालमा अनेरास्ववियु बैतडी जिल्ला कमिटीको अध्यक्ष बनेका थिए । २०५६ देखि २०६४ सम्म एमाले बैतडीको पार्टी सचिव हुँदै अध्यक्ष बनेका थिए । ०७५ मा नेकपाको सुदूरपश्चिम प्रदेश कमिटी सदस्य रहेका उनी हाल एमाले सुदूरपश्चिम प्रदेश कमिटी अध्यक्ष छन् ।




# 'दुर्घटनाको मुख्य कारण मानवीय त्रुटि'

**सुवास बिडारी** (मकवानपुर)

सबैजसो सवारी दुर्घटना मानवीय त्रुटिका कारण हुने गरेको निष्कर्षमा प्रहरी पुगेको छ। बढ्दो सवारी दुर्घटना न्यूनीकरण तथा रोकथामसम्बन्धी अभियान सञ्चालन गरिरहेको वाग्मती प्रदेश प्रहरी कार्यालय हेटौंडाले यस्तो दाबी गरेको हो। उपत्यकाका ३ जिल्लाबाहेक प्रदेशका १० जिल्लामा भएका सवारी दुर्घटनाको सूक्ष्म अनुसन्धान गर्दा मानवीय त्रुटिका कारण बढी सवारी दुर्घटना हुने गरेको पाइएको प्रहरी वरिष्ठ उपरीक्षक दीपक रेग्मीले बताए।

कार्यालयले चालु आर्थिक वर्ष ०७९/८० को साउनदेखि मंसिरसम्म भएका ६ सय ३९ वटा सवारी दुर्घटनाको अनुसन्धान गरेको थियो। ती दुर्घटनामा १ सय ४२ जनाको मृत्यु भएको र १ हजार ४ सय २३ जना घाइते भएका थिए। यान्त्रिक, सडक र अन्य वातावरणीय कारण पनि सवारी दुर्घटना हुने गरेको रेग्मीको भनाइ छ। उनका अनुसार सबैभन्दा बढी दुईपांग्रे सवारी (मोटरसाइकल/स्कुटर) दुर्घटनामा परेका छन्। जसको कारण तीव्र गतिमा सवारी चलाउनुरहेको पाइएको छ।

उक्त अवधिमा विभिन्न जिल्लामा गरी १ सय ६७ वटा सडक सुरक्षासम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ भने २ हजार ८ सय ४२ वटा सवारीसाधनको यान्त्रिक परीक्षण गरी मर्मत तथा सुधार गर्न लगाइएको कार्यालयको तथ्यांक छ। तीव्र गतिमा सवारी चलाउँदा हुने दुर्घटना न्यूनीकरणका लागि मकवानपुर, सिन्धुली, चितवन, काभ्रे र धादिङमा 'टाइम कार्ड' लागू गरिएको पनि रेग्मीले जानकारी दिए। '१० जिल्लाका विभिन्न ४२ स्थानमा यात्रु सहायता कक्ष स्थापना गरी नागरिकलाई सेवा प्रदान गरिएको छ,' उनले भने, 'यो ५ महिनामा ट्राफिक नियम उल्लंघनका घटनाहरूबाट ९ करोड ३१ लाख ८१ हजार ५ सय रुपैयाँ जरिवाना संकलन गरी राजस्व खातामा जम्मा गरिएको छ।'

उपत्यकाबाहेक प्रदेशका १० जिल्लामा आव ०७६/७७ मा ७ सय ९३, ०७७/७८ मा १ हजार ५ सय १२ र ०७८/७९ मा १ हजार ७ सय ९८ वटा दुर्घटना भएका कार्यालयले जनाएको छ।


## एम.ए.डब्लु. इन्भेष्टमेन्ट प्रा.लि.

M.A.W INVESTMENT 'गन्तव्यको सहयात्री'

**(M.A.W. Investment Pvt. Ltd.)**

(नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज कर्जा प्रदान गर्न इजाजतपत्र प्राप्त संस्था)

**एम.ए.डब्लु. इन्भेष्टमेन्ट प्रा.लि. त्रिपुरेश्वरको कर्जा रकम चुक्ता भुक्तान गर्न आउने बारे तपसिलमा उल्लेखित ऋणीहरुलाई ३५ दिने सार्वजनिक सूचना साथै कालोसुचिमा समाबेश गरिने बारे**

(प्रथम प्रकाशित मिति २०७९।०९।१२ गते मंगलबार कान्तिपुर राष्ट्रिय दैनिक)

नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज कर्जा प्रदान गर्न इजाजतपत्र प्राप्त यस एम.ए.डब्लु. इन्भेष्टमेन्ट प्रा.लि. बाट हायर पर्चेज कर्जा शिर्षक अर्न्तगत सवारी साधन खरिद गर्नको लागि कर्जा उपयोग गर्नु हुने तपसिलमा उल्लेखित तपाई ऋणीहरुलाई सो उपयोग गर्नुभएको कर्जाको साँवा, ब्याज तथा दै दस्तुर समेत यस कम्पनीसँग गरेको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउन पर्नेमा सो नतिरी नबुझाई अनियमित गर्नुभएको हुँदा कर्जा रकम चुक्ता भुक्तान गर्ने सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तर-ताकेता तथा सार्वजनिक सूचना मार्फत जानकारी गर्दा समेत सोको बेवास्ता आलटाल गरी यस कम्पनीलाई तिर्न बुझाउन पर्ने रकम नबुझाई कर्जा सम्बन्धी यस कम्पनी समक्ष उपस्थित भई लेखाई दिनुभएको कर्जा तमसुक शर्त कबुलियतको शर्त बन्देजहरु उल्लंघन गनुभएकोले कर्जा रकम चुक्ता गर्नको लागि यो **३५ (पैतिस)** दिने सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस कम्पनीमा सम्पर्क राखी कम्पनीबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दस्तुर चुक्ता भुक्तान गर्न अनुरोध गरिन्छ। सो म्यादभित्र ऋणीले आफूले लिएको कर्जाको साँवा, ब्याज र अन्य दस्तुर चुक्ता भुक्तान नगरेमा नेपाल राष्ट्र बैंक ऐन, २०५८, नेपाल राष्ट्र बैंकको नियम तथा विनियमहरु, कम्पनीको नियम तथा प्रचलित कानून बमोजिम यस कम्पनीसँग भए गरेको लिखत अनुसार ऋणी एवं व्यक्तिगत जमानीकर्ता समेतलाई कानूनी कारवाही गरी कम्पनीको लेना रकम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गरी असुल उपर गरिने छ। तसर्थ वित्तिय अनुशासन कायम गरी तोकिएको म्याद भित्र कर्जा रकम चुक्ता भुक्तान गर्नहुन पुनः ऋणी, धितो लेखी दिने र व्यक्तिगत जमानीकर्ताहरुलाई साथै कालोसुचिमा समाबेश समेत यसै सूचनाबाट जानकारी लिनुहुन सुचित गरिन्छ।

**तपसिल**

| क्र.स. | ऋणी तथा जमानतकर्ताहरु | धितो सुरक्षणको विवरण | ऋणी तथा जमानतकर्ताहरुको फोटो |
|---|---|---|---|
| १. | **ऋणीको नाम ,थर र ठेगाना :**<br>**नाम** : मुस्कान कन्स्ट्रक्सन<br>**रजिष्टर्ड ठेगाना** : सुनसरी जिल्ला इनरवा न.पां. वडा नं. ०१<br>**दर्ता नं** : १३००६।०७३।०७४<br>**दर्ता मिति** : २०७४।०३।२७<br>**प्यान नं** : ६०६२४२७५६ | सवारी दर्ता नं : को.१.क २८४५<br>सवारी मोडल.: 3DX Super Backhoe Loader<br>इन्जिन नं.: H00160092<br>च्यासिस नं. : HARD3DXSUH02580172<br>रंग: पहेलो<br>बनेको साल: २०१७ | |
| क. | **जमानतकर्ताको नाम, थर र ठेगाना:**<br>**नाम** : रिता देवी साह **वर्ष** : ४१<br>**श्रीमानको नाम** : गोविन्द प्रसाद साह हलुवाइ<br>**ससुराको नाम** : लक्ष्मी साह हलुवाइ<br>**साविक ठेगाना** : सुनसरी जिल्ला श्रीपुर जब्दी वडा नं. ६<br>**ठेगाना** : सुनसरी जिल्ला इनरवा न.पां. वडा नं. ०४<br>**ना.प्र.नं.**: ०६३०४७/४२६४ **जारी मितिः** २०६३/१२/१२ | | <br>रिता देवी साह |
| ख. | **नाम** : गोविन्द प्रसाद साह हलुवाइ **वर्ष** : ४६<br>**बाबुको नाम** : लक्ष्मी साह हलुवाइ<br>**बाजेको नाम** : गनेसिसा साह<br>**साविक ठेगाना** : सुनसरी जिल्ला श्रीपुर बडा नं. ०६<br>**हालको ठेगाना** : सुनसरी जिल्ला इनरवा न.पां. वडा नं. ०४<br>**ना.प्र.नं.**: २११२५/२३१२५ **जारी मितिः** २०५१/०१/२७ | | <br>गोविन्द प्रसाद साह हलुवाइ |
| २. | **ऋणीको नाम, थर र ठेगाना :**<br>**नाम** : सेसेफुङ कन्स्ट्रक्सन प्रा.लि.<br>**रजिष्टर्ड ठेगाना** : धनकुटा जिल्ला साँगुरीगढी गा.पा-६<br>**दर्ता नं** : २६६२०२/०७८/०७९<br>**दर्ता मिति** : २०७८।०४।१५<br>**प्यान नं** : ६१००३९१५५ | सवारी दर्ता नं.: प्रदेश १-०२-००१ क ४३६८ नं. को JCB NXT 221 Tracked Excavator<br>मेसिन नं.: PUNJD22APM2900358<br>इन्जिन नं.: 84937288<br>बनेको साल: 2021<br>सवारी रङ : पहेंलो<br><br>सवारी दर्ता नं.: प्रदेश १-०२-००१ क ४३६५ नं. को JCB NXT 221 Tracked Excavator<br>मेसिन नं.: PUNJD22APM2900361<br>इन्जिन नं.: 84937513<br>बनेको साल: 2021<br>सवारी रङ : पहेंलो<br><br>(जमानतकर्ता सीता कुमारी लिम्बुको नाउँमा रहेको सुनसरी जिल्ला, घोपा न.पा ०२ मा अवस्थित कि. नं. ५८४ र ५८९ को ज.क्ष.बि ०-०-१७-० को अतिरिक्त जग्गा समेत) | |
| क. | **जमानतकर्ताको नाम, थर र ठेगाना:**<br>**नाम** : आशिष राई **वर्ष** : ३६<br>**बाबुको नाम** : द्रोण राई<br>**बाजेको नाम** : हर्क मान राई<br>**स्थायी ठेगाना:** धनकुटा जिल्ला भेडेटार गाविस -०४<br>**हालको ठेगाना** : धनकुटा जिल्ला साँगुरीगढी गारन.पा -०६<br>**ना.प्र.नं** : १५९ **जारी मिति** : २०५९।११।२२ | | <br>आशिष राई |
| ख. | **नाम** : शिवाञ्ली राई **वर्ष** : ३५<br>**श्रीमानको नाम** : आशिष राई<br>**ससुराको नाम** : द्रोण राई<br>**स्थायी ठेगाना** : धनकुटा जिल्ला भेडेटार गाविस -०४<br>**हालको ठेगाना** : धनकुटा जिल्ला साँगुरीगढी गारन.पा -०६<br>**ना.प्र.नं** : ०७३०१४/५६ **जारी मिति** : २०६३।११।२६ | | <br>शिवाञ्ली राई |
| ग. | **नाम** : जिवन लिम्बु **वर्ष** : ३३<br>**बाबुको नाम** : सुरेन्द्र बहादुर लिम्बु<br>**बाजेको नाम** : गंगा बहादुर लिम्बु<br>**स्थायी ठेगाना** : धनकुटा जिल्ला भेडेटार गाविस -०४<br>**हालको ठेगाना** : धनकुटा जिल्ला साँगुरीगढी गारन.पा -०६<br>**ना.प्र.नं** : ३९५ **जारी मिति** : २०६२।०४।२५ | | <br>जिवन लिम्बु |
| घ. | **नाम** : लिला माया लिम्बु **वर्ष** : ३०<br>**श्रीमानको नाम** : जिवन लिम्बु<br>**ससुराको नाम** : सुरेन्द्र बहादुर लिम्बु<br>**स्थायी ठेगाना** : धनकुटा जिल्ला भेडेटार गाविस -०४<br>**हालको ठेगाना** : धनकुटा जिल्ला साँगुरीगढी गारन.पा -०६<br>**ना.प्र.नं** : ०७३०१४/१०२ **जारी मिति** : २०७०।०२।०६ | | <br>लिला माया लिम्बु |
| ङ. | **नाम** : सुरेन्द्र बहादुर लिम्बु **वर्ष** : ५७<br>**बबुको नाम** : गंगा बहादुर लिम्बु<br>**बाजेको नाम** : मनोज ध्वज लिम्बु<br>**स्थायी ठेगाना** : धनकुटा जिल्ला भेडेटार गाविस -०४<br>**हालको ठेगाना** : धनकुटा जिल्ला साँगुरीगढी गारन.पा -०६<br>**ना.प्र.नं** : ७९२४ **जारी मिति** : २०३९।१०।२० | | <br>सुरेन्द्र बहादुर लिम्बु |
| च. | **नाम** : सीता कुमारी लिम्बु **वर्ष** : ५८<br>**श्रीमानको नाम** : सुरेन्द्र बहादुर लिम्बु<br>**ससुराको नाम** : गंगा बहादुर लिम्बु<br>**स्थायी ठेगाना** : धनकुटा जिल्ला भेडेटार गाविस -०४<br>**हालको ठेगाना** : धनकुटा जिल्ला साँगुरीगढी गारन.पा -०६<br>**ना.प्र.नं** : २२३०६ **जारी मिति** : २०४७।०९।०८ | | <br>सीता कुमारी लिम्बु |

**कर्पोरेट कार्यालय , त्रिपुरेश्वर, काठमाडौं, नेपाल, फोन नं. ०१-५३३३०४८, ५३३४४९९**

पुनश्च : यसै सूचनालाई आधार मानी कम्पनीलाई तिर्न बुझाउनु पर्ने कर्जा किस्ता रकम वक्यौता रहेका ग्राहक महानुभावहरुले यथा समयमानै चुक्ता भूक्तान गर्नु हुन अनुरोध गर्दछौं। अन्यथा उपरोक्तानुसार सूचना प्रकाशित गरिने व्यहोरा सम्बन्धित पक्षलाई जानकारी गराइन्छ।


# हनुमानझुलाले पाएन लालपुर्जा

## बाढीपहिरोबाट विस्थापित बाँदरझुलामा बस्न थालेको ३१ वर्षमा घरधुरी संख्या ७ सय पुगिसकेको छ, निकुञ्जले उनीहरूलाई हटाउन खोज्ने र राज्यले स्थानान्तरणको आश्वासन दिने क्रम चलिरहकै छ

**रमेशकुमार पौडेल** (चितवन)



चितवनको माडीस्थित हनुमानझुला बस्ती। *तस्बिर : रमेशकुमार/कान्तिपुर*

*लाएर भोटो, कछाड छोटो, पटुकी कसेर*
*कति रुने, कति हाँस्ने, यो जंगल बसेर*
*उचाल्नुपर्ने हलो-कोदालो, हत्केलामा ठेला*
*लाउनुपर्ने लुम्रे-झुम्रे, सबैको भइने हेला।*

जसमाया परियारसँग वेदनाका यस्ता शब्द कति छन् कति। जानी-नजानी उनी लय मिलाएर बेलामौकाले भेट भएकासँग सुनाउने पनि गर्छिन्। जसमायाले जब यो गीत गाउन थालिन्, उनको भक्कानो छुट्यो। उनी नभक्कानिऊन् पनि किन ? ४६ वर्षको उमेर हुँदा आएर बसेको ठाउँ अझै आफ्नो भएको छैन। बसेको ३२ वर्षसम्म बस्तीका कसैसँग पनि लालपुर्जा छैन।

पहिला बाँदरझुला र अहिले हनुमानझुला भनेर चिनिएको त्यो ठाउँमा ०४७ सालदेखि नै मान्छेहरू गएर बस्न थालेका हुन्। यो ठाउँ अहिले माडी नगरपालिका-९ मा पर्छ। वनभित्रको बुट्यान र झाडी फाँड्दै उनीहरूले बस्ती बसाले। तर, चितवन राष्ट्रिय निकुञ्जले उक्त ठाउँलाई अतिक्रमित क्षेत्र भन्दै उठाउने जमर्को बेलाबेलामा गर्दै आएको छ। नेताहरूले पनि 'लालपुर्जा दिन्छौं,' भनिरहन्छन्। यस्तो बेला हनुमानझुलाका बासिन्दा आशावादी नहुने हैनन्, तर वाचा बिर्सने नेताको बानी त्यहाँ पनि दोहोरिन्छ।

जसमाया ७८ वर्षकी भइन्। उनी ०४७ कात्तिक ७ मा हनुमानझुला आएकी हुन्। निकुञ्ज प्रशासनले उठाउन खोजेको बस्तीमा बसेरै उनको जीवन यहाँसम्म आयो। दुःखैदुःखका उनका जीवनका शृंखला अझै कति समय लम्बिने हो हेक्का छैन। 'श्रीमान् पनि यहीं बितेर गए, अहिलेसम्म त हामी जसोतसो यहीं दिन काट्दै छौं,' उनले भनिन्, 'यत्रो जुग बिताएको ठाउँ आफ्नो भइदिए हुन्थ्यो भन्ने चाहना त छ। नेताहरूले गाउँ आउँदा लालपुर्जा दिन्छौं भनेको पनि वर्षौं भयो। खोइ कहिले दिने हुन् कुन्नि !'

संकटकाल घोषणाको वर्ष ०५८ सालको हिउँदमा निकुञ्ज प्रशासनले हात्ती र आगो लगाएर बस्ती हटायो। गाउँका सबैले खोलाको बगरमा बसेर चिसा दिनहरू कटाए। केही उपाय नलागेपछि बर्खा सुरु हुँदै गर्दा उनीहरू फेरि उही ठाउँ फर्किए। त्यसपछि पनि निकुञ्जले हटाउन नखोजेको होइन। तर, ०७४ सालको स्थानीय र संघीय निर्वाचनताका 'अलपत्र पार्न दिइँदैन' भन्ने आश्वासन पाएपछि उनीहरूको आशा बढेर गयो। ०७४ सालमा सोही ठाउँको मत पाएर माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल चितवन-३ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित भए। दाहालले जितेपछि बस्तीको नाम भने बदलियो, व्यथा कम भएन। नेताको भर गर्न लागेको वर्षौं भइसक्दा पनि लालपुर्जा नपाएकोले अब विश्वास गर्ने-नगर्नेमै दोधार हुन थालेको जसमायाले सुनाइन्।

०७४ सालको संघीय निर्वाचनअघि तत्कालीन सरकारले बस्ती स्थानान्तरणको प्रक्रिया अगाडि बढाएको थियो। त्यहाँका बासिन्दालाई घर बनाएर राख्ने ठाउँको खोजी हुँदै थियो। नयाँ ठाउँमा लगेर राख्दा घर मात्रै बनाउने ठाउँ दिने सरकारको तयारी थियो। तर, यो स्थानान्तरण चुनावी मुद्दा बन्यो। चुनाव प्रचारमा त्यो बेला बाँदरझुला नै पुगेका दाहालले ५ कट्ठा जमिनको जोहो नगरी बस्तीबाट नहटाउने घोषणा गरे। उनले भूमिहीनका लागि बहुतले संयुक्त आवाश बनाउने पनि भने। तर, विजयी भएपछि उनका यी कुनै वाचा पूरा भएनन्। गत वर्षको कात्तिकमा दाहाल फेरि बाँदरझुला त पुगेका थिए, तर रित्तै।

कृष्णप्रसाद लामिछाने ८३ वर्षमा लागे। उनले पनि यस ठाउँमा ३० वर्ष गुजारिसके। 'अब त मर्ने बेला पनि नजिक-नजिक आयो नि ! वन भए पनि, विकट भए पनि जीवन यहीं गुजारियो। गर्नु जति दुःख यहीं गरियो। अब यो ठाउँ छाडेर कहाँ जाने ? बाहिर गएर कहाँ के गर्ने ? खुस्स एउटा लालपुर्जा पाएर आफ्नो ठाम भनेर मर्न पाए पुग्यो मलाई त !,' उनले आफ्नो धोको सुनाए।

माडी नगर प्रमुख ताराकुमारी काजी महतो हनुमानझुलामा ७ सय घरधुरी रहेको बताउँछिन्। बसोबास गरेको लामो समय भएको र बासिन्दा पनि धेरै नै रहेको हुँदा बस्ती स्थानान्तरण गर्न गाह्रो भएको उनको भनाइ छ। भारतीय सीमा क्षेत्र आडमै बसेको हुँदा यो बस्तीले सीमा सुरक्षा पनि गरिरहेको उनले बताइन्। 'हामीले यहीं राखेर व्यवस्थित गर्ने सोचिरहेका छौं। भूमि आयोगले नापजाँच सुरु गरेको छ,' उनले भनिन्। तर, चितवन निकुञ्ज नापजाँचप्रति असन्तुष्ट छ। बस्तीमा विद्युत्, बाटोलगायतको असुविधा छ। मकवानपुर र चितवनको पहाडी क्षेत्र र माडी वरपरका इलाकाहरूबाट बाढीपहिरोले विस्थापित भएकाहरू त्यहाँ गएर बसेका हुन्।

# वन्यजन्तु बढेपछि अर्चलेका जग्गा बाँझै

## बस्ती पातलिएर झाडीबुट्यान बढेपछि घरआँगनमै आउँछन् मृगका बथान

**टीकाप्रसाद भट्ट** (रामेछाप)

मन्थली-३ अर्चलेकी सन्तमाया भट्टराईको बारी बाँझो बसेको ३ वर्ष भयो। घरको वरिपरि खेतीयोग्य बारी वनमाराले ढाकेको छ। बारीका बीचमा रहेको घर छ। भट्टराई परिवार अन्नसँगै सागपात बजारबाट किनेर ल्याएको भरमा छन्।

'बाली लगाउनै नहुने भयो जंगली जनावारले केही राख्दैन,' उनी भन्छिन्, 'बस्तीमा बसोबास पातलिएपछि जंगली जनावर बढे, धेरैका बारी बाँझो छन्। जंगलबाट आउने मृग, दुम्सी र बाँदरले कुनै बाली लगाउन दिँदैनन्।' मिहिनेत गरेर लगाएको बाली भित्र्याउनै नपाई नाश हुने भएकाले हैरान भएको उनले सुनाइन्। वन्यजन्तुका कारण आजित भएका धेरैले बारी बाँझो राखेका छन्।

जंगली जनावरबाट दिक्क भएर धेरैले खेतीपाती गर्न छाडेको स्थानीय नरसिंह विश्वकर्माले बताए। उनले भने, 'वरिपरि जंगल बढेको छ, बस्ती घटेसँगै जनावर बढेकाले बाली जोगाउन नसकिने भएको हो।'

अर्चले क्षेत्रमा बाँदर धेरै वर्षअघिदेखि लाग्थ्यो। तर, त्यसबेला बाँदर कुर्ने प्रशस्त मद्दत थियो। अहिले गाउँ सुनसान छन्। पातलो बस्तीमा बसोबास पनि पातलो भएको छ। युवाहरू गाउँमा छैनन्। वृद्धवृद्धाले घर स्याहार गर्दैमा ठिक्क भएकाले बारीमा रेखदेख गर्न नसकेको विश्वकर्माले बताए।

केही वर्षअघि यतिबेला बोडी, मस्याङ, भटमास फल्थ्यो। जुनेलो, फर्सी, तिललगायत अन्य बाली पनि त्यत्तिकै हुने यो गाउँमा अहिले मुस्किलले कोदो पाक्छ। त्यो पनि थोरै जग्गामा। 'जन हुनेले कोदो रोप्छन्, नहुनेको बारी बाँझै छ,' स्थानीय मानकुमारी रस्तेलले भनिन्, 'आफ्नो जग्गा बाँझो राखेर अर्को गाउँमा मेलोमा गएर कमाएर खान्छौं।' बस्तीमा खेतीपाती एकाएक घटेको होइन, न त वन्यजन्तु एकाएक आउन थालेका हुन्।

वर्षाको चक्र परिवर्तन हुँदा सिँचाइ अभाव हुँदै आएको थियो। मूल र पँधेरा सुके। वैदेशिक रोजगारीको लहरले युवा कमाउन निस्किए। कमाउने परिवारले बजार क्षेत्रमा बसाइँ सारे। पानी पर्न छाडेपछि बाली लगाउने चक्र अनियमित भयो। धेरैले बस्तुभाउ पाल्न छाडे। पाखो बारीमा युरिया मल हालेर अन्न फलाउनुपर्ने बाध्यता छ। चाहिएको बेला मल पाइँदैन। बिस्तारै वन बढ्यो, खेतबारीमा पनि झाडीबुट्यान बढे। वन्यजन्तु बस्ती आसपास आउने क्रम बिस्तारै बढ्यो।

नजिकैको गाउँ ठूलीमदौ र सानीमदौमा पनि जंगली जनावर घरआँगनमै आउन थालेका छन्। 'मृग हेर्न जंगलमा जानु पर्दथ्यो,' सानीमदौका विनोद सुवेदी भन्छन्, 'तर केही वर्षदेखि घरआँगनमा मृगका बथानै आउँछन्। मृगले पाकेको बाली सखाप पार्न गरेको छ।' सुकाजोर खोलामा हिरालाल आचार्यले मेवाको खेती गरेको एक वर्ष भयो। एकै वर्षमा रहर लाग्दो मेवा फलेका छन्। तर पाक्न थालेको मेवाका बोट जोगाउनका लागि उनलाई धौ-धौ छ। 'दुम्सीले जरा खनेर दिनकै एक दुइटा मेवा लडाउन थाल्यो,' आचार्य भन्छन्, 'केही गरी पनि नियन्त्रणमा लिन सकिएन।'

सुनारपानी, सालु, कठजोर, मन्थली, चिसापानी, भटौली, भलुवाजोर, तिल्पुङलगायतको क्षेत्रमा जंगली जनावरको आतंक नै छ। हजारौं खर्च गरेर लगाएको बाली जोगाउनका लागि सुनारपानीमा स्थानीयहरू जंगली जनावरको रेखदेखका लागि पालो लगाएर जंगलको छेउमा बस्ने गरेका छन्। 'मकै रुँगेरै पाक्यो,' स्थानीय नारायण कार्की भन्छन्, 'नरुँगी कुनै अन्न घरमा ल्याउला भन्ने नसोचे पनि हुन्छ।' केही वर्षअघि सुनारपानीका बासिन्दाले बाँदर नियन्त्रणका लागि जिल्ला प्रशासन कार्यालयमा निवेदन हालेका थिए। बाँदर नियन्त्रणका काम भने भएन। 'राज्यले नियन्त्रण गर्ने विधि भेटेन,' उनले भने, 'हाम्रो सीप चलेन।'


## काठमाडौं उपत्यका विकास प्राधिकरण
### इचङ्गुनारायण (रानीवन) जग्गा एकीकरण आयोजना (दोस्रो)

अनामनगर, काठमाडौं।

KVDA

**विकसित घडेरी बिक्रीको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७९/०९/१२ गते**

**सम्पर्क नं.०१४८८१०८९**

काठमाण्डौ उपत्यकाको चक्रपथ, वनस्थली चोक देखि करिब १.७ कि.मी. पश्चिम तर्फ रानीवनको काखमा रहेको रमणीय,स्वच्छ वातावरण सहितको पूर्वाधारयुक्त देहाय बमोजिमका विकसित घडेरी प्लटहरु गोप्य शिलबन्दी वोलपत्रको माध्यमबाट बढावढमा बिक्री गरिने भएको हुँदा इच्छुक नेपाली नागरीकहरुले यो सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र कार्यालय समय भित्र आयोजना साईट कार्यालय इचंगुनारायणबाट रु ३,०००।-(तिन हजार/फिर्ता नहुने गरी) रकम सिद्धार्थ बैक, ईचंगुनारायण शाखा स्थित खाता नं. ०१९१५२६५९३३ मा जम्मा गरेको सक्कल बैंक भौचर बुझाई बोलपत्र फारम खरिद गरी आफुले खरिद गर्न चाहेको प्लटको जम्मा मूल्य अंक र अक्षर दुवैमा प्रष्ट उल्लेख गरी कबोल अंकको १० प्रतिशतले हुन आउने धरौटी रकम राष्ट्रिय बाणिज्य बैंक, सिहंदरबार शाखा स्थित खाता नं. ११३०००३३१६०१ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर संलग्न राखी नागरीकताको प्रतिलिपि सहित ३१ औं दिनको १२ बजे भित्र गोप्य शिलबन्दी बोलपत्रहरु काठमाडौं उपत्यका विकास प्राधिकरणको कार्यालय, अनामनगरमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**टेण्डर मार्फत बिक्री गरिने जग्गाको विवरण**

| सि. नं. | प्लट नं. | ब्लक नं. | नयाँ कि.नं. | सिट नं. | क्षेत्रफल (व.मी.) | मोहडा (मिटर) | बाटो (मिटर) | तर्फ | बिक्री मूल्य: प्रति आना न्युनतम दर | बिक्री मूल्य: जम्मा न्युनतम मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १४ | F | ४ | १०२-०९८२-१५<br>१०२-०९८२-१० | १७७.०० | १०.८० | ६ | उत्तर | ३२०००००।०० | १,७८,१३,५६२।०० |
| २ | २५ | R | १६४ | १०२-०९८२-१४ | १३८.०० | ७.४५ | ८ | पूर्व | ३६०००००।०० | १,५६,२४,६०७।०० |
| ३ | २८८ | AD | २ र ५७ | १०२-०९८२-२०<br>१०२-०९८२-१९ | १६०.०० | ८.२० | ६ | पश्चिम | ३२०००००।०० | १,६१,०२,६५५।०० |
| ४ | ८ | D | ४३ | १०२-०९८२-१५ | १३९.०० | ६.४५ | ६ | पश्चिम | ३२०००००।०० | १,३९,८९,१८१।०० |
| ५ | १०a | A | ३ | १०२-०९८२-१० | ९१.०० | ७.२० | ६ | उत्तर | ३२०००००।०० | ९१,५८,३८५।०० |
| ६ | २६ | D | १९६ | १०२-०९८२-१५ | ११०.०० | ६.०० | ६ | पश्चिम | ३२०००००।०० | १,१०,७०,५७५।०० |
| ७ | ५७ | W | २४९ | १०२-०९८२-१३ | १०२.०० | ७.८० | ४ | उत्तर | २८०००००।०० | ८९,८२,२६२।०० |

क. म्यादभित्र दर्ता हुनआएका बोलपत्रहरु सोही दिन दिनको २ बजे काठमाडौं उपत्यका विकास प्राधिकरणको कार्यालय, अनामनगरमा बोलपत्रदाता वा प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाताहरुको प्रतिनिधि अनुपस्थित रहेमा पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन।
ख. रित नपुगेका बोलपत्रहरु उपर कुनै कार्यवाहि हुने छैन।
ग. विस्तृत जानकारी बोलपत्र फारमबाट प्राप्त गर्न सकिने छ।
घ. बोलपत्र स्विकृत गर्ने वा नगर्ने अन्तिम अधिकार आयोजनामा सुरक्षित रहने छ।
ङ. यो सूचना र बोलपत्र फारममा उल्लेख भएका कुराहरु सोही बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**आयोजना प्रमुख**

# देउवा बेचैन

## तत्काल केन्द्रीय कार्यसमिति बैठक बोलाएर समीक्षा गर्नुपर्ने, विशेष महाधिवेशन गरेर नेतृत्व परिवर्तन गर्नुपर्नेजस्ता आवाज कांग्रेसभित्र उठ्न सुरु

**कुलचन्द्र न्यौपाने** (काठमाडौं)

पाँच वर्षसम्म सत्ता राजनीतिको केन्द्रमा रहने अवसर कांग्रेसले गुमाएपछि सभापति शेरबहादुर देउवालाई पार्टीको कामकारबाहीमा फर्कन चुनौती बढेको छ । प्रधानमन्त्री पदमा हठ राख्दा 'पार्टीको हातमा केही बाँकी नरहेको' भन्दै कांग्रेसका नेता तथा कार्यकर्ताले देउवाको राजीनामा माग्न थालिसकेका छन् भने विशेष महाधिवेशन गरेर नेतृत्व परिवर्तन गर्नुपर्ने आवाज पनि उठ्न सुरु भएको छ ।

देउवाले छैटौं पटक प्रधानमन्त्री भइहाल्ने अडान नछाड्दा पाँचदलीय गठबन्धन मात्र टुटेको छैन, माओवादी अध्यक्ष पुष्पकमल दाहाल एमालेसहितका दलहरूसँग नयाँ समीकरण बनाएर प्रधानमन्त्री भएका छन् । कांग्रेस भने प्रतिनिधिसभा र सबै प्रदेशसभामा प्रतिपक्षमा बस्नुपर्ने अवस्था बनेको छ । प्रधानमन्त्री पद दाहाललाई दिन देउवा तयार भएको भए कांग्रेस राष्ट्रपति र सभामुखसहितका पदमा हकदार हुन्थ्यो । चार प्रदेशका मुख्यमन्त्री कांग्रेसलाई दिन माओवादी तयार भइसकेको थियो ।

देउवाको व्यक्तिगत हठले सबै अवसर गुमेको कांग्रेसका नेता-कार्यकर्ता बताउँछन् । समय छँदै निर्णय लिन नसक्दा राजनीति कति महँगो पर्छ भन्ने कुरा अहिले सावित भएको कांग्रेसका नेता रामचन्द्र पौडेलले बताए । कांग्रेस महामन्त्री गगन थापा पार्टी महाधिवेशन र संसदीय दल नेताको चुनावमा प्रहरी परिचालन गर्ने गृह प्रशासन र प्रधानमन्त्री कार्यालयले बालकोट (ओली निवास) मा के भइरहेको छ भनेर थाहा नपाउँदा यो स्थिति आएको प्रतिक्रिया दिए । 'नेतृत्व न स्मार्ट प्लेयर देखियो, न त ऊसँग सूचना रह्यो । निर्वाचनमा लोकप्रिय मत पनि ल्याउन सकेनौं, उल्टै ७/८ लाख मत गुमायौं । लोकप्रिय मत गुमाएर पनि चतुर्‍याइँपूर्ण रणनीति अपनाएर राजनीति जित्न सकेनौं । शनिबार बिहान एक पटक मात्रै हामीलाई बोलाइएको भए यो दुर्घटना हुँदैनथ्यो,' उनले भने ।

पार्टी नेतृत्वले आफूको सामान्य आवश्यकता पनि महसुस नगरेको महामन्त्री थापाको गुनासो छ । 'हामीलाई राष्ट्रपति, सभामुख, मन्त्री केही बन्नु थिएन । शक्तिको अपेक्षाबाट मुक्त भएकाले आफ्नो मत र विवेकको मत राख्ने ठाउँमा हामी दुवै महामन्त्री थियौं,' उनले भने, 'हामीसँग सूचना पनि थियो । पार्टी र मुलुकको हित सोचेर निर्णय लिनका लागि मत राख्ने र तत्कालको परिस्थितिको विश्लेषण गर्ने क्षमता पनि थियो ।' अर्का नेता चन्द्र भण्डारीले नेतृत्व वरिपरिको समूहको स्वार्थका कारण यो परिणाम निम्तिएको बताए । 'जसरी नेतृत्व र उनको वरिपरिका मान्छे चले, त्यो आफूकेन्द्रित थियो, पार्टी र मुलुककेन्द्रित थिएन । एउटा व्यक्तिको महत्त्वाकांक्षाका कारण एकै पटक पार्टीले ठूलो क्षति बेहोर्नुपर्‍यो, मुलुक निर्माणको संरचना बनाउने ठूलो अवसर थियो, त्यसबाट विमुख बन्नुपर्‍यो,' उनले भने, 'यसको निर्मम समीक्षा पार्टीमा हुनुपर्छ ।'

भण्डारी नेतृत्वले सक्रिय राजनीतिबाट अवकाश लिने बेला आइसकेको बताउँछन् । 'स्वविवेकले नेतृत्व छाडेर युवा सुम्पनु राम्रो हो । असफल भएका बेला अपमानपूर्ण तरिकाले छाड्दिन भन्ने हो भने केही व्यवस्था गरेर छाड्दा राम्रो हुन्छ । अब यही नेतृत्वबाट पार्टीमा आकर्षण बढाउन सकिन्न, युवा नै आउनुपर्छ,' उनले भने । महामन्त्री थापाले तत्काल केन्द्रीय कार्यसमिति बैठक बसेर पार्टीको नीति अधिवेशन डाक्नुपर्नेमा जोड दिन्छन् । पार्टीभित्रका दाग र बेथिति हटाएर शुद्धीकरण गर्ने र नवजागरणको अभियान लिएर जाने कार्यक्रम पनि थापा र अर्का महामन्त्री विश्वप्रकाश शर्माले बनाएका छन् ।

पार्टी स्थापना गरेको ६ महिनामै राज्य सत्ताको केन्द्रीय मुख्य भूमिकामा आउन सफल रवि लामिछाने नेतृत्वको स्वतन्त्र पार्टीका कारण पनि पुराना पार्टीमा चुनौती थपिएको कांग्रेस नेताहरू बताउँछन् । '६ महिनाको अवधिमै रवि लामिछाने गृह मन्त्रालयसहित उपप्रधामन्त्रीको महत्त्वपूर्ण भूमिकामा आए । हामी लामो समयदेखि पार्टीभित्र अन्तरसंघर्ष गरिरहेका छौं, जिम्मेवारी दिने कुरा छँदै छैन । पार्टीले निर्णय गर्दा पनि थाहा हुन्न,' भण्डारीले भने, 'अब पार्टीको नेतृत्व र संसद्को भूमिकामा युवाको प्रभावकारी हस्तक्षेप हुनुपर्छ । जनताको मुद्दालाई छुने गरी उठाउनुपर्छ ।'

अर्का युवा नेता प्रदीप पौडेल र नैनसिंह महर समीक्षा गर्न तत्काल केन्द्रीय कार्यसमिति बैठक बोलाउनुपर्ने बताउँछन् । कांग्रेसले एकसाथ सबै अवसर गुमाउनुका पछि नेतृत्वको गम्भीर त्रुटि नै जिम्मेवार रहेको पौडेलको ठम्याइ छ । 'सरकार बनाउने जनमत कांग्रेसलाई प्राप्त हो । तर नेतृत्वको कुशल रणनीति नहुँदा सत्ताका सबै अवसरबाट हामी बाहिरिनुपरेको हो,' उनले भने, 'निर्वाचनमा सँगै गठबन्धनमा जाने तर निर्वाचनपछि गठबन्धन नै भत्काउने गरी नेतृत्वले लिएको बाटो गलत थियो । अर्कातर्फ माओवादीमा पनि चरम सत्ता लिप्सा झल्कियो । ओलीको प्रतिगमनविरुद्ध लडेको भनेर निर्वाचनमा गएका माओवादी अध्यक्ष दाहाल अन्ततः मुद्दालाई विसर्जन गर्दै ओलीको समर्थनमा प्रधानमन्त्री बन्नु नीति, दर्शन र विचार कुनैसँग पनि मेल खाँदैन ।'

नेता महर पार्टीका सबै पदाधिकारी नै अहिलेको घटनाका जिम्मेवार रहेको बताउँछन् । 'पदाधिकारीहरूले जानकारी थिएन भने हस्तक्षेप गर्न सक्नुपर्थ्यो, त्यस्तो प्रयास गरेको देखिएन,' उनले भने, 'केन्द्रीय कार्यसम्पादन समिति र पदाधिकारीले यसको जिम्मेवारी लिनुपर्छ । तत्काल केन्द्रीय कार्यसमिति बैठक बोलाएर समीक्षा गरिनुपर्छ ।'

सानो कोटरी चलाएर उनीहरूकै उक्साहटमा अघि बढ्दा नेतृत्व पटक-पटक बुमर्‍याङ हुने गरेको बुझाइ कांग्रेस नेताहरूमा छ । ०७२ मा संविधान जारीपछि एमालेलाई सरकारको नेतृत्व दिने सहमतिविपरीत तत्कालीन पार्टी सभापति सुशील कोइरालालाई प्रधानमन्त्रीको उम्मेदवार बनाएर नेतृत्व 'फसेको' थियो । त्यतिबेला पनि भारतको विश्वासमा पर्दा कांग्रेस फसेको नेताहरू बताउँछन् । त्यस्तै ०७४ को निर्वाचनमा कांग्रेससँगै रहेको माओवादी एमालेसँग गठबन्धन बनाएर चुनाव लड्यो ।

संविधान जारी गर्दा आफ्नो सरोकार पूरा नभएको भनेर भारतले नाकाबन्दी लगाउँदा कांग्रेस केन्द्रीय कार्यसमितिले नाकाबन्दीसम्म भन्न नसक्दा ०७४ को निर्वाचनमा क्षति पुगेको कांग्रेस नेताहरू नै बताउँछन् । 'तत्कालीन नेकपा नेतृत्वको सरकारले कालापानी र लिम्पियाधुरा समेटेर नक्सा जारी गर्दा पनि कांग्रेस नेतृत्वलाई विपक्षमा बस्न भारतको ठूलो दबाब थियो । गगन थापा, विश्वप्रकाश शर्मा र मीनेन्द्र रिजालसहित केही युवा नेताको दबाबले मात्रै कांग्रेस त्यतिबेला नक्साको समर्थनमा गएको हो,' कांग्रेसका एक नेताले भने, 'पटकपटक भारतको विश्वासमा पर्दा कांग्रेसले ठूलो क्षति बेहोर्नुपरेको छ । अहिलेको घटना पनि त्यसैको पछिल्लो शृंखला हो ।

देउवा आमनिर्वाचनलगत्तै कहिल्यै प्रधानमन्त्री भएका छैनन् । बीचमा विकसित राजनीतिक घटनाक्रमका कारण मात्रै उनले सत्तारोहण गरेको इतिहास छ । देउवा २०५२, २०५८, २०६१ २०७४ र ०७८ मा प्रधानमन्त्री बनेका हुन् । उनी पछिल्लो पटक प्रधानमन्त्री हुँदा पनि जनादेश कांग्रेसको पक्षमा थिएन । प्रतिनिधिसभामा एमाले र माओवादीको वाम गठबन्धन (पछि नेकपा) को करिब दुई तिहाइ सिट थियो भने कांग्रेस प्रत्यक्षमा २३ र समानुपातिकमा ४० गरी ६३ सिटमा सीमित थियो । तत्कालीन नेकपाको विवादले पार्टी एकतापूर्वको अवस्थामा फर्केपछि माओवादी र एमालेबाटै फुटेको एकीकृत समाजवादीको सहयोगमा देउवा प्रधानमन्त्री बनेका थिए । मंसिर ४ को चुनावमा प्रत्यक्षमा ५७ सहित कुल सिट संख्या ८९ पुर्‍याएर पहिलो दल बन्दा भने कांग्रेस प्रतिपक्षमा पुगेको छ ।

माओवादी अध्यक्ष पुष्पकमल दाहालको जसरी पनि प्रधानमन्त्री बन्ने आकांक्षा र राष्ट्रपति तथा प्रधानमन्त्री दुवै पद अर्को दललाई नदिने देउवाको अडानका कारण कांग्रेस सत्ता राजनीतिको किनारामा पुगेको हो । 'यो घटनाले सभापति देउवाको प्रधानमन्त्री भइरहने महत्त्वाकांक्षा मात्रै भत्किएन, लाखौं कार्यकर्ताको मनोबल र आत्मविश्वास भत्कियो । पार्टीका थुप्रै नेताका सपना र सम्भावना भत्किए, कांग्रेसलाई मत दिने मतदाताको मन भत्कियो,' कांग्रेसका एक नेताले भने, 'एउटा नेताले समयमा निर्णय लिन नसक्दा राजनीतिले कस्तो मोड समात्छ भन्ने भेउ पाँच पटक प्रधानमन्त्री भएकाले पाउन नसक्नु दुर्भाग्य हो ।'

देउवाले अन्तिमसम्म हठ राख्नुका पछि पत्नी आरजु राणामार्फत भारतले दिएको आड र भरोसा मुख्य कारण रहेको कांग्रेस नेताहरू बताउँछन् । त्यसपछि उनको सानो समूहका सहयोगीहरू मुख्य जिम्मेवार रहेको उनीहरूको भनाइ छ । देउवाको कोर समूहमा उपसभापति पूर्णबहादुर खड्का, नेता ज्ञानेन्द्रबहादुर कार्की, पार्टी प्रवक्ता प्रकाशशरण महत थिए । पछिल्लो समय नेता विमलेन्द्र निधि पनि जोडिएका थिए । देउवाले खड्का र कार्कीलाई पूर्ण विश्वासमा राखेका थिए । देउवालाई दबाबमा राख्न सक्ने सबैभन्दा बलशाली भने पत्नी आरजु नै थिइन् । अहिले देउवा समूहभित्रै पनि यो घटनाको दोष एकअर्कालाई दिन सुरु भएको छ ।

प्रधानमन्त्री छाडेर भए पनि अरू पद गुमाउन हुन्न भन्ने अडानमा खड्का रहेको स्रोतको भनाइ छ । उनीहरूका अनुसार माओवादीलाई सुरुमा सरकारको नेतृत्व दिन महत र कार्की सबैभन्दा बढी अनुदार थिए । तर, महतले गठबन्धनमा आफ्नो भूमिका नै नभएको बताए । 'शनिबार बालुवाटारबाट प्रचण्डजी बाहिरिएपछि गठबन्धन टुट्यो भन्ने खबर आएपछि म पुगेको हुँ । बालुवाटारमा पूर्णजी, ज्ञानेन्द्रजी हुनुहुन्थ्यो । पछि शंकर भण्डारी आउनुभयो । मुख्यसचिव पनि हुनुहुन्थ्यो । म त कार्यदलमा पनि छैन । गठबन्धनको बैठकमा कहिल्यै सहभागी छैन । तर, सभापतिलाई भेटेका बेला प्रधानमन्त्री दिएर पनि गठबन्धन कायम राख्नुपर्छ भन्ने सुझाव दिएको हो । मेरो कुरा भित्र र बाहिर यही हो,' महतले भने ।

अधिकांश कांग्रेस नेताहरूको भनाइअनुसार विदेशी शक्तिको भरोसामा परेर देउवाले एमसीसी सम्झौता अनुमोदनमा जस्तै माओवादीलाई गलाएर सरकारमा ल्याउन सकिन्छ भन्ने सोचेका थिए । संविधानको ७६ (२) अन्तर्गतको मिलिजुली सरकार बन्न नसके पनि ठूलो दलको हैसियतले अल्पमतको सरकार बन्ने र त्यसपछि पनि शक्ति बाँडफाँट गर्न सकिने विश्वास देउवालाई थियो । त्यसैमा अडेर उनी माओवादीलाई सरकारको नेतृत्व दिन तयार भएनन् । राजनीतिका सबै अवसर गुमाएका देउवा अझै पनि यो कसरी भयो भनेर बेचैन रहेको सहयोगी नेताहरू बताउँछन् ।

देउवाको सत्ता पीडा कति छ भन्ने कुरा सोमबार शीतलनिवासमा आयोजित शपथग्रहण कार्यक्रमको दृश्यले संकेत गर्छ । माओवादी अध्यक्ष पुष्पकमल दाहालले प्रधानमन्त्रीको शपथ लिँदा उनले सिटबाट उठ्नै गाह्रो माने, सुरक्षाकर्मीले उनलाई उठ्न सुझाव दिनुपरेको थियो । उठिसकेपछि उनको अनुहारको हाउभाउ अस्वाभाविक थियो । शपथ सकेर प्रधानमन्त्रीको कुर्सी दाहाललाई सुम्पेलगत्तै उनी बाहिरिए । बधाई आदानप्रदानको औपचारिकता पनि देउवाले पूरा गरेनन् ।



**अस्वाभाविक हतार** | शीतलनिवासमा सोमबार माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले राष्ट्रपति विद्यादेवी भण्डारीबाट प्रधानमन्त्रीको शपथग्रहण गरेपछि हतारमै शुभकामना दिने औपचारिकता पूरा गरेर समारोहको बीचमै मञ्च छाडेर जाँदै पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा । *तस्बिर : अंगद ढकाल/कान्तिपुर*

## 'हामीलाई बैठकमा बोलाएको भए यो दुर्घटना हुँदैनथ्यो'



**गगन थापा**, कांग्रेस महामन्त्री

**संसद्को ठूलो दल भएर पनि प्रतिपक्षमा बस्ने स्थिति कसरी निर्माण भयो ?**

निर्वाचनअघि गठबन्धन गर्न हुन्न भनेर मैले पार्टीमा औपचारिक विचार राखेको थिएँ तर अस्वीकृत भयो । निर्वाचनअघि गठबन्धनलाई चलाउने, थेग्ने संस्कृति हामीमा छैन, यसले दीर्घकालीन रूपमा पार्टीलाई ठूलो क्षति पुग्छ भन्ने मेरो तर्क थियो । कुनै पनि बेला कम्युनिस्ट पार्टीहरू एक ठाउँमा आउन सक्छन् भन्ने लागेकाले आफ्नै बलमा चुनाव लड्नुपर्छ भनेको थिएँ । तर, पार्टीले गठबन्धन गर्ने निर्णय गरेपछि हामी बाँधियौं । गठबन्धन गरेरै निर्वाचनमा जाने भइसकेपछि हामीले फेरि यो गठबन्धन केका लागि भन्ने उद्देश्य प्रस्ट गरेर जाऔं भन्यौं । गठबन्धनका बीचमा शक्ति जोडिएको सम्झौता पारदर्शी हुनुपर्छ भन्दै आयौं तर यी दुवै कुरामा चुक्यौं । दुई-तीन दिनयता मिडियाबाट हामीले जुन कुरा पढ्यौं, सुन्यौं, ती सबै अँध्यारो कोठामा भएका हुन् । पारदर्शी छलफल नभएका कारण कांग्रेस सबै कुरा गुमाउने ठाउँमा आइपुग्यो ।

**पार्टीको मुख्य जिम्मेवारीमा रहेका पदाधिकारीलाई यत्रो घटनाका क्रममा दर्शकदीर्घामा राख्ने परिस्थिति किन आयो ?**

संसदीय दलको नेताको निर्वाचनदेखि अहिलेसम्म गठबन्धनका दर्जनौं बैठक बसे । महामन्त्री दलको पदाधिकारी मात्रै होइन, विधानले उसको जिम्मेवारी नै स्पष्ट तोकेको छ । महामन्त्री स्वतः संसदीय दलको कार्यसमितिको पदेन सदस्य हो । दलको नेताले पार्टीमा के हुँदै छ, कता जाँदै छ भन्ने विषयमा पदाधिकारीसँग छलफल र बहस गर्नुपर्ने हो । बालुवाटारमा आइतबार बिहान निर्णायक छलफलमा बस्नुअघि सभापतिले पार्टीमा छलफल गरेर आउँछु भनेको पढेको थिएँ । उहाँले कतिखेर टेलिफोन गर्नुहोला भनेर कुरेर बसें । पोखरा जाने कार्यक्रमको समय पनि सारें तर टेलिफोन आएन । एक किसिमले अपमानितजस्तो भएर हामी (विश्वप्रकाश शर्मा) पोखरा गयौं । अहिले मेरो मनमा के लाग्छ भने, हिजो एकपटक मात्रै हामीलाई बोलाइएको थियो भने यो दुर्घटना हुँदैनथ्यो । हामीलाई राष्ट्रपति, सभामुख, मन्त्री केही बन्नु थिएन । शक्तिको अपेक्षाबाट मुक्त भएकाले आफ्नो मत र विवेकको मत राख्ने ठाउँमा हामी दुवै महामन्त्री थियौं । हामीसँग सूचना पनि थियो । पार्टी र मुलुकको हित सोचेर निर्णय लिनका लागि मत राख्ने र तत्कालको परिस्थिति विश्लेषण गर्ने क्षमता पनि थियो । तर, सभापतिले हाम्रो सामान्य आवश्यकता पनि महसुस गर्नुभएन । संसदीय दल नेताको निर्वाचनपछि सभापतिसँग एकपटक पनि संवाद भएको छैन ।

**यो घटनाले कांग्रेस कार्यकर्ताको मनोविज्ञानमा कस्तो असर गरेको पाउनुहुन्छ ?**

देशभरका कार्यकर्ताले ठगिएको महसुस गर्ने अवस्था भयो । निर्वाचनअघि कार्यकर्ता गठबन्धनको पक्षमा थिएनन्, हामीले नै त्यो भारी बोकाइदिएका थियौं । गठबन्धन भइसकेपछि यसले सार्थकता पाओस् भन्ने थियो तर असफल भयो । पार्टीको निर्णय प्रक्रियामा वैधानिक व्यवस्था छन् । तिनलाई बेवास्ता मात्रै होइन, सामान्य प्रचलनसमेत निर्वाह नगरीकन पार्टीको मुख्य नेतृत्व जसरी अघि बढ्यो, त्यसकै परिणामले आज यो स्थिति ल्याएको हो । यसको समीक्षा उहाँले (नेतृत्व) पनि गर्नुहोला, हामी पनि गर्छौं । आजको दिनमा समीक्षा गर्दै, सिक्दै जाने हो ।

**अब पार्टीमा तपाईंहरूको भूमिका कस्तो रूपमा देख्न सकिन्छ ?**

यसलाई पार्टी पुनर्गठनको ठूलो अवसरका रूपमा लिनुपर्छ । गठबन्धन गरेर मिलीजुली सरकारमा गएको भए पनि कुनै दिन हामीले यो स्थिति व्यहोर्नुपर्ने अवस्था आउँथ्यो । तीन/चार वर्ष लाग्ला तर दायाँ-बायाँ नगरी प्रतिपक्षको भूमिकामा बस्ने हो । पार्टीलाई जरैबाट सुदृढ गर्ने अभियान लिएर जाने हो । पार्टीमा दागै दाग छन् । तिनलाई शुद्धीकरण गरेर नयाँ जागरणको अभियान लिएर जाने । हाम्रो अभियानले यो पार्टीलाई जुरुक्क उठाउनेछ ।

**यो घटना निम्त्याउनुका पछि नेतृत्वको कति दोष देख्नुहुन्छ ?**

खासमा एउटा अमुक नेता शक्तिमा जाने कि नजाने भन्ने कुराले सबै गुमायौं । यस्तो निर्णय किन गर्न पुग्यौं ? कुनै एउटा बिन्दुमा सत्तामा जाने कुरा मान्न सकिन्थ्यो तर सम्पूर्ण रूपमा आफू सत्तामा जाने मात्रै कुरा किन भयो ? पार्टीको महाधिवेशन र संसदीय दल नेताको निर्वाचनमा पुलिस र मानिसहरू खटाउने गृह प्रशासन र प्रधानमन्त्री कार्यालयले बालकोटमा के हुँदैछ भन्ने खबर किन थाहा पाउन सकेन ? यो घटनाले नेतृत्व न स्मार्ट प्लेयर देखियो, न त ऊसँग सूचना रह्यो । निर्वाचनमा लोकप्रिय मत पनि ल्याउन सकेनौं । उल्टै ७/८ लाख मत गुमायौं । लोकप्रिय मत गुमाएर पनि चतुर्‍याइँपूर्ण रणनीति अपनाएर सफल हुन सकेनौं । गठबन्धनको संस्कृतिलाई सम्हाल्न नसक्नु नेतृत्वको कमजोरी हो । अर्को पक्ष माओवादीले पनि जनतासँग गरेको बाचा पालना गर्न सकेन । पाँच वर्षसम्म सँगै जाने भनेर एक-अर्कासँग मत साटासाट गर्‍यौं तर दुई नेताको शक्तिको हानथापले गठबन्धन नै अर्को बनाउने कुरा बेइमानी भयो । अब यस्तो गठबन्धन पार्टीको जीवनमा कहिल्यै आउन नदिने वातावरण हामी खडा गर्छौं । त्यस्तो प्रण गरेर हामी देशव्यापी हिँड्छौं ।

**तपाईंले यस्तो कुरा गर्दा नेतृत्वको साथ पाउन सक्नुहुन्छ त ?**

वैधानिक रूपमा नेतृत्वको एउटा पक्ष होला तर देशभरका कांग्रेस कार्यकर्ताको आवश्यकता र चाहनालाई नेतृत्वले रोक्न सक्दैन । ज-जसले रोक्ने प्रयास गर्छन्, तिनीहरूलाई नवजागरण अभियानको वेगले बगाउँछ ।

**तत्काल तपाईंहरूको बाटो के हो त ?**

तुरुन्त केन्द्रीय कार्यसमिति बैठक बोलाएर समग्र विषयको समीक्षा गर्नुपर्छ । अबको प्राथमिकता पार्टीमा थाँती रहेका केन्द्रीय विभाग, भ्रातृसंस्थाका अधिवेशनलगायत सबैखाले अव्यवस्था हटाउनेतिर हुन्छ । चुनावी गठबन्धनले महिनौं खाइसक्यो, अब यसबाट बाहिर निस्केर अघि बढ्नुपर्छ ।

**नेतृत्वको असफलतालाई लिएर कतिपयले राजीनामा पनि मागिरहेका छन्, कतिपयले विशेष अधिवेशन बोलाउनुपर्छ पनि भनेका छन् । तपाईं के भन्नुहुन्छ ?**

तत्काल हामीले चाहिएको नीति महाधिवेशन हो । १४ औं महाधिवेशनमा नेतृत्व छनोट मात्रै गरौं, विचार र नीतिको पक्षमा छुट्टै अधिवेशन बोलाउने भन्यौं । तर, त्यो प्राथमिकतामा परेन । अब बस्ने केन्द्रीय कार्यसमिति बैठकले तिथि, मिति र स्थान तोकेर तत्काल नीति महाधिवेशन बोलाउनुपर्छ । बोलाउने हो ।

# जोगिएला माओवादीको...

०६३ मा शान्ति प्रक्रियामा आएपछि बनेका १३ सरकारमध्ये माओवादी १० वटामा सहभागी भएको छ । ०६९ मा तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मको नेतृत्वमा बनेको सरकार गैरदलीय भएकाले नेताहरू मन्त्री भएनन् तर माओवादीका तर्फबाट पूर्वप्रशासकहरू मन्त्री बनेका थिए ।

०६२/६३ को जनआन्दोलनछि तत्कालीन कांग्रेस सभापति गिरिजाप्रसाद कोइराला नेतृत्वका दुईमध्ये एक, एमाले महासचिव माधवकुमार नेतृत्वको (०६६) र कांग्रेस सभापति सुशील कोइराला नेतृत्वको (०७०) सरकारबाहेक सबैमा माओवादी सहभागी थियो । ०६४ मा माओवादी गिरिजाप्रसादको नेतृत्वमा सरकारमा सहभागी भएको थियो भने संविधानसभाको पहिलो निर्वाचनपछि ०६५ मा दाहाल आफैं प्रधानमन्त्री भए । ०६७ मा एमाले अध्यक्ष झलनाथ खनाल नेतृत्वको सरकारमा सामेल भयो । ०६८ मा माओवादी उपाध्यक्ष बाबुराम भट्टराईकै नेतृत्वमा सरकार गठन भयो । ०७२ मा एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारमा माओवादी सहभागी भयो । ०७३ मा दाहालले दोस्रो पटक सरकारको नेतृत्व गरे । लगत्तै (०७४ मा) बनेको देउवा नेतृत्वको सरकारमा र ०७४ को आमनिर्वाचनपछि ओली नेतृत्वको सरकारमा सहभागी भएको माओवादीले ०७८ मा आफ्नै अग्रसरतामा फेरि देउवालाई प्रधानमन्त्री बनाएको थियो । ०७९ मा दाहालले फेरि सरकारको नेतृत्व गरेका छन् ।

यस पटकको सत्तारोहणमा दाहाललाई दह्रो साथ दिएका छन् एमाले अध्यक्ष ओलीले । ओली माओवादी सशस्त्र द्वन्द्वको चर्को आलोचक थिए । माओवादीका मुद्दामा विमति राख्दै आएका ओलीलाई माओवादीले 'दुश्मन' को रूपमा चित्रण गरेको थियो । राजनीतिलाई 'दायाँ र बायाँ' ढल्काउन सक्ने दाहाल पार्टी कमजोर भएपछि एमालेसँग निकट बनेका थिए ।

ओलीले पहिलोचोटि ०७२ असोज २५ देखि ०७३ साउन १९ सम्म सरकार चलाउँदा माओवादीको समर्थन थियो । त्यसपछि ओलीले ०७३ साउन २० मा दाहाललाई सत्ताको नेतृत्व हस्तान्तरण गरेका थिए । ०७४ को आमनिर्वाचनमा तालमेल गरेका एमाले र माओवादीले करिब दुई तिहाइ सिट जितेका थिए । पार्टी एकता गर्ने लक्ष्यसहित अघि बढेका यी दुई दलको समर्थनमा ०७४ फागुन ३ मा माओवादीको समर्थनमा ओली प्रधानमन्त्री



रासस

हुँदा दाहालसँग समान अवधि सरकारको नेतृत्व गर्ने समझदारी भएको थियो । पार्टी एकीकरण गर्ने बेला ०७५ जेठ २ मा ओली र दाहालले 'समानता र समान अवधिका आधारमा आवश्यकताअनुरूप दुवै अध्यक्षले सरकारको नेतृत्व गर्ने' सहमति गरे तर कार्यान्वयन हुन सकेन । यस पटक ओलीले कुनै लिखित सहमतिबिना अढाई वर्ष सरकारको नेतृत्व गर्न दाहाललाई प्रधानमन्त्रीका रूपमा समर्थन गरेका छन् । अघिल्लो पटक दाहालले पाएको धोकाको यस पटक क्षतिपूर्ति भएको छ ।

दुई अध्यक्षको व्यवस्थासहित ०७५ जेठ ३ मा पार्टी एकीकरण भयो तर क्षेत्राधिकार प्रस्ट किटान नगरिँदा हैसियत समान हुने या एक नम्बरमा को रहने भन्ने विवाद सुरु भयो । त्यो विवाद समाधान गर्न ओलीले पाँच वर्ष सरकारको नेतृत्व गर्ने र दाहाल पार्टीमा कार्यकारी हुने सहमति भयो । तर, ओली दाहाललाई कार्यकारी अधिकार दिन तयार भएनन् । यसले दुई शीर्ष नेताबीच अविश्वास झाँगिँदै गयो । आन्तरिक संघर्ष चर्कंदै जाँदा नेकपा एकता नै भंग भयो । ओली पहिलेकै दल एमाले र दाहाल माओवादी हाँक्न थाले । आमनिर्वाचनमा एकअर्काको शक्ति खुम्च्याउनमा केन्द्रित भएका उनीहरू फेरि काँधमा काँध मिलाएर अघि बढ्ने स्थितिमा आइपुगेका छन् ।

ओली ०७४ फागुन ३ मा प्रधानमन्त्री बन्दा एमालेका १ सय २१ र माओवादीका ५३ सांसदको समर्थन थियो । दाहालले ०७६ भदौ २८ मा ओलीको गृहनगर झापामा सम्बोधन गर्दै कम्युनिस्ट पार्टीले नेपालमा ५० वर्ष शासन गर्ने बताएका थिए तर ओली-दाहाल खटपटका कारण कम्युनिस्ट सरकार साढे तीन वर्षमै ढल्यो ।

०७४ मा ओलीलाई प्रधानमन्त्री बनाउन समर्थन र त्यसअघि चुनावी सहकार्य गरेका दाहालकै साथमा ०७८ असार २९ मा कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री भए । ओलीलाई सत्ताबाट हटाउन दाहालले कांग्रेस, तत्कालीन एमालेको माधव नेपाल समूह र जनता समाजवादी पार्टीसँग गठबन्धन नै गरेका थिए । सर्वोच्च अदालतबाट गठबन्धनका पक्षमा परमादेश जारी हुनुअघि ओलीले दुई पटक प्रतिनिधिसभा विघटनको प्रयास गरेका थिए । एमालेको ०७८ असोज दोस्रो साता भएको विधान महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदनमा दाहालले पार्टी कब्जा गर्न खोजेको आरोप लगाइएको थियो ।

सम्पादकीय

# विषम परिस्थितिमा दाहालको कार्यभार

अन्तिम घडीमा केही रोमाञ्चक उछलकुदपश्चात् राष्ट्रपतिले दिएको पहिलो समयसीमाभित्रै आइतबार देशले नयाँ प्रधानमन्त्री पाएको छ । राजनीतिक समीकरणले 'हरेक सम्भावनाको खेल' खेलेपछि संसद्को तेस्रो दलका नेता पुष्पकमल दाहालले तेस्रै पटक सत्ताको बागडोर सम्हाल्ने अवसर पाएका छन् । तत्कालीन सरकारको स्वेच्छाचारी प्रवृत्तिको उपजका रूपमा आवश्यकताको सिद्धान्तका आधारमा जन्मिएको कांग्रेस-माओवादी लगायतको गठबन्धन सत्ताको गणित नमिल्दा भत्किएर एमाले-माओवादीसहितको नयाँ सत्ता गठबन्धन अस्तित्वमा आएको छ । 'पाँच गाउँ' दिन कन्जुस्याइँ गर्दा संसद्को पहिलो दल कांग्रेसले भने पूरै 'हस्तिनापुर' गुमाएको छ ।

'चुच्चे ढुंगो उही टुंगो' भनेझैं दुई वाम पुनः एक ठाउँमा आउँदा राजनीतिक समीकरण पनि केही स्वाभाविक देखिएको छ । कारण, विचारधाराको रेखाचित्रमा हेर्दा वर्तमान सत्ता गठबन्धनका दुई ठूला दलको वैचारिक विन्दु त्यति टाढा छैन, जति अघिल्ला दुई दलबीच थियो । त्यसो त, यही सरकारमा राष्ट्रिय स्वतन्त्र, जनमतजस्ता नवोदित पार्टीहरू पनि सहभागी छन् भने अहिलेको व्यवस्थासित सैद्धान्तिक विमति राख्ने राप्रपा र थरुहट संघर्षसित जोडिएको नागरिक उन्मुक्ति पार्टीले समेत समर्थन जनाएका छन् । यी सबै दलहरूको गठबन्धन कति स्वाभाविक-अस्वाभाविक छ भन्नेमा छुट्टै बहस गर्न सकिएला, तर सामान्यतः संसदीय गणितले सिर्जेको आवश्यकतालाई लोकतन्त्रमा अन्यथा मान्न मिल्दैन । तसर्थ, अबको मूल प्रश्न सत्ता गठबन्धनको बनोटभन्दा पनि दाहाल सरकारका वर्तमान चुनौती तथा कार्यभारमाथि केन्द्रित हुनुपर्छ ।

सर्वप्रथम त यो सरकारको गणितीय शक्ति आफैंमा चुनौतीका रूपमा उभिएको छ । धेरै दल जोडजाम गरेर पुगेको बहुमत जति बेलै सत्तालाई असुविधाको कारक हुन सक्ने भएकाले भद्र सहमतिबाहेक पनि कुर्सीको सम्भावित अनावश्यक खेलकुद रोक्नु दाहालको प्रमुख चुनौती हुनेछ । जतिसुकै शासकीय तथा नीतिगत स्थायित्वको कुरा गरे पनि त्यसका लागि सरकारको स्थायित्व पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । छिटो-छिटो सरकार वा मन्त्री बदलिइरहँदा स्वाभाविक रूपमा नीति निर्माणदेखि नीति कार्यान्वयनसम्म नकारात्मक प्रभाव पर्छ । जाँदै गरेको मन्त्री/सरकारलाई कर्मचारीले टेर्न छाड्छन्, नयाँ आउनेले काम सिक्न र अनुकूल वातावरण बनाउन समय लाग्छ । सबै कुरा प्रणालीले गर्नुपर्ने हो, तर प्रणाली नै बस्न नपाएपछि चाहेजस्तो हुँदैन । यसर्थ, सबैलाई मिलाएर, टिकेर अघि बढ्नु प्रधानमन्त्री दाहालका लागि अहम् चुनौती हुनेछ ।

पहिलो पटक प्रधानमन्त्री बन्दा दाहाल अपरिपक्व निर्णयका साथ सत्ताबाट बाहिरिएका थिए । उनको दोस्रो कार्यकाल भने तुलनात्मक हिसाबमा कम विवादास्पद रह्यो । सत्ता बाँडफाँटको भद्र सहमतिको पालना गर्दै शेरबहादुर देउवाका निम्ति सरकार छाडेका उनको उक्त अवधि छोटै हुँदा पनि पहिलोको तुलनामा शासन-कौशल सुध्रिएको देखिएको थियो । ती दुवै अनुभवका आधारमा अब उनले यो तेस्रो अवसरलाई बडो संयमका साथ राष्ट्र र नागरिक हितमा केन्द्रित गर्नुपर्छ । नागरिकहरूमा सरकारको उपस्थितिको आभास दिलाउने गरी कार्य गर्नुपर्छ ।

लोकतन्त्रको झन्डै दुई दशक र गणतन्त्रको डेढ दशक यात्रामा जति सरकार बदलिए पनि तृणमूल तहका नागरिकहरूले आफ्नो जीवनमा तात्त्विक अन्तर अनुभूति गर्न पाएका छैनन् । नयाँ संविधानपछिको संसद्को पहिलो कार्यकालमा बनेका दुवै सरकार यस कार्यमा विफलप्रायः बन्दा आम जनतामा निराशा व्याप्त छ । त्यसको अभिव्यक्ति उनीहरूले गत चुनावमार्फत दिएका पनि छन् । केही नयाँ दल जन्माएर तिनले परम्परागत ठूला दलहरूलाई पाठ सिक्न भनेका छन् । तिनै नवदलहरू सहभागी भएका कारण पनि सरकारप्रति एक खालको जनआकांक्षा छ । यस अर्थमा मुलुकको समुन्नति, सुशासन तथा सार्वजनिक सेवाप्रवाहका मामिलामा अनुत्तीर्ण हुने छुट दाहाललाई छैन । नागरिकले वर्तमान सार्वजनिक सेवा प्रणालीमा आमूल परिवर्तन खोजेको यथार्थलाई सरकारले हृदयंगम गर्नैपर्छ ।

सबैभन्दा महत्त्वपूर्ण त यति बेला धरमराइरहेको मुलुकको अर्थतन्त्रलाई ठीक ठाउँमा ल्याउनुपर्नेछ । पछिल्लो समय अर्थतन्त्रका कतिपय सूचकांक सकारात्मक छैनन् । राजस्वले चालु खर्च धान्नै धौधौ छ । बैंकको ऋण-ब्याज महँगिएर उद्यम-व्यवसाय चलाउन सकस भएपछि उद्योगी-व्यवसायी आन्दोलित छन् । विश्व आर्थिक मन्दीको बाछिटाले नराम्ररी प्रभाव पार्छ कि भन्ने भय उत्तिकै छ । यस्तो अवस्थामा अर्थतन्त्रलाई स्वाभाविक लयमा ल्याउन सरकारले बडो सुझबुझपूर्ण पहल गर्नुपर्छ । नवनियुक्त उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलको खास परीक्षा सुरु भैसकेको छ । अर्थ सम्बन्धी संरचनाहरूमा काबिल अधिकारीहरू पदस्थापन गरेर अर्थतन्त्र सुधारका लागि सार्थक प्रयत्न गर्न अब कत्ति पनि अलमल गर्नु हुँदैन ।

यस अतिरिक्त, संघीय व्यवस्थाको जग बसाल्न अत्यावश्यक कतिपय कानुन बनाउन पनि सरकारले जोड दिनुपर्छ । संघीय शिक्षा ऐन र संघीय निजामती ऐनजस्ता कानुन नबन्दा शैक्षिक र प्रशासनिक संघीयता अवरुद्ध छन्, तसर्थ यी कानुनलाई अघि बढाउन सरकार र सत्ता गठबन्धन प्रतिबद्ध रहनुपर्छ । नागरिकता कानुन नबन्दा प्रताडित हुनेको संख्या बढ्दै छ, यसमा पनि ध्यान दिनुपर्छ । समग्रमा, सत्ता गठबन्धनको चुनौतीकै बीच पनि संविधानले अपनाएका गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशी राज्यजस्ता व्यवस्था तथा चरित्रहरूलाई थप संस्थागत गर्न सरकार उद्यत रहनुपर्छ ।

यसै गरी, वैदेशिक मामिलामा मुलुक घरीघरी दिशाहीन वा बरालिएजस्तो देखिने गरेको छ । संविधान निर्माणको समयमा बलशाली बन्न सकेको स्वनिर्णयको शक्ति कतिपय सन्दर्भमा फेरि धरमराएको जस्तो देखिन्छ । घरेलु कर्ताहरूले नै केही गर्दा पनि नेपथ्यका खेलाडीको हात देख्ने आम मनोविज्ञानमा नेताहरूकै कतिपय कार्यले बल पुर्‍याइरहेको छ । यही बेला मुलुकको भूराजनीतिक संवेदनशीलता बढेको छ । अतः सरकारले राष्ट्रिय स्वार्थका आधारमा सन्तुलित र गतिशील परराष्ट्र नीति अपनाउनुपर्छ । र, के सत्तापक्ष-के प्रतिपक्ष, वैदेशिक मामिलामा सबै दलहरू मूलभूत रूपमा एकै ठाउँमा उभिनुपर्छ ।

दाहाल सरकारका धेरै सुविधामध्ये यसले पाएको प्रतिपक्षी शक्ति पनि एक हो । कांग्रेसले संसद्मा कति रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्न सक्छ, अहिल्यै यसै भन्न सकिन्न, तर विगतका आधारमा यति भन्न सकिन्छ कि उसले प्रतिपक्षका रूपमा नचाहिँदो अर्घेल्याइँ पक्कै गर्दैन । तसर्थ, प्राप्त सबै अवसरहरूको सदुपयोग गर्दै प्रधानमन्त्री दाहालले कुशलतापूर्वक सरकार चलाउन सक्नुपर्छ । यसका लागि खास गरी मन्त्री र सल्लाहकारहरू नियुक्त गर्दा उनीहरूको विज्ञता, आमछवि र आचरण सम्बन्धी ख्याल पुर्‍याउन भुल्नु हुँदैन । सबै पक्षमा उचित हेक्का पुर्‍याएर सही निर्णयहरू लिएमा मात्रै विषम परिस्थितिमा पनि दाहालले परिणाम दिन सक्छन्, नत्र आफ्नो तस्बिरमुनि प्रधानमन्त्रीको अर्को एउटा कार्यकाल थप्नुबाहेक अरू केही उपलब्धि हुनेछैन । र, त्यसबाट देश त उँभो लाग्दैन नै, स्वयं दाहाल र उनको दल माओवादीको भविष्य पनि अनिश्चयमा धकेलिनेछ ।

# साहुजीहरूको संसद् र समाजवाद



लसकुस

राजेन्द्र महर्जन

*हिजोआज शब्दहरूले*
*एउटै अर्थ दिन थालेका छन्*
*उदाहरणका लागि*
*तपाईं संसद्लाई संसद् भन्नोस्*
*अथवा सुपर मार्केट*

\- विमल निभा/शब्दकोश

संसद्को निर्वाचनपछि बानेश्वरमा इन्द्रेनी शैलीका वेशभूषा र भाषाका नाममा रमिता नै भयो– एकल राष्ट्रिय पोसाक लगाएर आउने दलपतिको उर्दीबीच सांसदहरूले अनेक राष्ट्रिय पोसाक लगाएर विभिन्न राष्ट्रभाषामा शपथग्रहण गरे ! एकल भाषाका वृद्ध अभियन्ता राजावादीबाट विभिन्न राष्ट्रभाषामा शपथग्रहण र अनेकअनेक राष्ट्रिय पोसाक पहिरनको भव्यता देखेर धेरैलाई लागेको हुन सक्छ– अब त संसद्मा सबैको सहभागिता हुने भयो, लोकतन्त्रमा सबैको हिस्सेदारी हुने भयो ! अनुहार, पोसाक र भाषाको सांकेतिक प्रतिनिधित्व देखेर दंगदास भएका आँखाले नदेख्न सक्छन्– कुनकुन वर्ग, वर्ण, जात, जाति, लिंग र क्षेत्रको कम-बेसी प्रतिनिधित्व किन र कसरी भयो ? जनताको प्रतिनिधित्व गर्ने दाबी गरेका अधिकांश सांसदले वास्तवमा ककसका हित, स्वार्थ र विचारको प्रतिनिधित्व गर्दै छन् ?

करोडौं रकम खर्च गर्न सक्ने मात्रै निर्वाचित हुने गरी भएको संसद्को निर्वाचनले पनि प्रस्ट देखाएको छ– देशमा 'बडा नागरिक' र 'छोटा नागरिक' को उँचनीच छ, जसरी पहिलेदेखि शक्ति-सम्बन्धमा 'थजात' (माथिल्लो जात) र 'क्वजात' (तल्लो जात) को विभाजन छ । खल्तीबाट टिकट बाँड्ने 'थजात' का दलपतिहरूका नजरमा पार्टीलाई थैली बुझाउने सक्ने र मत किन्न थैलीको मुख खोल्न सक्ने 'बडा नागरिक' नै उम्मेदवार हुन सक्षम भए । यसै क्रममा ससाना कमजोरी र गल्तीका कारण पनि कोही उम्मेदवार हुन अयोग्य ठहऱ्याइए भने कोही हिंसा र भ्रष्टाचारका अभियुक्त हुँदाहुँदै सांसद पड्काउन योग्य र सक्षम ठहरिए । उदाहरणका लागि, भृकुटीमण्डप फनपार्क मेलाका सञ्चालक एवं पूर्व श्रम राज्यमन्त्री टेकबहादुर गुरुङ करोडौं रकम भ्रष्टाचार गरेको अभियोगमा मुद्दा खेप्दाखेप्दै पनि मनाङबाट सांसद पदमा बकाइदा निर्वाचित भए । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा चलायो, विशेष अदालतले फौजदारी अभियोगको मुद्दा वर्षौंसम्म छिनेन, निर्वाचन आयोगले उम्मेदवार बन्ने सहुलियत दियो, नयाँ प्रतिनिधिसभाले शपथ खुवाएर पुरस्कृत गऱ्यो । अभियुक्तलाई सांसद बनाउने राज्यका संयन्त्रहरूको हातेमालो हेर्नलायकको छ ।

### कानुन तोड्ने विशेषाधिकार

कानुन बनाउने प्रतिनिधिसभामा कानुन तोड्ने बडा नागरिकलाई नै सांसदका रूपमा शपथ खाएर माननीय भएको देखी छक्क पर्न सकिँदैन । अब त उनीहरू नै प्रतिनिधिसभाका विभिन्न विषयगत समिति र विशेष समितिका सभापति वा सदस्य भएनन् भने, कानुन लागू गर्ने कार्यपालिकाका सदस्य (मन्त्री) हुँदै सम्माननीय हुने बाटामा लागेनन् भने अचम्म मान्नुपर्ने हुन्छ । किनभने यस्तो राजनीतिक पद र सुविधामाथि बडा नागरिकहरूको आरक्षण कायम छ । 'सानालाई ऐन, ठूलालाई चैन' कायम हुने गरी चलाइएको छ समाज-व्यवस्था । यस्तो व्यवस्थामा कानुन बनाउनु र तोड्नु त बडा नागरिकहरूको विशेषाधिकार नै हो नि !

भ्रष्टाचारका आरोपमा मुद्दा खेपिरहेका सांसद तथा पूर्वमन्त्री टेकबहादुर गुरुङको प्रकरण त संसदीय राजनीतिमाथि बडा नागरिकहरूको राइँदाइँको समुद्रमा देखिएको 'आइसबर्ग' (हिमशिला) मात्रै हो । एक से एक ठेकेदारसँगै ठूला व्यापारीहरू प्रत्यक्ष निर्वाचन प्रणालीबाट जितेर र समानुपातिक निर्वाचन प्रणालीबाट तानिएर आएपछि अन्य वर्ग, वर्ण, जात, जाति, लिंग र क्षेत्रको झन्झन् कम हुँदै गएको प्रतिनिधित्वसँग तुलना गरियो भने संसदीय राजनीतिको गुदी थप उदांगो हुनेछ ।

हुन त पछिल्लो चरणमा नेपाली मिडियामा यही राजनीतिको अन्तरविरोधी पाटोका रूपमा रहेको अप्रतिनिधित्वको पक्षबारे, दलित, जनजाति, महिला, मधेशी, मुस्लिमहरू प्रतिनिधित्वबाट वञ्चित भएको तथ्यबारे बलियो रिपोर्टिङ गर्ने प्रवृत्ति केही हदसम्म बढेको छ । कुनै शंका छैन, सत्ता-शक्तिको साँचो जनैमा भिर्दै हिँड्ने थजात नेतृत्वको राजनीतिक दलमा प्रभाव नभएका, दलपतिको नजरमा नपरेका, सत्ता-शक्ति-सम्पत्तिमा पहुँच नभएका अधिकांश समुदायको अप्रतिनिधित्व र वञ्चना स्वयंमा जनआन्दोलन र संविधानको मर्मभन्दा उल्टो प्रक्रिया हो । यसको अर्को नांगो पक्ष भनेको प्रत्यक्ष र समानुपातिक प्रणालीबाट पनि खस-आर्य, महिला वा पिछडिएको क्षेत्रका नाममा एउटै नस्ल, वर्ण र जात समूहका अभिजातवर्गीय प्रतिनिधित्वको भारीले संसद् थिचिनु हो ।

यो त संसदीय राजनीतिको गुदीको सानो हिस्सा मात्रै हो, जबकि अब उदांगो हुने गरी देखाउनैपर्ने पक्ष हो– संसदीय राजनीतिमा ठेकेदार र व्यापारीहरूको सांसदका रूपमा उल्लेख्य प्रतिनिधित्वसँगै व्यवस्थापिका र कार्यपालिकाका नीति-निर्णयमा उनीहरू कसरी प्रभुत्वशाली बन्दै छन् ? वर्ण, जात, लिंग र क्षेत्रका आधारमा उनीहरूको तथ्यांकको विश्लेषण गरियो भने राज्यलाई इन्द्रेनीजस्तै देखिने गरी समानुपातिक समावेशी बनाउने संवैधानिक वाचालाई लोप्पा खुवाउने कामलाई नै अब लोकतान्त्रिक पद्धति मान्नुपर्ने हुन्छ ।

### संसद्मा साहुजीहरूको प्रभुत्व

यस पटकको संसदीय निर्वाचनको बलियो प्रवृत्ति हो– प्रतिनिधिसभामा ठूलठूला एक से एक ठेकेदार र व्यापारीहरूको उल्लेखनीय प्रवेश । पुराना र नयाँ दलले ठेकेदार र व्यापारी-उद्योगपतिहरूलाई जनप्रतिनिधिको पहिचान दिएर संसद्मा हुले, प्रत्यक्ष र अप्रत्यक्ष निर्वाचन प्रणालीबाट । दलपतिहरूका कृपाको परिणामस्वरूप प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा विभिन्न निर्माण कम्पनीसम्बद्ध १९ ठेकेदार सांसदमा निर्वाचित



**पहिले राजनीतिक नेताहरूबाट आफ्ना हित र स्वार्थ सिद्धि गर्ने 'क्रोनी क्यापिटलिजम' को अभ्यासबाट चित्त नबुझेर राजनीतिको बागडोर नै सम्हाल्ने व्यापारी र ठेकेदारहरूको मनसायले लोकतन्त्रको नेपथ्यमा रहेको धनतन्त्रलाई सार्वजनिक वृत्तमा उजागर गर्न थालेको छ ।**

भए । विमल खतिवडाको रिपोर्ट अनुसार प्रतिनिधिसभाका लागि चुनावी मैदानमा उत्रिएका १५ ठेकेदारमध्ये ८ जना सांसद चुनिए । उनीहरूमध्ये नेपाली कांग्रेसबाट निर्वाचित भएका ५ जना ठेकेदार रसुवा, कालिका र कान्छाराम कन्स्ट्रक्सनजस्ता देशका ठूलठूला निर्माण कम्पनीका मालिक हुन् । निर्माण कम्पनीका ठेकेदारले दलका लागि पैसा दिने र दलका राजनीतिक ठेकेदारहरूले उनीहरूलाई टिकट दिने लेनदेनको परिणामस्वरूप संसदीय मुद्दामा पनि मोलमोलाइ र हेराफेरी हुने क्रम अब झन् बढ्नेछ । सांसद र मन्त्री भएर, प्रतिनिधिसभाका संसदीय समितिमा बसेर निर्माण व्यवसायसँग जोडिएका विषयमा नीति बनाउँदा, ठेक्कापट्टा दिँदा र अनुगमन गर्दा ठेकेदार सांसदहरूले पद र शक्तिको दुरुपयोग गरेका उदाहरणको कमी छैन ।

त्यस्तै गरी, दिलीप पौडेलको रिपोर्ट अनुसार यस पटक ठेकेदारहरू लगायत विनोद चौधरीजस्ता अर्बपतिसँगै २० जनाभन्दा बेसी व्यापारी र उद्योगपति प्रत्यक्ष निर्वाचित सांसदको हैसियतका साथ प्रतिनिधिसभामा उपस्थित भएका छन् । यस्ता सांसदले आफ्नो निर्वाचित पद र समितिको सदस्यको हैसियतलाई देशको समग्र अर्थतन्त्रको हितमा भन्दा बेसी निजी व्यवसायको स्वार्थतिर केन्द्रित गरेका उदाहरण धेरै छन् । संसद् पुग्ने व्यापारीले अनुभव र विज्ञता अनुसार योगदान गर्नुभन्दा पनि स्वार्थको द्वन्द्व हुने गरी आफ्नो व्यवसायसँग मिल्दो मन्त्रालय वा समितिमा बस्ने, कानुन निर्माणमा हस्तक्षेप गर्ने र अनुगमनलाई प्रभावित पार्ने गरेका छन् ।

त्यसैले यज्ञ बन्जाडेले एउटा उदाहरणसहित प्रश्न उठाएका छन्, 'उद्योगी-व्यवसायी सांसदको परीक्षा : मतदाताको प्रतिनिधि बन्ने कि आफ्नै व्यापारिक घरानाको ?' उनको विश्लेषणात्मक रिपोर्ट अनुसार, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन (बाफिया) संशोधनका लागि २०७३ सालमा संसद् पुगेको थियो । तर, यो विधेयकमाथि नीतिगत निर्णय गर्ने अर्थ समितिमा सिभिल बैंकका अध्यक्ष इच्छाराज तामाङ, जनता बैंकका अध्यक्ष उदय नेपाली श्रेष्ठ, प्राइम कमर्सियल बैंकका अध्यक्ष उमेश श्रेष्ठ, माछापुच्छ्रे बैंकका अध्यक्ष वीरेन्द्रप्रसाद महतो थिए, जो सांसदको ट्याग झुन्ड्याएर आआफ्नो श्री-सम्पत्ति वृद्धिका लागि अनेक चाल चल्दै थिए । समितिमा बसेपछि वित्तीय संस्थासँगको आबद्धता त्याग्नुको सट्टा उनीहरू आफ्नो व्यवसाय अनुकूल हुने गरी कानुन बनाउन लागिपरेका थिए । हुन त उनीहरूका राजनीतिक दल भिन्नाभिन्नै थिए, तर आर्थिक स्वार्थ भने अलग-अलग थिएन ।

### करोडपति-सभा वा अपराधी-सभा

लोकतन्त्रको संसदीय स्वरूपमा मात्रै समाजका धनाढ्य र शक्तिशालीको चलखेल हुने होइन, त्यसअघि दक्षिण एसियामा गणतन्त्रका नाममा र दक्षिणपूर्वी युरोपका नगर राज्यमा प्रजातन्त्रका नाममा अल्पसंख्यक धनीमानी स्वतन्त्र नागरिकहरूको हालीमुहाली हुन्थ्यो । पुँजीवादी क्रान्तिपछि संसद् निर्माण र प्रतिनिधित्वको नयाँ प्रणाली स्थापित हुँदा बहुसंख्यक जनताको मन-मस्तिष्कमा महान् भ्रम उत्पन्न भयो वा गरियो । त्यो भ्रम हो– हामी नै हाम्रो नियतिका निर्माता हौं, हामी आफ्ना प्रतिनिधिमार्फत आफैंलाई शासन गर्न सक्षम छौं । यही भ्रमको पर्दापछाडिको असली खेलका क्रममा अल्पसंख्यक धनीमानी र शक्तिशालीहरूका हातमा सत्ता-शक्तिलाई केन्द्रित गर्ने रणनीतिको उपयोग मज्जासँग हुँदै आएको छ ।

फेलिक्स ग्रिनले 'द एनेमी' पुस्तकमा अमेरिकी र युरोपेली लोकतन्त्रबीच एउटा मनोरञ्जक भिन्नतातिर संकेत गरेका छन् । उनको अध्ययन अनुसार, ब्रिटेन र फ्रान्समा महत्त्वपूर्ण निर्णयलाई नियन्त्रित गर्ने काम सामान्यतः पेसेवर राजनीतिज्ञहरूमार्फत गरिन्छ । उच्च व्यावसायिक र वित्तीय वर्गका सदस्यहरू नेताहरूका माध्यमबाट काम गर्नुलाई नै सुविधाजनक ठान्छन् । उनीहरूलाई आफ्नो प्रवक्ता मानेर नेपथ्यमा काम गर्छन् र सार्वजनिक दृष्टिमा कमै प्रकट हुन्छन् । तर, संयुक्त राज्य अमेरिकामा भने त्यसको ठीक उल्टो तरिकाले काम गरिन्छ । त्यहाँ ठूलठूला व्यवसाय र वित्तीय संस्थाहरूका प्रतिनिधिहरू कुनै पनि मामिलामा हुने निर्णयसँग आफ्नो सीधा सम्बन्ध हुनुपर्ने अपेक्षा गर्छन् । त्यसैले धेरैजसो राष्ट्रपतिको मन्त्रिमण्डलका अधिकांश सदस्य सफल व्यवसायी छन्, जसमा अनेक करोडपति छन् । विश्वव्यापी सञ्जाल भएको स्ट्यान्डर्ड आयलजस्तो कम्पनी अमेरिकाको विदेशनीति निर्धारणमा आफ्नो हात होस् भन्ने चाहन्छ । त्यसैले जुनसुकै दलको सरकार बने पनि वर्षौंवर्षसम्म त्यस कम्पनीसँग निकट सम्बन्ध रहेको रकफेलर परिवारद्वारा मनोनीत व्यक्ति अमेरिकाको विदेशमन्त्री हुने चलन रह्यो ।

आफूलाई संसारकै सबैभन्दा ठूलो लोकतन्त्र ठान्ने भारतको लोकसभामा पनि अमेरिकाकै छाया देख्न पाइन्छ, जसलाई खासमा करोडपति-सभा वा अपराधी-सभा भन्न मिल्छ । 'एसोसिएसन फर डेमोक्रेटिक रिफर्म' (एडीआर) ले सन् २०१४ मा चुनिएका सांसदहरूको शपथपत्रको विश्लेषण गर्दै प्रतिवेदनमा भनेको छ– लोकसभामा रहेका ५२१ जना सांसदमध्ये कम्तीमा ८३ प्रतिशत करोडपति थिए भने ३३ प्रतिशत आपराधिक मामिलामा जोडिएका थिए । ती सांसदमा भाजपाका २२७, भारतीय कांग्रेसका ३७ र अन्नाद्रमुक पार्टीका २९ जना थिए । लोकसभालाई करोडपति र अपराधीहरूको सभामा फेर्ने उपक्रम पछिल्ला वर्षहरूमा कम हुनुको सट्टा झन् बढेको छ, मोदी नेतृत्वको भाजपा सरकारले आसेपासे पुँजीपतिहरूलाई पोस्ने 'क्रोनी क्यापिटलिजम' लाई व्यापक विस्तार गरेसँगै । अरुन्धती रोयका अनुसार, विश्वकै धनी राजनीतिक दलका रूपमा स्थापित भाजपाले लोकसभामा बहुमत कायम गर्दै, सरकारमा प्रभुत्व स्थापित गर्दै कर्पोरेट वंशवादलाई पोसेका कारण अम्बानी, अडानी, मित्तल र जिन्दलजस्ता वैश्य साहुहरूका कम्पनी फस्टाएका छन् ।

### 'क्रोनी क्यापिटलिजम' को संसदीय रूप

तीस वर्षयता पुँजीवादी अर्थतन्त्रको विस्तारका क्रममा नवउदारवाद र निजीकरणको प्रक्रियालाई तीव्र बनाइएपछि भारतमा व्यापारी-उद्योगपति र अपराधीहरू राजनीतिक संयन्त्रमाथि कब्जा गर्न हामफालेका हुन् । ठीक त्यही प्रवृत्ति विस्तारको सिलसिलामा नेपाली राज्य-संयन्त्रमाथि प्रभुत्व जमाउने नीति र नियतका साथ ठेकेदार र व्यापारीहरू निर्वाचित भएर आएका छन्, कैयौं आपराधिक पृष्ठभूमिका सांसदको संख्या पनि बढ्दो छ । यसले एकातिर राजनीतिक क्षेत्रमा व्यापारी र ठेकेदारहरूको आर्थिक स्वार्थको विस्तारतिर संकेत गरेको छ भने, अर्कातिर राजनीतिको अपराधीकरणतिर पनि इंगित गरेको छ । पहिले राजनीतिक नेताहरूबाट आफ्ना हित र स्वार्थ सिद्धि गर्ने 'क्रोनी क्यापिटलिजम' को अभ्यासबाट चित्त नबुझेर राजनीतिको बागडोर नै सम्हाल्ने उनीहरूको मनसायले लोकतन्त्रको नेपथ्यमा रहेको धनतन्त्रलाई सार्वजनिक वृत्तमा उजागर गर्न थालेको छ ।

पहिले-पहिले दल, दलपति र सांसदहरूमार्फत राज्य र सरकारका नीति र कार्यक्रमलाई आफ्नो व्यवसायको स्वार्थ अनुसार फेरबदल गर्नमा खप्पिस व्यापारी, उद्योगपति र ठेकेदारहरू अब डाडुपन्यु नै आफ्नो हातमा लिन सफल हुँदै छन् । उनीहरूले पाएको सांसद पद र कर्मले नेपाली राज्य, सरकार र संसद्को समाजवाद-उन्मुख भनिएको संविधानविपरीतको पुँजीपति वर्गीय चरित्र उजागर गरेका छन्, जुन जनमुखी र लोकतान्त्रिक पक्कै देखिँदैन । साहुजीका खेलमा मग्न हुने र साहुजीका पैसामा चलखेल गर्ने थजात दलपतिहरूको अगुवाइमा जारी समाजवाद कसका लागि स्वर्ग हुने हो, प्रस्ट देखिँदै छ । साहुजीहरूको संसद् प्रवेश र प्रभुत्व विस्तारसँगै गठन भएको पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको बिब्ल्याँटो सरकारले पनि ओली र देउवा नेतृत्व सरकारले जारी राखेको 'क्रोनी क्यापिटलिजम' लाई निरन्तरता दिनेमा कुनै शंका छ ?

ट्वीटर : @rmaharjan72

## सम्पादकलाई चिठी

# दाहाललाई अन्तिम अवसर

शेरबहादुर देउवा र आरजु देउवाको गलत सोच तथा निर्णयले यतिखेर कांग्रेस शून्यको बाटामा पुगेको छ भने एमाले-माओवादीको तालुमा आलु फल्न पुगेको छ । देउवा दम्पतीको अति महत्त्वाकांक्षाले गर्दा नै आज एमाले सत्तामा पुग्न सफल भयो । कांग्रेस भने राष्ट्रपतिदेखि सातै प्रदेशको मुख्यमन्त्री गुमाउने अवस्थामा पुगेको छ । यो सबैको दोष र जिम्मेवारी कसले लिने ? कांग्रेसले विशेष महाधिवेशन बोलाई यसको छिनोफानो गर्नुपर्छ । अरूलाई दोष थोपर्नुको सट्टा त्यसको जिम्मेवारी आफैंले लिई तुरुन्त संसदीय दलको नेताबाट अवकाश लिएमा देउवाको छवि केही मात्रामा भए पनि बच्नेछ । आज देउवा दम्पतीकै कारण हजारौं कांग्रेस नेता-कार्यकर्ताको राजकीय पद र अवसर शून्यमा पुगेको छ । रामचन्द्र पौडेल राष्ट्रपति हुनबाट वञ्चित भएका छन् । यो देउवालाई उक्साउने गुटको ठूलो गल्ती हो । र यसको फाइदा केपी शर्मा ओली र पुष्पकमल दाहाललाई पुगेको छ । तैपनि ५ वर्ष यही गठबन्धन जान्छ कि जाँदैन, आम जनतालाई 'डेलिभरी' दिन नयाँ सरकार सफल हुन्छ कि हुँदैन भन्ने संशय धेरैलाई छ । किनकि ओली र दाहाल महत्त्वाकांक्षी र अधैर्य नेता हुन् । अब यो गठबन्धनले स्थिरता र विकास देओस् । दाहालका लागि काम देखाउने र जनताको मन जित्ने अन्तिम अवसर हो यो । जनभावना अनुसार काम हुनुपर्छ । जनताले मन पराएका नेताहरूलाई मन्त्री बनाउनुपर्छ । सधैं एउटै पात्रलाई एउटै अनुहारलाई मन्त्री बनाउँदा जनतामा उत्साह आउँदैन । नयाँ अनुहारहरूलाई अवसर दिनुपर्छ । मन्त्री छनोट राम्रो होस्, अवसर नपाएकाहरूलाई अगाडि ल्याइयोस् । साथै जनताले भोगेका दैनिक समस्यामा सरकारको पहिलो ध्यान जाओस् । नयाँ सरकारलाई सफलताको शुभकामना ।

**– गोपाल देवकोटा**, *जोरपाटी, काठमाडौं*

●●●

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल तेस्रो पटक प्रधानमन्त्री बन्न सफल भएका छन् । एमालेसँग मिलेर आगामी कार्यकाल आलोपालो सरकार चलाउने सहमति बनेसँगै राजनीतिक लुछाचुँडी समाप्त भएको छ । एक्कासि बदलिएको राजनीतिक समीकरणबाट



नेपाली कांग्रेस स्तब्ध बनेको छ, दुर्घटनाग्रस्त भएको छ । प्रधानमन्त्री शेरबहादुर देउवादेखि कांग्रेसका 'मै हुँ' भन्ने नेताहरूले दलमाथि भुइँचालो जाला भन्ने सपनामा पनि सोचेका थिएनन् । भन्ने हो भने कांग्रेसको कार्यशैली, सिद्धान्तविहीन माहोल देखेर आलोचना गर्नेहरूको जमात पनि सानो छैन । दलभित्रको गुट-उपगुटका कारण कांग्रेसभित्र खिया लागेको, अरू दलले टेको लगाएर अहिलेसम्म उभ्याएको यथार्थ जगजाहेर छ । देउवा दृष्टिकोणविहीन बनेको, देउवा पत्नी आरजु राणाको दम्भका कारण दल भीरबाट खस्न पुगेको भन्नेहरू पनि धेरै छन् । यतिबेला सरकार गठनमा असफल बनेका देउवाले सभापति र संसदीय दलको नेताबाट पनि राजीनामा दिनुपर्ने आवाज पार्टीभित्रैबाट उठिसकेको छ । कांग्रेसको पकड संघमा मात्र नभएर सातै प्रदेशमा गुम्ने निश्चित भएपछि सो दलमाथि अर्को थप्पड परेको छ । यसैबीच दाहाल प्रधानमन्त्रीमा चयन भएसँगै भारत र चीनका जिम्मेवार नेताले बधाई दिएका छन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले ट्वीटबाट दाहाललाई बधाई दिँदै दुई देशबीच आपसी सहयोग, सहकार्यबाट विकासमा अघि बढ्ने प्रतिबद्धता जनाउनु हाम्रा निम्ति महत्त्वपूर्ण सन्दर्भ बनेको छ ।

**– भुवनेश्वर शर्मा**, *चन्द्रागिरि-२, काठमाडौं*

***'दाहाल प्रधानमन्त्री' समाचारमा facebook.com/eKantipur बाट लिइएका टिप्पणी :***

पत्रकार किशोर नेपालले एकताका भनेका थिए– 'प्रचण्डबिना नेपालको राजनीतिमा पात पनि हल्लिन्न ।' सम्भवतः २०६२ सालदेखि ७९ सालसम्मै पुष्पकमल दाहाल निरन्तर राजनीतिको केन्द्रमा रहिरहे । पालैपालो कांग्रेस तथा कम्युनिस्ट नेताहरूलाई प्रधानमन्त्री बनाए । भलै संख्याको हिसाबले दाहालको पार्टी ठूलो-सानो जे भए नि ! यसर्थ पत्रकार नेपालको भनाइ निकै सान्दर्भिक छ ।

**– लक्ष्मण घर्तीमगर**

●●●

दुर्भाग्य ! मुलुकको सबैभन्दा ठूलो दल घमन्डका कारण प्रतिपक्षमा सीमित हुन पुग्यो । अब पनि प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको व्यवस्था गर्न चुक्यौं भने भविष्यमा यस्तो प्रवृत्ति दोहोरिरहन्छ ।

**– सुरेन्द्र महर्जन**

●●●

जाडो मौसममा थुरथुर काम्दै रूखमुनि बस्नुभन्दा न्यानो घाममा बस्नु ठीक हो । गर्मी लागेपछि फेरि रूखमुनि जालान् भर छैन । समय अनुसार चल्ने राजनीति यस्तै हुन्छ ।

**– सूर्य साङतान**

●●●

अब को ओझेल पऱ्यो, परेन भन्नुभन्दा पनि विकास कार्यलाई अघि बढाउनुपऱ्यो । जनतालाई विकास चाहिएको छ, गफ होइन ।

**– कुमार मल्ल**

●●●

दाहालले जे चाह्यो त्यही हुन्छ । हिजो अरूलाई बनाएदिए आज आफू ।

**– कृष्णप्रसाद गौतम**

# सामुदायिक विद्यालयमा गुणस्तरको पाटो



राम गुरुङ

सामुदायिक विद्यालय शिक्षाको गुणस्तरमाथि भएका बहसहरू तारिफयोग्य छन् । सिकाइ, शिक्षण पद्धति र प्रणालीको सुधार हुनुपर्छ भन्नु परिवर्तनको संकेत हो, जसले परम्परागत शिक्षा र शैक्षिक प्रणालीलाई नकारेको छ । विद्यालय व्यवस्थापन विकेन्द्रित र स्वायत्त भएकाले सामुदायिक विद्यालयको शिक्षण सिकाइ पनि बदलिएको छ । गुणस्तरीय शिक्षाको मूल मर्म व्यक्तिको क्षमता अभिवृद्धि गर्नु भए पनि गुणस्तरीय शिक्षाबारेको बुझाइ सैद्धान्तिक र व्यावहारिक हिसाबमा अपुरो छ ।

**गुणस्तरीय शिक्षा**

शिक्षा र गुणस्तरबारे सबैमा एउटै बुझाइ नहुन सक्छ । भूगोलको बनोट, जातजाति र सांस्कृतिक विशेषताका कारण समाज र परिवेश हेरी अर्थ र महत्त्व फरक हुन्छन् । गुणस्तरीय सिकाइको व्यावहारिक उपयोगिता र प्रयोगबारे धेरै चर्चा भएको छैन । युनिसेफले विद्यालयमा हुने सहज सिकाइलाई गुणस्तरीय शिक्षा मानेको छ । विद्यार्थीकेन्द्रित शिक्षण र मूल्यांकन विधिलाई प्राथमिकता दिइएको भए पनि विद्यार्थीको क्षमता अभिवृद्धि गर्नपट्टि ध्यान पुगेको देखिन्न । नेपालजस्तो शिक्षालाई 'भर्ना र परीक्षा' मात्रै मान्ने समाजका लागि यस्ता परिभाषा अपर्याप्त छन् ।

संयुक्त राष्ट्रसंघ र युनिसेफको अवधारणा लगभग उस्तै छ । संयुक्त राष्ट्रसंघले गुणस्तरीय शिक्षालाई समावेशी र दिगो विकासको बृहत् राष्ट्रिय लक्ष्यसँग जोडेको छ । असमानता र गरिबी अन्त्य गर्न चाहिने ज्ञान, सीप तथा मनोवृत्ति विकास गर्ने शिक्षा नै गुणस्तरीय शिक्षा हो । तथापि राष्ट्रसंघले पनि सीप तथा ज्ञानको विशिष्ट सामाजिक परिवेश र आवश्यकतालाई समेटेको छैन । यसले व्यक्तिले आफूले चाहेको जीवन बाँच्न सघाउने परिवेशसुहाउँदो सिकाइको कुरा गर्दैन । व्यावहारिक जीवनशैली र अनुभूतिले महत्त्व नपाउने यस्तो अवधारणाले डाक्टर वा प्लम्बर के बन्ने भनी जीवनको विकल्प रोज्ने स्वतन्त्रता दिँदैन ।

**फरक बुझाइ**

गुणस्तरीय शिक्षाको मुद्दा सामुदायिक विद्यालयको मात्रै होइन, स्थानीय राजनीतिक दल र सरकारले पनि बोकेको छ । चुनावी घोषणापत्रदेखि नीति तथा कार्यक्रममा शिक्षाको गुणस्तर सुधार्नेबारे उल्लेख भएका छन् । शिक्षाको गुणस्तर खस्केको स्वीकार गरिए पनि विद्यार्थी, अभिभावक र शिक्षकले गुणस्तरीय शिक्षालाई फरक रूपमा बुझेका छैनन् । विद्यार्थीहरू परीक्षामा धेरै अंक ल्याउनुलाई गुणस्तरीय शिक्षा ठान्छन् । शिक्षकहरू विद्यार्थीको संख्या बढ्नुलाई शिक्षाको गुणस्तर उकालिनु मान्छन् । अभिभावकले त 'जागिर खाने' साधनबाहेक अर्को सोचेका छैनन् । स्थानीय सरोकारवालालाई विद्यालय शिक्षाले विद्यार्थीको निजी र सामाजिक जीवनमा कस्तो प्रभाव पार्नुपर्छ भन्ने थाहा छैन ।

गुणस्तरीय सामुदायिक विद्यालय शिक्षाबारे भएका सामान्य बहसहरू अहिले पनि शिक्षककेन्द्रित छन् । शिक्षक नै ज्ञानको सम्पूर्ण स्रोत हो भन्ने मान्यतामा शिक्षाको गुणस्तर अडिएको छ । भौगोलिक विकटता, अभिभावकको आर्थिक क्षमता र उन्नत शैक्षिक सामग्रीलाई सिकाइ र गुणस्तरसँग जोडिएको देखिन्न । राज्यले दिने पाठ्यपुस्तक र शिक्षकमा निर्भर यस्ता सिकाइलाई नै सामुदायिक विद्यालयहरूले गुणस्तरीय शिक्षा मानेका छन् ।

**कसरी ?**

क्षमता बढाउने विद्यार्थीकेन्द्रित सिकाइ नै गुणस्तरीय शिक्षा हो । आफ्नो समाज र परिवेशमाथि प्रश्न गर्न र जवाफ खोज्न सक्ने विद्यार्थी तयार हुनु सबल शिक्षाका परिणाम हुन् । तर सामुदायिक विद्यालयले विद्यार्थीको व्यक्तिगत क्षमता अभिवृद्धिसँग नजोडिएका भौतिक अवस्थाको सुधारलाई गुणस्तरीय शिक्षा भनिरहेको छ ।

**भाषाको भ्रम** : सामुदायिक विद्यालयहरूले शिक्षाको गुणस्तर सुधार्न भन्दै अंग्रेजी भाषालाई सिकाइको मुख्य माध्यम बनाएका छन् । ऐच्छिक भए पनि विगत पाँच वर्षमा करिब ५७ प्रतिशत विद्यालयले अंग्रेजी भाषामा पठनपाठन सुरु पनि गरिसकेका छन् । खासमा यो स्थानीय निजी विद्यालयसँग प्रतिस्पर्धा गर्ने औजार मात्र बनेको देखिन्छ । शिक्षक, अभिभावक र स्थानीय राजनीतिक नेतासित अंग्रेजी भाषाले कसरी सिकाइको स्तर सुधार्छ भन्ने प्रश्नको ठोस जवाफ छैन । परीक्षामुखी पढाइलाई स्थानीय र विश्व परिवेशसँग जोड्ने योजना र रणनीतिबारे बहस भएको छैन । यसका लागि चाहिने जनशक्ति, खास गरी शिक्षक र शैक्षिक पूर्वाधार तयार गर्नेबारे सोचिएको देखिन्न ।

**भर्नाको भर** : विद्यार्थीको संख्यासँग शिक्षण सिकाइको कुनै सम्बन्ध छैन । शिक्षकले सिकाउने र विद्यार्थीले सिक्ने कुरा व्यक्तिको समाज र स्थानीय परिवेशसँग गाँसिएको हुन्छ । सामुदायिक विद्यालयहरूले पनि धेरै विद्यार्थी भर्ना हुनुलाई गुणस्तरीय शिक्षा भनेका छन् । गत पाँच वर्षमा संखुवासभा, धादिङ र लमजुङका सामुदायिक विद्यालयमा विद्यार्थीको भर्नादर ८४ प्रतिशतदेखि ३११ प्रतिशतसम्म बढेको छ । तर अभिभावकहरू भने राज्यले दिने छात्रवृत्ति र रोजगारीको आरक्षणबाट वञ्चित नहोऊन् भन्ने मनसायले आफ्ना छोराछोरीलाई सामुदायिक विद्यालयमा पढाएको बताउँछन् । राज्यको शैक्षिक नीतिमा परिवर्तनका कारण विद्यार्थीको भर्नामा पारेको प्रभावमाथि ध्यान गएको छैन ।

> विद्यार्थीहरू परीक्षामा धेरै अंक ल्याउनुलाई गुणस्तरीय शिक्षा ठान्छन् । शिक्षकहरू विद्यार्थीको संख्या बढ्नुलाई शिक्षाको गुणस्तर उकालिनु मान्छन् । स्थानीय सरोकारवालालाई विद्यालय शिक्षाले विद्यार्थीको नीजि र सामाजिक जीवनमा कस्तो प्रभाव पार्नुपर्छ भन्ने थाहा छैन ।

**भवनको भाष्य** : उल्लेख्य असर नगरे पनि सुविधासम्पन्न भौतिक पूर्वाधारले विद्यार्थीको सिकाइ सहज बनाउँछ । समय र समाजसुहाउँदो पाठ्यक्रम, पाठ्यक्रम अनुसार पढाउन सक्ने शिक्षक र विश्व-स्थानीय परिवेशसित जोडिएका शैक्षिक क्रियाकलाप सबल सिकाइका आधार हुन् । तर सामुदायिक विद्यालयको प्राथमिकतामा विद्यार्थीले सिकाइमा सहयोगी महसुस नगरेका भवन, खेलमैदान, पुस्तकालय र प्रयोगशाला निर्माण पर्ने गरेका छन् । पुस्तकालय भरिभराउ भए पनि पाठ्यक्रम र अतिरिक्त सिकाइ सम्बन्धी पुस्तक कम छन् । दक्ष प्रशिक्षक र आवश्यक पूर्वाधारबिनाका शैक्षिक प्रयोगशाला विद्यार्थीको क्षमता अभिवृद्धि गर्नमा प्रभावकारी देखिएका छैनन् ।

**अलमलको सिकाइ** : विद्यार्थीलाई क्षमतावान् बनाउन विश्वज्ञानको जति महत्त्व छ, विद्यार्थीले विश्वज्ञानलाई स्थानीयतासित जोड्न सक्नु उत्तिकै जरुरी हुन्छ । यसले विद्यार्थीलाई समस्या र अवसरलाई खुट्याउन सक्ने बनाउँछ । स्थानीय सरकारले विद्यालयका पाठ्यक्रमहरू बनाएका छन् । तर स्थानीय स्रोत र साधनका भरमा बनेका पाठ्यक्रम राष्ट्रिय स्वार्थ र अन्तर्राष्ट्रिय परिस्थितिसित जोडिएका छैनन् । टपरी गाँस्न सिकाउनु भावनात्मक पक्षबाट सही भए पनि 'स्थानीयवाद' बाट प्रभावित यस्तो सिकाइले विद्यार्थीलाई विश्वपरिवेशमा कसरी प्रतिस्पर्धी बनाउँछ भन्ने सोचिएको छैन ।

**वर्गीकृत शिक्षण सिकाइ** : धेरैजसो सामुदायिक विद्यालयले दुई खाले पढाइ सञ्चालन गरिरहेका छन् । संख्या फरक भए पनि अंग्रेजी र नेपालीमा अध्ययन गर्ने फरक विद्यार्थी समूह छन् । अंग्रेजी भाषालाई गुणस्तरीय शिक्षाको अभिन्न अंग बनाइएको छ । तर नेपालीमा पढिरहेका विद्यार्थीले गुणस्तरीय सिकाइ गरे-नगरेको जान्ने कुनै मानक छैन । भाषाका दृष्टिमा, एउटै विद्यालय पढ्ने विद्यार्थीहरूका फरकफरक शैक्षिक वर्ग जन्मिरहेका छन् । सिकाइका हिसाबले विद्यार्थीले व्यक्तिगत क्षमता कति वृद्धि गर्‍यो, जान्ने आधार छैन । आवश्यक शैक्षिक पूर्वाधारबिना प्रयोग भएको भाषाले शिक्षाको गुणस्तर कसरी उकास्छ, भन्न सकिन्न ।

**बचतमुखी अभ्यास** : सामान्यतः सामुदायिक विद्यालय पढ्न विद्यार्थीले शुल्क तिर्नुपर्दैन । राज्यले दिने विभिन्न अनुदानले शैक्षिक क्रियाकलाप चलेका छन् । तर धेरै विद्यालयसँग पर्याप्त शिक्षक दरबन्दी छैन । शिक्षकलाई तलबभत्ता दिन भर्नामार्फत अभिभावकसँग पैसा उठाइएको छ । यसरी उठेको रकमको ठूलो हिस्सा तिनले बचत गर्ने गरेका छन् । उदाहरणका लागि, गत पाँच वर्षमा संखुवासभाको कटुस (परिवर्तित नाम) उच्च माध्यमिक विद्यालयले मात्र १ करोड ४३ लाख, लमजुङको काफल उच्च माध्यमिक विद्यालयले ८२ लाख र धादिङको खोला माध्यमिक विद्यालयले ३१ लाख बचत गरिसकेका छन् । तर शिक्षक र स्थानीय राजनीतिज्ञले यसलाई गुणस्तरीय शिक्षा दिँदाको प्रतिफल मानेका छन् ।

सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षाको कुरा गर्दा, एकीकृत पाठ्यक्रमको सबैभन्दा महत्त्वपूर्ण हुन्छ । स्थानीय आवश्यकता, राष्ट्रिय स्वार्थ र अन्तर्राष्ट्रिय परिवेशलाई संयोजन गरिएको पाठ्यक्रमले विद्यार्थीको सिकाइलाई क्षमतामुखी बनाउँछ । तर सामुदायिक विद्यालयमा अध्यापन भइरहेका सामाजिक शिक्षा, अंग्रेजी र नेपालीजस्ता धेरै विषय जानकारीमूलक मात्रै छन्; विद्यार्थीलाई प्रश्न गर्न सक्ने आँट र सीप दुवै दिँदैन ।

पाठ्यक्रम बुझेर पढाउने शिक्षक सबल सिकाइको मूल आधार हो, जसले देश, दुनियाँ र आफ्नो समाजलाई कसरी जोड्ने भन्ने सिकाउँछ; नयाँ प्रश्न गर्न र त्यसको उत्तर खोज्न उत्प्रेरित गर्छ । तर अधिकांश सामुदायिक विद्यालयका शिक्षकले शिक्षण पेसालाई बाध्यता बनाएका छन् । समय र समाजलाई पाठ्यक्रमसँग जोडेर पढाउनपट्टि उत्प्रेरित गर्न 'चक्रीय शिक्षण मूल्यांकन विधि' लाई प्रयोग ल्याउन सके शिक्षाको गुणस्तर सुधार्न सहयोग हुन्छ ।

विद्यालयमा सिकेका कुरालाई क्षमतामा बदल्नु नै गुणस्तरीय शिक्षा हासिल गर्नु हो । परीक्षा वा अतिरिक्त गतिविधिले मात्रै यसलाई निखार्न सक्दैन । यसका लागि व्यावहारिक अभ्यासको खाँचो हुन्छ । स्थानीय तहमा भएका सामाजिक संघसंस्था, उद्योग तथा व्यापारिक प्रतिष्ठान र कृषि फर्मलाई विद्यार्थीको सिकाइ-हिस्सा बनाउन सके सिकाइ क्षमतामा बदलिन सक्छ ।

कतिपय सामुदायिक विद्यालयमा प्रतिस्पर्धी शिक्षकको व्यवस्था छैन । राजनीतिक प्रभावमा भर्ती भएका धेरै शिक्षक शिक्षाको गुणस्तर सुधार्न अयोग्य छन् । यसले विद्यालयमा आलोचनात्मक सिकाइ हुन दिएको छैन । यी शिक्षकलाई तलब खुवाउन अभिभावकसित उठाइएको भर्ना शुल्कका कारण गरिब विद्यार्थीको शैक्षिक पहुँच खुम्चने जोखिम बढेको छ । सामुदायिक विद्यालयमा तलबभत्ताका लागि उठेको रकमलाई बचत गर्ने अस्वाभाविक आर्थिक महत्त्वाकांक्षा पलाएको छ ।

शिक्षाको गुणस्तर उकास्न कुनै खास भाषाको प्रयोगभन्दा पनि उक्त भाषामा लिखित-प्रकाशित सामग्री महत्त्वपूर्ण हुन्छन् । भाषाको प्रयोगले मात्रै सामुदायिक विद्यालयको शिक्षालाई गुणस्तरीय बनाउँछ भन्न सकिन्न । यसका लागि विद्यार्थीलाई अध्ययनशील बन्न सघाउने शैक्षिक सामग्री र वातारणको खाँचो हुन्छ ।




# न्यायाधीशलाई परीक्षा



वर्षा झा

न्याय परिषद्को ३२ औं स्थापना दिवस अवसरको कार्यक्रममा कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्कीले न्यायाधीश नियुक्तिका लागि छुट्टै पाठ्यक्रम जरुरी भएको बताउनुले न्याय जगत् र न्याय प्रणालीमा सुधारको अपेक्षा गर्न सकिन्छ । कानुन संशोधन गरेर भए पनि हरेक तहका न्यायाधीश नियुक्तिका लागि पाठ्यक्रम र योग्यता प्रणालीमा आधारित परीक्षा प्रणाली लागू हुनुपर्छ । यसले सक्षम न्यायिक जनशक्तिलाई न्यायपालिका प्रवेशमा प्रोत्साहन गर्नेछ । भयरहित वातावरणमा न्याय सम्पादनका लागि आवश्यक न्यूनतम सर्तसहित सक्षम न्यायाधीश नियुक्ति हुने तथ्यगत आधारसहितको परीक्षा प्रणाली संविधानमै प्रत्याभूत गर्नु आवश्यक देखिन्छ ।

न्यायपालिका स्वतन्त्र, निष्पक्ष, सक्षम र स्वच्छ भएमा विधिको शासन, नागरिकको हक र संवैधानिक लोकतन्त्रको संस्थागत विकास हुन सक्छ । राज्यको ढाँचा र सरकारको स्वरूप निर्धारण स्वतन्त्र र सक्षम न्याय प्रणालीका मान्यता अनुरूप जनताले शीघ्र र सुलभ तरिकाले न्याय पाउने अधिकारको सम्मान हुने किसिमबाट गर्न सक्नुपर्छ । न्याय व्यवस्थालाई विश्वासिलो र जनआस्थाको धरोहरका रूपमा स्थापित गराउन सकिए मात्र राज्य व्यवस्थाप्रति जनविश्वास रहन्छ ।

तर अफसोस, नेपालमा न्यायालयभित्र गुटबन्दी, बिचौलियाहरूको बिगबिगी, आर्थिक लेनदेन, कोसेलीपात आदानप्रदान, गैससससँगको अनपेक्षित संलग्नता, मुद्दा फछ्र्योटमा अनपेक्षित ढिलाइ, सेवाग्राहीमैत्री कार्यविधिको अभाव सामान्य विषय बन्दै आएका छन् । न्यायिक सुशासन र न्यायिक जनशक्ति व्यवस्थापनका सम्बन्धमा २०२८ सालदेखि २०७८ सालसम्म पेस गरिएका प्रतिवेदनहरूमा जतिसुकै समस्या पहिचान गरिएको भए पनि सम्बोधन हुन सकेको छैन । न्यायिक सुशासनका लागि न्याय प्रदानको विधि नै तार्किक, न्यायसंगत र विवेकसम्मत हुनुपर्छ । न्यायपालिकाको रणनीतिक योजनाले निर्धारण गरेको लक्ष्य हासिल गर्न प्रतिबद्ध र दक्ष न्यायिक जनशक्तिको व्यवस्था हुनु आवश्यक छ । न्यायिक प्रक्रियामा नैतिकता, सदाचार, निष्ठा, उत्तरदायित्व, पारदर्शिता र इमानदारीलाई प्रवर्द्धन गर्न तथा अदालतमा देखिने अनियमितता र ढिलासुस्तीको अन्त्य गरी अदालत, कानुन र न्यायप्रतिको जनआस्था बढाउन न्यायिक जनशक्तिको मनोबल उच्च रहनुपर्छ । न्यायिक जनशक्तिमा जवाफदेही वहन गर्न सक्ने वातावरण बनाई सेवाग्राहीहरूका लागि शीघ्र, स्वच्छ र निष्पक्ष न्यायसेवा प्रदान गर्नु चुनौती बनिरहेको छ ।

न्याय सम्पादनको कार्यबोझ दिनानुदिन थपिनुको एउटा कारक सक्षम न्यायिक जनशक्तिको अभाव नै हो । अदालती प्रक्रियासँग जोडिएका अन्य अंग (सरकारी वकिल, कानुन व्यवसायी, प्रहरी तथा प्रशासन) समेत सक्षम हुनुपर्छ । सरकार वादी भई चल्ने फौजदारी मुद्दाहरूको छिटो अनुसन्धान तथा अभियोजनका लागि सरकारी वकिल तथा प्रहरी प्रशासनको भूमिका निकै महत्त्वपूर्ण हुन्छ ।

नेपालको न्यायप्रणालीमा समयसापेक्ष सुधार गर्न सर्वप्रथम न्यायाधीश नियुक्ति प्रक्रियामै सुधार ल्याउनुपर्छ । यसका लागि संविधानको धारा १५३ संशोधन गर्नुपर्ने हुन्छ । वर्तमान संवैधानिक व्यवस्था अनुसार न्याय परिषद्मा प्रधानन्यायाधीशको अध्यक्षतामा कानुनमन्त्री, सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीशसँगै राष्ट्रपति र नेपाल बार एसोसिएसनले सिफारिस गरेका एक-एक जना कानुनविद् हुने गर्छन् । यसको अर्थ, यो निकायमा तीन जनाले राजनीतिक क्षेत्रबाट प्रतिनिधित्व गर्छन् भने दुई जनाले न्यायिक क्षेत्रबाट । यस्तो संवैधानिक व्यवस्थाले परिषद्मा राजनीतिक नेतृत्वलाई प्रश्रय दिएको छ । परिषद्मा न्यायाधीशहरू अल्पमतमा भएका कारण क्षमतावान्चाहिँ जिल्ला अदालतबाटै सेवानिवृत्त हुने अनि राजनीतिक दलहरूको कोटाबाट नियुक्त कार्यकर्ताहरू उच्च र सर्वोच्च अदालतमा न्यायाधीश हुँदै प्रधान न्यायाधीशसम्म बन्ने गरेका छन् ।

न्यायालयको स्वतन्त्रताको प्रमुख बाधक न्याय परिषद्को संरचना नै भएकाले संविधान संशोधनमार्फत परिषद्मा न्यायाधीशहरूलाई मात्र राख्ने व्यवस्था हुनुपर्छ । न्यायालय सुधारको प्रस्थानविन्दु नै न्यायाधीश नियुक्ति प्रक्रिया रहेको हुँदा, सर्वप्रथम यसैमा ध्यान दिनुपर्छ । यसका लागि विभिन्न मोडल हुन सक्छन् । छिमेकी भारतको जस्तो प्रधानन्यायाधीशसहित सर्वोच्च अदालतका अन्य चार वरिष्ठतम न्यायाधीश सदस्य हुने गरी न्याय परिषद्को समकक्षी 'कलेजियम' उत्तम विकल्प हुन सक्छ । कलेजियम प्रणालीले न्यायपालिकालाई राजनीतिबाट स्वतन्त्र बनाउँछ । यसले न्यायपालिकालाई कार्यपालिका र व्यवस्थापिकाको प्रभावबाट अलग राख्छ । सरकारको प्रभावमा न्यायपालिकाले बिनाडर काम गर्न सक्छ । यसले शक्ति पृथकीकरणको सिद्धान्तको नियमन सुनिश्चित गर्छ । निष्पक्ष न्यायाधीश नियुक्ति र न्याय सम्पादन लागि कलेजियम प्रणालीले न्यायिक स्वतन्त्रता सुनिश्चित गरेको हुन्छ र न्यायाधीशलाई बिनाप्रभाव-दबाब कर्तव्य पूरा गर्न प्रेरित गर्छ । यो प्रणालीले योग्य व्यक्ति सर्वोच्च अदालतमा न्यायाधीश पदमा आसीन छ भन्ने सुनिश्चित गर्छ ।

नेपालको परिप्रेक्ष्यमा न्यायपालिकाले राजनीति र अन्य क्षेत्रबीच कार्यसीमा छुट्याउन नसक्दा राजनीतीकरणले संवैधानिक मर्यादा र व्यावसायिकताका मान्यताहरू तोडिरहेको भान हुन्छ । परिणामस्वरूप, न्यायिक सुशासन र न्यायिक जनशक्ति व्यवस्थापन जटिल समस्याका रूपमा देखा परेको छ । यसको निराकरणका लागि न्यायाधीश नियुक्ति विवादरहित बनाउन 'मेरिटोक्रेसी' मै ध्यान दिनुपर्छ । वर्तमान संवैधानिक व्यवस्थाले न्याय सेवाका कर्मचारीहरूको वृत्तिविकासलाई रोकेको छ । सिंगो न्यायपालिकाको प्रमुख वा प्रधानन्यायाधीश बन्न कानुनमा स्नातक भए पुग्छ, जबकि खुला प्रतिस्पर्धाबाट न्याय सेवाको उपसचिव बन्न कानुनमा स्नातकोत्तर चाहिन्छ । सर्वोच्च र उच्च अदालतका न्यायाधीशहरूको नियुक्तिका लागि आवश्यक पर्ने योग्यता हेर्दा न्याय सेवाका कर्मचारीहरूप्रति हदैसम्म अन्याय भएको देखिन्छ । जिल्ला अदालतका न्यायाधीशहरूजस्तै उच्च र सर्वोच्च अदालतका न्यायाधीशहरूको नियुक्तिका लागि समेत परीक्षा प्रणालीको व्यवस्था हुने गरी संविधान संशोधन हुन सके मात्र न्यायालय सुधारको अपेक्षा राख्न सकिन्छ ।

lawyerbarsharoshanjha@gmail.com

# अध्यादेश अर्थात् लोकतन्त्रको उपहास




समृद्ध घिमिरे
रविन शर्मा

बेलायती राजनीतिशास्त्री लर्ड एक्टनले दाबी गरेका थिए, 'शक्तिले भ्रष्ट बनाउँछ, पूर्ण शक्तिले पूर्ण रूपमा भ्रष्ट बनाउँछ ।' संसदीय प्रणालीमा कानुन बनाउनु कार्यपालिका र व्यवस्थापिकाको साझा अभ्यास हो । सामान्यतया कानुन बनाउनका लागि प्रस्ताव मन्त्रिपरिषद्बाट आउँछ । कानुन आवश्यक रहेको मन्त्रिपरिषद्ले निर्णय गरे बाह्य परामर्शसहित विधेयकको मस्यौदा तयार गरिन्छ । दुई सदनमा पेस भएपछि विधेयक धेरै पटक 'रिडिङ' हुन्छ, समितिको सुनुवाइ र संशोधन हुँदै जान्छ । अन्तिम मस्यौदामा बहस र मतदान हुन्छ । संसद्का दुवै सदनबाट आवश्यक बहुमतसहित पारित भएको विधेयक राष्ट्रपतिसमक्ष प्रमाणीकरणका लागि पठाइन्छ, त्यसपछि त्यो ऐनमा परिणत हुन्छ । तर केही मुलुकमा अपवादका रूपमा कार्यपालिकालाई पनि व्यवस्थापिकासरह ऐन बनाउने अधिकार संविधानले दिएको हुन्छ ।

सरल भाषामा भन्दा, कार्यपालिकाले असाधारण अधिकार प्रयोग गरी संसद्ले पारित कानुनजस्तै प्रभावको कानुन ल्याउनु अध्यादेश हो । नेपालको संविधानको धारा ११४ ले राष्ट्रपतिलाई अध्यादेश जारी गर्ने अधिकार दिएको छ, तर यसका लागि तीन सर्त पूरा गर्नुपर्छ । पहिलो, संसद्का दुवै सदनको अधिवेशन चालु नरहेको अवस्थामा; दोस्रो, तत्काल कारबाही गर्नुपर्ने आवश्यक परिस्थितिहरू भएमा; र तेस्रो, मन्त्रिपरिषद्को सिफारिस हुनुपर्ने । यसरी जारी भएको अध्यादेश सदनको अधिवेशन प्रारम्भ भएको ६० दिनभित्र अनुमोदन नगरे स्वतः निष्क्रिय हुन्छ ।

असाधारण परिस्थितिमा संसद् डाकी छलफल गरेर कानुन बनाउँदा ढिलो हुने भएकाले तत्काल कानुन बनाउनका निम्ति अध्यादेश प्रत्यायोजित अधिकार हो । तर संविधानले परिकल्पना गरेको परिस्थिति र मर्मका आधारमा सायदै अध्यादेश जारी भएको छ । संसद् अधिवेशन कुर्न नसक्ने 'तत्काल' परिस्थिति उत्पन्न भएको पनि हुन्न ।

जुनसुकै राजनीतिक धारको दलको सरकार भए पनि, विधायिका प्रक्रियालाई पन्छाएर अध्यादेश जारी गर्नु नियमित कार्य बनेको छ । यो अभ्यासलाई विपक्षीको प्रतिरोधबाट बच्न मात्र नभई संसदीय वा सार्वजनिक जवाफदेही छल्न पनि राजनीतिक औजारका रूपमा प्रयोग गरिन्छ । अध्यादेशमार्फत फौजदारी संहितामा प्रस्तावित संशोधन यसको पछिल्लो उदाहरण हो । अध्यादेशमार्फत मुलुकी फौजदारी कार्यविधि संहिता ऐन-२०७४ को दफा ११६ मा राजनीतिक प्रकृतिका मुद्दा फिर्ता लिन पाउने व्यवस्था थप गर्न प्रस्ताव गरिएको छ । नयाँ सरकार गठनमा बहुमत पुर्‍याउने उद्देश्यले देउवा सरकारले यसलाई ल्याइएको देखिन्छ । २०७२ सालको टीकापुर घटनाका कथित 'मुख्य योजनाकार' रेशम चौधरी र सीके राउत नेतृत्वको पार्टीका केही नेता-कार्यकर्ताविरुद्ध सरकारले लगाएको मुद्दा फिर्ता लिई तिनको पार्टीको साथ लिन अध्यादेश ल्याउने निर्णय भएको जगजाहेर छ ।

अध्यादेश दुरुपयोगको यो पहिलो उदाहरण होइन । देउवा सरकारले २०७८ सालमा बहुमत पुर्‍याउन पार्टी विभाजन सम्बन्धी प्रावधान संशोधन गर्ने अध्यादेश ल्याएको थियो । त्यसको केहीअघि ओली सरकारले संवैधानिक परिषद्को कामकारबाही सम्बन्धी अध्यादेश ल्याएको थियो । अध्यादेशको व्यवस्था दुरुपयोग गरी सरकारले कार्यपालिका र व्यवस्थापिकाको अधिकार हातमा राख्नु संसदीय उत्तरदायित्व तथा शक्ति पृथकीकरणको सिद्धान्तको चरम उल्लंघन हो ।

**दक्षिण एसिया र अध्यादेश-त्रासदीको अध्याय**

धेरै देशमा कार्यपालिकालाई संकटकालबाहेकको समयमा असाधारण अधिकार दिइएको छैन । दक्षिण एसियाका देशहरूमा भने संविधानले नै अध्यादेशी अधिकार सुनिश्चित गरेको छ । बेलायती उपनिवेशको प्रभावका कारण भारत, पाकिस्तान र बंगलादेशले संविधानमा अध्यादेश सम्बन्धी प्रावधान समावेश गरेका छन् । तर श्रीलंका, मलेसिया र सिंगापुर लगायतमा आपत्कालीन अवस्थामा मात्र अध्यादेश जारी गर्ने व्यवस्था छ ।

छिमेकी भारतमा पनि नेपालको जस्तै अध्यादेश सम्बन्धी संवैधानिक व्यवस्थामा सरकारहरूले गर्ने व्यवहार खासै फरक छैन । प्रोफेसर शुभंकर दामको 'प्रेसिडेन्सियल लेजिस्लेसन इन इन्डिया' पुस्तक अनुसार, सन् २००९ सम्ममा भारतमा ६५१ अध्यादेश जारी भएका थिए, प्रतिवर्ष औसत १०.८५ का दरले ।

नेपालमा अध्यादेश प्रावधान किन राखिएको भनी संविधान बनाउँदा खासै बहस भएन । भारतमा भने संविधानको मस्यौदामा बहस हुँदा अध्यादेशको दुरुपयोग हुने सम्भावनाबारे धेरैले चिन्ता गरेका थिए । पोकर साहिबले बेलायती औपनिवेशिक सरकारको उदाहरण लिँदै नागरिकलाई व्यक्तिगत स्वतन्त्रताबाट वञ्चित गर्न सरकारले सो अधिकार दुरुपयोग गर्ने खतरा औंल्याएका थिए । एचबी कामथ र एचएन कुंजरुले शक्ति सन्तुलनको सिद्धान्तलाई अध्यादेशले असन्तुलित गर्ने चिन्ता प्रकट गरेका थिए । संविधान मस्यौदा समितिका अध्यक्ष भीमराव अम्बेडकारले अध्यादेश सीमित परिवेशमा प्रयोग हुने भएकाले संविधानमा राख्दा असर नपर्ने भनेका थिए । भारतको प्रथम लोकसभाका सभामुख जीबी मावलंकरले अपरिहार्य अवस्थामा बाहेक अध्यादेश जारी गर्ने प्रवृत्ति निर्माण भयो भने संसद्को चुनौती छल्न प्रयोग हुन्छ र संसद्लाई 'रबर-स्ट्याम्प' बनाइने बताएका थिए । नभन्दै स्वतन्त्रताको आन्दोलनताका अध्यादेशलाई 'लादिएको अपमान' भनेका जवाहरलाल नेहरूले आफ्नो प्रधानमन्त्रीकालमा १०२ अध्यादेश जारी गरेका थिए । अझ इन्दिरा गान्धीको पालामा अध्यादेशको चरम दुरुपयोग भएको थियो । पार्टीभित्रको चुनौती पन्छाउन अध्यादेशमार्फत एकपक्षीय निर्णय गरेर उनले भारतका १४ बैंकलाई राष्ट्रियकरण गरेकी थिइन् । यसले भारतीय कांग्रेस कार्यकर्ता तथा जनतामाझ उनको प्रभाव बलियो भएको थियो । उनले अध्यादेश नै जारी गरी आपत्काल पनि घोषणा गरेकी थिइन् ।




यस्तो दुरुपयोगलाई रोक्न भारतका अदालतहरू अहिले तम्सिएका छन् । कुमारविरुद्ध बिहार राज्यको सन् २०१७ को मुद्दामा अध्यादेशलाई सदनमा प्रस्तुत नगर्नु संविधानको गम्भीर उल्लंघन र शक्तिको चरम दुरुपयोग भनिएको छ । र सदनलाई पन्छाएर पुनः अध्यादेश जारी गर्नु संविधानप्रतिको धोकाधडी र लोकतान्त्रिक विधिलाई भत्काउनु हो भनी फैसला भएको छ ।

> लोकतान्त्रिक व्यवस्था शैशव कालमै रहेको नेपालजस्तो राष्ट्रलाई परिपक्व लोकतन्त्रमा परिणत गर्न अध्यादेश जारी गर्ने अधिकारलाई पूर्ण रूपमा खारेज वा सीमित गर्नुको विकल्प छैन ।

पाकिस्तानको अवस्था पनि योभन्दा भिन्न छैन । पाकिस्तानमा निरंकुश शासकहरूले बारम्बार लोकतन्त्रमा अतिक्रमण गरेका छन् । सन् १९७३ मा संविधान जारी भएपछि १७०० भन्दा बढी अध्यादेश जारी गरिएका छन् । जनरल जियाउल हक र जनरल परवेज मुसर्रफको नेतृत्वको लगभग ११ वर्ष चलेको पूर्ण सैन्य शासनका दौरान ६८० अध्यादेश जारी गरिए, जुन औसतमा ६३ प्रतिवर्ष हो । पाकिस्तानमा अध्यादेश सैन्य शासन कायम राख्न सहज संवैधानिक औजार भएको थियो । त्यसैले सन् २०१० मा संविधान संशोधन गरेर अध्यादेशको १२० दिने समयसीमालाई छल्न अध्यादेशलाई पुनः जारी गर्ने परिपाटीमाथि रोक लगाइएको थियो ।

अमुक राजनीतिक उद्देश्यप्राप्तिका लागि संसद्लाई छल्ने औजार हो– अध्यादेश । यो अधिकारबाट आतंकित कतिपय देशमा यसबारे पुनः विचार भइरहेको छ, जुन अनुभव नेपाललाई पनि काम लाग्न सक्छ ।

**अगाडिको बाटो**

अध्यादेशलाई संवैधानिक वैधता प्रदान गरिएकाले लोकतान्त्रिक व्यवस्था झन् कमजोर बन्दै गएको छ । नेपालजस्तो लोकतान्त्रिक व्यवस्था शैशव कालमै रहेको राष्ट्रलाई परिपक्व लोकतन्त्रमा परिणत गर्न अध्यादेश जारी गर्ने अधिकारलाई पूर्ण रूपमा खारेज वा सीमित गर्नुको विकल्प छैन । यस परिस्थितिमा नेपालको आवश्यकता, राजनीतिक यथार्थ तथा विश्वव्यापी र क्षेत्रीय अभ्यासमा आधारित भएर अध्यादेश बनाउने अधिकारमा बृहत् परिमार्जन हुनुपर्छ । पहिलो, केही विषयमा मात्र अध्यादेश जारी गर्न मिल्ने प्रावधान थप्ने । संसद् बैठक बस्न नसक्ने र तत्काल आवश्यक पर्ने भनी जुनै विषयमा पनि अध्यादेश जारी गर्ने प्रवृत्ति रोक्नुपर्छ । तसर्थ संविधानको धारा ११४ मा प्रावधान थपी अध्यादेशको क्षेत्राधिकार सीमित गर्नु उपयुक्त देखिन्छ । आपत्कालीन राष्ट्रिय सुरक्षा चाहिएका बेला, प्राकृतिक प्रकोप तथा स्वास्थ्य महामारीका बेला मात्र अध्यादेश जारी हुनुपर्छ ।

दोस्रो, अध्यादेश पुनः जारी गर्न निषेध गर्ने । संसद् बैठक बस्नु केही दिनअघि अध्यादेश जारी गर्ने वा जारी गर्नुअघि संसद् अधिवेशन अन्त गर्ने अभ्यास छ । त्यसैले अध्यादेश पुनः जारी गर्न निषेध गर्ने प्रावधान थप्नुपर्छ । तेस्रो, संसदीय अध्यादेश जाँचबुझ समिति गठन गर्ने । अध्यादेशले संसद्को अधिकारमाथि हस्तक्षेप गर्ने हुँदा संसद्ले आफ्नो बनोटका आधारमा अध्यादेश जाँचबुझ समिति गठन गर्नुपर्छ । यसले सरकारले तत्काल आवश्यक ठाने पनि संसद् बोलाउन नसकिने महसुस गरेको परिस्थितिमा उक्त अध्यादेशको जाँच गरी सिफारिसका आधारमा मात्र राष्ट्रपतिले जारी गर्ने व्यवस्था गर्नुपर्छ ।

चौथो, प्रत्येक अध्यादेशमा संसद्ले अनिवार्य राय व्यक्त गर्नुपर्ने । संसद्लाई छल्न जारी गरिएको अध्यादेश जनआवाज र संसद्को विरोधपछि फिर्ता, खारेज वा स्वतः समाप्त हुन दिने गरिन्छ । यो अवधिमा राजनीतिक अभीष्ट भने पूर्ति भइसकेको हुन्छ । तसर्थ, जारी गरेको अध्यादेश संसद् बैठक प्रारम्भ भएको मितिले ६० दिनभित्र पेस गरी निर्णय दिन अनिवार्य गर्नुपर्छ । त्यस्तै, कुनै अध्यादेश खारेज भए वा फिर्ता लिए वा स्वतः समाप्त भए पनि संसद्ले सोउपर अनिवार्य राय व्यक्त गर्नुपर्ने व्यवस्था गर्नुपर्छ । अभिलेख राख्नका लागि मात्र भए पनि यसो गरिनुपर्छ । पाँचौं, संविधानको मर्ममा आधारित अध्यादेशको न्यायिक व्याख्या गर्ने । दीर्घकालीन असर पार्ने संवेदनशील विषयमा 'तत्काल केही गर्न आवश्यक परेको' भनी अध्यादेश जारी गरी क्षणिक राजनीतिक लाभलाई वैधानिक बनाउने परिपाटी विकसित भएको छ । त्यसैले शक्ति पृथकीकरणको सिद्धान्त तथा संविधानका प्रावधानको प्रभावकारी कार्यान्वयनका लागि न्यायपालिकाले अध्यादेशको दुरुपयोगलाई निरुत्साहित गर्नुपर्छ ।

अचेल निर्वाचित सरकारहरूले नै वैधानिक विधि प्रयोग गरी लोकतन्त्रलाई कमजोर पार्ने गरेका छन् । अधिनायकवादी आवेग पूर्ति गर्न अध्यादेशको दुरुपयोग हुने खतरालाई कम आकलन गर्न सकिन्न ।

# चीनमा २ करोड बेरोजगार

बेइजिङ (एजेन्सी)- हाल चीनमा १६ देखि २४ वर्ष उमेर समूहका करिब २ करोड मानिस कामविहीन रहेका चीनको आधिकारिक तथ्यांकमा आधारित सीएनएनको अध्ययनले देखाएको छ ।

आधिकारिक तथ्यांकअनुसार चीनमा सहरी युवाको संख्या १० करोड ७० लाख रहेको छ । पछिल्लो अध्ययनमा भने ग्रामीण क्षेत्रका बेरोजगारीको संख्या समावेश नगरिएको जनाइएको छ । द हङकङ पोस्टका अनुसार चीनमा युवा बेरोजगारी दर यो वर्ष नयाँ उचाइमा पुगेको छ । सन् २०२२ को मार्चमा १५.३ प्रतिशत बेरोजगार दर रहेकोमा अप्रिलमा बढेर १८.२ प्रतिशत पुगेको छ । त्यसपछिका केही महिनासम्म यो निरन्तर उकालो लाग्दै जुलाईमा १९.९ प्रतिशत पुगेको हो ।

अगस्टमा यो दर केही घटेर १८.७ प्रतिशतमा झरेको छ, तर अझै पनि अहिलेसम्मकै उच्चतम बिन्दुमा पुगेको छ । कोभिड-१९ तथा रुस-युक्रेन युद्धका कारण विश्वव्यापी प्रभाव चीनले पनि व्यहोरेको कारण आर्थिक मन्दीको सामना गर्नुपरेको र यसका कारण कम्पनीहरूले आफ्ना कर्मचारीलाई कटौती गर्ने नीतिका कारण बेरोजगारी दरमा वृद्धि भएको हो ।

# चिसोले ३८ को मृत्यु

वासिङ्टन/टोरन्टो (एजेन्सी)- उत्तर अमेरिकाका अधिकांश क्षेत्रमा फैलिएको चिसो सिरेटोका कारण कम्तीमा ३८ जनाको ज्यान गएको छ ।

उत्तरी आर्कटिक क्षेत्रबाट आएको चिसोका कारण अमेरिकामा मात्रै ३४ जनाको ज्यान गएको हो । अधिकारीहरूले न्युयोर्क राज्यको बफेलो सहर सबभन्दा बढी प्रभावित भएको जनाएका छन् । त्यस्तै, क्यानडाको ब्रिटिस कोलम्बिया प्रान्तको मेरिट सहरमा हिउँ जमेको सडकमा एउटा बस चिप्लिएर भएको दुर्घटनामा ४ जनाको ज्यान गएको छ ।

हिमआँधीका कारण अमेरिका र क्यानडाका दर्जनौं सहरमा जनजीवन निकै प्रभावित भएको छ । अधिकारीहरूले कपितय सहरमा हजारौं मानिसहरू बिजुलीबिना घरमै फसिरहेका अनुमान गरेका छन् । चिसो हुरीका कारण दर्जनौं स्थानमा बिजुली अवरुद्ध भएको जनाइएको छ । तीमध्ये कतिपय स्थानमा बिजुली पुनर्स्थापित भइसकेको बीबीसीले जनाएको छ ।

समाचार संस्था एपीले करिब २ लाख मानिस अझै पनि बिजुलीबिना बाँचिरहेका जनाएको छ । केही दिनअघि त्यस्तो संख्या केही दिन अगाडि १७ लाखभन्दा बढी थियो । मौसम पूर्वानुमानकर्ताहरूले केही दिनसम्म अवस्था सुधार नहुने भन्दै मानिसहरूलाई अनावश्यक यात्रा नगर्न सुझाव दिएका छन् । मौसमका कारण सयौं उडानहरू रद्द भएका र कपितय क्षेत्रमा सडक यातायात अवरुद्ध भएका जनाइएको छ ।

क्रिसमसका बेला आफ्ना घरपरिवार तथा आफन्तजन भेट्न आतुर धेरै मानिसहरू प्रभावित भएका छन् । न्युयोर्क राज्यकी गभर्नर केथी होचलले 'बफेलो सहरले इतिहासकै विनाशकारी आँधीको सामना गरिरहेको' जनाएकी छन् । 'युद्ध भूमिमा गएजस्तो भएको छ,' उनले भनिन् ।

बफेलो सहरका मानिसहरूलाई अवस्था खतरनाक भएकाले घरभित्रै बस्न सूचना जारी गरिएको उनको भनाइ छ । न्युयोर्कको पश्चिममा पर्ने एरी काउन्टीमा मात्रै १२ जनाले ज्यान गुमाइसकेका उनले जनाइन् । तीमध्ये केहीको गाडीभित्रै मृत्यु भएको थियो ।



अमेरिकी राज्य न्युयोर्कको बफेलोमा भारी हिमपातपछिको दृश्य । तस्बिर : एपी

त्यसैगरी भर्मन्ट, ओहायो, मिसोरी, विस्कन्सिन, कान्सस र कोलोराडोमा पनि चिसोका कारण मानिसहरूले ज्यान गुमाएका छन् । अमेरिकाको पश्चिमी राज्य मोन्टानाको तापक्रम माइनस ४५ डिग्री सेल्सियसमा झरेको छ ।

न्यु इंग्ल्यान्ड, न्युयोर्क र न्युजर्सीमा तटीय बाढी आएको छ । प्यासिफिक नर्थवेस्टका केही बासिन्दाले सियाटल र पोर्टल्यान्डमा हिउँ जमेका सडकमा आइस-स्केट गरेका देखिएको बीबीसीले उल्लेख गरेको छ । सामान्यतः हलुका चिसो महसुस हुने दक्षिणी राज्यहरू लुजियाना, अलाबामा, फ्लोरिडा र जर्जियामा पनि चिसो निकै बढ्न सक्ने चेतावनी दिइएको छ ।

त्यस्तै, क्यानडाका ओन्टारियो र क्युबेक प्रान्त सबैभन्दा बढी प्रभावित भएका छन् । क्युबेकमा हाल १ लाख २० हजार घरमा बिजुली अवरुद्ध रहेको र त्यो मर्मत गर्न अझै केही दिन लाग्ने अधिकारीहरूले जनाएको छ ।

अमेरिका र क्यानडामा गरी हालसम्म २० करोडभन्दा बढी प्रभावित भइसकेको जनाइएको छ । वायुमण्डलीय चाप घटेपछि दुई देशको सीमा क्षेत्रका ठूला तालमा बरफसहित तुफानको अवस्था उत्पन्न भएको बीबीसीले उल्लेख गरेको छ ।


## हार्दिक श्रद्धाञ्जली



जन्म मिति
२०२३ वैशाख ०९

स्वर्गारोहण मिति
२०७९ पुष १

**स्वः वीर वहादुर विश्वकर्मा**

नेपाल आयल निगम स्वतन्त्र कर्मचारी युनियनका केन्द्रिय उपाध्यक्ष, राष्ट्रिय दलित कर्मचारी समाजका केन्द्रिय सदस्य, उर्जाशील, कुशल संगठक एवं निगमका कर्मचारी मित्र विशाल वि.क का पुजनिय पिता **श्री वीर बहादुर बिश्वकर्मा**को ५६ बर्षको उमेरमा मिति २०७९ पुस १ गते भएको असामयिक निधनले नेपाल आयल निगम स्वतन्त्र कर्मचारी युनियन परिवार अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौ । आज १३ औ दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

साथै शोकाकुल परिवारजन एवं बन्धु-बान्धवमा पर्न गएको शोकलाई शक्तिमा बदल्न सक्ने क्षमता ईश्वरले प्रदान गरुन् भन्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

**विकास वखती,**
अध्यक्ष एवं
**नेपाल आयल निगम स्वतन्त्र कर्मचारी यूनियन**
केन्द्रीय समिति परिवार, टेकु काठमाण्डौ ।

## भावपूर्ण श्रद्धाञ्जली



जन्मः
१९९९/११/०९
सालु ढुङ्गेछाप,
रामेछाप

स्वर्गारोहणः
२०७९/०८/२९
काठमाडौं

**स्व. प्रा.डा. सुरेन्द्रराज शर्मा काफ्ले**

हाम्रा प्रातः स्मरणीय श्रीमान्/पिता/हजुरबुबा प्रा.डा. सुरेन्द्रराज शर्मा काफ्ले (नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (NAST) का पूर्व उपकुलपति, भौतिकशास्त्री तथा काठमाडौं विश्वविद्यालयका संस्थापक सदस्य) को असामयिक स्वर्गारोहण भएकोमा उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । यस दुःखद घडीमा हामीलाई सहानुभूति प्रकट गर्नुहुने सम्पूर्ण इष्टमित्र एवं शुभेच्छुकहरूमा हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

**श्रीमतीः** कल्याणी काफ्ले

**छोरी/ज्वाइँः**
ई. सुरक्षा काफ्ले पाण्डे/ई. अरुण राज पाण्डे
ई. सुभेक्षा काफ्ले कोइराला/ई. दिपेश कोइराला

**नाति/नातिनीः**
अर्विन राज पाण्डे
दृश्या कोइराला

एवं सम्पूर्ण काफ्ले परिवार

## हार्दिक श्रद्धाञ्जली

जन्मः
बि.सं. २०००-०३-०६

स्वर्गारोहणः
बि.सं. २०७९-०८-२९



**स्व. गौतम मान सिंह बनिया**

हाम्रा प्रातः स्मरणीय **स्व. गौतम मान सिंह बनियाको** असामयिक स्वर्गारोहणले हामी अत्यन्त स्तब्ध एवं भावविह्वल भएका छौ । आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

शोकको यस घडिमा हामी प्रति समवेदना एवं सहानुभूति प्रकट गुर्नुहुने सम्पूर्ण इष्टमित्र, आफन्तजन, तथा शुभेच्छुकहरू प्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दछौं ।

**श्रीमती कमला बनिया**

**छोरा/बुहारीः**
बिजेश मान सिंह बनिया/रक्षा बैद्य बनिया
शैलेस मान सिंह बनिया/डार्लिन बनिया

**छोरी/ज्वाँईः**
सोनी तुलाधर/निर्मल ज्योति तुलाधर

**नाति/नातीनीहरू**
अन्जिना बनिया, संबृद्धि तुलाधर,सम्पन्न ज्योति तुलाधर,
एरिना बनिया, अभिक मान सिंह बनिया

**समस्त बनिया परिवार**
तथा
**एसोसिएटेड ईन्टरप्राईजेज्**
पुतलीसडक, काठमाण्डौं

## हार्दिक श्रद्धाञ्जली

जन्मः
२००१/०३/०७



जन्मः
२०७९/०९/०१

**स्व. नैनकुमारी केसी**

मेरी प्यारी श्रीमती **श्री नैनकुमारी केसी**को असामयिक स्वर्गारोहण भएको घटनाले हामी स्तब्ध एवम् मर्माहत भएका छौं । यस दुःखद् घटनामा दिवङ्गत आत्माप्रति श्रद्धाञ्जली व्यक्त गर्न, हामीलाई धैर्यधारण गर्ने शक्ति प्राप्त गर्न सागरसम्म जानुहुने तथा किरिया स्थलमा उपस्थित हुनुहुने साथै विभिन्न सञ्चार माध्यमबाट समवेदना व्यक्त गर्नुहुने कुलकुटुम्ब, इष्टमित्र, आफन्तजन एवम् विभिन्न संघ संस्थाहरुमा आबद्ध महानुभावहरु प्रति आज १३ औं पुण्यतिथिको दिनमा हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछौं ।

**श्रीमान्**
कृष्ण शरण केसी

**छोरा/बुहारीहरू**
मधु/निर्मला केसी
प्रकाश/शोभा केसी
गगन/बिनु गीता केसी
सुरज/रुपा केसी
सुरेश/अनिता केसी

**ज्वाई/ छोरी**
रामशरण/गीता केसी
सुनिता केसी

**नाती/नातिनी**
प्रभाश, स्वलक
सुदेस्ना, ग्रिस्मा, कोपिला,
अरुणा, मेरिणा, प्रर्मिला,
शुभ, सुवानी, साब्भी

**समस्त केसी परिवार**

# वर्गीकृत विज्ञापन

## घर जग्गा

जडीबुटी नरेफाँटमा २० पि( टेबाटोमा ०-४-३-० जग्गा बिक्रीमा ९८५१०५५२१८

बुढानीलकण्ठमा ०-४-०-० जग्गा बिक्रीमा, 9803198714

भक्तपुर भाटभटेनीनजिक 0-6-0-0 ब्यावसायिक जग्गा 9849449673, 9841287677

ईमाडोल बोझेपोखरीमा सुविधासम्पन्न ०-४-०-२ जग्गा 9818048583, 9841287677

कमर्सियल घरजग्गा किन्नपरेमा बेच्नपरेमा ९८५१११२८७८

तीनकुने गैरिगांउमा 0-4-2-0 9851027364, 9851315556

ललितपुरको जनसुकै एरियामा घरजग्गा खरिदबिक्रि गर्नुपरेमा, ९८४९१८८७८२

**छाउनी हस्पिटलनजिक एकमुष्ठ ०-१३-०-० जग्गा बिक्रीमा, 9860678200**

महाराजगञ्ज शम्बालाहोटल पछाडी १-रोपनी जग्गाबिक्रिमा 9841219621, 9841313321

LRI -नागढुगांरोड पुरानो नैकापमा ०-८-२-० ९८४१४४१८९१

ललितपुर गोदावरी दशमा टुक्राजग्गा बिक्रीमा 9841180938, 9861952299

ललितपुर हात्तीवन नगरबिकासको प्लानिङमा ४.५ आनाको बंगलोहरू 9851027364, 9851315556

दहचोकमा प्रतिआना १०-लाखको दरले १७-आना जग्गाविक्रीमा, 9851183369, 9808246024

मच्छेगाउंमा प्रतीआना १८.५-लाखको ०-३-१-१को घडेरी विक्रीमा, 9851183369, 9808246024

नयांबानेश्वरमा ०-४-२-० आधुनीक बंगलो, 9843670264

टिकाथलीमा पुर्वमोहदा भएको आकर्षक ०-३-२-० घडेरीबिक्रिमा ९८१८२००८४३

सस्तोमा जग्गाबिक्रिमा लगनखेल बसपार्कबाट ५००मी. राम्रोजग्गा ०-४-१-० ९८१३३१४५१६, ९८६०१७८१२०

सामाखुशी सरकारी-धारामा दुईतले घर-बिक्रीमा 9841240298

सानागाउँ सितलहाइटमा रहेको ६ आना आकर्षक जग्गा विक्रिमा, सम्पर्क ९८२५७१४४८०

नयांबानेश्वर संगमचोकमा ०-५-०-० प्रतिआना १,१५,००,०००।- ९८५१०२४६७८

नयांवानेश्वर संगमचोकमा २रोपनी जग्गा प्रतिआना १,०५,००,०००/- ९८५१०२४६७८

पुतलीसडक स्टारमहल अगाडी ०-१-०-१जग्गा ९८५१०२७९१३, ९८५१०३३५१८

## सवारी साधन

Toyota Hilux 2014, 59,50,000/- 9851024678

## सम्पर्क

सस्तोमा धितोफुकुवा Cash Deposited 9851277564

बैंकमा Cashdeposit धितोफुकुवा लोनतिर्न ९८५१०४५२१८

धितोफुकुवा क्यासडिपोजिट धितोराखी ऋण 9851227495

Cash Deposit Without Collateral, 9841756349

सस्तोमा Cashdeposit धितोफुकुवा शेयरलगत 9851006688

विद्यार्थीकोलागि क्याडिपोजिट धितोफुकुवा धितोमाऋण ९८०८०२०६५६

अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation 9851067787

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

२१/३०वर्ष सम्मका युवाहरूलाई रोजगार, 9769772923

बिनाधितोमा व्यापारीलाई पसलमा तुनगद 9845855033

## विविध बिक्रीमा

राम्रो मुनाफामा चलिरहेको रिसोर्टको लागी पाटर्नर चाहियो वा बिक्रि 9813273005

खाजाघर बिक्रिमा पेप्सीकोला ९८४२०५३८७५, ९८१८१९३४६५

तिनकुनेमा होटल बिक्रीमा 9857014799

भक्तपुर, सल्लाघारीमा चलिरहेको क्याफेबिक्रिमा ९८२३७८४१०३, ९८४३६८०५५६

कोटेश्वरचोकमा चलिरहेको पार्लर बिक्रिमा 9808636395

थोरै लगानीमा राम्रो कमाईहुने पसल तुविक्रिमा 9867704925 9813610109

लगनखेल बसपार्कमा अफिस बिक्रिमा ९८४७३८८१२८

## निर्माण सफाई

ढलमंगाल जामखोल्ने सस्तोमा 9840225522, 9851109635

ढलमंगल, सेफ्टीट्याङ्की जामखोल्ने सस्तोमा 9849519040

ढलट्वाईलेट सेफ्टीटैंकी सफाई 9851088270, 9861728599

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सेरुटीट्याङकी सफाई ठूलोगाडीमा मेसिनबाट ०१-५२५१०९२, ९८५१०२४३६४

सेरुटीट्याङकी सफाई गाडीमा १५००/- ९८४३७६८७३७

ढलट्वाइलेट सेप्टीट्याङ्की जामखोल्ने सस्तोमा 9841634234, 9841176292

ढलमंगाल ट्वाइलेट जामखोल्ने 9851168926 9844531660

ढलट्वाइलेट मंगाल जामखोल्ने सस्तोमा 9841663668

ढलट्वाईलेट सेफ्टीटैंकी जामखोल्ने सस्तोमा 9812126872

## भाडामा

सातदोबाटो स्विमिङ्गपुल नजिक फ्ल्याट 9841534248

बालाजु चक्रपथ चोकैमा सटरहरू पसल गोदाम ९८४२४५८४२३

मध्यबानेश्वरमा अफिसियल फ्ल्याट र एक कोठा खाली, 9841659007

गैह्रीधारामा फ्ल्याट खाली 9841743496

खुमल्टार नजिक पार्किङ्ग सुबिधाको माथिल्लो फ्ल्याट 9841298831

## चाहियो

घरायसी कामगर्ने महिलाहरू चाहियो ९८१८८५२१७८

कर्मचारी चाहियो गोंगबुचोक 9851323952, 9821142700

साधारण सेक्युरिटि तुअजेन्ट 19000 9818310258

गोंगबु अफिसलाई कर्मचारी 17,500/- 9851323953, 9823252176

फाइबरमाला डलखेलौनाकुशन, कटिङ्गपेष्टिमा महिलापुरुष कामदारहरू १८५००-२७५००/- (क.नि.छ) ०१-४५८७८७८, ९८१०११६५३०  शुल्क२०००/-

कर्मचारी आवश्यकता 22,000/- माछापोखरी 9840902588

अलराउण्डर ब्युटिसियन थेरापिष्ट तु.चाहियो ९८४९३५०१६३

भक्तपुर पोल्ट्रीफार्ममा कामदार आवश्यकता, दम्पत्तीलाई प्राथमिकता 9851169728

सेल्सम्यान चाहियो 18,500/- चाबहिल 9847300700, 9800835527

लगनखेल म:म सेन्टरमा कामदारको आवश्यकता तलब १५,०००।- खानेबस्ने ९८०१८४१९२७, ९८०३३२०७५५

तुरुन्तै सेल्समा कर्मचारी 18,500/- 9803774553

अलराउण्डर कुक, हेल्पर, वेट्रेस, 9823822986

UPVC तथा आल्मुनियम कम्पनीकोलागि मार्केटिङ्ग स्टाफ चाहियो ९८५१३३०४६१

सेक्युरिटीगार्ड, गिफ्ट आइटमका सामान उत्पादनगर्नेमा महिलापुरुषहरू २८,५००/- 9847776910

कर्मचारी चाहियो नयाँ वानेश्वर ९८६७०४५७५०

पार्टटाइम कामगर्ने महिलाहरू २८,५००/- 9861789568

वेटर/ डिसवासर शंखमुल बानेश्वर ९८०५६७८३९९

सेज एण्ड एसोसिएट एजुकेसन कन्सल्टेन्सिकोलागि डाईरेक्टर कन्सुलर चाहियो 9845645421

रेष्टुरेन्टकोलागी कुक, हेल्पर, वेटर (खानबस्न सुविधा) 9803262515

Receptionists, Counselors, Instructors 9803023740, 014250841

सोसल मिडियामा, Microsoft excel चलाउन जान्ने +2pass अनुभवी लेडिज अफिस असिस्टेन्ट १६०००।- न्यूरोड, ९८४३३७५४७०(नजिकबस्नेलाई प्राथमिकता)

Pure Life Trade काठमाडौंको लागि १० पुरुष अथवा महिलाको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला पद मार्केटिङ्ग तलब १७०००- ३५०००/- ९८४०७२४६३२

गेष्ट हाउसलाई रुमव्वाइ गौशाला 9841690918

तालिम नगरेका सेक्युरिटीगार्डहरू १८-२६०००, 9810169738

## मर्मत

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा ९८६००५३५१६

ढलट्वाइलेट मंगाल जामखोल्ने सस्तोमा 9841739477

ढलट्वाइलेट, मंगाल जामखोल्ने 9841881901, 9841256050

ढलट्वाइलेट मंगाल जामखोल्ने सस्तोमा 9841050858

घरैमा LED.Tv, फ्रिज, Washing-Machine, 01-4564254, 9841296192

ढलमंगाल ट्वाइलेट जामखोल्ने 9851161163, 9851061331

ढलट्वाइलेट मंगालजामखोल्ने, मर्मतनिर्माणपनि, 9841559659, 9843052042

## भर्ना

प्राइभेट SEE, +2, BBS/BA 100%पास, 9880780413

## तालिम

हाउसइण्डस्ट्रियल वायरीङ प्लम्बिङ मोबाइल 9851177341

## उपचार

यौनशक्ति Extratime साईजबढाउने Herbal Suppliment ९८५११४७८१०

## बिहावारी

२७ वर्षे IT इन्जिनियर USA Citizen क्षेत्री बरलाई शिक्षित बधु चाहियो ९८४२९८११७८

अमेरीकन सिटीजन इन्जिनीयर ३५ वर्षको केटालाई इन्जिनीयर, BSC Nursing, MBA, ब्राम्हण, क्षेत्री केटी चाहियो, 9813955357

डाक्टर/ब्राम्हणलाई सोजातिय MBBS, BDS, B.Pharmecy वा अध्ययनरत वधुचाहियो, SMS, 9813605603

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४९९३५३१, ९८५११७८८३० |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९९०२ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांवसपार्क | ९८५१०२४३९८, ४३६४७५१ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० |
| पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ |
| नेपाल मिडिया कन्सर्ल्ट | सिफल | ०१-४५७८१०३ |
| सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| सेभेन24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७९७, ०१-५४३५९२४ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

**वर्गीकृत डिस्प्ले**
श्याम/श्वेत रू. ३०००/-
स्पट कलर रू. ३५००/-
मल्टी कलर रू. ५०००/-

**वर्गीकृत विज्ञापन**
साधारण प्रति शब्द रू. ४५/-
बोल्ड प्रति शब्द रू. १००/-

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktclassified@kmg.com.np

* मु.अ.क. बाहेक

| विदेशी मुद्रा | |
|---|---|
| अमेरिकी डलर | १३२.८८ |
| युरो | १४१.०७ |
| पाउन्ड स्टर्लिङ | १६०.२५ |
| अस्ट्रेलियन डलर | ८९.२७ |
| कतारी रियाल | ३६.२८ |

नेपाल राष्ट्र बैंकका आधारमा

सुन रु १००,५००

चाँदी रु १,३९०

# सिमकार्ड र परिचयपत्र दुरुपयोगको जोखिम बढ्दो

- विदेशमा भएका र दिवंगतका नाममा समेत सिमकार्ड निकालेर ठगी र सट्टेबाजी
- अर्कैको नामको कागजातबाट बैंक खाता र कम्पनी खोल्नेसम्मको बदमासी

**सजना बराल** (काठमाडौं)



हालै सम्पन्न फिफा विश्वकपमा सट्टेबाजीमा संलग्न भएको आरोपमा महोत्तरीका २० वर्षीय आदर्श ठाकुरलाई प्रहरीले पक्राउ गऱ्यो । उनको कोठा खानतलासी गर्दा प्रहरीले एनसेल र स्मार्ट टेलिकमका ९४ थान सिमकार्ड र ७० जनाको नागरिकताको फोटोकपी फेला पाऱ्यो । तिनै फोटोकपी हेर्दै इन्टरनेटबाट सम्बन्धित व्यक्तिको फोटो डाउनलोड गरी त्यसलाई प्रिन्ट गरेर सिमकार्ड निकाल्ने गरेको आदर्शले प्रहरीलाई बताएका छन् । उनले सामाजिक सञ्जाल र वेबसाइटहरूमा पोस्ट गरिएका विभिन्न व्यक्तिको नागरिकता र फोटो दुरुपयोग गरेर डिजिटल वालेटहरूमा २ सयभन्दा बढी खाता खोलेर कारोबार गर्ने गरेको पनि खुलेको छ । अनुसन्धानको क्रममा फेला पारिएका विभिन्न सेवा प्रदायकका ४ सय ८४ वटा डिजिटल वालेटको कारोबार रोक्का गरी थप अनुसन्धान गरिरहेको प्रहरीको भनाइ छ । आदर्शले ३ सय रुपैयाँ तिरेर विभिन्न व्यक्तिका नागरिकताको फोटोकपी किन्ने गरेको पनि बयानमा भनेका प्रहरीले जनाएको छ ।

'सिमकार्ड दुरुपयोगको समस्या नेपालमा डरलाग्दो स्थितिमा छ,' महानगरीय अपराध महाशाखाका प्रवक्ता एसपी कृष्ण कोइराला भन्छन्, 'कतिसम्म हुने गरेको छ भने कसैले सिम हरायो भनेकै भरमा चलिरहेको सिम बन्द गरेर एक जनाको नाममा रहेको सिमकार्ड अर्कै व्यक्तिलाई दिइएका उजुरीहरू पनि हामीकहाँ आउने गरेका छन् ।' उनका अनुसार वैदेशिक रोजगारीमा गएका र कतिपय दिवंगत व्यक्तिको नाममा समेत जोकसैले सिमकार्ड निकालेर ठगी, सट्टेबाजीलगायत अवैध गतिविधिमा प्रयोग गर्ने गरिएको पाइएको छ ।

सिमकार्ड प्रयोग गरेर मोबाइल वालेट, सामाजिक सञ्जाल, इमेललगायत डिजिटल प्लाटफर्ममा खाता खोल्न र तिनको पासवर्ड परिवर्तन गर्न मिल्छ । मोबाइल नम्बरमै प्राप्त हुने ओटीपी प्रयोग गरी बैंकिङ कारोबार गर्न सकिन्छ । सरकारले नागरिकका डेटा र सरकारी कागजपत्र एकै ठाउँमा उपलब्ध गराउने उद्देश्यले विकास गरिरहेको 'नागरिक एप' मा पनि मोबाइल नम्बरबाटै पहुँच बनाउन सकिन्छ । यसको अर्थ, कसैको नागरिकता, राहदानी, सवारीचालक अनुमतिपत्र, शैक्षिण प्रमाणपत्र, मतदाता परिचयपत्रलगायत कागजातमा पहुँच बनाउन उसको नाममा रहेको सिमकार्ड फेला पारे पुग्ने भयो ।

पछिल्लो समय सिमकार्डको यस्तै दुरुपयोग बढेको विषयमा प्रहरीले एकपछि अर्को घटना सार्वजनिक गरिरहेका छन् । यस्तोमा सरकारी स्वामित्वको नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) ले आफ्नै नाममा मात्र रहेको सिमकार्ड प्रयोग गर्न सेवाग्राहीलाई आग्रह गरेको छ । कम्पनीले सिमकार्ड हराएको/बिग्रिएको खण्डमा आफू स्वयं उपस्थित भई नयाँ सिमकार्ड लिन पनि भनेको छ । यसबारे कम्पनीको धारणा माग गर्दा निजी सेवा प्रदायक एनसेल आजिआटा भने सम्पर्कमा आएन ।

'अरूको नाममा निकालिएको मोबाइल नम्बर प्रयोग गर्दा मोबाइल बैंकिङको दुरुपयोग भई अनधिकृत व्यक्तिबाट रकम गुमाउनुपर्नेसम्मको अवस्था तथा सामाजिक सञ्जालको दुरुपयोग भई अनेक कानुनी झमेलामा समेत पर्ने सम्भावना रहन्छ,' नेपाल टेलिकमको सूचनामा भनिएको छ, 'ग्राहकहरूको सुरक्षामा विशेष ध्यान दिँदै सहजै सेवा उपलब्ध गराउन नयाँ सिमकार्ड लिँदा वा सिमकार्ड परिवर्तन गर्दा विभिन्न मापदण्डहरू कार्यान्वयनमा ल्याइएको छ ।'

टेलिकमबाट नयाँ सिमकार्ड लिन आवदेन फारममा ग्राहकको नाम, ठेगाना, परिचयपत्र जारी भएको जिल्ला र मिति तथा आधिकारिक परिचयपत्र नम्बर र सम्पर्क नम्बर स्पष्ट रूपमा प्रविष्ट गर्नुपर्छ । स्वयं उपस्थित हुने ग्राहकलाई मात्र सिमकार्ड उपलब्ध गराइने र परिचयपत्रको प्रतिलिपिलाई सक्कल परिचयपत्रको विवरणमा रुजु गराएर मात्रै सिमकार्ड वितरण गर्ने गरिएको टेलिकमको दाबी छ ।

अर्को व्यक्तिको नाममा दर्ता रहेको सिमकार्ड लिन आउने ग्राहकले वास्तविक सिमकार्ड धनी उपस्थित हुन नसकेको कारणसहित ग्राहकको मञ्जुरीनामा र सक्कल परिचयपत्र लिएर जानुपर्ने भनिएको छ । कागजातहरू रुजु कार्य सकिएपछि मात्रै सिमकार्ड एक व्यक्तिको नामबाट अर्कोको नाममा नामसारी गरिने कम्पनीले जनाएको छ । तर, बूढानीलकण्ठकी निर्मला थापा भने टेलिकमले उक्त नियम कार्यान्वयन नगरेको बताउँछिन् । टेलिकमको पुल्चोकस्थित ग्राहक सेवा केन्द्रबाट आफूले दिदीको नाममा रहेको सिमकार्ड बिनाकुनै कागजात २ मिनेटमै आफ्नो नाममा नामसारी गरेको उनको दाबी छ ।

> सिमकार्ड दुरुपयोग कम गर्न वितरण गर्ने संस्था, वितरक तथा नियामक दूरसञ्चार प्राधिकरणले कडाइ र कारबाही गर्नुपर्नेमा लापरबाही गरिरहेका छन्
>
> **– कृष्ण कोइराला, प्रवक्ता**
> महानगरीय अपराध महाशाखा

'मैले बोक्ने गरेको सिम दिदीको नाममा भएकाले मैले नागरिक एपहरू चलाउन पाइरहेकी थिइनँ,' उनले भनिन्, 'त्यही भएर केही दिनअघि आफ्नो नाममा नामसारी गर्न गएकी थिएँ । एउटा फाराम भर्नुपऱ्यो । त्यसमा फोटो टाँसेर ल्याप्चे लगाएँ । फारामको साथमा नागरिकताको फोटोकपी बुझाएपछि २ मिनेटमै दिदीको सिमकार्ड मेरो नाममा नामसारी भयो ।' यसरी सहजै नामसारी भएको देखेर अचम्म लागेको उनले बताइन् ।

सिमकार्ड दुरुपयोगको समस्या कम गर्न सिम वितरण गर्ने संस्था र वितरकहरू जिम्मेवार हुनुपर्ने प्रहरीको भनाइ छ । साथै, नियमनकारी निकाय, दूरसञ्चार प्राधिकरणले पनि यसमा कडाइ र कारबाही गर्नुपर्नेमा उसको जोड छ । तर, यसको सट्टा सरकारी स्वामित्वकै नेपाल टेलिकमजस्ता कम्पनीले आफ्नै नाममा सिम निकाल्न अर्ति दिँदै सूचना निकालेर कर्मकाण्ड मात्रै पूरा गरेको आरोप लगाउँछन्, महानगरीय अपराध महाशाखाका प्रवक्ता कोइराला । नयाँ सिम लिन आउने वा सिमकार्डको नामसारी प्रक्रियामा सेवा प्रदायक र तिनका वितकरले लापरबाही गर्ने गरेको उनको भनाइ छ । टेलिकमका सहप्रवक्ता रञ्जित लोहियाले भने पहिचान खुलाउने एकभन्दा बढी कागजपत्र रुजु गरेर मात्रै सिमकार्ड वितरण गर्न आफ्ना वितरकलाई निर्देशन दिएको दाबी गरे ।

त्यस्तै, नियामक निकाय दूरसञ्चार प्राधिकरणले पनि हालै विराटनगरलगायत पूर्वी क्षेत्रमा सिमकार्ड दुरुपयोगसम्बन्धी निरीक्षण गरेको जानकारी दिएको छ । यसबारे प्राधिकरणमा पनि उजुरीहरू परेकाले प्राधिकरणको अनुगमन महाशाखाले निरीक्षण गरी प्रतिवदेनसमेत तयार पारिसकेको प्रवक्ता सन्तोष पौडेलले बताए । महाशाखाका निर्देशक विजयकुमार रोयले निरीक्षणका क्रममा सिमकार्ड वितरणमा चरम लापरबाही भएको बुझिन आएकाले यसमा कारबाही गर्नेलगायत पहल हुन लागेको जानकारी दिए ।

'हाम्रा सेवा प्रदायकले आफ्ना वितरकलाई धेरै संख्यामा सिमकार्ड एक्टिभेट गराएबापत कमिसनलगायत प्रोत्साहन दिने गरेका रहेछन्,' रोयले भने, 'यसले गर्दा वितरकहरूले जतिसक्दो धेरै सिमकार्ड बेच्न जोकसैलाई उनीहरूको परिचय खुल्ने कागजातहरू राम्ररी रुजुसमेत नगरिकनै सिम दिने गरेको पाइयो । सिमकार्ड बाँड्दा पालना गर्नुपर्ने नियम/कानुन र प्रक्रियाको बेवास्ता गरेको देखियो । हामी यसलाई नियमन गर्न खोज्दै छौं । यसमा कारबाहीसमेत हुन सक्छ ।' सिमकार्डको व्यापारलाई बढावा दिँदा लापरबाहीसँगै दुरुपयोग पनि बढेकाले यसलाई न्यूनीकरण गर्न कारबाहीको प्रक्रिया पनि अघि बढाउने उनको भनाइ छ ।

### सरकारी वेबसाइटमै परिचय खुल्ने कागजात, दुरुपयोगको सम्भावना

सिमकार्ड मात्रै नभएर परिचयपत्र दुरुपयोगको जोखिम पनि डरलाग्दो अवस्थामा रहेको प्रहरी बताउँछ । सामाजिक सञ्जालका प्लाटफर्म र निजी तथा सरकारी निकायका वेबसाइटहरूमा समेत पर्सनल आइडेन्टिफिकेसन इन्फरमेसन (कुनै व्यक्तिको पहिचान खुलाउने विवरण) हरू सबैले देख्ने गरी पोस्ट गर्ने गरिएको पाइन्छ । कतिपयले 'नागरिकता, लाइसेन्स वा राहदानी भेटियो' भनेर तिनको फोटो खिची फेसबुक, ट्वीटर, इन्स्टाग्राम र टिकटकमा समेत पोस्ट गरिदिने गरेको देखिन्छ । सञ्चारमाध्यमले पनि 'विदेशी नागरिक पक्राउ' भन्दै उनीहरूको राहदानी छापिदिने गरेका उदाहरण छन् ।

विदेशस्थित नेपाली दूतावासले 'तपाईंको राहदानी नवीकरण प्रक्रिया पूरा भयो, लिन आऊनुस्' भनेर राहदानीकै तस्बिर वेबसाइटमा राख्ने गरेका छन् । निर्वाचन आयोगजस्ता निकायले पनि मतदाता परिचयपत्र, नागरिकता नम्बरलगायत अति संवेदनशील व्यक्तिगत जानकारीहरू सार्वजनिक पहुँचमा पुग्ने गरी अनलाइनमा राखिदिने गरेको पाइन्छ । यसले गर्दा ती व्यक्तिगत जानकारीहरू दुरुपयोग भई बैंकिङ खाता खोल्ने, सट्टेबाजीजस्ता आपराधिक घटनामा समेत प्रयोग हुन सक्ने जोखिम बढेको छ ।

उदाहरणका लागि, वैदेशिक रोजगारसम्बन्धी प्रयोजनको लागि बालाजुस्थित इगल आई कन्सल्टेन्सीमा बुझाइएका २ वटा नागरिकता प्रयोग गरेर कन्सल्टेन्सीकै कर्मचारीले नयाँ कम्पनी दर्ता गरेका थिए । कम्पनीबाट विदेश पठाइदिन्छु भनेर ठगी गर्ने धन्दामा लागेका उनीहरूलाई पनि प्रहरीले पक्राउ गरी हालै मुद्दा चलाएको थियो । 'कम्पनी कसको नाउँमा रहेछ भनेर खोज्दा कुनै एक जना पाण्डे थरको व्यक्तिको नाममा रहेको थाहा भयो,' एसपी कोइराला भन्छन्, 'उनको घर-ठेगाना खोज्दै जाँदा कञ्चनपुर पुगियो । आफ्नो नाममा कम्पनी खुलेको थाहा पाएर नागरिकतावाला आश्चर्यमा परेका थिए ।'

आफ्ना व्यक्तिगत कागजात तथा विवरणहरू राम्रोसँग नबुझीकन अनलाइनमा पोस्ट गर्ने, लापरबाहीसाथ कसैलाई दिने-बुझाउनेलगायतका क्रियाकलापले आफूलाई नै अप्ठ्यारोमा पार्न सक्ने भएकाले यसमा हरेक व्यक्ति सचेत रहनुपर्ने उनको सुझाव छ ।

# सय स्थानीय तहले मात्रै गरे भूमि वर्गीकरण

**सीमा तामाङ** (काठमाडौं)



भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले गत साउन ३१ मा प्रेस नोट जारी गर्दै मंसिर २३ सम्म मुलुकभरका बसै स्थानीय तहलाई कृषि र गैरकृषि क्षेत्र (जग्गा) छुट्याउन परिपत्र गरेको थियो । तर, काठमाडौं उपत्यकाकै महालक्ष्मी नगरपालिकाले समयमै उक्त वर्गीकरण गर्न सकेन । वडा तहबाटै कृषि र गैरकृषि क्षेत्र छुट्याई सिफारिस गर्न नसक्दा स्थानीय भूउपयोग परिषद्बाट काम हुन नसकेको नगर प्रमुख हरिगोविन्द श्रेष्ठ बताउँछन् । 'कृषि र गैरकृषि छुट्याउने विषयमा वडामै समन्वय हुन सकेको छैन,' उनले भने, 'प्रायः स्थानीयवासीले गैरकृषि राख्ने चाहना देखाएकाले वडाले समेत सिफारिस गर्न सकेको छैन । वडाले नगरेपछि परिषद्ले पनि गरेको छैन ।'

धादिङको नीलकण्ठ नगरपालिकाले पनि अझै कृषि र गैरकृषि क्षेत्र छुट्याउन सकेको छैन । कृषि र गैरकृषि छुट्याउने कार्यले पछिसम्मै असर पर्ने भएकाले नगरवासी स्वयंलाई स्वघोषणा गर्न दिएको नगर प्रमुख भीमप्रसाद ढुंगाना बताउँछन् । 'कृषि र गैरकृषि क्षेत्र वर्गीकरण गरेर हामी विवादमा पर्न चाहन्नौं,' उनले भने, 'सरकारले भू-उपयोग नियमावली ल्याउँदै हामीसँग छलफल गर्नुपर्थ्यो । घर भएको ठाउँ आवासीय र त्यसकै छेउको जग्गा कृषि भन्न सक्दैनौं ।'

पूर्ण रूपमा सहर बनिसकेको क्षेत्रमा सबै क्षेत्रलाई गैरकृषि घोषणा गर्न खासै समस्या देखिएको छैन । तर, नयाँ बजार बस्दै गरेका स्थानका हकमा भने भूमि वर्गीकरणमा समस्या देखिएको बताउँछन्, नेपाल नगरपालिका संघका अध्यक्षसमेत ढुंगाना । 'गाउँपालिकालाई पनि बरु सहज होला तर बजार बस्दै गरेका क्षेत्रमा नगरपालिकाहरूलाई वर्गीकरणमा गाह्रो भएको छ,' उनले भने, 'महानगरले भने गैरकृषि घोषणा गरिसके ।'

> हालसम्म कृषि र गैरकृषि क्षेत्र मात्रै छुट्याएकामा अब १० क्षेत्रमै वर्गीकरण गर्नुपर्ने
>
> घरसँगै जोडिएको जग्गा कृषि र घर आवासीय क्षेत्रमा पर्ने भएकै कारण वर्गीकरण हुन सकेको छैन
>
> **– बाबुराम पोखरेल**
> पूर्वमालपोत अधिकृत

पोखरास्थित हुप्सेकोट गाउँपालिकामा बल्ल प्राविधिक टोलीमार्फत अध्ययन, अनुसन्धान गरी जग्गा वर्गीकरणको प्रक्रिया अघि बढाइएको छ । 'नापी विभागसँग प्राविधिक सहयोग मागेर नै अहिले काम भइरहेको छ,' नेपाल गाउँपालिका महासंघकी अध्यक्षसमेत रहेकी हुप्सेकोट प्रमुख लक्ष्मी पाण्डेले भनिन्, 'भूमिहीन दलित, सुकुम्बासी लगायतलाई मध्यनजर गर्दै वैज्ञानिक भूमि वर्गीकरण गर्ने तयारीमा छौं ।' सबै क्षेत्रको स्थलगत अध्ययन सकेर मात्रै कृषि र गैरकृषि क्षेत्रको वर्गीकरण गर्ने उनले सुनाइन् ।

तर, स्थानीय तहले अब कृषि र गैरकृषि क्षेत्र मात्रै वर्गीकरण गर्न पाउने छैनन् । अब सबै स्थानीय तहले सरकारले तोकेका १० वटै क्षेत्रमा भूमिको वर्गीकरण गर्नुपर्ने नापी विभागको भनाइ छ । देशभरका ७५३ स्थानीय तहमध्ये हालसम्म कृषि र गैरकृषि मात्रै वर्गीकरण गर्ने सय वटा मात्रै छन् । अब १० वटै क्षेत्र वर्गीकरण गर्नुपर्ने भएकाले उनीहरूसामु चुनौती थपिएको छ ।

स्थानीय भूउपयोग परिषद्ले भूमिको वर्गीकरण गरिसकेपछि त्यसको विवरण नापी विभागलाई विवरण पठाउनुपर्ने सरकारको परिपत्रमा थियो । तर, नपठाएपछि नापी विभाग आफैंले सम्बन्धित कार्यालयमार्फत लिएको तथ्यांकअनुसार मंसिर मसान्तसम्म सय वटाले मात्र भूमिको वर्गीकरण गरेको पाइएको प्रवक्ता दामोदर ढकालले बताए । 'जसमध्ये उपत्यकाभित्रका स्थानीय तहले गैरकृषि क्षेत्रको वर्गीकरण गर्ने निर्णय गरे पनि उपत्यकाबाहिरका स्थानीय तहले कृषि क्षेत्रसमेत छुट्याएका छन्,' उनले भने, 'हालसम्म जग्गा वर्गीकरण गर्ने र नगर्ने सबै स्थानीय तहमाझ वैज्ञानिक रूपमा जग्गा वर्गीकरण गर्नु चुनौतीपूर्ण छ ।' **बाँकी पृष्ठ १० ▸▸**

**NIC ASIA Bank Ltd.**
Registered Office: Trade Tower, Thapathali, Kathmandu
Contact No.: +977-01-5111177/78/79,
Fax No.: +977-01-51-5111180
Toll Free No.: 1660-01-77771
Feedback: Type FB and send SMS to 34488

NIC ASIA
एन आई सी एशिया बैंक लि.

## INVITATION FOR SEALED BIDS

NIC ASIA Bank solicits sealed bids from interested Company/Firm/Registered Contractor/ Consultant for water proofing and related works at Dhapasi, Kathmandu as specified in below table.

| SN | Title of the Contract | Scope of Works | Cost of Bid Document | Bid Security Amount |
|---|---|---|---|---|
| 1 | Waterproofing and related works at Dhapasi, Kathmandu | Waterproofing and related works in existing two buildings at Dhapasi, Kathmandu | NPR 3,000.00 | 5% of bid amount (inclusive of VAT and all other applicable cost) |

Interested and eligible Company/Firm meeting under mentioned minimum eligibility criteria can obtain bid documents from Bank's General Administration & Project Management Department at Registered Office, Thapathali upon payment of non-refundable document fee of NPR. 3,000.00 (In Words: Three Thousand Only).

**Eligibility Criteria:**

- Interested Bidder must have minimum Annual Turnover of NPR 2.00 Million in fiscal year 2077/078 or 2078/79.
- Interested Bidder must have completed waterproofing and related works of any two Company/Firm.
- Interested Bidder must have Minimum 2 Years of Company/Firm Registration.

**Documentation Requirement:**

- Company/Firm Registration Certificate – Duly Notarized
- Valid copy of PAN/VAT certificate – Duly Notarized
- Valid copies of Tax Paid receipt of fiscal year FY 2077/78 or FY 2078/79 – Duly Notarized
- MOA and AOA – Duly Notarized.
- Latest Share Register (Share Lagat) – Duly Notarized
- Latest Director Register (Sanchalak Lagat) – Duly Notarized
- Latest Company Update (Company Adhyawodhik) in case of firms Renewal from – (Department of Commerce/Industry) – Duly Notarized
- Appreciation letter/ Reference letter issued by Company/Firm to back the claim of experience- Duly Notarized
- Other document as prescribed in Bid Document

Sealed bids are to be submitted within close of business hour on 10th January 2023 in prescribed format. If the last date of submission falls on a public holiday, the next working day shall be considered as last day. Sealed bids should be addressed to General Administration and Project Management Department and must be submitted in person. Sealed Bids received after the deadline will not be accepted.

Financial/price bids of the Technically Qualified Bidder shall be opened in the presence of Bidders' representatives (who choose to attend) at the Registered office of Bank, Thapathali, Kathmandu. Financial bids opening date and time shall be informed to the bidders.

Contact Details:
NIC ASIA Bank Ltd.
Registered Office
General Administration & Project Management Department
Trade Tower, Thapathali, Kathmandu, Nepal
Tel No: 977-01- 5111177/78/79
Email: gap@nicasiabank.com
Website: www.nicasiabank.com

**Contact Person:**

| SN | Name of Contact Person | Contact Number |
|---|---|---|
| 1 | Kamal Paudel | 9847315721 |
| 2 | Thakur Shrestha | 9841095723 |

बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

# 'परनिर्भरता आर्थिक वृद्धिदरको बाधक'

**कान्तिपुर संवाददाता** (पोखरा)



**पोखरामा जारी दसौं नेपाल लिटरेचर फेस्टिभलमा सोमबार राष्ट्र बैंक गभर्नर महाप्रसाद अधिकारी, अर्थशास्त्रीद्वय विश्वास गौचन र वर्षा श्रेष्ठसँग 'अर्थतन्त्रका सूचक र संकट' सत्रमा बहस गर्दै कृष्ण आचार्य ।** *तस्बिर : दीपक परियार/कान्तिपुर*

मुलुकको आर्थिक वृद्धिदरमा परनिर्भरता बाधक रहेको विज्ञहरूले औंल्याएका छन् । पोखरामा दसौं नेपाल लिटरेचर फेस्टिभलमा विज्ञहरूले अर्थतन्त्र बाहिरी क्षेत्रसँग सम्बन्धित भएकाले यसको संरचना लामो समय टिकाउन सकिने खालको नरहेको बताए । नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी, अर्थशास्त्रीद्वय विश्वास गौचन र वर्षा श्रेष्ठसँग कृष्ण आचार्यले सोमबार 'अर्थतन्त्रका सूचक र संकट' शीर्षकमा बहस चलाए ।

गभर्नर अधिकारीले कोभिड-१९ पछि विश्वको अर्थतन्त्रमा सुधार हुन लाग्दै गर्दा रसिया-युक्रेनको युद्ध र अन्य प्रभावले पुनः थिलथिलो भएको बताए । विश्व अर्थतन्त्रमा मद्रास्फीति दर बढेर गए पनि आर्थिक वृद्धि गत वर्षभन्दा कम हुने र आउँदो वर्षमा घटेर २.७ प्रतिशतमा सीमित हुने उनले सुनाए । 'मुद्रास्फीति बढेर जाने र आर्थिक वृद्धि घटेर जाने हो भने विश्वव्यापी रूपमा आर्थिक मन्दी हुने आकलन गर्न थालिएको छ,' उनले भने ।

गत वर्ष मात्रै विदेशी मुद्राको सञ्चिति खर्च २.३४ करोड डलर अर्थात् २ अर्ब ३४ करोड रुपैयाँ रहेको उनले तथ्यांक अघि सारे । 'खर्च धेरै भएकाले मुलुकलाई गाह्रो हुन्छ भनेर सरकार र राष्ट्र बैंकले विभिन्न किसिमका नीतिहरू ल्याएको थियो । ती नीतिहरू देशको अर्थतन्त्रलाई सन्तुलनमा राख्न आवश्यक थियो । त्यसपछि बिस्तारै सुधार हुँदै गयो । पछिल्लो महिना ९ अर्ब ६३ करोड रुपैयाँ बराबर विदेशी मुद्राको सञ्चिति छ,' उनले भने । उक्त रकमले ८.४ महिनाको वस्तु आयात र सेवालाई धान्न सक्ने उनले दाबी गरे ।

नेपाल खुला अर्थतन्त्र भएको देश भएकाले बाह्य असर प्रत्यक्ष रूपमा पर्ने अर्थशास्त्री गौचनले बताए । 'नेपालको अर्थतन्त्रको इतिहासमा सन् २०१५ देखि २०१८ को समयावधि सबैभन्दा फलदायी र महत्त्वपूर्ण रहेको देखिन्छ । त्यो उच्च वृद्धिदरको अवस्थाबाट हामी अत्यन्त न्यून आर्थिक वृद्धिदरको अवस्था आइपुगेका छौं,' उनले भने । नेपालको आर्थिक संरचना लामो समय टिकाउन नसकिने खालको भएको बताउँदै उनले थपे, 'हाम्रो अर्थतन्त्र बाहिरी क्षेत्रसँग अत्यन्तै सम्बन्धित भएकाले हामी आफैंले लामो समयसम्म आर्थिक वृद्धिदर हासिल गर्न सक्दैनौं ।' उनले विगत ३५ वर्षयता आयातमा निर्भर र छिटो प्रतिफलका लागि जग्गामा लगानी गर्ने प्रवृत्ति पनि यसको बाधक रहेको टिप्पणी गरे ।

अर्की वक्ता श्रेष्ठले नेपाली अर्थतन्त्रलाई भूकम्प, नाकाबन्दी त्यसपछि कोभिड-१९ ले नकारात्मक असर पारेको बताइन् । बैंकले सहुलियत दरमा सजिलै ऋण दिँदा अर्थतन्त्रमा कतिपय संकट पैदा भएको पनि उनले औंल्याइन् । 'पहिले बैंकहरूबाट लोन लिने कम थिए । अहिले बैंकहरू पनि सजिलो गरी पैसा लेऊ-लेऊ भन्ने अनि व्यापारीलाई पैसा दिने गरिरहेका छन् । समग्र व्यापारमा ग्राहकको त जम्मा ३० प्रतिशत हिस्सा न हो, बाँकी बैंकको लोन हो । म बैंकिङ क्षेत्रबाट बाहिर निस्किसकें तर यस्तो अभ्यास व्यावहारिक छैन भन्ने लाग्छ,' उनले भनिन् ।

# रामेछाप विमानस्थल फेरि सुनसान

**टीकाप्रसाद भट्ट** (रामेछाप)

एक महिनाअघिसम्म दिनमै ४५ वटासम्म उडान-अवतरण हुने रामेछाप विमानस्थल अहिले सुनसान छ । सोलुखुम्बुको लुक्लामा पर्यटकीय उडानका लागि यही विमानस्थल प्रयोग गरिएकाले यात्रुको चाप थियो । जसअनुसार अक्टोबर र नोभेम्बरमा दैनिक सरदर ४० उडान भएका थिए । तर, डिसेम्बर लागेयता एउटा पनि उडान नभएको विमानस्थल कार्यालयले जनाएको छ ।

निजी क्षेत्रका वायु कम्पनीहरू तारा, सीता र समिट एयरले रामेछापमा विमान राखेर पर्यटकलाई लुक्लासम्म पुर्‍याउने र ल्याउने गरेका थिए । लुक्ला जाने पर्यटकलाई वायु सेवा र ट्राभल कम्पनीहरूले काठमाडौंदेखि रामेछापसम्म सडक मार्गबाट ल्याउने-लैजाने गरेका थिए । काठमाडौं-रामेछापको यात्रा ४ घण्टाको हो । रामेछाप विमानस्थलमै विमान रात्रिकालीन पार्किङमा राखेर सेवा दिएका तीन वटै वायु सेवा कम्पनी डिसेम्बरयता रामेछाप फर्किएका छन् । 'लुक्लाका लागि पर्यटकीय सिजन सकियो, यहाँ आएका सबै विमान पनि फर्किए,'

> पर्यटकीय सिजनमा लुक्लाका लागि दिनमै ४५ वटासम्म उडान, सिजन सकिएपछि स्थानीय लक्षित उडानमा वायु सेवा कम्पनीको आनाकानी

रामेछाप विमानस्थल प्रमुख सरिता पाण्डेले भनिन्, 'अब अर्को सिजन लागेपछि फेरि उडान हुन सक्छ ।'

काठमाडौंस्थित त्रिभुवन विमानस्थलमा उडानको चाप अत्यधिक हुँदा विमानलाई उडान-अवतरणका लागि लामो समय प्रतीक्षामा बस्नुपर्ने भएका कारण पर्यटक लक्षित लुक्लातर्फको उडान गर्न रामेछाप विमानस्थल तोकिएको थियो । रामेछापबाट उडान गर्दा काठमाडौंको भन्दा उडान समय आधा नै कटौती हुने र उडान-अवतरणलाई प्रतीक्षा गर्नु नपर्ने हुँदा उल्लेख्य संख्यामा पर्यटक समयमै गन्तव्यमा पुग्न सक्ने नेपाल नागरिक उड्डयन प्राधिकरणको निष्कर्ष थियो ।

सर्वसाधारणले भने रामेछाप विमानस्थलबाट काठमाडौंका लागि यात्रुवाहक उडानका लागि माग गर्दै आएका छन् । तर, यसपल्ट पनि वायु सेवा कम्पनीहरूले उडान तालिका राखेका छैनन् । सडक मार्गबाट ४ घण्टामै सहजै काठमाडौं पुगिने भएकाले यात्रु नपाउने भन्दै वायु सेवा कम्पनी उडान राख्न पन्छिँदै आएका आएका छन् । सातामा एउटा उडानका लागि पर्याप्त यात्रु पुग्ने स्थानीयको दाबी छ ।


**कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) गर्ने र गाभिए पश्चात कुमारी बैंक लिमिटेड नामबाट एकीकृत कारोबार गरिने बारेको सूचना ।**

कुमारी बैंक लिमिटेड, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.०२ टंगाल ("क" वर्गको ईजाजतपत्र प्राप्त बैंक) र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.२८ बागबजार ("क" वर्गको ईजाजतपत्र प्राप्त बैंक) को मिति २०७९/०८/२५ गते सम्पन्न कम्पनीको आ-आफ्नो विशेष साधारण सभाबाट **कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड** एक आपसमा गाभ्ने/गाभिने (मर्जर) गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित भए बमोजिम नेपाल राष्ट्र बैंकको मिति २०७९/०९/०६ को पत्रानुसार एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी अन्तिम स्वीकृति प्राप्त भएको र नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०९/०८ को पत्रबाट समेत एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा **नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड** गाभिने अन्तिम दिन सम्म कायम रहेको सम्पूर्ण सम्पत्ति, दायित्व तथा अन्य सम्भावित दायित्वहरु गाभ्ने संस्था **कुमारी बैंक लिमिटेडले** व्यहोर्ने/सकार्ने गरी गाभ्ने/गाभिने (मर्जर) को लागि स्वीकृति प्राप्त भएको जानकारी गराउँदै गाभ्ने संस्था नेपालीमा "**कुमारी बैंक लिमिटेड**" र अंग्रेजीमा "Kumari Bank Limited", नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त बैंकको नामबाट मिति २०७९/०९/१७ आइतवार तदनुसार जनवरी ०१, २०२३ का दिन देखि एकीकृत कारोबार सञ्चालन गरिने व्यहोरा समस्त ग्राहकवर्ग, शेयरधनी महानुभावहरु, नियमनकारी निकायहरु तथा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । गाभ्ने/गाभिने (मर्जर) पश्चात बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय हाल कुमारी बैंक लिमिटेडको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहेको स्थान बागमती प्रदेश, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.०२ टंगालमा रजिष्टर्ड कार्यालय रहने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

साथै, मिति २०७९/०९/१७ देखि दुवै संस्थाको एकीकृत कारोबार शुरु गरिने भएको हुँदा Data Migration प्रयोजनको लागि मिति २०७९/०९/१५ गते र मिति २०७९/०९/१६ सार्वजनिक बिदाका दिन **कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड** द्वारा आफ्ना विभिन्न शाखाहरुबाट प्रदान गर्दै आईरहेको बैंकिङ्ग सेवाहरु बन्द रहने व्यहोरा समस्त ग्राहकवर्ग, शेयरधनी महानुभावहरु, नियमनकारी निकायहरु तथा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यसबाट ग्राहकवर्गमा पर्न जाने असुबिधा प्रति क्षमाप्रार्थी छौं ।

गाभ्ने/गाभिने (मर्जर) कार्यमा सहयोग पुर्‍याउनु हुने सम्पत्ति दायित्व मूल्यांकनकर्ता विशेषज्ञ तथा नियमनकारी निकायका पदाधिकारीज्यूहरु प्रति कुमारी बैंक लिमिटेड तथा नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडको तर्फबाट हार्दिक आभार व्यक्त गर्न चाहन्छौं ।

NCC Bank
नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.
Nepal Credit & Commerce Bank Ltd.
Your Business Bank

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

प्रधान कार्यालय, टंगाल, काठमाण्डौं फोन नं. ०१-४४४३०७७/७८



**प्रभु बैंक लिमिटेड शाखा कार्यालय पाटनका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्ताहरुलाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

**(सूचना प्रकाशित मिति २०७९/०९/१२ गते मंगलबार, कान्तिपुर राष्ट्रिय दैनिक पत्रिका)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम कर्जा लिदाका बखत बैंकसँग गर्नु भएको शर्त कबुलियत बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत ऋणी तथा जमानतकर्ताले सोको पूर्ण बेवास्ता गरी कर्जा नियमित नगर्नु भएको र बक्यौता चुक्ता फछ्र्यौट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकाले यो सूचना प्रकाशित गरिएकोछ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा चुक्ता भुक्तानी हुने मिति सम्मको बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्बन्धित ऋणी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधिभित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट नगर्नु भएको खण्डमा तपाईं ऋणी, जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराइन सकिने, कर्जाको सुरक्षणवापत धितो रहेको सम्पत्ति(गाडि) तथा तहाँको अन्य कुनै वा सबै सम्पत्ति लगायत जमानतकर्ता समेतको सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्थाबाट असूल उपर गरिने र उपर्युक्तानुसारका सम्पत्तिबाट बैंकको कर्जा चुक्ता नभएको खण्डमा तहाँ ऋणी तथा जमानतकर्ताबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरा जानकारी गराउँदछौं । आफ्नो व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा तथा बैंकको उल्लेखित काम कारवाहीबाट तहाँ ऋणी लगायत जमानतकर्ता उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण कर्जा चुक्ता फछ्र्यौट गर्नु हुने अपेक्षा गरिएको छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** नेपाल सरकार, उद्योग मन्त्रालय कम्पनी रजिस्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन, २०६३ अन्र्तगत मिति २०७५/०२/०३ मा दर्ता नं. १८९४९९/०७४/०७५ अन्तर्गत दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, करदाता सेवा कार्यालय कालीमाटी बाट मिति २०७५/०२/०४ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०६७०९८८२ को प्रमाणपत्र प्राप्त श्री **किपु बस सेवा प्रा.लि. ।**
**ठेगाना : काठमाण्डौ जिल्ला किर्तिपुर न.पा. वडा नं. ९ नगाऊँ ।**

**शेयरधनी तथा जमानतकर्ता : श्री अर्जुन सिंह**
(ना.प्र.न.२३ जारी मिती २०४८/०४/०१
प्रतिलिपि मिति २०७२/१०/०४ जारी गर्ने कार्यालय जि.प्र.का काठमाण्डौं ) ।
ठेगाना : किर्तिपुर न.पा. वडा न. १,काठमाण्डौ ।
बाबु : सतुराम सिं डंगोल
बाजे : गोबर धन डंगोल



**शेयरधनी तथा जमानतकर्ता : श्री सिजन महर्जन**
(ना.प्र.न.४६६७/२७४४३ जारी मिती २०५७/१२/०६ जारी गर्ने कार्यालय जि.प्र.का काठमाण्डौं ) ।
ठेगाना : किर्तिपुर न.पा. वडा न. ९,काठमाण्डौं।
बाबु : दयाराम महर्जन
बाजे : झयापु महर्जन



**शेयरधनी तथा जमानतकर्ता : श्री महेश्वर महर्जन**
(ना.प्र.न. २३१२/२५७११ जारी मिती २०४३/१०/१६
प्रतिलिपि मिति २०६९/१२/१५ जारी गर्ने कार्यालय जि.प्र.का काठमाण्डौं ) ।
ठेगाना : किर्तिपुर न.पा. वडा न. ८, काठमाण्डौं।
बाबु : मोति काजी महर्जन
बाजे : ठाईंला महर्जन



**शेयरधनी तथा जमानतकर्ता : श्री अशोक महर्जन**
(ना.प्र.न. ६८१० जारी मिती २०५५/०९/१६ जारी गर्ने कार्यालय जि.प्र.का काठमाण्डौं ) ।
ठेगाना : किर्तिपुर न.पा., वडा न. ४, काठमाण्डौं।
बाबु : अष्त कुमार महर्जन
बाजे : जित बहादुर महर्जन



**शेयरधनी तथा जमानतकर्ता : श्री राम बहादुर श्रेष्ठ**
(ना.प्र.न. २६४९ जारी मिती २०५२/०७/१६ जारी गर्ने कार्यालय जि.प्र.का चितवन )
ठेगाना : भरतपुर म.न.पा. वडा नं. १७ (साविक शारदानगर गा.वि.स. वडा नं. ३) चितवन ।
बाबु : ज्ञान नारायण श्रेष्ठ, बाजे : मोहन सिंह श्रेष्ठ



**जमानतकर्ता : श्री इश्वर प्रसाद चौधरी**
(ना.प्र.न. ५५६६ जारी मिती २०५२/१०/०९ जारी गर्ने कार्यालय जि.प्र.का उदयपुर )
ठेगाना : त्रियुगा.न.पा. वडा नं. ९ (साविक भुमरसुवा गा.वि.स. वडा नं. १) उदयपुर ।
बाबु : कानन लाल, बाजे : जनक लाल पत्वारी



**धितोमा रहेको सवारी साधनको विवरण:**

| सवारी दर्ता नं. | ई.नं. | चेसिस नं. | बनाउने कम्पनी | कैफियत |
|---|---|---|---|---|
| बा ५ ख ६६३७ | HVEZ208651 | MB1PAEBC4HAJH2686 | Ashok Leyland Ltd | सार्वजनिक यातायात |
| बा ५ ख ६७०८ | HVEZ208689 | MB1PAEBC9HAJH2697 | Ashok Leyland Ltd | सार्वजनिक यातायात |
| बा ५ ख ६७०९ | HVEZ208688 | MB1PAEBC3HAJH2694 | Ashok Leyland Ltd | सार्वजनिक यातायात |
| बा ५ ख ६७१० | HVEZ208652 | MB1PAEBC5HAJH2695 | Ashok Leyland Ltd | सार्वजनिक यातायात |

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-४७८८५००, फ्याक्स नं. ०१-४७८०५८८


## अर्थ संक्षेप

### १४ विधामा इन्फोडेभलपर्स आईसीटी अवार्ड प्रदान



काठमाडौं (कास)- १४ विधामा इन्फोडेभलपर्स आईसीटी अवार्ड प्रदान गरिएको छ । लिभिङ विथ आईसीटीले हरेक वर्ष सूचना तथा सञ्चार प्रविधि क्षेत्रका व्यक्ति तथा संस्थालाई यो अवार्ड प्रदान गर्दै आएको छ । यसपल्ट पहिलो पटक दक्षिण एसियाली मुलुकलाई लक्षित गरेर समेटिएको साउथ एसिया स्टार्टअप आईसीटी अवार्ड भारत बैंग्लोरको टेक फोर बिलियन कम्पनीले पाएको छ । यस वर्ष नेपाली डायस्पोरा आईसीटी अवार्ड वेद काफ्लेले र आन्टरप्रेनर अवार्ड मंगेशलाल श्रेष्ठले प्राप्त गरे । नेपाल टेलिकम पायोनियर आईसीटी अवार्ड विजयकृष्ण श्रेष्ठले, एनसेल वुमन आइकन आईसीटी अवार्ड शिला कंसाकार कार्कीले, डिजिटल गभर्नेन्स आईसीटी अवार्ड वैदेशिक रोजगार विभागले, डिजिटल सर्भिसेस आईसीटी अवार्ड फोनपे डिजिटलले पाएको छ । डिजिटल एजुकेसन आईसीटी अवार्ड (पब्लिक) ज्ञानोदय विद्यालय, डिजिटल एजुकेसन आईसीटी अवार्ड (प्राइभेट) ज्ञानोदय बालवाटिकाले जितेको छ । हवावे स्टार्टअप आईसीटी अवार्ड मोनाल टेक, प्रडक्ट आईसीटी अवार्ड गल्ली म्याप्स, राइजिङ स्टार इन्नोभेसन आईसीटी अवार्ड मेरो कारोबार एप, च्वाइस आईसीटी अवार्ड बीआईसी टेक्नोलोजी (टिग) लाई प्रदान गरिएको छ ।

### नेफाको १५ सदस्यीय कार्यसमिति

काठमाडौं (कास)- नेपाली कार्गो व्यवसायीहरूको संस्था नेपाल फ्रेट फरवार्ड्स एसोसिएसन (नेफा) को २२ औं वार्षिक साधारणसभाले १५ सदस्यीय कार्यकारिणी समिति चयन गरेको छ । काठमाडौंमा सम्पन्न एसोसिएसनको साधारणसभाबाट अध्यक्षमा मनोज अधिकारी निर्विरोध भएका छन् । वरिष्ठ उपाध्यक्षमा राजेन्द्र संग्रौला, उपाध्यक्षमा नरेशकुमार अग्रवाल, महासचिवमा अशोकमान कपाली, कोषाध्यक्षमा हरिप्रसाद ढकाल, सचिवमा ईश्वरबहादुर गुरुङ, सहकोषाध्यक्षमा सुजनकुमार न्यौपाने चुनिएका छन् । सदस्यहरूमा प्रनिलमान सिंह प्रधान, सञ्जीव अर्याल, सीता अधिकारी, सहदेव बञ्जारा, मनीषमान श्रेष्ठ, गंगाराम पुडासैनी र गंगाबहादुर राया निर्विरोध भएका नेफाले जनाएको छ ।

### हमदर्दका उत्पादन नेपाली बजारमा




काठमाडौं (कास)- भारतको हमदर्द ल्याबोरटोरिजले आफ्ना उत्पादनहरू नेपाली बजारमा ल्याएको छ । हर्बल उत्पादनमा केन्द्रित यस कम्पनीले शनिबारबाट आफ्ना ६ वटा उत्पादन सार्वजनिक गरेको हो । हमदर्दको नेपालका लागि आधिकारिक विक्रेता लाइफ केयर डिस्ट्रिब्युटर र प्लानेट हेल्थकेयर रहेका छन् । हमदर्दले रोगन बदाम सिरिन, कलोन्जी, ओनियन, रोगन अमला सदालगायत तेल बजारमा ल्याएको हो । गुलाबको पानी 'आर्क गुलाब' पनि सार्वजनिक गरिएको छ । अर्को उत्पादन लिक्विरबले छाती, नाक, टाउको र मांसपेशी दुखाइमा राहत दिने कम्पनीको दाबी छ ।

### मर्मत गर्न मनकामना केबलकार बन्द



गोरखा (कास)- विद्युत् आपूर्तिमा आएको समस्याले प्यानलमा क्षति पुगेपछि मनकामना केबलकारको सेवा बन्द गरिएको छ । आइतबार साँझ विद्युत् आपूर्तिको अनियमितताले प्यानलमा क्षति पुगेको कम्पनीका स्टेसन म्यानेजर उज्ज्वल शेरचनले जानकारी दिए । प्यानलको क्षति मर्मतका लागि अस्ट्रियाबाट प्राविधिक टोली बोलाइएको उनको भनाइ छ । 'आइतबार बिजुली जाँदा फ्युज गएर प्यानलबोर्डमै समस्या भएपछि चलाउन सकिएन,' उनले भने, 'मेनलाइन आएर जोडिने ठाउँमा समस्या आएकाले मर्मतका लागि सामग्रीसहित निर्माण कम्पनीका प्राविधिक बोलाएका छौं ।' अस्ट्रियाबाट प्राविधिक आएर मर्मत सम्पन्न गर्न कम्तीमा एक साता लाग्ने अनुमान गरिएको छ । अर्को सूचना प्रकाशन नभएसम्म सेवा स्थगन गरिएको कम्पनीले जनाएको छ ।

### सिद्धार्थ बैंकको केन्द्रीय कार्यालय अब नक्सालमा



काठमाडौं (कास)- सिद्धार्थ बैंक लिमिटेडले २० औं वार्षिकोत्सवको अवसर पारेर नक्सालस्थित नवनिर्मित केन्द्रीय कार्यालयको उद्घाटन गरेको छ । बैंकका संस्थापक अध्यक्ष चिरञ्जीवीलाल अग्रवाल र वर्तमान अध्यक्ष मनोजकुमार केडियाले संयुक्त रूपमा भवन उद्घाटन गरे । बैंकले अब केन्द्रीय कार्यालयको सबै सेवा यसै भवनमा प्रदान गर्ने पनि जनाएको छ । कार्यक्रममा बैंकमा १५ वर्ष वा सोभन्दा बढी समयदेखि योगदान गरेका कर्मचारीलाई सम्मान गरिएको थियो । बैंकका देशभर १९३ वटा शाखा (४ एक्सटेन्सन काउन्टरसहित), २१५ एटीएम र ११८ शाखारहित बैंकिङ सेवा सञ्चालनमा छन् ।

## मेगा बैंकको कामु प्रमुखमा पोखरेल



काठमाडौं (कास)- मेगा बैंकको कायमम्कायम प्रमुख कार्यकारी अधिकृत (सीईओ) मा तुल्सीराम पोखरेल नियुक्त भएका छन् । बैंक सञ्चालक समितिले पुस ९ देखि लागू हुने गरी पोखरेललाई कामु सीईओ नियुक्त गरेको जनाएको छ । २७ वर्षदेखि नेपालको बैंकिङ सेवामा रहेका पोखरेल मेगा बैंकको परिकल्पनाकार र १४ जना संस्थापकमध्ये एक हुन् । सञ्चालनमा आउनुभन्दा अघि नै प्रस्तावित बैंकको दर्ता, लाइसेन्स लिने तथा बैंकका लागि आवश्यक पूर्वाधार तयार पार्ने काममा उनले नेतृत्वदायी भूमिका निर्वाह गरेका थिए । पोखरेल बैंकको सहायक महाप्रबन्धक, नायब महाप्रबन्धक, वरिष्ठ नायब महाप्रबन्धक हुँदै कामु सीईओ बनेका हुन् ।

## सय स्थानीय...

उनका अनुसार मन्त्रालयले तोकेको मंसिर २३ सम्मको समयसीमाभित्र भूमिको वर्गीकरण नगरिए के हुन्छ भन्नेमा कानुनमा समेत स्पष्ट छैन । 'मंसिर २३ सम्म स्थानीय तहलाई जग्गाको वर्गीकरण गर्ने २ वटा बाटो थियो । एउटा कृषि र गैरकृषि छुट्याउने, अर्को १० वटै क्षेत्रमा वर्गीकरण गर्ने,' उनले भने, 'उक्त समयसीमा सकिएकाले अब १० वटै क्षेत्रमा वर्गीकरण गर्नुपर्छ । कृषि र गैरकृषि मात्रै छुट्याउन पाइँदैन ।' भू-उपयोग ऐन र नियमावलीमा समेत स्थानीय तहले कहिलेसम्म भूमिको वर्गीकरण गरिसक्नुपर्ने समय तोकिएको छैन । यद्यपि भूमि वर्गीकरण नगर्दा कित्ताकाट रोकिने भएकाले त्यसकै दबाबस्वरूप स्थानीय तहले छिट्टै वर्गीकरण गर्ने बुझाइ उनको छ ।

अहिले घरजग्गा कारोबारमा उल्लेख्य कमी आएको छ । जसका कारण मुलुककै अर्थतन्त्रमा समेत प्रभाव परेको पूर्वमालपोत अधिकृत बाबुराम पोखरेल बताउँछन् । भूमि वर्गीकरण नहुँदा कित्ताकाट गरेर बेचबिखन र अंशबण्डा गर्न समस्या भइरहेकाले त्यसको प्रत्यक्ष असर सरकारको राजस्व संकलनमा समेत परेको उनको भनाइ छ । 'जग्गाका स-साना कित्ता बेचेर जीवन गुजारा गर्ने मान्छेलाई समस्या भएको छ । अशंबण्डासमेत हुन सकेको छैन,' उनले भने, 'जग्गा वर्गीकरण नहुँदा हरेक व्यक्तिको जीवनलाई नै प्रभाव परेको छ ।'

स्थानीय तहले समयमै वर्गीकरण गर्न नसक्नुको कारण नियमावलीमै रहेका विवादस्पद व्यवस्था रहेको उनले दाबी गरे । बसोबास, व्यावसायिक क्षेत्र वा अन्य उपयोग भएको क्षेत्रसँग जोडिएको भए पनि कित्ताको क्षेत्रफल ५ हजार वर्गमिटरभन्दा बढी भई खेती, खनजोत गरिएको वा बाँझो जग्गा कृषि क्षेत्रमा पर्ने नियमावलीमा छ । अर्कोतिर बसोबासका लागि आवश्यक आधारभूत भौतिक पूर्वाधार, सडक, विद्युत्, खानेपानी वा ढल निकासलगायतको व्यवस्था भएको क्षेत्रमा रहेको १ हजार वर्गमिटरभन्दा साना कित्ताको जग्गा आवासीय क्षेत्रमा पर्ने भनिएको छ ।

'घरसँगै जोडिएको जग्गा कृषि क्षेत्रमा र घर आवासीय क्षेत्रमा पर्ने भएकै कारण वर्गीकरण हुन नसकेको हो,' उनले भने, 'घर र घरले चर्चेको खाली जग्गा एउटै होकी छुट्टै हो भनेर छुट्याउन नसक्दा स्थानीय तहले अहिलेसम्म वर्गीरकण अघि बढाउन नसकेका हुन् ।' चालु बाटोको आधारमा वर्गीकरण गर्ने हो भने सबै स्थानीय तहलाई सहज हुने उनको भनाइ छ । 'बाटोदेखि यति मिटर टाढा कृषि र बाटोले छोएको यति मिटरसम्म आवासीय क्षेत्र भनेमा सहज हुन्छ,' उनले सुझाव दिए ।

## नेपाल स्टक एक्सचेन्ज

**११ पुस २०७९ को कारोबार**

| कम्पनीको नाम | अघिल्लो दिनको मूल्य | अन्तिम मूल्य | कारोबार संख्या | कुल कारोबार |
|---|---|---|---|---|
| बोटलर्स नेपाल (तराई) | १२१०० | १३२८० | १६० | १३ |
| राष्ट्रिय बीमा कम्पनी | १२२१७ | १२५०१ | २१० | १९ |
| राष्ट्रिय बीमा कम्पनी प्रो. से. | ९८६० | १०२०० | ३५० | १९ |
| हिमालयन डिस्टिलरी | ३८४२ | ३९५० | २८३६६ | ८०३ |
| महिला लघुवित्त | ३८१० | ३८५० | ९५७ | ५९ |
| साल्ट ट्रेडिङ कर्पोरेसन | ३५५० | ३६५० | ४८९ | ३३ |
| उपकार लघुवित्त | ३३३४ | ३४२५ | ६२३ | ३५ |
| जाल्पा सामुदायिक लघुवित्त | ३२५५ | ३२८२.२ | ३५८५ | १३७ |
| नेस्डो समृद्ध लघुवित्त | ३२५० | ३२८२ | ५४०५ | १७० |
| विशाल बजार कम्पनी | ३०९० | ३२४४ | १०२ | ७ |
| जिवन विकास लघुवित्त | २७०० | २७५५ | ५१८८ | २२१ |
| सिवाइसी नेपाल लघुवित्त | २५९३ | २४७२ | ११९४७ | ५४७ |
| फरवार्ड माइक्रोफाइनान्स | २२६१ | २३१३ | ७०३२ | १९९ |
| नेशनल माइक्रोफाइनान्स | १८८८ | १९३१ | ३३४० | ७२ |
| सिटिजन इनभेस्टमेन्ट ट्रस्ट | १८३५ | १८८९ | ११३६७ | २०९ |
| आधिखोला लघुवित्त | १५३० | १६३२ | १५७३९ | ३६३ |
| जनउत्थान सामुदायिक लघुवित्त | १५५० | १५८९ | २८० | १५ |
| लाइफ इन्स्योरेन्स को. | १३७४ | १४१०.१ | १६२४२ | १३० |
| स्वाभिमान लघुवित्त | १३६२ | १३८२ | ६५ | ५ |
| सिर्जनशिल लघुवित्त | १२०५.८ | १३२६.३ | १३० | १४ |
| सपोर्ट माइक्रोफाइनान्स | ११९० | ११८९.७ | ४२६ | ११ |
| सामुदायिक लघुवित्त | ११७२.९ | ११७६ | २४० | ९ |
| स्वावलम्बन लघुवित्त | ११३० | ११७१ | ५५४७ | ८४ |
| समिट लघुवित्त | ११११ | ११४७ | ३०७६ | ५७ |
| साना किसान लघुवित्त | १११५ | ११४४ | १३०५४ | १५३ |
| ग्लोबल आईएमई लघुवित्त | ११११ | ११३७.५ | ३५१० | ५० |
| छिमेक लघुवित्त | १०७८.९ | १११० | १४८१४ | २५९ |
| महुली लघुवित्त | १०२६ | १०६६.७ | २२२ | १० |
| गुडविल फाइनान्स डिबेन्चर २०८३ | १०३० | १०५० | १० | १ |
| लक्ष्मी लघुवित्त | १०२५ | १०४५ | ७८० | १२ |
| मिथीला लघुवित्त | १००२ | १०१८ | २५५ | १० |
| चन्द्रागिरी हिल्स | ९९० | १०१० | २०७२ | ४८ |
| डिप्रोक्स लघुवित्त | ९६७ | १००९.५ | ७५७९ | १०३ |
| आरएमडिसी लघुवित्त | ९५२.१ | ९७५ | ७४९१ | ८२ |
| ग्लोबल आइएमइ बैंक डिबेन्चर २०८०/८१ | ९८८ | ९७० | १०० | १ |
| मिर्मिरे माइक्रोफाइनान्स | ९१९.७ | ९५४ | १०७१३ | १२८ |
| साधना लघुवित्त | ९१३ | ९५४ | १७७४ | ६१ |
| एसबिएल डिबेन्चर २०८२ | ९६१ | ९४१.८ | ९० | १ |
| मानुषी लघुवित्त | ९२०.३ | ९४१ | ३९५ | २२ |
| नबिल डिबेन्चर २०८२ | ९२८.४ | ९३० | ५० | १ |
| आशा लघुवित्त | ९०० | ९२४ | २४०० | ५९ |
| वेन नेपाल लघुवित्त | ८७५ | ९१५ | ३९४ | ११ |
| इन्फिनिटी लघुवित्त | ८९८.५ | ९१३ | ५१४ | २२ |
| कालिका लघुवित्त | ८७७ | ९११ | १४५३ | ३६ |
| नेपाल एसबिआई बैंक डिबेन्चर २०८३ | ९०२ | ९०३ | २५ | १ |
| निर्धन उत्थान लघुवित्त | ८७३ | ९०३ | ७९३८ | १२० |
| नेपाल दूरसंचार कम्पनी | ९५३ | ९०० | २३५१७७ | १४२६ |
| सबैको लघुवित्त | ८९० | ९०० | ५५७ | २० |
| केबिएल डिबेन्चर २०८६ | ९१४.६ | ८९६.४ | २५ | १ |
| राष्ट्र उत्थान लघुवित्त | ८५० | ८८८ | १६५८ | ५८ |
| उन्नती सहकार्य लघुवित्त | ८८९.९ | ८८७ | १४७ | ९ |
| नेरुडे लघुवित्त | ८४३ | ८८० | ७८०३ | ९२ |
| मनकामना स्मार्ट लघुवित्त | ८३१.४ | ८७७ | ७७२ | २५ |
| नबिल बैंक लि. | ८१० | ८३८ | ११००५७ | ११०१ |
| गणपति लघुवित्त | ७७५.२ | ८३३ | ७३३ | २२ |
| प्राइम डिबेन्चर २०८८ | ८२८.२ | ८३१.५ | १०० | ४ |
| विजय लघुवित्त | ८०० | ८३१ | ६५८ | १८ |
| स्वरोजगार लघुवित्त | ८०८ | ८३० | ४००५ | ५४ |
| गरिमा डिबेन्चर | १०३४७५ | ८०८.६ | ८४५ | ८४५ |
| सिभिल लघुवित्त | ७५५.८ | ८०२ | १३०९ | २० |
| किसान लघुवित्त | ८०० | ८०० | ११४ | ४ |
| गुराँस लघुवित्त | ७६७ | ७९० | ३६८ | ७ |
| शिखर इन्स्योरेन्स | ७५८ | ७८९ | १६१०५ | १९८ |
| धौलागिरी लघुवित्त | ७१४.४ | ७८५.८ | ९० | ९ |
| प्राइम डिबेन्चर २०८५ | ७६५ | ७८०.३ | ३० | १ |
| सांग्रिला डेभलपमेन्ट बैंक डिबेन्चर २०८७ | ७५६.३ | ७७१.४ | ७५ | २ |
| नयाँ सारथी लघुवित्त | ७५९ | ७६४ | १०६९ | २४ |
| मेरो माइक्रोफाइनान्स | ७३४ | ७४८.२ | ३८८३ | ५५ |
| ग्लोबल आइएमइ बैंक डिबेन्चर २०८६/०८७ | ७४३ | ७४३ | २५ | १ |
| समता घरेलु लघुवित्त | ७१५ | ७४० | ३०३ | १२ |
| एनआइसी एसिया लघुवित्त | ७०३.१ | ७३४.४ | ३६३९ | १२३ |
| सूर्योदय वोमी लघुवित्त | ७१० | ७३० | ९६० | ३३ |
| माउन्टेन इनर्जी | ७०३.५ | ७२६ | ११७७ | २९ |
| आरम्भ चौतारी लघुवित्त | ७०२ | ७२६ | २११६ | ४१ |
| रूरू जलविद्युत | ७११.१ | ७२५ | १३८८ | ३१ |
| नेको इन्स्योरेन्स | ७०० | ७२५ | ५४७५ | ७९ |
| फस्ट माइक्रोफाइनान्स | ७०० | ७२३.८ | १६७३६ | १४६ |
| खप्तड लघुवित्त | ६४०.८ | ७०४.८ | ५० | ५ |
| अभियान लघुवित्त | ६६७.१ | ७०४ | २७४८ | १७९ |
| एनआइसी एसिया बैंक | ६६५.२ | ६९४ | १००५२० | ५९७ |
| नेपाल रिइन्स्योरेन्स कम्पनी | ६६०.२ | ६९१ | ५०५८८ | ४२७ |
| एनएमबी माइक्रोफाइनान्स | ६४५ | ६६८ | २९८९ | ४१ |
| नेडेप लघुवित्त | ६४०.१ | ६६७ | ९२५० | ११६ |
| सिईडीबी हाइड्रोपावर | ६३० | ६६० | ९६९२ | १३५ |
| नेपाल लाइफ इन्स्योरेन्स | ६०५ | ६३४ | ४९४३८ | ४१६ |
| ग्रामिण विकास लघुवित्त | ५८१ | ५९८ | ९२७८ | ७२ |
| इमर्जिङ नेपाल लि. | ५६१ | ५८९ | १६०० | ३५ |
| प्रिमियर इन्स्योरेन्स | ५२७ | ५५५ | १३२८६ | १५७ |
| एसियन लाइफ इन्स्योरेन्स | ५०५ | ५३९ | ५८१२९ | २९० |
| गुर्खाज फाइनान्स | ४९० | ५३९ | ५४०९३ | ३८३ |
| आरएसडीसी लघुवित्त | ५०९.१ | ५३४.९ | २३६१ | ४८ |
| शिभम् सिमेन्ट | ४९०.६ | ५२० | ९०७९२ | ८०९ |
| नेसनल लाइफ इन्स्योरेन्स | ४९७ | ५१६ | १३८२६ | १२५ |
| सिद्धार्थ इन्स्योरेन्स | ४८३.१ | ५१४ | ८२९६ | ७७ |
| ओरेन्टीयल होटेल्स | ४७८ | ४९५ | ५११८ | २९ |
| एनएलजी इन्स्योरेन्स | ४६८ | ४९१ | ६६५५ | ६४ |
| रिडी पावर | ४४४ | ४७७ | १५५८४९ | ६७३ |
| साहस उर्जा | ४५५ | ४७० | ११९०३ | २७० |
| एभरेस्ट बैंक लि. | ४३५.९ | ४४९ | २१३७२ | १६९ |
| गुडविल फाइनान्स | ४१९ | ४४५ | १२०५८ | ८८ |
| आइसीएफसी फाइनान्स | ४०२ | ४३३ | २८७६० | ११३ |
| एनआरएन इनफ्रास्ट्रक्चर | ३९० | ४२४ | १२११६ | १२१ |
| मुक्तिनाथ विकास बैंक | ४०९.९ | ४२२ | २३६३४ | २३१ |
| स्ट्यान्डर्ड चार्टड बैंक | ४०४.७ | ४१२.९ | ९८४६ | ९५ |
| प्रभु इन्स्योरेन्स | ३८८ | ४०९.९ | २५०५ | ४१ |
| युनाइटेड इदी मर्दी हाइड्रो | ३९१ | ४०७ | ६०२३ | ५७ |
| नेपाल इन्स्योरेन्स | ३८७.९६ | ४०५ | १४९५९ | ६४ |
| मैलुङ खोला जलविद्युत | ३८६ | ४०० | ७४४१ | ६८ |
| अपर तामाकोशी हाइड्रो | ३७७ | ३९४ | ४१०४१ | ३२० |
| हिमालयन एभरेष्ट इन्स्योरेन्स | ३५९ | ३९४ | २१७१० | १३४ |
| मञ्जुश्री फाइनान्स | ३७० | ३९३ | २३८४१ | २२८ |
| मितरी डेभलपमेन्ट बैंक | ३७८ | ३९० | १७८५५ | ७५ |

**कुल कारोबार मूल्य :** २,०१७,०४९,९४१.३५ **कारोबार संख्या :** ३८,५५३
**सेयर संख्या :** ५,६५३,०५३ **नेप्से :** १,९२४.०९(५६.८८)

# बाघको नयाँ बासस्थान बसन्ता र लालझाडी

## कैलालीको बसन्ता र मोहना-लालझाडी जैविक मार्ग आसपास देखिन थाल्यो बाघ

**मोहन बुडाऐर** (धनगढी)



कैलालीको बसन्ता र मोहना-लालझाडी जैविक मार्ग आसपासका बस्ती छेउछाउ बाघ देखिन थालेको छ । घाँसदाउराका लागि वनभित्र पस्नसमेत स्थानीय डराइरहेका छन् । राति खोर र गोठभित्रका बाखा, बंगुर र गाईगोरुसमेत खान लागेको स्थानीयले बताएका छन् ।

मोहना-लालझाडी जैविक मार्गभित्र पर्ने गंगाजमुना सामुदायिक वनकी अध्यक्ष अस्तिनु चौधरीले दिउँसै बाघ देखिन थालेकाले स्थानीयलाई वनको छेउछाउ जान पनि डर लाग्ने गरेको बताइन् । रामजानकी बस्तीको अर्को बस्ती जाने मूल बाटो नै सामुदायिक वनको छेउ भएर जानुपर्छ ।

बसन्ता जंगलछेउका कैलाली ५ र ७ वडाका बासिन्दाले पनि एक सातादेखि बाघ बस्तीनजिकै देखिन लागेको बताए । जंगल छेउको खेतमा जाने क्रममा बाघ देखिएको वडा नम्बर ७ का खेमराज चौधरीको भनाइ छ । 'बाघको घाँटीमा बेल्ट बाँधिएको थियो, वयस्क थियो,' उनले भने, '५ नम्बर वडाका बासिन्दाले चार/पाँच दिनअघि यहीं बाघ देखेका रहेछन् ।' स्थानीयलाई अहिले घाँस दाउराका लागि जंगलभित्र पस्नसमेत डर लाग्ने गरेको उनले बताए ।

डिभिजन वन कार्यालय प्रमुख केशव पराजुलीले घाँटीमा बेल्ट बाँधिएको बाघ सीमावर्ती भारतको दुधुवा नेसनल पार्कबाट आएको र अहिले फर्किसकेको बताए । 'दक्षिणमा दुधुवा र उत्तरमा चुरेसम्म जोडिएको जैविक मार्गमा कहिलेकाहीं बाहिरबाट पनि बाघ घुम्न आउँछ,' उनले भने, 'घुम्न आएको बाघ एक-दुई सातामा फर्केको देखिन्छ ।' तर कैलालीको चुरेदेखि दुधुवासम्म २५ हजार हेक्टरमा फैलिएको बसन्ता जैविक मार्गमा बाघको नयाँ बासस्थान बनेको डिभिजन वन अधिकृत पराजुलीको भनाइ छ ।

त्यस्ता बाघले घरपालुवा जनावर खाइदिने र कहिलेकाहीं मानवीय क्षतिसमेत पुर्याउने गरेका घटनाले कैलालीको राष्ट्रिय तथा सामुदायिक वनभित्र नयाँ बासस्थान बनाएको हुन सक्ने उनले बताए । पूर्व-पश्चिम राजमार्गको मसुरिया क्षेत्रमा देखिएका बाघ भने स्थानीय नै उनको भनाइ छ । 'सुरुमा आहारा र नयाँ बासस्थानको खोजीमा कतैबाट यहाँ आएको हुन सक्छ,' उनले भने, 'वर्ष दिनभन्दा लामो समयदेखि मसुरियालगायत आसपास क्षेत्रमा बारम्बार उही बाघ देखिएको खबरले स्थानीय बाघ नै हो भन्न सकिन्छ ।'

मसुरिया, बसन्ता, गोदावरी र चुरेलगायत क्षेत्रमा एकै दिन बाघ देखिएका खबरले कैलालीको जंगलमा एकभन्दा बढी बाघ हुन सक्ने वन अधिकृत पराजुलीले बताए । 'नयाँ बासस्थान बनाएर बसेका बाघको संख्यामा पनि वृद्धि भएको पनि हुन सक्छ,' उनले भने, 'कैलालीको वनमा बाघको ट्र्यापिङ गर्न आवश्यक देखिएको छ ।' अहिलेसम्म यो क्षेत्रको वनमा स्थानीय बाघको क्यामरा ट्र्यापिङ नगरिएको उनले बताए । शुक्लाफाँटा वन्यजन्तु राष्ट्रिय निकुञ्जका प्रमुख किशोर मेहताले बर्दिया र शुक्लाफाँटा कम्प्लेक्सभित्रका बाघले नयाँ बासस्थान र आहाराको खोजीमा आफ्नो टेरोटेरी बढाउँदै लगेको बताए । बाघको बर्दिया र शुक्लाफाँटा कम्प्लेक्सको चार किल्लाभित्रमा कैलालीको बसन्ता र मोहना-लालझाडी वन क्षेत्रसमेत पर्ने गरेको छ । 'कैलालीको चुरेदेखि बसन्ता वन क्षेत्र बर्दिया कम्प्लेक्समा पर्छ,' उनले भने, 'शुक्लाफाँटा कम्प्लेक्सको चार किल्लामा मोहना-लालझाडी, ब्रह्मदेवदेखि डडेलधुराको भित्री मधेस जोगबुडासम्म पर्छ ।' शुक्लाफाँटा कम्प्लेक्सअन्तर्गत ३६ वटा पाटे बाघ गणनामा देखिएको उनले बताए ।

कैलालीको बसन्तालगायतको वन क्षेत्रमा पाटे बाघको स्थायी बासस्थानका विषयमा भने अध्ययन नै गर्नुपर्ने मेहता बताउँछन् । 'पाटेबाघको पैताला खोज्नेदेखि क्यामरा ट्र्यापिङसम्मका कुरा आउँछ,' उनले भने, 'त्यसपछि मात्रै कैलालीको वनमा पाटेबाघको बासस्थान रहे/नरहेको पत्ता लगाउन सकिन्छ ।'

कैलालीको चुरेफेद नजिकका बस्तीमा बारम्बार देखिने पाटे बाघ नभएर चितुवा भएको उनी बताउँछन् । 'स्थानीयले चितुवालाई पनि बाघ भन्छन्,' उनले भने, 'यसको अर्थ कैलालीको बसन्ता र चुरेफेदमा पाटेबाघ जाँदै जाँदैन भन्ने होइन । बच्चा जन्माउन माउ र बूढो भइसकेका बाघ सुरक्षित र आहारा पर्याप्त पाउने नयाँ बासस्थानको खोजी गर्छन् । 'यही सिलसिलामा पछिल्लो समय जैविक मार्गमा वनको विकास र घाँसपात खाने वन्यजन्तुको वृद्धि भएकाले बाघले नयाँ बासस्थानको रूपमा बाघको छनोटमा पर्न गएको हुन सक्छ,' उनले भने ।

कैलालीका वन अधिकृत पराजुलीले यसका लागि राष्ट्रिय तथा सामुदायिक वनमा देखिने बाघ वा चितुवाको गणना र अध्ययन पनि आवश्यक भएको बताए । 'चुरे बसन्ता वन क्षेत्रमा एक पटक बाघको 'सर्च' गर्नुपर्ने बेला आएको छ,' उनले भने, 'बढी बाघ भएमा संरक्षणको व्यवस्थापन पनि गर्नुपर्ने हुन्छ ।' मसुरियामा बाघको आक्रमणबाट गत वर्ष दुई जनाको मृत्युसमेत भएको थियो ।

# भागबन्डा 'प्याकेजमै'...

एमालेबाट दामोदर भण्डारी, राजेन्द्र राई र ज्वालाकुमारी साह तथा जनमत पार्टीका उपाध्यक्ष अब्दुल खान पनि मन्त्रीमा नियुक्त भएका छन् । उनीहरूको मन्त्रालय तोकिएको छैन । सोमबार नियुक्त भएका मन्त्रीमध्ये पौडेल, श्रेष्ठ र साहबाहेक अन्य नयाँ अनुहार हुन् ।

एमालेका तर्फबाट सरकारको नेतृत्व गरेका पौडेल अहिलेको सत्ता गठबन्धन निर्माण गर्न सुरुदेखि नै सक्रिय थिए । सत्ता समीकरण निर्माणमा चतुर खेलाडी मानिने पौडेल एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री भएका बेला दुवै पटक (०७२ र ०७७) अर्थमन्त्री बनेका थिए । ०५३ सालमा युवा, खेलकुद तथा संस्कृतिमन्त्री भएका पौडेल ०६५ सालमा दाहाल पहिलो पटक प्रधानमन्त्री बन्दा जलस्रोत र ०६७ सालमा झलनाथ खनाल नेतृत्वको मन्त्रिपरिषद्मा रक्षामन्त्री थिए । पौडेल रूपन्देही-२ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य हुन् ।

अहिलेको सत्तासमीकरण निर्माणमा माओवादीका तर्फबाट निर्णायक भूमिका खेलेका श्रेष्ठ तेस्रो पटक मन्त्री बनेका हुन् । उनी पहिलो संविधानसभामा खनाल नेतृत्वको सरकारमा उपप्रधान तथा गृहमन्त्री भएका थिए । श्रेष्ठ ०६८ सालमा बाबुराम भट्टराई नेतृत्वको सरकारमा उपप्रधान तथा परराष्ट्रमन्त्री थिए । श्रेष्ठले यस पटक गृह वा अर्थ मन्त्रालय लिन चाहेका थिए । माओवादीबाट उपमहासचिव वर्षमान पुनले पनि अर्थ र गृहमा दाबी गरेका थिए । तर सत्ता गठबन्धनको भागबन्डामा गृह र अर्थ माओवादीको भागमा परेन । सोही कारण पुन सरकारमा सहभागी भएका छैनन् । श्रेष्ठले भौतिक पूर्वाधार मन्त्रालयको जिम्मेवारी पाए । पुन वरीयताका कारण सरकारमा सहभागी नहुने मनस्थितिमा पुगेको निकट स्रोतले जनाएको छ । श्रेष्ठ राष्ट्रिय सभा सदस्य हुन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति लामिछाने ६ महिनाअघि मात्रै दल गठन गरेर राजनीतिमा सक्रिय थिए । त्यसअघि उनी सञ्चारकर्मी थिए । लामिछाने पहिलो प्रयासमा नै सांसद र उपप्रधान तथा गृहमन्त्री भएका हुन् । स्वतन्त्र पार्टी स्थापना भएको ६ महिनामै २० सिट जितेर संसद्को चौथो दल भएर सरकारमा सहभागी भएको हो । नेपालको इतिहासमै यस्तो दल अर्को छैन । लामिछाने पहिलो पटकमै गृहमन्त्री बन्ने थोरै नेतामा पर्छन् । यसअघि शेरबहादुर देउवा, ओली, वामदेव गौतमले मात्रै यस्तो अवसर पाएका थिए । गौतम मात्रै उपप्रधानसहित गृहको जिम्मेवारीमा थिए । लामिछाने चितवन-२ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य हुन् ।

एमालेकी साह ०६८ मा बाबुराम भट्टराई नेतृत्वको सरकारमा भूमिसुधार राज्यमन्त्री थिइन् । तत्कालीन प्रधानमन्त्री केपी शर्माले ०७८ मा कृषिमन्त्री बनाएका बेला भने उनी सर्वोच्च अदालतको आदेशले पदमुक्त भएकी थिइन् ।

साह बारा-३ बाट निर्वाचित प्रतिनधिसभा सदस्य हुन् । एमालेबाट प्रतिनिधित्व गरेका भण्डारी र राई, जनमत पार्टीका खान पहिलो पटक मन्त्री बनेका हुन् । भण्डारी बैतडी र राई धनकुटाबाट निर्वाचित प्रतिनिधिसभा सदस्य हुन् । बर्दियाका खान समानुपातिक प्रणालीबाट प्रतिनिधिसभा सदस्य भएका हुन् ।

**आधारभूत सेवा सुधार्ने निर्णय**

पुष्पकमल दाहाल नेतृत्व मन्त्रिपरिषद्को सोमबार बसेको पहिलो बैठकले सरकारले नागरिकलाई प्रदान गरिँदै आएका आधारभूत सेवा प्रवाहलाई सुगम, सरल, कम खर्चिलो र झन्झटमुक्त बनाउने गरी सुधारका काम तत्काल थाल्ने निर्णय गरेको छ । बैठकले विशेषतः राष्ट्रिय परिचयपत्र, विद्युतीय राहदानी, सवारी चालक अनुमतिपत्रलगायत सेवा प्रवाहलाई सुगम, सरल, कम खर्चिलो र झन्झटमुक्त बनाउने निर्णय गरेको हो ।

मन्त्रिपरिषद् बैठकले विकास परियोजनाको सार्वजनिक खरिद, निर्माण तथा सञ्चालनमा देखिएका ढिलाइ, जिम्मेवारी पन्छाउने प्रवृत्ति, निर्माणकार्यको गुणस्तरहीनता हटाउने कार्यमा परियोजना प्रमुखलाई नै जिम्मेवार बनाउने र त्यसकै आधारमा वृत्तिविकास सुनिश्चित हुने गरी सार्वजनिक कानुनमा तत्काल सुधार निर्णय गरेको छ । विकाससम्बन्धी कामलाई तीव्रता दिन छुट्टै कानुन संसद्को आउँदो अधिवेशनबाट पारित गरी कार्यान्वयनमा ल्याउने निर्णय पनि भएको छ ।

मन्त्रिपरिषद् सदस्यहरूले चालु आर्थिक वर्षमा बढेको १५ प्रतिशत तलब नलिने भएका छन् । कम्तीमा चालु आर्थिक वर्षभरि वृद्धि भएर आएको तलबभत्ता नलिने निर्णय भएको उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले जानकारी दिए । पहिलो बैठकपछि प्रधानमन्त्री दाहालले नेपालको अर्थतन्त्रको स्थिति जटिल र चुनौतीपूर्ण अवस्थामा भएकाले त्यसलाई सुधार गर्न प्रभावकारी कार्यमा अघि बढ्ने, सुशासनतिर गम्भीर रूपमा अघि बढ्ने निर्णय गरेको बताए ।

# दाहाललाई अमेरिका र पाकिस्तानको बधाई

काठमाडौं (कास)- नवनियुक्त प्रधानमन्त्री पुष्पकमल दाहाललाई अमेरिका र पाकिस्तानले सोमबार बधाई दिएका छन् । पाकिस्तानका प्रधानमन्त्री शेहवाज सरिफले ट्वीटमार्फत र काठमाडौंस्थित अमेरिकी दूतावासले फेसबुक पेजमार्फत दाहाललाई ४४ औं प्रधानमन्त्री भएकामा बधाई दिएको हो । अमेरिकी राजदूत डिन थम्प्सनले पनि ट्वीटमार्फत दाहाललाई बधाई दिएका छन् ।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र काठमाडौंस्थित चिनियाँ दूतावासले दाहाललाई आइतबारै बधाई दिइसकेका थिए । बेइजिङबाट पनि सोमबार शुभकामना सन्देश आएको छ । पाकिस्तानका प्रधानमन्त्री सरिफले बधाई दिने क्रममा क्षेत्रीय साझेदारका रूपमा पाकिस्तान र नेपालले सुमधुर सम्बन्ध राख्दै आएको उल्लेख गरेका छन् । उनले पाकिस्तान र नेपालबीचको द्विपक्षीय र क्षेत्रीय सहकार्यलाई अझ मबजुत बनाउन दाहालसँग काम गर्ने अपेक्षा व्यक्त गरेका छन् । हालसम्म भारत र पाकिस्तानबाट प्रधानमन्त्रीकै तहमा बधाई आएको हो ।

अमेरिकी दूतावासले बधाई दिने क्रममा दिगो आर्थिक वृद्धि हासिल गर्न र लोकतन्त्र तथा मानवअधिकारको सुदृढीकरण जस्ता द्विपक्षीय, क्षेत्रीय र विश्वव्यापी महत्त्वका मुद्दा प्रवर्द्धन गर्न नेपाल सरकारसँगै उभिइरहने उल्लेख गरेको छ । दूतावासले नेपालको लोकतन्त्रप्रतिको प्रतिबद्धता अन्य मुलुकहरूका लागि उदाहरण रहेको पनि जनाएको छ ।

चिनियाँ विदेश मन्त्रालयकी प्रवक्ता माओ निङले सोमबार पत्रकार सम्मेलनमा दाहाललाई बधाई दिँदै नेपाल सरकारसँग द्विपक्षीय सम्बन्ध अझ प्रगाढ बनाउन चीन इच्छुक रहेको बताएकी छन् । नेपाल सरकार र जनताको संयुक्त प्रयास र विभिन्न दल र राजनीतिक शक्तिको परामर्श र समन्वयबाट नेपालमा स्थायित्व र आर्थिक तथा सामाजिक विकास हुने विश्वास चीनले लिएको पनि उनले उल्लेख गरेकी छन् । परम्परागत छिमेकी मित्र भएको नाताले चीनले नेपाल-चीन सम्बन्धलाई ठूलो महत्त्व दिएको उनको भनाइ छ । दुई देशबीचको मैत्रीपूर्ण आदानप्रदान र सहयोगलाई विभिन्न क्षेत्रमा विस्तारका लागि नेपालको नयाँ सरकारसँग काम गर्न इच्छुक रहेको प्रवक्ता माओले बताइन् । नेपालका लागि युरोपेली युनियनकी राजदूत नोना डेप्रेजलगायत विदेशी नियोगका अधिकारीहरूले पनि सामाजिक सञ्जालमार्फत दाहाललाई बधाई दिएका छन् ।


**Time Extension Notice for the Supply of Tablets**

In reference to the tender notice for the **"Supply And Delivery Of Tablets"** published in the " "Kantipur Daily" on November 25, 2022, Nepal CRS Company has extended the time for the submission of tender bid for a period of 7 days which is **until 12:00 pm of January 2, 2023; Monday.** The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 HRS; January 2, 2023 at the office of CRS, Tokharoad, Gongabu, Kathmandu.

All other terms and conditions of the tender will remain the same. The Bidders who have already submitted their Bids are not required to resubmit the Bids again.

Please visit **www.crs.org.np** for further details.

**Nepal CRS Company**
Tokharoad, Mahadevtar
Kathmandu
01-4962097



**HELVETAS NEPAL**

**INVITATION FOR BIDS**

Date of first publication: 27 December 2022

**1.** Integrated Water Resources Management Programme, Helvetas Nepal, Birendranagar, Surkhet invites sealed Bid from the interested and competent suppliers/vendors for the **supply and delivery of various construction materials for drinking water supply and sanitation scheme as per following packages:**

| | |
|---|---|
| Package-I | Various construction materials (HDPE Pipe, fabricated materials, rebar, plain wire, barbed wire, chicken wire mesh, GI Pipe fitting, Valves, and tools, etc.) for Lekbeshi, Surkhet |
| Package-II | Fabricated materials (Iron works) for Barekot, Jajarkot |
| Package-III | Various construction materials (HDPE Pipe, rebar, plain wire, barbed wire, chicken wire mesh, GI Pipe fitting, Valves, and tools, etc.) for Barekot, Jajarkot |

**2.** The eligible bidders may obtain further information about the requirements and clarity on the bid document at office address, phone number or email mentioned below. We will response to such a query during office hours (9AM to 5PM).

**3.** The bidders can download bidding documents from the Helvetas Nepal's website: **www.helvetas.org/en/nepal/who-we-are/follow-us/public-announcements**

**4. Date of pre-bid meeting (online):** 02 January 2023 at 2PM. Interested potential bidders can contact to water.np@helvetas.org on or before 12:30PM by 02 January 2023 to participate the meeting.

**5. Sealed bids must be submitted to the office address as follows:**
**Helvetas Nepal, Birendranagar-7, Itram, Surkhet**

**6.** The last date for submission of sealed bid is on **09 January 2023 latest by 12PM.**

**7.** The bids will be opened on **09 January 2023, at 1PM** in the presence of Bidder's representatives who choose to attend.

**8.** Bid security should be in a form of bank guarantee issued by "A" class commercial bank in favour of **"Water Resources Management Programme (WARM-P) Helvetas Nepal"**, which is convertible into cash in Nepal without any condition (unconditional). The bid security amount is as follows:
a) Package-I : NRs 250,000 (in words: two hundred fifty thousand only)
b) Package-II : NRs. 25,000 (in words: twenty-five thousand only)
c) Package-III : NRs. 150,000 (in words: one hundred fifty thousand only)

**9.** The purchaser reserves the right to accept or reject any bid partially or fully without assigning any reasons whatsoever.

**Helvetas Nepal**
**Birendranagar-7, Itram, Surkhet**
**Phone no: 083-521092, 083-521093 Email: water.np@helvetas.org**



**च्छो-रोल्पा जनरल अस्पताल प्रा.लि. चरिकोट**
**च्छो-रोल्पा नर्सिङ कलेज**

**कर्मचारी आवश्यकता**

| आवश्यक कर्मचारी | आवश्यक संख्या | शैक्षिक योग्यता |
|---|---|---|
| वि.एन/विएससी नर्सिङ | ४/२ जना | (च्छो-रोल्पा नर्सिङ कलेजकको लागि) SBA तालीम प्राप्तलाई विशेष मान्यता |
| विएमएलटी | १ जना | |
| स्टाफ नर्स | ३ जना | SBA तालीम प्राप्तलाई विशेष मान्यता |
| रेडियोग्राफर | १ जना | |
| एनेस्थेसिया असिष्टेन्ट | १ जना | |

**छनौटको किसिम** : अन्तर्वार्ता
**तलबः** संस्थाको नियमानुसार
**आवेदन दिने अन्तिम मिति** २०७९/०९/३० गते सम्म
**ईमेल ठेगानाः tshorolpahospital063@gmail.com**
थप जानकारीको लागि ०४९४२१५०५, ०४९४२१९६०, ९८५११५८७२२
नोटः प्राविधिक कर्मचारीले इमेल मार्फत् वा स्वयम् उपस्थित भई सम्बन्धित निकायबाट मान्यता प्राप्त लाईसेन्स, शैक्षिक योग्यताको कागजात सहित **Bio-Data** अनिवार्य पेश गर्नुपर्ने छ ।



**HELVETAS NEPAL**

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**
**वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरुको पुर्नएकीकरण (रेमी) परियोजना, पहिलो चरण**

वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरुको पुर्नएकीकरण (रेमी) परियोजना नेपाल सरकार र स्वीस सरकारको द्विपक्षीय सम्झौता अन्तर्गत सञ्चालित छ । यो परियोजना श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सम्बन्धित प्रदेश मन्त्रालयहरु (प्रदेश एक र मधेस प्रदेश) र स्थानीय सरकारहरुले कार्यान्वयन गरिरहेका छन् । यस परियोजना स्वीस सरकार विकास सहयोग एसडीसीको आर्थिक सहयोग र हेल्भेटास नेपालको प्राविधिक सहयोगमा सञ्चालित छ । यसै सन्दर्भमा हेल्भेटास नेपालले तपसिल अनुसार पदको लागि योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट आवेदन आह्वान गर्दछ ।

**पदः सवारी चालक (२ जना)**
**कार्य उद्देश्यः** कर्मचारी (यात्रु), सवारी साधन र अन्य सामाग्रीहरुको सुरक्षाको सम्पूर्ण जिम्मेवारी लिई तालिका अनुसार सवारी साधन चलाउने, सवारी साधनको हेरचाह र मर्मत गर्ने कार्यमा जिम्मेवार रहने, फिल्ड जाँदा र यात्राको अवधिमा कर्मचारीहरुलाई सक्दो सहयोग पुर्‍याउने तथा आवश्यकता अनुसार कार्यालयको अन्य कार्यमा सहयोग गर्ने ।
**आवश्यक न्युनतम शिक्षा, अनुभव तथा दक्षताः** कम्तीमा १० कक्षा उत्तीर्ण भएको, कम्तिमा ३ वर्ष विभिन्न पहाडी तथा तराई क्षेत्रहरुमा समेत सवारी साधन चलाएको अनुभव भएको, हलुका सवारी साधन (चार पाङ्ग्रे) चालक प्रमाण-पत्र प्राप्त, डाक्टरद्वारा आँखा जाँच गरी सवारी साधन चलाउन योग्य भएको प्रमाण-पत्र प्राप्त, जातिय तथा लैङ्गिक बिषय प्रति संवेदनशील र भिन्न सांस्कृतिक पहिचान भएको समूहमा सजिलै काम गर्न सक्ने, नेपाली र साधारण अंग्रेजी लेख्न र बोल्न सक्ने ।
**कार्यस्थानः** रेमी परियोजनाको प्रादेशिक/फिल्ड कार्यालय विराटनगर (१ जना) र जनकपुर (१ जना)

**पदः कार्यालय सहायक (१ जना)**
**कार्य उद्देश्यः** कार्यालय व्यवस्थापनमा सहयोग गर्ने, कार्यालयको कागजात तथा सरसामानहरु आदान-प्रदान गर्ने, आवश्यकता अनुसार प्रिन्ट, फोटोकपी, बाईन्डीङ्ग आदि गर्ने ।
**आवश्यक न्युनतम शिक्षा, अनुभव तथा दक्षताः** कम्तीमा एस.एल.सी/एस.इ.इ.उत्तीर्ण भएको, कार्यालय सहायकको रुपमा कम्तिमा १ वर्ष कार्य अनुभव भएको, दुई पाङ्ग्रे सवारी साधन चालक (अनिवार्य) तथा हलुका सवारी साधन (चार पाङ्ग्रे) चालक प्रमाण-पत्र प्राप्त गरेकोलाई प्राथमिकता, जातिय तथा लैङ्गिक बिषय प्रति संवेदनशील र भिन्न सांस्कृतिक पहिचान भएको समूहमा सजिलै काम गर्न सक्ने, नेपाली र साधारण अंग्रेजी लेख्न र बोल्न सक्ने ।
**कार्यस्थानः** रेमी परियोजनाको परियोजना सहयोग इकाई, ललितपुर

**सबै पदको लागि कार्य अवधिः** ३ वर्ष (समय विस्तार हुन सक्ने)
**तलब तथा सुविधाः** हेल्भेटास नेपालको नियमानुसार
**बुझाउनुपर्ने कागजातहरुः**
**सबै पदको लागिः** १) निवेदन २) नागरिकताको फोटोकपी ३) व्यक्तिगत विवरण (बायोडाटा)
**सवारी चालक पदको लागि थप कागजातः** हलुका सवारी साधन (चार पाङ्ग्रे) चालक प्रमाण पत्र र डाक्टरद्वारा आँखा जाँच गरी सवारी साधन चलाउन योग्य भएको प्रमाण-पत्र ।
**कार्यालय सहायक पदको लागि थप कागजातः** दुई पाङ्ग्रे सवारी साधन चालक प्रमाणपत्र, हलुका सवारी साधन (चार पाङ्ग्रे) चालक प्रमाण-पत्र (यदि भएमा) ।

माथि उल्लेखित योग्यता तथा कार्य अनुभव भएका इच्छुक आवेदकहरुले रेमी/हेल्भेटास स्वीस इन्टरकोअपरेसन नेपाल, धोबिघाट, ललितपुर, पो.ब. नं. ६८८ वा इमेलः **remi.np@helvetas.org** मार्फत् आवेदन दिन सक्नेछन् । कार्य विवरणको पूर्ण जानकारी वेवसाइट **https://www.helvetas.org/en/nepal/who-we-are/jobs** मार्फत् प्राप्त गर्न सकिनेछ । स्थानीय आवेदकहरु तथा वैदेशिक रोजगारीबाट फर्किएकालाई विशेष ग्राह्यता दिइनेछ । प्रारम्भिक छनौटमा पर्न सफल आवेदहरुलाई मात्र परीक्षा र अर्न्तवार्ताको लागि सम्पर्क गरिनेछ । टेलिफोनबाट कुनै पनि प्रकारको सोधपुछ नगर्न अनुरोध छ । कुनै पनि आवेदन वा सम्पूर्ण आवेदन अस्वीकार गर्ने अधिकार हेल्भेटास नेपालमा सुरक्षित रहनेछ ।
हेल्भेटास नेपालले कर्मचारी विविधताको प्रवर्द्धन गर्दछ र विभेदित समूह (महिला, दलित, जनजाति, मधेशी/तराई र अन्य अल्पसंख्यक) का उम्मेदवारहरुप्रति सकारात्मक विभेद राख्दछ ।

**आवेदन दिने अन्तिम मितिः २०७९ पौष २६ गते (१० जनवरी २०२३)**



**HELVETAS NEPAL** swisscontact

**VACANCY ANNOUNCEMENT**

The Swiss Agency for Development and Cooperation (SDC) is a leading Development partner in Nepal supporting the Government of Nepal to bring reform in the Technical and Vocational Education and Training (TVET) sector through its projects namely, Nepal Vocational Qualifications System (NVQS) and Enhanced Skills for Sustainable and Rewarding Employment (ENSSURE). On behalf of the Swiss Agency for Development and Cooperation (SDC), Swisscontact Nepal through NVQS and HELVETAS Nepal through ENSSURE project provide Technical Assistance to the Government of Nepal.

SDC offers traineeship opportunities for fresh graduates to support the Government of Nepal in developing the required capacities in the TVET sector in an inclusive way. The Traineeship provides a platform where youths can develop abilities that are required to take up employment opportunities in the TVET sector, including at provincial and local governments. In this regard, NVQS-P/Swisscontact Nepal and ENSSURE/HELVETAS Nepal, on the behalf of SDC, invites applications from interested fresh graduates for the following traineeship positions:

**Position** : Trainee Technical and Vocational Education and Training (TVET) Officer (8 numbers)
**Location** : Project Support Unit, Bhaktapur - 2
Provincial Project Support Unit Province 1, Biratnagar - 2
Provincial Project Support Unit, Bagmati Province, Hetauda - 2
Provincial Project Support Unit, Lumbini Province, Butwal - 2
**Duration** : One year

**Required Education, Experience and Skills:**
- Bachelor's or Master's degree in Development Studies, Rural Development, Engineering, Management, or any relevant discipline.
- Fresh graduates (between 18 and 28 years of age) with no prior job experience.
- Good team player and effective communicator.

**Application Procedures:**

**Interested candidates who meet the above requirements should submit - (a) a current CV with at least two referees, and (b) a Cover Letter to hr.info@swisscontact.org latest by 16 January 2023. The detailed terms of reference (ToR) can be obtained through our website.**

http://www.swisscontact.org/en/countries/nepal/jobs

Please mention the position applied and preferred location in the **"subject" line of your email.**

Swisscontact Nepal and/or HELVETAS shall not entertain any phone inquiries or other such solicitations for this position. Only shortlisted candidates will be contacted for the selection process. Swisscontact Nepal and/or HELVETAS Nepal reserves the right to reject any or all applications.

**Swisscontact Nepal and/or HELVETAS Nepal promote workforce diversity and apply positive discrimination to candidates from discriminated groups (Women, Dalit, Janajati, Madhesi/Terai, and other minority communities).**

# राखेपको कदमविरुद्ध तेक्वान्दो संघ



पत्रकार सम्मेलनमा तेक्वान्दो संघका पदाधिकारी । *तस्बिर : कान्तिपुर*

**कान्तिपुर संवाददाता** (काठमाडौं)

नेपाल तेक्वान्दो संघले आफ्नो क्षेत्राधिकारबाट बाहिर गई राष्ट्रिय खेलकुद परिषद (राखेप) ले खेल संघहरूमाथि हस्तक्षेप गरेकोमा सबै खेलकर्मीले विरोध गर्नुपर्ने जनाएको छ । संघको नेतृत्वमा तेक्वान्दो खेलाडी र प्रशिक्षकले मंगलबार परिषदमा उक्त निर्णयको विरोध गर्ने कार्यक्रम राखेका छन् ।

तेक्वान्दो संघले सोमबार पत्रकार सम्मेलन गर्दै राखेपबाट राष्ट्रिय खेल संघको स्वायत्ततामाथि प्रहार भएको जनाएको छ । संघका अध्यक्ष प्रकाश शम्शेर राणाले शुक्रबार राखेपले राष्ट्रिय खेल संघको रूपमा तेक्वान्दो संघको दर्ता खारेजी र नयाँ तेक्वान्दो महासंघ गठन गर्ने निर्णयविरुद्ध उच्च अदालत पाटनमा रिट दायर गरेका थिए । रिट उपर सोमबार प्रारम्भिक सुनुवाइ गर्दै विपक्षीका नाममा कारण देखाउ आदेश जारी भएको छ । राणाले युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्सहित पाँच संस्थालाई विपक्षी बनाएर दायर गरेको रिटमा सोमबार प्रारम्भिक सुनुवाइपछि न्यायाधीश राज्यलक्ष्मी वज्राचार्यको एकल इजलासले विपक्षीसँग लिखित जवाफ माग गरेको हो ।

अन्तरिम आदेश माग माग गरिए पनि प्रारम्भिक सुनुवाइमा अन्तरिम आदेश दिन अदालतले अस्वीकार गरेको छ । अन्तरिम आदेशका लागि दुवै पक्षलाई छलफलमा झिकाउने भएको छ । राखेपले पुस ५ मा नेपाल तेक्वान्दो संघ र राष्ट्रिय तेक्वान्दो संघको दर्ता खारेज गरी नेपाल तेक्वान्दो महासंघ गठन गरेको थियो ।

राखेपको प्रतिशोधपूर्ण व्यवहारको सामना गर्न आफूहरू तयार रहेको तेक्वान्दो संघका महासचिव दीपराज गुरुङले बताए । उनले संघको दर्ता खारेजी निर्णय तुरुन्त बदर गर्दै खेल संघमाथिको अतिक्रमण नीति तुरुन्त बन्द गर्न माग राखेको छ ।

'उद्देश्य र दर्ता प्रक्रिया नै फरक भएको दुई खेल संघलाई जबरजस्ती मिलाउन खोज्ने र दर्ता खारेजीसम्मको हर्कत गरिनु सामान्य विषय होइन,' महासचिव गुरुङले भने, 'दर्ता खारेजी, संघ गठन र पुनर्गठन राखेपको काम नै होइन । हामी नेपालको सबै कानुन र नीति नियम मान्छौं । त्यसको सम्मान पनि गर्छौं । यो विघटन नेपालको खेलकुद ऐन विपरीत छ ।'

संघले भनेको छ, 'परिषदको अवैधानिक कदमले तेक्वान्दोका खेलाडी, प्रशिक्षक खेल पदाधिकारी र खेलकर्मीको भविष्य अनिश्चित भएको छ र यसले देशको खेलक्षेत्रमै अन्यौल सिर्जना गरेको छ । परिषदले नियमन गर्ने नाममा खेल संघ र पदाधिकारी, खेलाडी, प्रशिक्षक र कर्मचारीलाई धाकधम्की दिने षड्यन्त्रपूर्वक काम गरिरहेको छ ।'

आफ्नो खेल संघमाथि सरकारी हस्तक्षेपबारे विश्व तेक्वान्दो महासंघलाई पनि जानकारी गराइसकिएको महासचिव गुरुङले बताएका छन् । उनका अनुसार महासंघले यस किसिमको सरकारी हस्तक्षेपलाई स्वीकार्दैन । मंसिर २४ गते निवर्तमान खेलकुदमन्त्री महेश्वरजंग गहतराजले मन्त्रीस्तरीय निर्णयमा तेक्वान्दोसहित तीन खेल संघको दर्ता खारेजी र पुनर्गठनको निर्णय गरेपछि विवाद उत्कर्षमा पुगेको हो ।

साउनमा राखेपको ११३औं बोर्ड बैठकले राखेपका उपाध्यक्ष शिव कोइरालाको संयोजकत्वमा खेल संघ विवाद समाधान समिति गठन गरेको थियो । त्यही समितिको प्रतिवेदनलाई मन्त्रीले सदर गरी निर्णय गरेको थियो । राखेपले मन्त्रीको निर्णय कार्यान्वयन भन्दै गत मंगलबार तेक्वान्दो, उसु र शारीरिक सुगठन संघ दर्ता खारेजी तथा पुनर्गठन गरेको थियो ।

# जनकपुरको जित कायमै

## दोस्रो खेलको निर्णय पनि अन्तिम ओभरमै, फारवेस्टसँग काठमाडौं नाइट्स ४ विकेटले पराजित

**कान्तिपुर संवाददाता** (काठमाडौं)

चाडविक वाल्टनले अन्तिम ओभरमा १६ रन प्रहार गरेपछि जनकपुर रोयल्सले नेपाल टी-२० लिगमा लगातार दोस्रो जित हात पारेको छ । जनकपुरले सोमबार कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा विराटनगर सुपर किंग्सलाई ५ विकेटले पराजित गर्‍यो ।

जनकपुरलाई अन्तिम ओभरमा विजयनिम्ति १६ रन चाहिन्थ्यो । वेस्ट इन्डिजका भेट्रान विकेटकिपर/ब्याटर वाल्टनले आवश्यक सबै रन बटुलेर जनकपुरलाई विजयी बनाए । पाकिस्तानी बलर हुसैन तलातको ओभरमा उनले पहिलो बलमा चौका प्रहार गरे । दोस्रो बल डट भए पनि वाल्टनले तेस्रो बलमा छक्का प्रहार गरेका थिए । चौथो बल पनि डट भएपछि अन्तिम दुई बलमा जनकपुरलाई विजयका निम्ति ६ रन चाहियो । पाँचौं बलमा चौका प्रहार गरेपछि वाल्टनले खेलको अन्तिम बलमा २ रन जोड्दै म्याच विजयी इनिङ्स खेलेका थिए । उनी ५५ बलमा ६९ रन बनाई अविजित रहे । त्यसक्रममा उनले ५ चौका र ४ छक्का प्रहार गरे । अर्का अविजित ब्याटर मोहम्मद आदिल अलामले ६ बलमा १० रन बनाए ।

सागर पुन ५ तथा सन्दीप जोरा र राजेश पुलामी समान १ रनमा आउट भए । अर्का क्यारेबियन खेलाडी एवं कप्तान ट्रेभोन ग्रिफिथले २१ बलमा ३ चौका र १ छक्कासहित २५ रन बनाए । सराफुद्दिन असरफले २९ बलमा २३ रन बनाए । विराटनगरबाट तलात, नन्दन यादव र रिजन ढकालले १-१ विकेट लिए ।

खेलका अर्का हिरो थिए ललित राजवंशी । देब्रेहाते यी



रन लिनेक्रममा फारवेस्ट युनाइटेडका विनोद भण्डारी र हसमतुल्लाह साहिदी । *तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर*

स्पिनरले ५ विकेट लिए । उनले ४ ओभरमा १ मेडन राख्दै ८ रनमात्र खर्चे । त्यस्तै केसरिक विलियम्स र आदिलले २-२ तथा सोमपाल कामीले १ विकेट लिए । यसअघि टस जितेको विराटनगरबाट सिकन्दर राजाले ३८, रोहित पौडेलले ३२, तलातले २८, अर्जुन साउदले १८ र विवेक यादवले १० रन बनाएका थिए ।

अर्को खेलको छिनोफानो पनि अन्तिम ओभरमै भयो, त्यसमा फारवेस्ट युनाइटेडले काठमाडौं नाइट्सको चुनौती ४ विकेटले पन्छाएको थियो । करण केसीले अन्तिम ओभरको पहिलो बलमा चौका प्रहार गरेपछि फारवेस्टले ९९ रनको लक्ष्य १ सय २ बनाउँदै पूरा गरेको थियो । करण ७ बलमा ८ रन बनाई अविजित रहे । तर खेलका नायक अफगानी खेलाडी हसमतुल्लाह साहिदी थिए । प्लेयर अफ द म्याच उनले ४९ बल खेल्दै ३ चौका र २ छक्कामा अविजित ५० रन बनाए । देव खनाल १७ र भीम सार्की ११ रनमा आउट भएका थिए । हरिशंकर शाह र वसन्त कार्कीले खाता खोल्न सकेनन् भने विनोद भण्डारी ४ र उमैर अली १ रनमा आउट भए । नाइट्सका अनिल खरेलले ४ ओभरमा १ मेडन राख्दै १० रन खर्चेर २ तथा अजमतुल्लाह ओमारजाई, रायन बर्ल, बसिर अहमद र अविनाश बोहराले १-१ विकेट लिए ।

यसअघि टस हारेर ब्याटिङ गर्न आएको नाइट्सले निर्धारित २० ओभरमा ९ विकेट गुमाई ९८ रनमात्र बनाउन सकेको थियो । एलेक्स ब्लेक ४५ रनमा अविजित रहे । उनले ३७ बल खेल्दै ५ चौका र १ छक्का प्रहार गरे । सन्तोष कार्की १२ र कप्तान ज्ञानेन्द्र मल्ल १३ रनमा आउट भए । फारवेस्टका अलीले ३, भुवन कार्की र साहिदीले २-२ तथा शेर मल्लले १ विकेट लिए ।

# छनोटमा सुष्मा विजयी

काठमाडौं (कास)- थाइल्यान्डको बैंककमा हुने एएसबीसी यू-२२ पुरुष तथा महिला बक्सिङ प्रतियोगिताअन्तर्गत राष्ट्रव्यापी खुला छनोटको महिला ४८ केजी तौलमा सुष्मा तामाङ छनोट भइन् । उनले फाइनलमा जेनेक्सकी तेजीमाया गुरुङलाई अंकका आधारमा पराजित गरिन् ।

महिला ५७ केजीमा बक्समाण्डुका हेमा राईले झापाका सुस्मिता राईलाई अंकका आधारमा पराजित गर्दै छनोट चरण पार गरिन् ।

पुरुष ४८ केजी तौल समूहको फाइनलमा एचटुओका लालप्रसाद उप्रेतीले बक्समाण्डुका लक्ष्मण राईलाई स्पिलिट डिसिजनका आधारमा हराएर छनोट पक्का गरे । ५७ केजीमा केवाईबीसीका निर्मल सुवेदी नक्सालका आयुष्मान चटौतलाई एबीडीको आधारमा पराजित गर्दै सेमिफाइनल पुगेका छन् । अन्य छनोटका खेल मंगलबार हुनेछ ।

# यलम्बर कप माघमा

काठमाडौं (कास)- नखिपोट युथ क्लब ब्याडमिन्टन सर्कलको आयोजनामा तेस्रो यलम्बर कप तथा प्रथम राष्ट्रव्यापी यलम्बर भेट्रान्स च्याम्पियनसिप ब्याडमिन्टन प्रतियोगिता माघमा हुने भएको छ ।

माघ १ देखि ५ सम्म क्लबकै नखिपोर्टस्थित ब्याडमिन्टन कोर्टमा हुने प्रतियोगितामा ६ इभेन्टमा प्रतिस्पर्धा हुनेछ । मेन्स ओपन (शीर्ष २० वरीयताबाहेक) डबल्स विजेताले ५० हजार, दोस्रोले २५ हजार र तेस्रो हुनेले २० हजार पुरस्कार पाउनेछन् । सुपर भेट्रान्स (५५ वर्षमाथि) विजेताले ३० हजार, दोस्रोले २० हजार र तेस्रोले २० हजार पाउनेछन् । भेट्रान्स डबल्स र मिडियम भेट्रान्स विजेताले ३५ हजार, दोस्रोले २० हजार र तेस्रोले २० हजार पाउनेछन् । महिला एकल विजेताले २५ हजार, दोस्रोले १५ हजार र तेस्रोले १० हजार प्राप्त गर्दा पुरुष एकल (२० वरीयताबाहेक) विजेताले ३० हजार, उपविजेताले २० र तेस्रोले २० हजार पाउने आयोजकले जनाएको छ ।

प्रतियोगितामा करिब ४ सय खेलाडीको सहभागिता रहने सर्कलका अध्यक्ष जयराम राईले बताए । आर्थिक संयोजक दिनेश राईका अनुसार प्रतियोगिताको अनुमानित बजेट कुल १९ लाख १० हजार रहेको छ ।

# टोटेनहमको बराबरी

लन्डन (एएफपी)- इंग्ल्यान्ड कप्तान ह्यारी केनको प्रभावशाली प्रदर्शन मदतमा टोटेनहमले इंग्लिस प्रिमियर लिगमा सोमबार ब्रेन्टफोर्डलाई २-२ को बराबरीमा रोकेको छ । विश्वकप विश्रामपछि फेरि सुरु भएको लिगमा टोटेनहमले दुई गोलले पछाडि रहेको स्थितिबाट बराबरी निकालेको हो ।

भिटाली जनेल्ट र आइभन टोनीले ब्रेन्टफोर्डका लागि गोल गरेपछि एन्टोनियो कोन्टेको टिम बिर्सनलायक हारतर्फ अग्रसर देखिएको थियो । तर कम्युनिटी स्टेडियममा भएको खेलमा केनले टोटेनहमका लागि पहिलो गोल गरे । विश्वकपमा फ्रान्सविरुद्ध पेनाल्टीमा गोल गर्न चुकेयता केनको यो पहिलो गोल हो ।

खेल सकिन १९ मिनेटअगाडि पिएरे-एमिले होजबर्गले बराबरी गोल गरेका थिए । ब्रेन्टफोर्डले सन् १९४८ यता टोटेनहमलाई हराउन सकेको छैन । टोटेनहम यो नतिजापछि चौथो स्थानमा रह्यो । टोलीलाई पाँचौं स्थानमा रहेको म्यानचेस्टर युनाइटेडमाथि ४ अंकको अग्रता प्राप्त छ । ब्रेन्टफोर्ड भने २० अंकमा नवौं स्थानमा छ ।




**कान्तिपुर पब्लिकेशन्स् लिमिटेड**द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, सम्पादक : **उमेश चौहान**, प्रधान सम्पादक : **सुधीर शर्मा**

# १३१ महिला तथा बालिकाको उद्धार

कान्तिपुर संवाददाता (मोरङ)

एक वर्षको अवधिमा विराटनगरको रानी नाकाबाट १ सय ३१ महिला तथा बालिकालाई उद्धार गरिएको गैरसरकारी संस्था माइती नेपालले जनाएको छ। भारततर्फ बेचबिखनका लागि लग्दै गरेको अवस्थामा उनीहरूको उद्धार गरी अभिभावकलाई जिम्मा लगाएको उक्त संस्थाको दाबी छ।

माइती नेपाल मोरङका कार्यक्रम संयोजक विनोद पोखरेलका अनुसार सन् २०२२ देखि हालसम्म उद्धार गरिएकामध्ये १८ देखि ६० वर्ष उमेरसम्मका ८९ र १२ देखि १८ वर्षमुनि उमेरका ४२ छन्। सबभन्दा बढी मोरङका ३६, सुनसरीका २१, झापाका १५, काठमाडौंका ९, उदयपुरका ७, धनकुटा, इलाम, भोजपुरका ५/५, संखुवासभाका ४, सप्तरी, तेह्रथुम, ताप्लेजुङ, खोटाङ, लमजुङ, सिन्धुलीका २/२ जना भएको उसले जनाएको छ। यस्तै, कैलाली, धनुषा, कपिलवस्तु, काभ्रेपलाञ्चोक, सर्लाही, सिरहा, गोर्खाका १/१ र सीमावर्ती भारतीय गाउँका ३ जनाको उद्धार गरेर अभिभावकको जिम्मा लगाइएको पोखरेलले बताए।

मोरङका ३४ जनामध्ये विराटनगर महानगरपालिकाका १४, रंगेली र सुन्दरहरैंचा नगरपालिकाका ४/४, कटहरी गाउँपालिकाका ४, बेलबारी र कानेपोखरीका २/२, उर्लाबारी, धनपालथान र सुनवर्षीका १/१ जना छन्। त्यसैगरी जातीय आधारमा चौधरी र राजवंशी समुदायका ३४, राई, लिम्बु, मगर, तामाङ, लामा ३४, ब्राह्मण/क्षेत्री २५, विक/परियार १८, तराईवासी ८, मुस्लिम ५, नेवार ३, धिमाल, भुजेल, अग्रवाल, माझी समुदायका १/१ जना छन्।

यो वर्ष महिला तथा बालिका हराएको सम्बद्धमा परेको ४७ वटा उजुरीमध्ये ११ जनाको उद्धार गरिएको र अन्यको खोजी कार्य भइरहेको पोखरेलले बताए। बेचबिखनमा परेका एक महिलालाई भारतको दिल्लीबाट उद्धार गरिएको छ। बेचबिखनमा परेका एक बालिकालाई यो वर्ष रानी नाकाबाट उद्धार गरेर मुद्दासमेत दायर गरिएको उनले बताए। सन् २०१० देखि हालसम्ममा रानी नाकाबाट १ हजार १ सय ६९ महिला तथा बालिकाको उद्धार गरेको उक्त संस्थाले तथ्यांक सार्वजनिक गरेको छ।

उक्त अवधिमा उक्त संस्थामा ५ सय ५१ महिला तथा बालिका हराएको उजुरी दर्ता भएकामध्ये ८३ जनालाई खोजी गरी अभिभावकको जिम्मा लगाइएको तथ्यांकमा उल्लेख छ। मोरङको इलाका प्रशासन कार्यालय उर्लाबारीमा राहदानी बनाउन आएका १ हजार ४ सय ३९ पुरुष र १ हजार ३५ महिलालाई वैदेशिक रोजगारीका बारे सचेतनामूलक शिक्षा दिएको पोखरेलले बताए।


M.A.W INVESTMENT 'गन्तव्यको सहयात्री'

**एम.ए.डब्लु. इन्भेष्टमेन्ट प्रा.लि.**
**(M.A.W. Investment Pvt. Ltd.)**
(नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज कर्जा प्रदान गर्ने इजाजतपत्र प्राप्त संस्था)

**एम.ए.डब्लु. इन्भेष्टमेन्ट प्रा.लि. त्रिपुरेश्वरको कर्जा रकम चुक्ता भुक्तान गर्न आउने बारे तपसिलमा उल्लेखित ऋणीहरुलाई ३५ दिने सार्वजनिक सूचना साथै कालोसुचिमा समाबेश गरिने बारे**
(प्रथम प्रकाशित मिति २०७९।०९।१२ गते मंगलबार कान्तिपुर राष्ट्रिय दैनिक)

नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज कर्जा प्रदान गर्ने इजाजतपत्र प्राप्त यस एम.ए.डब्लु. इन्भेष्टमेन्ट प्रा.लि. बाट हायर पर्चेज कर्जा शिर्षक अर्न्तगत सवारी साधन खरिद गर्नको लागि कर्जा उपयोग गर्नु हुने तपसिलमा उल्लेखित तपाई ऋणीहरुलाई सो उपयोग गर्नुभएको कर्जाको साँवा, ब्याज तथा दे दस्तुर समेत यस कम्पनीसँग गरेको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउन पर्नेमा सो नतिरी नबुझाई अनियमित गर्नुभएको हुँदा कर्जा रकम चुक्ता भुक्तान गर्ने सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तर-ताकेता तथा सार्वजनिक सूचना मार्फत जानकारी गर्दा समेत सोको बेवास्ता आलटाल गरी यस कम्पनीलाई तिर्न बुझाउन पर्ने रकम नबुझाई कर्जा सम्बन्धी यस कम्पनी समक्ष उपस्थित भई लेखाई दिनुभएको कर्जा तमसुक शर्त कबुलियतको शर्त बन्देजहरु उल्लंघन गनुभएकोले कर्जा रकम चुक्ता गर्नको लागि यो ३५ (**पैतिस**) दिने सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस कम्पनीमा सम्पर्क राखी कम्पनीबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दस्तुर चुक्ता भुक्तान गर्न अनुरोध गरिन्छ। सो म्यादभित्र ऋणीले आफूले लिएको कर्जाको साँवा, ब्याज र अन्य दस्तुर चुक्ता भुक्तान नगरेमा नेपाल राष्ट्र बैंक ऐन, २०५८, नेपाल राष्ट्र बैंकको नियम तथा विनियमहरु, कम्पनीको नियम तथा प्रचलित कानून वमोजिम यस कम्पनीसँग भए गरेको लिखत अनुसार ऋणी एवं व्यक्तिगत जमानीकर्ता समेतलाई कानूनी कारवाही गरी कम्पनीको लेना रकम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गरी असुल उपर गरिने छ। तसर्थ वित्तिय अनुशासन कायम गरी तोकिएको म्याद भित्र कर्जा रकम चुक्ता भुक्तान गर्नहुन पुनः ऋणी, धितो लेखी दिने र व्यक्तिगत जमानीकर्ताहरुलाई साथै कालोसुचिमा समाबेश समेत यसै सूचनाबाट जानकारी लिनुहुन सुचित गरिन्छ।

**तपसिल**

| क्र.स. | ऋणी तथा जमानतकर्ताहरु | धितो सुरक्षणको विवरण | ऋणी तथा जमानतकर्ताहरुको फोटो |
|---|---|---|---|
| १. | **ऋणीको नाम ,थर र ठेगाना :**<br>**नाम** : मुस्कान कन्स्ट्रक्सन<br>**रजिष्टर्ड ठेगाना** : सुनसरी जिल्ला इनरवा न.पां. वडा नं. ०१<br>**दर्ता नं** : १३००६।०७३।०७४<br>**दर्ता मिति** : २०७४।०३।२७<br>**प्यान नं** : ६०६२४२७५६ | सवारी दर्ता नं : को.१.क २८४५<br>सवारी मोडलं.: 3DX Super Backhoe Loader<br>इन्जिन नं.: H00160092<br>च्यासिस नं. : HARD3DXSUH02580172<br>रंग: पहेलो<br>बनेको साल: २०१७ | |
| क. | **जमानतकर्ताको नाम, थर र ठेगानाः**<br>**नाम** : रिता देवी साह **वर्ष** : ४१<br>**श्रीमानको नाम** : गोविन्द प्रसाद साह हलुवाइ<br>**ससुराको नाम** : लक्ष्मी साह हलुवाइ<br>**साविक ठेगाना** : सुनसरी जिल्ला श्रीपुर जब्दी वडा नं. ६<br>**ठेगाना** : सुनसरी जिल्ला इनरवा न.पां. वडा नं. ०४<br>**ना.प्र.नं.**: ०६३०४७/४२६४ **जारी मितिः** २०६३/१२/१२ | | <br>रिता देवी साह |
| ख. | **नाम** : गोविन्द प्रसाद साह हलुवाइ **वर्ष** : ४६<br>**बाबुको नाम** : लक्ष्मी साह हलुवाइ<br>**बाजेको नाम** : गनेसिसा साह<br>**साविक ठेगाना** : सुनसरी जिल्ला श्रीपुर बडा नं. ०६<br>**हालको ठेगाना** : सुनसरी जिल्ला इनरवा न.पां. वडा नं. ०४<br>**ना.प्र.नं.**: २११२५/२३१२५ **जारी मितिः** २०५१/०१/२७ | | <br>गोविन्द प्रसाद साह हलुवाइ |
| २. | **ऋणीको नाम, थर र ठेगाना :**<br>**नाम** : सेसेफुङ कन्स्ट्रक्सन प्रा.लि.<br>**रजिष्टर्ड ठेगाना** : धनकुटा जिल्ला साँगुरीगढी गा.पा-६<br>**दर्ता नं** : २६६२०२/०७८/०७९<br>**दर्ता मिति** : २०७८।०४।१५<br>**प्यान नं** : ६१००३९१५५ | सवारी दर्ता नं.: प्रदेश १-०२-००१ क ४३६८ नं. को JCB NXT 221 Tracked Excavator<br>मेसिन नं.: PUNJD22APM2900358<br>इन्जिन नं.: 84937288<br>बनेको साल: 2021<br>सवारी रङ : पहेंलो<br><br>सवारी दर्ता नं.: प्रदेश १-०२-००१ क ४३६५ नं. को JCB NXT 221 Tracked Excavator<br>मेसिन नं.: PUNJD22APM2900361<br>इन्जिन नं.: 84937513<br>बनेको साल: 2021<br>सवारी रङ : पहेंलो<br><br>(जमानतकर्ता सीता कुमारी लिम्बुको नाउँमा रहेको सुनसरी जिल्ला, घोपा न.पा ०२ मा अवस्थित कि. नं. ५८४ र ५८९ को ज.क्ष.बि ०-०-१७-० को अतिरिक्त जग्गा समेत) | |
| क. | **जमानतकर्ताको नाम, थर र ठेगानाः**<br>**नाम** : आशिष राई **वर्ष** : ३६<br>**बाबुको नाम** : द्रोण राई<br>**बाजेको नाम** : हर्क मान राई<br>**स्थायी ठेगानाः** धनकुटा जिल्ला भेडेटार गाविस -०४<br>**हालको ठेगाना** : धनकुटा जिल्ला साँगुरीगढी गारन.पा -०६<br>**ना.प्र.नं** : १५९ **जारी मिति** : २०५९।११।२२ | | <br>आशिष राई |
| ख. | **नाम** : शिवाञ्ली राई **वर्ष** : ३५<br>**श्रीमानको नाम** : आशिष राई<br>**ससुराको नाम** : द्रोण राई<br>**स्थायी ठेगाना** : धनकुटा जिल्ला भेडेटार गाविस -०४<br>**हालको ठेगाना** : धनकुटा जिल्ला साँगुरीगढी गारन.पा -०६<br>**ना.प्र.नं** : ०७३०१४/५६ **जारी मिति** : २०६३।११।२६ | | <br>शिवाञ्ली राई |
| ग. | **नाम** : जिवन लिम्बु **वर्ष** : ३३<br>**बाबुको नाम** : सुरेन्द्र बहादुर लिम्बु<br>**बाजेको नाम** : गंगा बहादुर लिम्बु<br>**स्थायी ठेगाना** : धनकुटा जिल्ला भेडेटार गाविस -०४<br>**हालको ठेगाना** : धनकुटा जिल्ला साँगुरीगढी गारन.पा -०६<br>**ना.प्र.नं** : ३९५ **जारी मिति** : २०६२।०४।२५ | | <br>जिवन लिम्बु |
| घ. | **नाम** : लिला माया लिम्बु **वर्ष** : ३०<br>**श्रीमानको नाम** : जिवन लिम्बु<br>**ससुराको नाम** : सुरेन्द्र बहादुर लिम्बु<br>**स्थायी ठेगाना** : धनकुटा जिल्ला भेडेटार गाविस -०४<br>**हालको ठेगाना** : धनकुटा जिल्ला साँगुरीगढी गारन.पा -०६<br>**ना.प्र.नं** : ०७३०१४/१०२ **जारी मिति** : २०७०।०२।०६ | | <br>लिला माया लिम्बु |
| ङ. | **नाम** : सुरेन्द्र बहादुर लिम्बु **वर्ष** : ५७<br>**बबुको नाम** : गंगा बहादुर लिम्बु<br>**बाजेको नाम** : मनोज ध्वज लिम्बु<br>**स्थायी ठेगाना** : धनकुटा जिल्ला भेडेटार गाविस -०४<br>**हालको ठेगाना** : धनकुटा जिल्ला साँगुरीगढी गारन.पा -०६<br>**ना.प्र.नं** : ७९२४ **जारी मिति** : २०३९।१०।२० | | <br>सुरेन्द्र बहादुर लिम्बु |
| च. | **नाम** : सीता कुमारी लिम्बु **वर्ष** : ५८<br>**श्रीमानको नाम** : सुरेन्द्र बहादुर लिम्बु<br>**ससुराको नाम** : गंगा बहादुर लिम्बु<br>**स्थायी ठेगाना** : धनकुटा जिल्ला भेडेटार गाविस -०४<br>**हालको ठेगाना** : धनकुटा जिल्ला साँगुरीगढी गारन.पा -०६<br>**ना.प्र.नं** : २२३०६ **जारी मिति** : २०४७।०९।०८ | | <br>सीता कुमारी लिम्बु |

**कर्पोरेट कार्यालय , त्रिपुरेश्वर, काठमाडौं, नेपाल, फोन नं. ०१-५३३३०४८, ५३३२४९९**

पुनश्च : यसै सूचनालाई आधार मानी कम्पनीलाई तिर्न बुझाउनु पर्ने कर्जा किस्ता रकम वक्यौता रहेका ग्राहक महानुभावहरुले यथा समयमानै चुक्ता भूक्तान गर्नु हुन अनुरोध गर्दछौं। अन्यथा उपरोक्तानुसार सूचना प्रकाशित गरिने व्यहोरा सम्बन्धित पक्षलाई जानकारी गराइन्छ।


# प्रदेश सांसदद्वारा शपथ ग्रहण

● एमाले सांसदद्वारा राष्ट्रिय पोसाक लगाएर नेपाली भाषामा ● ६ सांसदद्वारा मातृभाषामा

कान्तिपुर संवाददाता (मोरङ)



प्रदेशसभा भवनमा सोमबार आयोजित शपथ ग्रहण कार्यक्रममा उपस्थित प्रदेश १ का नवनिर्वाचित प्रदेश सांसद। *तस्बिर : देवनारायण साह/कान्तिपुर*

प्रदेश १ का सांसदहरूले सोमबार पद तथा गोपनीयताको शपथ लिएका छन्। प्रदेश प्रमुख पर्शुराम खापुङले ज्येष्ठ प्रदेश सांसद ७९ वर्षीय गयानन्द मण्डल गनगाईलाई प्रदेश प्रमुखको कार्यालयमा पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए। प्रदेश प्रमुख खापुङबाट शपथ ग्रहण गरेपछि ज्येष्ठ सांसद गनगाईले अन्य ९२ प्रदेश सांसदलाई प्रदेशसभा भवनमा सोमबार नै शपथ ग्रहण गराएका हुन्।

संविधानको धारा १७९ मा प्रदेशसभाका सदस्यहरूले प्रदेशसभा वा त्यसको कुनै समितिको बैठकमा पहिलो पटक भाग लिनुअघि प्रदेश कानुनबमोजिम शपथ लिनुपर्ने व्यवस्था छ। संविधानको धारा १८२ को उपधारा (५) मा प्रदेश सभामुख र प्रदेश उपसभामुखको निर्वाचन नभएको वा दुवै पद रिक्त भएको अवस्थामा प्रदेशसभा बैठकको अध्यक्षता उपस्थित सदस्यमध्ये उमेरको हिसाबले ज्येष्ठ सदस्यले गर्ने व्यवस्था छ। नवनिर्वाचित प्रदेश सांसदले आफ्ना सांस्कृतिक पोसाकमा प्रदेशसभा भवनमा शपथ ग्रहण गरेका छन्। आदिवासी जनजाति, मधेसी, ब्राह्मण, क्षेत्रीलगायतका सांसदहरूले आ-आफ्ना सांस्कृतिक पोसाक लगाएर शपथ ग्रहण गरेका हुन्।

उनीहरूलाई प्रदेशसभाका ज्येष्ठ सदस्य ७९ वर्षीय गयानन्द मण्डल गनगाईले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका छन्। ९३ सदस्यीय प्रदेशसभामा एमालेका ४०, कांग्रेसका २९, माओवादी केन्द्रका १३, राप्रपाका ६, नेकपा (एकीकृत समाजवादी) का ४ र जनता समाजवादी पार्टीका १ जना प्रदेश सांसद प्राप्त गरेका छन्। जसमा आदिवासी जनजाति समुदायका ३९, खस/आर्य समुदायका ३७, मधेसी समुदायका ६, थारू र राजवंशी समुदायका ५, दलित समुदायका ४ र मुस्लिम समुदायका २ जनाले प्रतिनिधित्व रहेको छ।

एमालेका प्रदेश सांसदहरूले पार्टीले दिएको निर्देशनबमोजिम राष्ट्रिय पोसाक र नेपाली भाषामा शपथ ग्रहण गरेका छन्। मोरङ ४ (१) बाट निर्वाचित एमालेका प्रदेश सांसद जयप्रकाश चौधरीले आफ्नै सांस्कृतिक झल्किने पोसाक र थारू भाषामा शपथ लिने इच्छा हुँदा पनि पार्टीले दिएको निर्देशनबमोजिम राष्ट्रिय पोसाक नेपाली भाषामा शपथ ग्रहण गरेको गुनासो पोखे। एमालेका प्रदेश सांसद नुरसदि बेगमलगायतका तीन जना महिलाले पार्टीको निर्देशनविपरीत आफ्नो संस्कृति झल्किने पोसाक र गहना लगाएकाले पार्टीले कारबाही गर्ने हो कि भन्दै चिन्ता व्यक्त गरिन्। प्रदेश १ मा सबभन्दा ठूलो दल एमालेका ४० सांसद छन्।

प्रदेश १ का ६ जना प्रदेश सांसदले मातृभाषामा पद तथा गोपनीयताको शपथ लिएका छन्। उनीहरूलाई प्रदेशसभाका ज्येष्ठ सदस्य ७९ वर्षीय गयानन्द मण्डलले शपथ ग्रहण गराएका हुन्। प्रदेश सांसदमा पाँचथर १(२) बाट दोस्रो पटक निर्वाचित आर्थिक मामिला तथा योजनामन्त्री माओवादी केन्द्रका इन्द्रबहादुर आङ्बो, इलाम १(१) बाट निर्वाचित पर्यटन तथा संस्कृतिमन्त्री नेकपा (एकीकृत समाजवादी) की खिनुलङ्वा लिम्बूले मातृभाषा यक्थुङ/लिम्बू भाषामा शपथ लिएका छन्।

यस्तै, नेकपा एकीकृत समाजवादीका पाँचथर १(१) बाट निर्वाचित कमलप्रसाद जबेगु, कांग्रेसका ताप्लेजुङ १(२) बाट निर्वाचित खगेनसिंह हाङ्गाम र जनता समाजवादी पार्टीकी निर्मला लिम्बूले मातृभाषा यक्थुङ/लिम्बू भाषामा शपथ लिएका हुन्। कांग्रेसकी सुनिता गच्छदार चौधरीले थारू भाषामा शपथ लिइन्। ९३ सदस्यीय प्रदेशसभामा एमालेका ४०, कांग्रेसका २९, माओवादी केन्द्रका १३, राप्रपाका ६, नेकपा (एकीकृत समाजवादी) का ४ र जनता समाजवादी पार्टीका १ जना प्रदेश सांसद प्राप्त गरेका छन्। जसमा आदिवासी जनजाति समुदायका ३९, खस/आर्य समुदायका ३७, मधेसी समुदायका ६, थारु र राजवंशी समुदायका ५, दलित समुदायका ४ र मुस्लिम समुदायका २ जनाले प्रतिनिधित्व रहेको छ।

### दलको नेता छान्न कांग्रेसको निर्वाचन समिति

कांग्रेसले प्रदेश १ मा संसदीय दलको नेता छान्न ५ सदस्यीय निर्वाचन समिति गठन गरेको छ। राष्ट्रिय सभा सदस्य तथा कांग्रेस प्रदेश १ उपसभापति रमेशजंग रायमाझीको संयोजकत्वमा निर्वाचन समिति गठन गरिएको हो।

समिति सदस्यमा कांग्रेस प्रदेश १ का महामन्त्री उमेश थापा, रेगिना भट्टराई, लक्ष्मी चौधरी र नन्द नेम्वाङ रहेको कांग्रेस प्रदेश १ का सहमहामन्त्री प्रमिला गच्छदारले बताइन्। उनले पार्टीको प्रदेश १ कार्य सम्पादन समितिको बैठकले दलको नेता छान्नका लागि निर्वाचन समिति गठन गरेको बताइन्। कांग्रेस संसदीय दलको विधानमा संसदीय दलको नेताको निर्वाचन गराउन र निर्वाचन गर्न प्रक्रिया निर्धारणका लागि पार्टीको प्रदेश समितिले एक निर्वाचन समिति बनाउने व्यवस्था छ। दलको नेता चयनका लागि प्रक्रिया तथा कार्यतालिका निर्धारणका लागि निर्वाचन समितिको बैठक कांग्रेसको प्रदेश १ कार्यालयमा बसिरहेको सहमहामन्त्री गच्छदारले बताइन्।

निर्वाचन समिति संयोजक रायमाझीले आउँदो बिहीबार दलको नेताका लागि उम्मेदवारी दर्तालगायत प्रक्रिया पूरा गरेर शुक्रबार मतदान गराउने छलफल भइरहेको बताए। यस प्रदेशमा कांग्रेस संसदीय दलको नेताका लागि आन्तरिक मामिला तथा कानुनमन्त्री केदार कार्की, केन्द्रीय सदस्यहरू अमृत अर्याल, प्रदीप सुनुवार, भीम पराजुली र प्रदेश समिति सभापतिसमेत रहेका उद्धव थापा आकांक्षी छन्। पार्टीको संस्थापन पक्षका अर्याल र सुनुवार, कांग्रेस नेता कृष्णप्रसाद सिटौला पक्षका पराजुली र थापा र संस्थापनइतर पक्षबाट कार्की हुन्। यस प्रदेशमा कांग्रेसको २९ सांसद छन्। जसमा संस्थापन र संस्थापनइतर पक्षका १०/१० र सिटौला पक्षका ९ जना प्रदेश सांसद रहेको कांग्रेसका प्रदेश सांसदहरूको भनाइ छ।

## 'मन्त्रिपरिषद्को निर्णय संविधानविपरीत'

प्रदेश १ मन्त्रिपरिषद्को सोमबारको बैठकले नवगठित प्रदेशसभाको पहिलो अधिवेशन आह्वान गर्न प्रदेश प्रमुख पर्शुराम खापुङसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ। मन्त्रिपरिषद्ले संविधानको धारा १८३ विपरीत उक्त निर्णय गरेको हो।

संविधानको धारा १८३ मा प्रदेश प्रमुखले निर्वाचनको अन्तिम परिणाम घोषणा भएको २० दिनभित्र प्रदेशसभाको अधिवेशन आह्वान गर्ने भनिएको छ। त्यसपछि संविधानबमोजिम प्रदेश प्रमुखले समय-समयमा अन्य अधिवेशन आह्वान गर्ने व्यवस्था छ। यो व्यवस्थाविपरीत प्रदेश मन्त्रिपरिषद्ले प्रदेश प्रमुखको अधिकार कुण्ठित हुने गरी प्रदेशसभाको बैठक आह्वानका लागि सिफारिस गर्ने निर्णय गरेको कानुन व्यवसायीहरूको भनाइ छ। प्रदेश सरकारका प्रवक्ता यातायात व्यवस्था तथा सञ्चारमन्त्री उपेन्द्र घिमिरेले संविधानको धारा १६६ को उपधारा (२) बमोजिम प्रदेशसभाको अधिवेशन पुस १७ को दिउँसो १ बजे आह्वानका लागि प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको बताए।

संविधानको धारा १६६ को उपधारा (१) मा प्रदेश प्रमुखले यो संविधान वा कानुनबमोजिम निजलाई प्राप्त अधिकारको प्रयोग र कर्तव्यको पालना गर्नेछ। उक्त धाराको उपधारा (२) मा उपधारा (१) बमोजिम अधिकारको प्रयोग गर्दा वा कर्तव्यको पालना गर्दा यो संविधान वा कानुनबमोजिम कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिने भनी किटानीसाथ व्यवस्था भएको कार्यबाहेक प्रदेश प्रमुखबाट सम्पादन गरिने अन्य जुनसुकै कार्य प्रदेश मन्त्रिपरिषद्को सिफारिस र सम्मतिबाट हुनेछ। त्यस्तो सिफारिस र सम्मति मुख्यमन्त्रीमार्फत पेस हुने उल्लेख छ।

कानुन व्यवसायी अधिवक्ता वीरेन्द्र सिंहले संविधानको धारा १८३ ले प्रदेशसभाको पहिलो अधिवेशन आह्वानको अधिकार प्रदेश प्रमुखमा निहित रहेको र त्यसपछिको अधिवेशन संविधानमा भएको अन्य व्यवस्था हुने प्रस्टै उल्लेख भएको बताए। त्यसैले प्रदेश मन्त्रिपरिषद्ले प्रदेशसभा आह्वानका लागि प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय संवैधानिक व्यवस्थाविपरीत भएको उनले बताए।

संविधानको धारा १८३ मा व्यवस्था भएअनुसार निर्वाचन आयोगले प्रदेशसभा निर्वाचनको अन्तिम परिणाम मंसिर २८ मा घोषणा भएकाले पुस १८ सम्ममा प्रदेश प्रमुखले प्रदेशसभाको पहिलो अधिवेशनको मिति तोक्नै पर्ने बाध्यात्मक अवस्था छ। प्रदेश प्रमुख कार्यालयका निमित सचिव नरेन्द्र श्रेष्ठले प्रदेश मन्त्रिपरिषद्ले के निर्णय गरेको पत्र आएपछि यो विषयमा छलफल गरेर अघि बढ्ने बताए।


**काठमाडौं उपत्यका विकास प्राधिकरण**
**इचङ्गुनारायण (रानीवन) जग्गा एकीकरण आयोजना (दोस्रो)**
अनामनगर, काठमाडौं।

**विकसित घडेरी विक्रीको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धि सूचना**
**प्रथम पटक प्रकाशित मिति : २०७९/०९/१२ गते**
**सम्पर्क नं.०१४८८१०८९**

काठमाण्डौ उपत्यकाको चक्रपथ, वनस्थली चोक देखि करिब १.७ कि.मी. पश्चिम तर्फ रानीवनको काखमा रहेको रमणीय,स्वच्छ वातावरण सहितको पूर्वाधारयुक्त देहाय बमोजिमका विकसित घडेरी प्लटहरु गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट बढावढमा विक्री गरिने भएको हुँदा इच्छुक नेपाली नागरीकहरुले यो सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र कार्यालय समय भित्र आयोजना साईट कार्यालय इचंगुनारायणबाट रु ३,०००।-(तिन हजार/फिर्ता नहुने गरी) रकम सिद्धार्थ बैक, ईचंगुनारायण शाखा स्थित खाता नं. ०१९१५२६५९३३ मा जम्मा गरेको सक्कल बैंक भौचर बुझाई बोलपत्र फारम खरिद गरी आफुले खरिद गर्न चाहेको प्लटको जम्मा मूल्य अंक र अक्षर दुवैमा प्रष्ट उल्लेख गरी कबोल अंकको १० प्रतिशतले हुन आउने धरौटी रकम राष्ट्रिय वाणिज्य बैंक, सिहंदरबार शाखा स्थित खाता नं. ११३०००३३१६०१ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर संलग्न राखी नागरीकताको प्रतिलिपि सहित ३१ औं दिनको १२ बजे भित्र गोप्य शिलबन्दी बोलपत्रहरु काठमाडौं उपत्यका विकास प्राधिकरणको कार्यालय, अनामनगरमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**टेण्डर मार्फत बिक्री गरिने जग्गाको विवरण**

| सि. नं. | प्लट नं. | ब्लक नं. | नयाँ कि.नं. | सिट नं. | क्षेत्रफल (व.मी.) | मोहडा (मिटर) | बाटो (मिटर) | तर्फ | बिक्री मूल्य: प्रति आना न्युनतम दर | बिक्री मूल्य: जम्मा न्युनतम मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १४ | F | ४ | १०२-०९८२-१५<br>१०२-०९८२-१० | १७७.०० | १०.८० | ६ | उत्तर | ३२०००००।०० | १,७८,१३,५६२।०० |
| २ | २५ | R | १६४ | १०२-०९८२-१४ | १३८.०० | ७.४५ | ८ | पूर्व | ३६०००००।०० | १,५६,२४,६०७।०० |
| ३ | २८८ | AD | २ र ५७ | १०२-०९८२-२०<br>१०२-०९८२-१९ | १६०.०० | ८.२० | ६ | पश्चिम | ३२०००००।०० | १,६१,०२,६५५।०० |
| ४ | ८ | D | ४३ | १०२-०९८२-१५ | १३९.०० | ६.४५ | ६ | पश्चिम | ३२०००००।०० | १,३९,८९,१८१।०० |
| ५ | १०a | A | ३ | १०२-०९८२-१० | ९१.०० | ७.२० | ६ | उत्तर | ३२०००००।०० | ९१,५८,३८५।०० |
| ६ | २६ | D | १९६ | १०२-०९८२-१५ | ११०.०० | ६.०० | ६ | पश्चिम | ३२०००००।०० | १,१०,७०,५७५।०० |
| ७ | ५७ | W | २४९ | १०२-०९८२-१३ | १०२.०० | ७.८० | ४ | उत्तर | २८०००००।०० | ८९,८२,२६२।०० |

क. म्यादभित्र दर्ता हुनआएका बोलपत्रहरु सोही दिन दिनको २ बजे काठमाडौं उपत्यका विकास प्राधिकरणको कार्यालय, अनामनगरमा बोलपत्रदाता वा प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाताहरुको प्रतिनिधि अनुपस्थित रहेमा पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन।
ख. रित नपुगेका बोलपत्रहरु उपर कुनै कार्यवाहि हुने छैन।
ग. विस्तृत जानकारी बोलपत्र फारमबाट प्राप्त गर्न सकिने छ।
घ. बोलपत्र स्विकृत गर्ने वा नगर्ने अन्तिम अधिकार आयोजनामा सुरक्षित रहने छ।
ङ. यो सूचना र बोलपत्र फारममा उल्लेख भएका कुराहरु सोही बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**आयोजना प्रमुख**

# वीरगन्जमा बल्ल धान खरिद

**शंकर आचार्य** (पर्सा)

वीरगन्जस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखाले सोमबारदेखि धान खरिद सुरु गरेको छ। आइतबार बिहानैदेखि पर्सा र बाराका किसानले शाखाको मूल गेट अगाडि धान लोड गरेका ट्याक्टर ल्याएर राखेका थिए।

पर्सा बिन्दवासिनी गाउपालिका ३ झौवागुठीदेखि २५ क्विन्टल धान ल्याएर आइतबार बिहानै धान खरिद सुरु हुने प्रतीक्षामा बसेका ६० वर्षीय राजा हुसेनको अनुहार सोमबार धान खरिद सुरु भए पछि उज्यालिएको थियो। 'म ३० घण्टादेखि यहाँ धान खरिद सुरु हुने प्रतीक्षामा बसेको छु,' उनले भने, 'यस वर्ष कम्पनीले निजि क्षेत्र भन्दा झन्डै ६ सय रुपैयाँ बढी मूल्य दिएर किनेकाले हामीलाई धेरै राहत भएको छ।'

धान लोड गरिएका ट्र्याक्टरले शाखा परिसर भरिएर बाहिर पावर हाउस चोकसम्मै करिब १ किमि लामो लाम लागेको छ। कम्पनी वीरगन्ज शाखाले यस वर्ष सोना मन्सुली धान १० हजार र जिरा मसिनो धान २ हजार क्विन्टल गरी १२ हजार क्विन्टल खरिदको कोटा पाएको छ। गत वर्ष

**बढी मूल्य पाउँदा किसान उत्साहित**

शाखाले १७ हजार क्विन्टल सोना मन्सुली धान खरिद गरेको थियो। यस वर्ष सोना मन्सुली धान प्रति क्विन्टल ३ हजार १ सय २८ रुपैयाँ र जिरा मसिनो धान प्रति क्विन्टल ३ हजार २ सय ५० रुपैयाँमा शाखाले खरिद गरिरहेको छ। शाखा प्रमुख विकास कटुवालले प्रत्येक किसानको न्यूनतम २५ देखि अधिकतम ६० क्विन्टलसम्म धान खरिद गर्ने नीति रहेको बताए।

त्यसका लागि किसानले आफ्नो नागरिकता प्रमाणपत्रको नक्कल, स्थानीय पालिकाको कृषि शाखाको सिफारिस र जग्गाको लालपुर्जाको नक्कल समेत अनिवार्य रूपमा ल्याउनुपर्ने छ। बिचौलियाले दुरुपयोग नगरुन भन्ने उद्देश्यले किसान यी कागजातको साथै धान खरिद गर्दा किसान प्रतिनिधिलाई पनि सहभागी गराई आवश्यक समन्वय गरिएको उनले बताए। २५ क्विन्टलसम्म धान ल्याउने किसानको लागि छुट्टै काँटाको व्यवस्था पनि गरिएको उनले जानकारी दिए। हाल किसानले ल्याएको धानको अनुपात र प्राप्त खरिद कोटाको अनुपात हेर्दा आउँदो २० दिनमै कोटा बराबरको खरिद भइसक्ने सम्भावना रहेको कटुवालले बताए।

# दबाबपछि हुलाकी सडकको काम सुरु

## साइट क्लियर गराउन प्रहरी परिचालन, माघदेखि कालोपत्र थालिने

**ओमप्रकाश ठाकुर** (सर्लाही)



सर्लाहीको पर्सामा हुलाकी सडकको साइट क्लियर गरिँदै। *तस्बिर : ओमप्रकाश/कान्तिपुर*

हुलाकी सडकअन्तर्गत विभिन्न स्थानमा आन्दोलन र दबाबपछि स्थानीय प्रशासनले काम गराउन पहल थालेको छ। प्रशासनले साइट क्लियर गराउन प्रहरी परिचालन तथा ठेकेदारलाई समेत दबाब बढाएको हो।

समयमा हुलाकी सडकको काम सम्पन्न हुन नसकेपछि स्थानीयको आन्दोलनका कारण प्रशासनमाथि दबाव परेको थियो। गत साता मात्र प्रशासनले सर्वपक्षीय बैठक डाकेर अतिक्रमण खाली गराउने तथा ठेकेदारलाई समयमै काम गर्न लगाउने निर्णय गराएको थियो। हुलाकी सडक बनाउन कसैले बाधा अवरोध गर्न नपाउने भनेर निर्णयमा उल्लेख छ। बाधा उत्पन्न गरेमा कार्वाही हुने समेत जनाइएको छ।

हुलाकी सडकको मापदण्डभित्र पर्ने घर तथा अन्य संरचना भत्काउन स्थानीयलाई पटक-पटक सूचना प्रकाशन गर्दा पनि बेवास्ता भएपछि बल प्रयोग गरेर भए पनि खाली गराउन थालिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। हुलाकी सडकमा अतिक्रमण खाली गर्ने जिम्मा पालिकालाई दिइएको थियो। तर पालिकाले नसकेको स्थानमा प्रहरी लगाएर भए पनि साइट क्लियरको काम भइरहेको सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद अधिकारीले बताए।

हुलाकी सडकअन्तर्गत पर्सा गाउँपालिकामा सर्वाधिक विवाद रहेको थियो। पालिका तथा वडाले सडक खाली गर्नका लागि पटक-पटक सूचना निकाले पनि स्थानीयले अटेरी गरेर बसेको बेलामा प्रहरी लगाएर खाली गराउनुपरेको गाउँपालिकाले जनाएको छ। पर्सा गाउँपालिका-६ का वडाध्यक्ष गणेश साहले शनिबार र आइतबार दुई दिनमा सडकको साइट क्लियर गरिएको जानकारी दिए। 'धेरै पटक सूचना निकाल्यौं, तर स्थानीय अटेरी गरेर बसे,' वडाध्यक्ष साहले भने, 'जिल्लाको निर्णयअनुसार हामीलाई पनि दबाब पर्‍यो, फलस्वरुप प्रहरीको सहयोगमा साइट क्लियर भएको छ।'

हुलाकी सडकको साइड क्लियरका लागि जिल्लाबाट समेत थप मद्दत टोली पठाउनुपरिरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। सहायक प्रजिअ अधिकारीले पर्सा र सदरमुकाम मलंगवाको टावर चोक आसपासको क्षेत्रमा प्रहरी परिचालन गर्नुपरेको जानकारी दिए। 'अहिलेसम्म जिल्लाको पर्सा र मलंगवाको टावर चोकमा मात्र प्रहरी परिचालन गर्नुपरेको छ, अन्य स्थानको हुलाकी सडकमा ठेकेदारले काम गरिरहेको अनुगमन हुलाकी सडक आयोजनाले गरिरहेको छ,' उनले भने, 'अब कहीं कतै कसैको बहानाबाजी चल्ने छैन, निर्णयअनुसार हामी कठोर बन्नुपरेको छ।'

राणाकालीन समयमा निर्माण भएको हुलाकी सडकले काँचुली फेर्न नसक्दा यस क्षेत्रका स्थानीय हिउँदमा धूलो र वर्षामा हिलोले सास्ती खेप्न बाध्य छन्। जिल्लाको पूर्वमा संग्रमपुरदेखि पश्चिम बलरासम्मको हुलाकी सडकको अधिकांश भाग अहिले पनि कालोपत्रको पर्खाइमा छ। छिमेकी जिल्ला पूर्वमा महोत्तरी तथा पश्चिममा रौतहटस्थित हुलाकी सडक कालोपत्र भइसक्दा पनि सर्लाहीमा पर्ने झन्डै ४२ किलोमिटर हुलाकी सडकमध्ये अधिकांश भागको अवस्था भने दयनीय नै छ।

२०७३ सालमा पाँच वर्षभित्र हुलाकी सडक कालोपत्र गर्न भनेर तीन प्याकेजमा ठेक्का लागेको थियो। जसअनुसार हिम्दुङ एन्ड ठोकर/हीरा एन्ड नमिता जेभीले १५ किलोमिटर, हिम्दुङ एन्ड ठोकर/साह निर्माण सेवाले पनि १५ किलोमिटर र दिवा निर्माण सेवाले १२ किलोमिटर कालोपत्रको ठेक्का पाएको हो। तीनवटै प्याकेजको ५५ करोडमा ठेक्का पाएको ठेकेदारको समय सीमा समाप्त भइसक्दा पनि सडकको अधिकांश भाग अहिले पनि जीर्ण नै छ। ०७८ मंसिरमा ६-६ महिनाको दुई पटकको म्याद सकेपछि यो तेस्रो पटकका लागि म्याद थप गरेर काम अघि बढिरहेको हुलाकी सडक आयोजनाले जनाएको छ।

हुलाकी सडक आयोजना प्रमुख कृष्णकुमार महतोले आगामी चैत्रभित्र सर्लाहीको हुलाकी सडक कालोपत्र हुने जानकारी दिए। उनले अहिले साइट क्लियर गरेर सडकको बेस बनाई माघ १५ देखि कालोपत्र गर्ने बताए। 'अहिले साइट क्लियरको काम अघि बढिरहेको छ, ठेकेदारलाई पनि हामी निगरानी गरिरहेका छौं,' आयोजना प्रमुख महतोले भने, 'चिसो भएकाले अहिले कालोपत्र गर्न मिल्दैन, त्यसैले साइट क्लियर र बेस बनाउने काम अघि बढाएका छौं, माघदेखि थालेर चैतभित्र कालोपत्र सक्ने योजना छ।'

# छोरी शिक्षा-बिमाबारे सचेतना

महोत्तरी (कास)- महोत्तरीका दलित तथा विपन्न बस्तीमा छोरी शिक्षा बिमाबारे सचेतना कार्यक्रम भएको छ। मधेस प्रदेश सरकारले सुरु गरेको 'बेटी पढाऊ बेटी बचाऊ अभियान' अन्तर्गत महोत्तरी र धनुषासहित प्रदेशका आठ वटै जिल्लाका सिमान्तकृत बस्तीहरूमा 'छोरी शिक्षा बीमा बारे सचेतना कार्यक्रम' सुरु गरिएको प्रदेश शिक्षा विकास निर्देशनालयका निर्देशक चूडामणि फुँयालले बताए।

सामाजिक विकास मन्त्रालय, युरोपियन युनियन र युनिसेफको साझेदारीमा 'पहिलो चरण' अन्तर्गत प्रदेशका आठ वटै जिल्लामा सचेतना कार्यक्रम गरिएको फुँयालले बताए। शिक्षामा अझै पनि छोरीको पहुँच कम भएकाले सानो उमेरमै परिवारले बिहे गरिदिने र छोरीहरूले शारीरिक तथा मानसिक समस्याहरू झेल्नुपरेकाले सरकारले यो कार्यक्रम ल्याएको उनको भनाइ छ। 'यो अभियानले छोरीहरूको शिक्षामा पहुँच बढाउँदै उनीहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बन्न मद्दत पुर्‍याउँछ,' निर्देशक फुँयालले भने, 'बालविवाह रोक्न पनि यो अभियानको भूमिका रहने विश्वास छ।'

कार्यक्रममा सहभागीलाई छोरी शिक्षा कार्यक्रमबाट लाभ लिन कसरी फारम भर्ने, फारम भर्दा चाहिने कागजात र फारम भर्न समस्या भएको खण्डमा वडा कार्यालयले सहयोग गर्नेबारे बताइएको कार्यक्रमकी सहभागी दिनादेवीले बताइन्। छोरी शिक्षा कार्यक्रमअन्तर्गत बिमा गर्ने बालिकाको खातामा बिमा गर्नासाथ ३७ हजार ५ सय ५७ जम्मा हुने र २० वर्षउमेर पुगेपछि बिमित बालिकाले ३ लाख रुपैया पाउनेछन्। बिमांक रकम पाउनका लागि भने बिमित बालिकाले एसईई पास गरेको र २० वर्षसम्म विहे नगरेको हुनुपर्ने सर्त पूरा गरेको हुनुपर्ने सामाजिक विकास मन्त्रालयले जनाएको छ। युनिसेफ नेपालकी सामाजिक नीति अधिकृत चिजा भण्डारीले 'छोरी शिक्षा बिमा/मुद्दती बचत कार्यक्रम' मार्फत पोषण, स्वास्थ्य शिक्षा, खानेपानी तथा सरसफाइ जस्ता अरू धेरै क्षेत्रका योजना सँगै लैजान सकिने सम्भावना रहेको बताइन्।

# प्रदेश सांसदको शपथ शुक्रबार

धनुषा (कास)- मधेस प्रदेशका सांसदहरूलाई शुक्रबार पद तथा गोपनीयताको शपथ गराउने तयारी गरिएको छ। सोमबार प्रदेश सभा संसद् सचिवालयले बोलाएको सर्वदलीय बैठकमा पुस १५ शुक्रबार २ बजे प्रदेश सांसदहरूलाई शपथ गराउने निर्णय गरिएको हो।

प्रदेश सांसदहरूलाई प्रदेशसभाका ज्येष्ठ सदस्य ७१ वर्षीय गोविन्द न्यौपानेले शपथ गराउने प्रदेशसभा संसद् सचिवालयका सचिव रञ्जित यादवले बताए। सप्तरी-४ (१) बाट निर्वाचित प्रदेशसभाका ज्येष्ठ सदस्य न्यौपाने नेकपा एसका नेता हुन्। उनको स्वास्थ्य ठीक नरहेकाले विकल्पमा बारा-२ (१) बाट निर्वाचित स्वतन्त्र प्रदेश सांसद ७० वर्षीय शारदाशंकर प्रसाद कल्वारबाट शपथ गराउन सकिने सचिव यादवले बताए। प्रदेशमा १ सय ७ प्रदेश सांसद छन्। यहाँ एमालेका २३, कांग्रेसका २२, जसपाका १६, जनमतका १३, लोसपा ९, माओवादीका ८, नेकपा (एस) ७, नेपाल संघीय समाजवादी पार्टीका १, नेराप्रपाका १ र नागरिक उन्मुक्ति पार्टीका १ र स्वतन्त्र ६ जना सांसद छन्।


M.A.W INVESTMENT 'गन्तव्यको सहयात्री'

## एम.ए.डब्लु. इन्भेष्टमेन्ट प्रा.लि.

(M.A.W. Investment Pvt. Ltd.)

(नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज कर्जा प्रदान गर्न इजाजतपत्र प्राप्त संस्था)

**एम.ए.डब्लु. इन्भेष्टमेन्ट प्रा.लि. त्रिपुरेश्वरको कर्जा रकम चुक्ता भुक्तान गर्न आउने बारे तपसिलमा उल्लेखित ऋणीहरूलाई ३५ दिने सार्वजनिक सूचना साथै कालोसुचिमा समाबेश गरिने बारे**

(प्रथम प्रकाशित मिति २०७९।०९।१२ गते मंगलबार कान्तिपुर राष्ट्रिय दैनिक)

नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज कर्जा प्रदान गर्न इजाजतपत्र प्राप्त यस एम.ए.डब्लु. इन्भेष्टमेन्ट प्रा.लि. बाट हायर पर्चेज कर्जा शिर्षक अर्न्तगत सवारी साधन खरिद गर्नको लागि कर्जा उपयोग गर्नु हुने तपसिलमा उल्लेखित तपाई ऋणीहरुलाई सो उपयोग गर्नुभएको कर्जाको साँवा, ब्याज तथा दे दस्तुर समेत यस कम्पनीसँग गरेको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउन पर्नेमा सो नतिरी नबुझाई अनियमित गर्नुभएको हुँदा कर्जा रकम चुक्ता भुक्तान गर्ने सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तर-ताकेता तथा सार्वजनिक सूचना मार्फत जानकारी गर्दा समेत सोको बेवास्ता आलटाल गरी यस कम्पनीलाई तिर्न बुझाउन पर्ने रकम नबुझाई कर्जा सम्बन्धी यस कम्पनी समक्ष उपस्थित भई लेखाई दिनुभएको कर्जा तमसुक शर्त कबुलियतको शर्त बन्देजहरु उल्लंघन गनुभएकोले कर्जा रकम चुक्ता गर्नको लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस कम्पनीमा सम्पर्क राखी कम्पनीबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दस्तुर चुक्ता भुक्तान गर्न अनुरोध गरिन्छ। सो म्यादभित्र ऋणीले आफूले लिएको कर्जाको साँवा, ब्याज र अन्य दस्तुर चुक्ता भुक्तान नगरेमा नेपाल राष्ट्र बैंक ऐन, २०५८, नेपाल राष्ट्र बैंकको नियम तथा विनियमहरु, कम्पनीको नियम तथा प्रचलित कानून वमोजिम यस कम्पनीसँग भए गरेको लिखत अनुसार ऋणी एवं व्यक्तिगत जमानीकर्ता समेतलाई कानूनी कारवाही गरी कम्पनीको लेना रकम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गरी असुल उपर गरिने छ। तसर्थ वित्तिय अनुशासन कायम गरी तोकिएको म्याद भित्र कर्जा रकम चुक्ता भुक्तान गर्नहुन पुनः ऋणी, धितो लेखी दिने र व्यक्तिगत जमानीकर्ताहरुलाई साथै कालोसुचिमा समाबेश समेत यसै सूचनाबाट जानकारी लिनुहुन सुचित गरिन्छ।

**तपसिल**

| क्र.स. | ऋणी तथा जमानतकर्ताहरु | धितो सुरक्षणको विवरण | ऋणी तथा जमानतकर्ताहरुको फोटो |
|---|---|---|---|
| १. | **ऋणीको नाम ,थर र ठेगाना :**<br>**नाम** : मुस्कान कन्स्ट्रक्सन<br>**रजिष्टर्ड ठेगाना** : सुनसरी जिल्ला इनरवा न.पां. वडा नं. ०१<br>**दर्ता नं** : १३००६।०७३।०७४<br>**दर्ता मिति** : २०७४।०३।२७<br>**प्यान नं** : ६०६२४२७५६ | सवारी दर्ता नं : को.१.क २८४५<br>सवारी मोडल.: 3DX Super Backhoe Loader<br>इन्जिन नं.: H00160092<br>च्यासिस नं. : HARD3DXSUH02580172<br>रंग: पहेलो<br>बनेको साल: २०१७ | |
| क. | **जमानतकर्ताको नाम, थर र ठेगाना:**<br>**नाम** : रिता देवी साह **वर्ष** : ४१<br>**श्रीमानको नाम** : गोविन्द प्रसाद साह हलुवाइ<br>**ससुराको नाम** : लक्ष्मी साह हलुवाइ<br>**साविक ठेगाना** : सुनसरी जिल्ला श्रीपुर जब्दी वडा नं. ६<br>**ठेगाना** : सुनसरी जिल्ला इनरवा न.पां. वडा नं. ०४<br>**ना.प्र.नं.**: ०६३०४७/४२६४ **जारी मिति**: २०६३/१२/१२ | | <br>रिता देवी साह |
| ख. | **नाम** : गोविन्द प्रसाद साह हलुवाइ **वर्ष** : ४६<br>**बाबुको नाम** : लक्ष्मी साह हलुवाइ<br>**बाजेको नाम** : गनेसिसा साह<br>**साविक ठेगाना** : सुनसरी जिल्ला श्रीपुर बडा नं. ०६<br>**हालको ठेगाना** : सुनसरी जिल्ला इनरवा न.पां. वडा नं. ०४<br>**ना.प्र.नं.**: २११२५/२३१२५ **जारी मिति**: २०५१/०१/२७ | | <br>गोविन्द प्रसाद साह हलुवाइ |
| २. | **ऋणीको नाम, थर र ठेगाना :**<br>**नाम** : सेसेफुङ कन्स्ट्रक्सन प्रा.लि.<br>**रजिष्टर्ड ठेगाना** : धनकुटा जिल्ला साँगुरीगढी गा.पा-६<br>**दर्ता नं** : २६६२०२/०७८/०७९<br>**दर्ता मिति** : २०७८।०४।१५<br>**प्यान नं** : ६१००३९१५५ | सवारी दर्ता नं.: प्रदेश १-०२-००१ क ४३६८ नं. को JCB NXT 221 Tracked Excavator<br>मेसिन नं.: PUNJD22APM2900358<br>इन्जिन नं.: 84937288<br>बनेको साल: 2021<br>सवारी रङ : पहेंलो<br><br>सवारी दर्ता नं.: प्रदेश १-०२-००१ क ४३६५ नं. को JCB NXT 221 Tracked Excavator<br>मेसिन नं.: PUNJD22APM2900361<br>इन्जिन नं.: 84937513<br>बनेको साल: 2021<br>सवारी रङ : पहेंलो<br><br>(जमानतकर्ता सीता कुमारी लिम्बुको नाउँमा रहेको सुनसरी जिल्ला, घोपा न.पा ०२ मा अवस्थित कि. नं. ५८४ र ५८९ को ज.क्ष.बि ०-०-१७-० को अतिरिक्त जग्गा समेत) | |
| क. | **जमानतकर्ताको नाम, थर र ठेगाना:**<br>**नाम** : आशिष राई **वर्ष** : ३६<br>**बाबुको नाम** : द्रोण राई<br>**बाजेको नाम** : हर्क मान राई<br>**स्थायी ठेगाना**: धनकुटा जिल्ला भेडेटार गाविस -०४<br>**हालको ठेगाना** : धनकुटा जिल्ला साँगुरीगढी गारन.पा -०६<br>**ना.प्र.नं** : १५९ **जारी मिति** : २०५९।११।२२ | | <br>आशिष राई |
| ख. | **नाम** : शिवाञ्ली राई **वर्ष** : ३५<br>**श्रीमानको नाम** : आशिष राई<br>**ससुराको नाम** : द्रोण राई<br>**स्थायी ठेगाना** : धनकुटा जिल्ला भेडेटार गाविस -०४<br>**हालको ठेगाना** : धनकुटा जिल्ला साँगुरीगढी गारन.पा -०६<br>**ना.प्र.नं** : ०७३०१४/५६ **जारी मिति** : २०६३।११।२६ | | <br>शिवाञ्ली राई |
| ग. | **नाम** : जिवन लिम्बु **वर्ष** : ३३<br>**बाबुको नाम** : सुरेन्द्र बहादुर लिम्बु<br>**बाजेको नाम** : गंगा बहादुर लिम्बु<br>**स्थायी ठेगाना** : धनकुटा जिल्ला भेडेटार गाविस -०४<br>**हालको ठेगाना** : धनकुटा जिल्ला साँगुरीगढी गारन.पा -०६<br>**ना.प्र.नं** : ३९५ **जारी मिति** : २०६२।०४।२५ | | <br>जिवन लिम्बु |
| घ. | **नाम** : लिला माया लिम्बु **वर्ष** : ३०<br>**श्रीमानको नाम** : जिवन लिम्बु<br>**ससुराको नाम** : सुरेन्द्र बहादुर लिम्बु<br>**स्थायी ठेगाना** : धनकुटा जिल्ला भेडेटार गाविस -०४<br>**हालको ठेगाना** : धनकुटा जिल्ला साँगुरीगढी गारन.पा -०६<br>**ना.प्र.नं** : ०७३०१४/१०२ **जारी मिति** : २०७०।०२।०६ | | <br>लिला माया लिम्बु |
| ङ. | **नाम** : सुरेन्द्र बहादुर लिम्बु **वर्ष** : ५७<br>**बाबुको नाम** : गंगा बहादुर लिम्बु<br>**बाजेको नाम** : मनोज ध्वज लिम्बु<br>**स्थायी ठेगाना** : धनकुटा जिल्ला भेडेटार गाविस -०४<br>**हालको ठेगाना** : धनकुटा जिल्ला साँगुरीगढी गारन.पा -०६<br>**ना.प्र.नं** : ७९२४ **जारी मिति** : २०३९।१०।२० | | <br>सुरेन्द्र बहादुर लिम्बु |
| च. | **नाम** : सीता कुमारी लिम्बु **वर्ष** : ५८<br>**श्रीमानको नाम** : सुरेन्द्र बहादुर लिम्बु<br>**ससुराको नाम** : गंगा बहादुर लिम्बु<br>**स्थायी ठेगाना** : धनकुटा जिल्ला भेडेटार गाविस -०४<br>**हालको ठेगाना** : धनकुटा जिल्ला साँगुरीगढी गारन.पा -०६<br>**ना.प्र.नं** : २२३०६ **जारी मिति** : २०४७।०९।०८ | | <br>सीता कुमारी लिम्बु |

**कर्पोरेट कार्यालय, त्रिपुरेश्वर, काठमाडौं, नेपाल, फोन नं. ०१-५३३३०४८, ५३३२४९९**

पुनश्च : यसै सूचनालाई आधार मानी कम्पनीलाई तिर्न बुझाउनु पर्ने कर्जा किस्ता रकम वक्यौता रहेका ग्राहक महानुभावहरुले यथा समयमानै चुक्ता भूक्तान गर्नु हुन अनुरोध गर्दछौं। अन्यथा उपरोक्तानुसार सूचना प्रकाशित गरिने व्यहोरा सम्बन्धित पक्षलाई जानकारी गराइन्छ।



## काठमाडौं उपत्यका विकास प्राधिकरण

**इचङ्गुनारायण (रानीवन) जग्गा एकीकरण आयोजना (दोस्रो)**

अनामनगर, काठमाडौं।

KVDA

**विकसित घडेरी बिक्रीको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७९/०९/१२ गते**

**सम्पर्क नं.०१४८८१०८९**

काठमाण्डौ उपत्यकाको चक्रपथ, वनस्थली चोक देखि करिब १.७ कि.मी. पश्चिम तर्फ रानीवनको काखमा रहेको रमणीय,स्वच्छ वातावरण सहितको पूर्वाधारयुक्त देहाय बमोजिमका विकसित घडेरी प्लटहरु गोप्य शिलबन्दी वोलपत्रको माध्यमबाट बढावढमा बिक्री गरिने भएको हुँदा इच्छुक नेपाली नागरीकहरुले यो सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र कार्यालय समय भित्र आयोजना साईट कार्यालय इचंगुनारायणबाट रु ३,०००।-(तिन हजार/फिर्ता नहुने गरी) रकम सिद्धार्थ बैंक, ईचंगुनारायण शाखा स्थित खाता नं. ०१९१५२६५९३३ मा जम्मा गरेको सक्कल बैंक भौचर बुझाई बोलपत्र फारम खरिद गरी आफुले खरिद गर्न चाहेको प्लटको जम्मा मूल्य अंक र अक्षर दुवैमा प्रष्ट उल्लेख गरी कबोल अंकको १० प्रतिशतले हुन आउने धरौटी रकम राष्ट्रिय वाणिज्य बैंक, सिहंदरबार शाखा स्थित खाता नं. ११३०००३३१६०१ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर संलग्न राखी नागरीकताको प्रतिलिपि सहित ३१ औं दिनको १२ बजे भित्र गोप्य शिलबन्दी बोलपत्रहरु काठमाडौं उपत्यका विकास प्राधिकरणको कार्यालय, अनामनगरमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**टेण्डर मार्फत बिक्री गरिने जग्गाको विवरण**

| सि. नं. | प्लट नं. | ब्लक नं. | नयाँ कि.नं. | सिट नं. | क्षेत्रफल (व.मी.) | मोहडा (मिटर) | बाटो (मिटर) | तर्फ | बिक्री मूल्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | प्रति आना न्युनतम दर | जम्मा न्युनतम मूल्य |
| १ | १४ | F | ४ | १०२-०९८२-१५<br>१०२-०९८२-१० | १७७.०० | १०.८० | ६ | उत्तर | ३२०००००।०० | १,७८,१३,५६२।०० |
| २ | २५ | R | १६४ | १०२-०९८२-१४ | १३८.०० | ७.४५ | ८ | पूर्व | ३६०००००।०० | १,५६,२४,६०७।०० |
| ३ | २८८ | AD | २ र ५७ | १०२-०९८२-२०<br>१०२-०९८२-१९ | १६०.०० | ८.२० | ६ | पश्चिम | ३२०००००।०० | १,६१,०२,६५५।०० |
| ४ | ८ | D | ४३ | १०२-०९८२-१५ | १३९.०० | ६.४५ | ६ | पश्चिम | ३२०००००।०० | १,३९,८९,१८१।०० |
| ५ | १०a | A | ३ | १०२-०९८२-१० | ९१.०० | ७.२० | ६ | उत्तर | ३२०००००।०० | ९१,५८,३८५।०० |
| ६ | २६ | D | १९६ | १०२-०९८२-१५ | ११०.०० | ६.०० | ६ | पश्चिम | ३२०००००।०० | १,१०,७०,५७५।०० |
| ७ | ५७ | W | २४९ | १०२-०९८२-१३ | १०२.०० | ७.८० | ४ | उत्तर | २८०००००।०० | ८९,८२,२६२।०० |

क. म्यादभित्र दर्ता हुनआएका बोलपत्रहरु सोही दिन दिनको २ बजे काठमाडौं उपत्यका विकास प्राधिकरणको कार्यालय, अनामनगरमा बोलपत्रदाता वा प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाताहरुको प्रतिनिधि अनुपस्थित रहेमा पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन।

ख. रित नपुगेका बोलपत्रहरु उपर कुनै कार्यवाहि हुने छैन।

ग. विस्तृत जानकारी बोलपत्र फारमबाट प्राप्त गर्न सकिने छ।

घ. बोलपत्र स्विकृत गर्ने वा नगर्ने अन्तिम अधिकार आयोजनामा सुरक्षित रहने छ।

ङ. यो सूचना र बोलपत्र फारममा उल्लेख भएका कुराहरु सोही बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**आयोजना प्रमुख**

# निर्वाचितले फिर्ता लिएनन् धरौटी

आश गुरुङ (लमजुङ)

प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य तथा स्थानीय तहमा विजयी उम्मेदवारले राखेको धरौटी फिर्ता लिएका छैनन् । निर्वाचनमा ९० दिनभित्र विजयी उम्मेदवारले आफ्नो धरौटी रकम फिर्ताका लागि निवेदन नदिएमा स्वतः सरकारी खातामा जाने प्रावधान छ । जिल्ला निर्वाचन कार्यालयका अनुसार स्थानीय तहमा निर्वाचित ३ सय ९१ जनप्रतिनिधिमध्ये २ जनाले मात्रै धरौटी रकम फिर्ता लगेका छन् ।

कार्यालयका लेखापाल राजन ढकालका अनुसार सुन्दरबजार नगरपालिका प्रमुखमा निर्वाचित कांग्रेसका कृष्णप्रसाद कोइराला र दोर्दी–९ का वडाध्यक्षका उम्मेदवार राप्रपाका ठकुराप्रसाद गुरुङले मात्र धरौटी फिर्ता लगेका हुन् । आयोगले प्रमुख र उपप्रमुखका लागि १ हजार ५ सय, अध्यक्ष र उपाध्यक्षको लागि १ हजार र सदस्यका लागि ५ सय रुपैयाँ धरौटी तोकेको थियो । यसमा महिला, दलित, अल्पसंख्यक तथा आर्थिक विपन्नलाई ५० प्रतिशत धरौटी छुट गरिएको थियो । जिल्ला समन्वय समिति प्रमुख र उपप्रमुखका लागि २ हजार र सदस्यका लागि १ हजार ५ सय तोकिएको थियो । उनीहरूले समेत धरौटी फिर्ता लगेनन् ।

निर्वाचन कार्यालयका सूचना अधिकारी जिबाखर शर्माका अनुसार प्रतिनिधिसभातर्फ प्रतिउम्मेदवार १० हजार रुपैयाँ र प्रदेशसभातर्फ प्रतिउम्मेदवार ५ हजार रुपैयाँका दरले धरौटी तोकेको थियो । उम्मेदवारी दिएकामध्ये प्रतिनिधिसभातर्फ ३ जना, प्रदेशसभा (१) का २ जना र प्रदेशसभा (२) तर्फ २ जनाको मात्रै धरौटी जोगिएको छ । प्रतिनिधिसभातर्फ ३ जनाको ३० हजार रुपैयाँ र प्रदेशसभातर्फ ४ जनाको २० हजार रुपैयाँ धरौटी फिर्ता हुने भए पनि कसैले पनि लिन नआएको उनले बताए ।

जमानत जफत हुने प्रतिनिधिसभातर्फ ८ जना उम्मेदवारको ८० हजार रुपैयाँ र प्रदेशसभातर्फ ७ जनाको ३५ हजार रुपैयाँ गरी १ लाख ५० हजार रुपैयाँ धरौटी नेपाल सरकारको खातामा गएको छ । जिल्ला निर्वाचन अधिकारी नारायणप्रसाद सापकोटाका अनुसार उम्मेदवारले धरौटी फिर्ताबारे चासो नदिएको हुन सक्छ । फिर्ता लिनको लागि समय पनि नमिलेको हुन सक्छ । 'जित्ने जितिगयो । हार्ने हारिगयो । त्यसपछि चासो नदिएर पनि फिर्ता नलगेको हुनसक्छ,' उनले भने ।

सापकोटाका अनुसार प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचनमा भाग लिएका लमजुङका २२ उम्मेदवारमध्ये १५ जनाको धरौटी जफत भएको छ । धरौटी जफत हुने १५ मध्ये ११ जनाले १ प्रतिशत मतसमेत ल्याउन सकेनन् । प्रतिनिधिसभातर्फ ११ जना उम्मेदवार रहेकामा ८ जनाले धरौटी जोगाउन सकेनन् ।

# दाहालको सत्तारोहणले उत्साहित गोर्खाली

- चुनावी प्रतिबद्धता पूरा हुनेमा आशावादी
- आर्थिक समृद्धिको सुरुवात गोरखाबाटै सुरु गर्ने भनेका थिए दाहालले

हरिराम उप्रेती (गोरखा)



२०५२ फागुन १ मा तत्कालीन माओवादीको बैठक बसेको गोरखा, पालुङटार–८ स्थित घरमा खोपबहादुर कँडेल । उनको यही घरमा बसेको अन्तिम बैठकबाट माओवादीले जनयुद्धमा होमिने निर्णय गरेको थियो । तस्बिर : हरिराम/कान्तिपुर

शान्ति प्रक्रियामा आएदेखि नै संसदीय गणितलाई आफ्नो वरिपरि घुमाउन माहिर माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल मुलुकको ४४ औं प्रधानमन्त्री बनेका छन् । सशस्त्र द्वन्द्वको आधारभूमि मानिएको गोरखाबाट प्रतिनिधिसभा सदस्य निर्वाचित दाहाल प्रधानमन्त्री बनेसँगै उनले चुनावी प्रचारको क्रममा गरेको वाचाले मतदातामा उत्साह बढाएको छ । दाहालले सत्ताको बागडोर सम्हालेपछि यहाँका बासिन्दा आशावादी छन् ।

जनयुद्धको उद्गम थलोको रूपमा गोरखालाई चित्रित गर्दै विकास र समृद्धिको यात्रालाई यहींबाट अघि बढाउने भन्दै दाहालले मतदातामा आश्वासन बाँडेका थिए । त्यसताका उनी आफूले पढाएको आरुघाट, जनयुद्धको पहिलो सैन्य तालिम लिएको सिरानचोक, पहिलो हेडक्वाटर धुवाकोट, च्याङलीको साना किसान बैंकमा पहिलो फौजी आक्रमणको बारम्बार स्मरण गर्थे । माओत्सेतुङ चिङकाङसाङ फर्किएजस्तै आफू पनि जनयुद्धको आधारभूमि गोरखामा नयाँ ऊर्जाका लागि आएको बताउँदै भक्कानिएका थिए । गोरखा उक्लिएका दाहालले गोरखा–२ बाट जितेनन् मात्र, प्रधानमन्त्री नै बन्न पुगे ।

गोरखाबाट आर्थिक क्रान्ति र विकासको महाअभियान सुरुवात गर्ने बताएका दाहालले चुनावी प्रचारकै क्रममा आफूलाई प्रधानमन्त्रीको दाबेदारका रूपमा पनि प्रस्तुत गरेका थिए । गोरखाली मतदाताले उनलाई फराकिलो मतान्तरले जिताए पनि । 'गोरखाबाट विजयी बन्दा नया गौरवको अनुभूति भएको छ, यसलाई जीवनको अन्तिम अवसर र जिम्मेवारीका रूपमा लिएको छु,' उनले भनेका थिए । सत्ता गठबन्धनकै घटकबाट अपेक्षाकृत मत आफूलाई नआएकोमा दाहालको गुनासो पनि थियो ।

जनयुद्धपूर्व तत्कालीन नेकपा मसालको मुख्यालय दाहालले धुवाकोटस्थित खोपबहादुर कँडेलको धन्सारमा स्थापना गरेका थिए । जनयुद्धपूर्व दाहाल, तत्कालीन माओवादीका नेता मोहन वैद्य र रामबहादुर थापाले कँडेलकै घरमा बसेर वर्गसंघर्षको विश्लेषण गरेका थिए । '०४५ सालतिरै हो, नेपालको विभिन्न ठाउँ र गोरखाका तीन गाउँको तथ्यांक लिएर वर्ग विश्लेषण भएको थियो, जनयुद्धका लागि फौजी र राजनितिक कार्यदिशाको तयारी पनि यहींबाट भएको थियो,' कँडेल सम्झन्छन् ।

फौजी र राजनीतिक कार्यदिशासहित जनयुद्धमा जाने अन्तिम निर्णयका लागि २०५२ भदौ १७ र १८ मा साविकको धुवाकोट गाविसस्थित कँडेलको घरमा अन्तिम बैठक बसेको थियो । 'गोरखा बैठक' नाम दिइएको उक्त बैठकमा १७ नेता उपस्थित थिए । 'हामी फोटोलाई मान्यता दिन्नथ्यौं, अन्तिम बैठकपछि मरिन्छ कि बाँचिन्छ भनेर सामूहिक तस्बिर पनि यही घरमा लिइएको थियो,' कँडेलले भने । तस्बिरका लागि तत्कालीन माओवादी नेता बाबुराम भट्टराईले जोडबल गरेका थिए । माओवादीको फौजी आक्रमणको सुरुवात पनि च्याङ्लीको साना किसान विकास अयोजनाबाट भएको थियो । 'मध्य, पश्चिम र पूर्व कमाण्ड थिए, मध्यकमान्डअन्तर्गत साना किसान विकास आयोजनामा पहिलो फौजी कारबाही भएको हो,' कँडेल भन्छन्, 'अन्यत्र पनि एकैसाथ कारबाहीको योजना थियो, च्याङलीमा त्यो दिन साना किसान बैंकबाट तमसुक झिकेर किसानलाई वितरण गरिएको थियो ।' विचार र राजनीतिक कार्यदिशाको दृष्टिकोणले अनुसन्धानको थलो, फौजी कारबाहीको सुरुवात भएको जनयुद्धको आधारभूमिबाट अब विकास र समृद्धिको सुरुवात हुनेमा कँडेललाई आशा पलाएको छ । 'माओवादीको आधार क्षेत्र पनि हो, धेरै ठाउँमा वाचा पनि गर्नुभएको छ, प्रधानमन्त्री जस्तो पदमा पुगीसकेपछि केही त गर्नुहुन्छ भन्ने आशा छ,' उनले भने, 'निर्वाचन जितेर जनप्रतिनिधि भइसकेपछि उहाँको जिम्मेवारी पनि हो, यो उहाँको गाउँ भयो, फेरि उहाँको अभिव्यक्ति, इच्छा, चाहना र वाचाहरू पनि छन् ।'

गोरखा–२ बाट निर्वाचित सांसद ११ वर्षपछि प्रधानमन्त्री बनेका हुन् । दोस्रो संविधान सभापछि गोरखाबाट विजयी तत्कालीन माओवादी नेता बाबुराम भट्टराई प्रधानमन्त्री बनेका थिए । यतिबेला दाहाल उक्त पदमा पुगेपछि चुनावी वाचा पूरा हुनेमा पालुङटार–१ खोप्लाङका सन्तोष पोखरेल पनि आशावादी देखिए । 'धुले बाटो पिच गर्छु भन्नुभएको छ, विश्वास गरेर भोट हालेको प्रतिनिधि ठाउँमा पुगेपछि केही हुन्छ भन्ने आशा छ,' उनले भने, 'अहिले पनि केही भएन भने यो क्षेत्रमा कहिलै केही हुँदैन, विकास, समृद्धि, सुख, सुविधा, पूर्वाधार निर्माणका कुरा देख्न पाइयोस्, यही हाम्रो अपेक्षा हो ।'

दाहाल गोरखा–२ मा नेपाली कांग्रेससँगको गठबन्धनबाट विजयी बनेका थिए । तर एमालेसँग गठबन्धन गरेर प्रधानमन्त्री बनेपछि कांग्रेस कार्यकर्ताले भने मिश्रित प्रतिक्रिया दिएका छन् । जिल्लाको विकास निर्माणको गति अघि बढे प्रधानमन्त्री बनेको सार्थकता बढ्ने कांग्रेसका जिल्ला सहसचिव लुमनाथ लामिछानेले बताए । 'गोरखाबाट निर्वाचित सांसदले प्रधानमन्त्री पाउनु राम्रो कुरो हो,' उनले भने, 'अब जिल्लाका सडक, स्वास्थ्यको विकासमा ध्यान जाओस्, शिक्षामा सुधार होस्, यी कुराले गोरखाले प्रधानमन्त्री पायो कि पाएन भोलिका दिनमा बताउछ ।' कांग्रेससँगको गठबन्धन नटुटोस् भन्ने चाहना रहे पनि एमालेसँगको गठबन्धन स्वाभाविक रूपमा लिएको उनले बताए । 'कांग्रेससँगै गठवन्धन होस भन्ने चाहना हो, तर राजनितिमा सबै खेल र ढोका खुल्ला हुन्छ,' उनले भने ।

आफ्ना लागि पनि दाहालले वाचा पूरा गर्ने गोरखा क्याम्पसका प्राध्यापक तथा कानुन व्यवसायी यादव शर्मा बताउँछन् । 'प्रधानमन्त्री, उपप्रधानमन्त्री गोरखाले पायो भन्ने कुरामा उत्साह छ,' उनले भने, 'चुनावका वाचा र सर्वोच्च पद पुगिसकेपछि आफ्ना अस्तित्वका लागि पनि केही प्रयास हुन्छ, केही गर्छन्, तर सबै वाचा पूरा हुन्छ भन्न सकिँदैन । सरकार गठबन्धनको छ, सबैलाई चित्त बुझाउनुपर्छ, सरकारको साधान स्रोत पनि कति परिचालन हुन सक्छ भन्ने कुरा पनि हुन्छ ।'

दाहालले चुनावमा गरेका वाचा पत्याइहाल्ने अवस्था नरहेको द्वन्द्वपीडित तथा द्रव्यशाह बहुमुखी क्याम्पसका प्रमुख रामचन्द्र दवाडी बताउँछन् । 'प्रचण्ड प्रधानमन्त्री भएर वाचा पूरा गर्नेमा उत्साहित र आशावादी छैनौं,' उनले भने, 'द्वन्द्वपीडितले न्याय प्राप्तिको आन्दोलन गरेको दुई दशक भयो, न्याय प्राप्तिको आन्दोलन जारी छ, न्याय दिने र पीडकलाई सजाय दिने कुरामा इच्छाशक्ति देखिएन ।' द्वन्द्वपीडितलाई न्याय दिने कुरा नयाँ प्रधानमन्त्रीले प्राथमिकताका साथ अघि बढाउनुपर्ने उनले बताए ।

# सडक महोत्सवको तयारी पूरा

पोखरा (कास)– अंग्रेजी नयाँ वर्षको 'ब्रान्ड' बनेको पोखरा सडक महोत्सवको तयारी पूरा भएको छ । रेस्टुरेन्ट एन्ड बार एसोसिएसन अफ नेपाल (रेवान) पोखराद्वारा आयोजित २४ औं संस्करणको महोत्सव बुधबारदेखि सुरु हुँदै छ । महोत्सव ५ दिनसम्म चल्नेछ । सडकमै खाऔं, सडकमै नाचौं र रमाऔं भन्ने नारासाथ आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले रेवान पोखराले महोत्सव गर्दै आएको छ । लेकसाइडको फिस्टेल गेटदेखि खहरेचोक हुँदै जरेवरसम्म हुने महोत्सवको तयारी पूरा भएको आयोजक रेवान पोखराका अध्यक्ष नरेशबहादुर भट्टराईले सोमबार पत्रकार सम्मेलनमा जनाए । महोत्सवले कोरोनापछि शून्य रहेको पर्यटन क्षेत्रलाई चलायमान बनाउने विश्वास उनले गरे । साथै लोपोन्मुख भेषभूषा, कला, संस्कृति, ग्रामीण भेगमा उत्पादित घरेलु सामग्रीको संरक्षण र प्रवर्द्धन, पर्यटन क्षेत्रले विदेशी मुद्रा आर्जन, आर्थिक क्रियाकलाप अभिवृद्धि तथा समग्र आर्थिक विकास र समुन्नतिमा सहयोग पुग्ने आशा लिइएको उनले जनाए ।

महोत्सवका बेला सडकमा अत्यावश्यक सवारी साधनलाई अवरोध नहुने गरी स्वदेशी तथा खाना प्रवर्द्धन, ग्रामीण भेगका कृषि तथा फलफूल प्रदर्शन, लोपोन्मुख सांस्कृतिक कार्यक्रम, खेलकुद, दोहोरी र लाइभ कन्सर्ट हुने बताइएको छ । सडकमा दैनिक राई र लिम्बूको च्याब्रुङ र साकेला नृत्य, भैरव पूजा, तयामचा, लाखे, घाँटु, सोरठी, छेडु, तामाङ सेलो, कौरा, मारुनी, रोदी, झाम्रो नाँच देखाइनेछ । थारुजातिको संस्कृति र पंचेबाजा पनि महोत्सवमा घन्किनेछन् ।

कोमागाने पार्कमा दिनभर लोकदोहोरी र राति लाइभ कन्सर्ट हुनेछ । गौरीघाट, सेन्टर प्वाइन्ट र खहरेमा सांस्कृतिक नृत्य साँझ, रात्रिकालीन बसको व्यवस्था पनि गरिएको छ । सहिद चोक र डिहीको पाटनदेखि बगर, लामाचौर, अमरसिंहचोकसम्म राती ११ बजेसम्म र पुस १५ र १६ मा अबेरसम्म सवारी साधन चल्नेछन् । 'पर्यटन चलायमान बनाउने मुख्य उद्देश्य हो' भट्टराइले भने, 'पाहुनाको स्वागत गर्न पर्यटन व्यवसायी तयार रहेको सन्देश यसले दिनेछ ।'


## एम.ए.डब्लु. इन्भेष्टमेन्ट प्रा.लि.
(M.A.W. Investment Pvt. Ltd.)

(नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज कर्जा प्रदान गर्न इजाजतपत्र प्राप्त संस्था)

**एम.ए.डब्लु. इन्भेष्टमेन्ट प्रा.लि. त्रिपुरेश्वरको कर्जा रकम चुक्ता भुक्तान गर्न आउने बारे तपसिलमा उल्लेखित ऋणीहरूलाई ३५ दिने सार्वजनिक सूचना साथै कालोसुचिमा समाबेश गरिने बारे**

(प्रथम प्रकाशित मिति २०७९।०९।१२ गते मंगलबार कान्तिपुर राष्ट्रिय दैनिक)

नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज कर्जा प्रदान गर्न इजाजतपत्र प्राप्त यस एम.ए.डब्लु. इन्भेष्टमेन्ट प्रा.लि. बाट हायर पर्चेज कर्जा शिर्षक अर्न्तगत सवारी साधन खरिद गर्नको लागि कर्जा उपयोग गर्नु हुने तपसिलमा उल्लेखित तपाई ऋणीहरुलाई सो उपयोग गर्नुभएको कर्जाको साँवा, ब्याज तथा दे दस्तुर समेत यस कम्पनीसँग गरेको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउन पर्नेमा सो नतिरी नबुझाई अनियमित गर्नुभएको हुँदा कर्जा रकम चुक्ता भुक्तान गर्ने सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तर-ताकेता तथा सार्वजनिक सूचना मार्फत जानकारी गर्दा समेत सोको बेवास्ता आलटाल गरी यस कम्पनीलाई तिर्न बुझाउन पर्ने रकम नबुझाई कर्जा सम्बन्धी यस कम्पनी समक्ष उपस्थित भई लेखाई दिनुभएको कर्जा तमसुक शर्त कबुलियतको शर्त बन्देजहरु उल्लंघन गनुभएकोले कर्जा रकम चुक्ता गर्नको लागि यो ३५ (**पैतिस**) दिने सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस कम्पनीमा सम्पर्क राखी कम्पनीबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दस्तुर चुक्ता भुक्तान गर्न अनुरोध गरिन्छ । सो म्यादभित्र ऋणीले आफूले लिएको कर्जाको साँवा, ब्याज र अन्य दस्तुर चुक्ता भुक्तान नगरेमा नेपाल राष्ट्र बैंक ऐन, २०५८, नेपाल राष्ट्र बैंकको नियम तथा विनियमहरु, कम्पनीको नियम तथा प्रचलित कानून वमोजिम यस कम्पनीसँग भए गरेको लिखत अनुसार ऋणी एवं व्यक्तिगत जमानीकर्ता समेतलाई कानूनी कारवाही गरी कम्पनीको लेना रकम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गरी असुल उपर गरिने छ । तसर्थ वित्तिय अनुशासन कायम गरी तोकिएको म्याद भित्र कर्जा रकम चुक्ता भुक्तान गर्नहुन पुनः ऋणी, धितो लेखी दिने र व्यक्तिगत जमानीकर्ताहरुलाई साथै कालोसुचिमा समाबेश समेत यसै सूचनाबाट जानकारी लिनुहुन सुचित गरिन्छ ।

### तपसिल

| क्र.स. | ऋणी तथा जमानतकर्ताहरु | धितो सुरक्षणको विवरण | ऋणी तथा जमानतकर्ताहरुको फोटो |
|---|---|---|---|
| १. | **ऋणीको नाम ,थर र ठेगाना :**<br>**नाम** : मुस्कान कन्स्ट्रक्सन<br>**रजिष्टर्ड ठेगाना** : सुनसरी जिल्ला इनरवा न.पां. वडा नं. ०१<br>**दर्ता नं** : १३००६।०७३।०७४<br>**दर्ता मिति** : २०७४।०३।२७<br>**प्यान नं** : ६०६२४२७५६ | सवारी दर्ता नं : को.१.क २८४५<br>सवारी मोडलं.: 3DX Super Backhoe Loader<br>इन्जिन नं.: H00160092<br>च्यासिस नं. : HARD3DXSUH02580172<br>रंग: पहेलो<br>बनेको साल: २०१७ | |
| क. | **जमानतकर्ताको नाम, थर र ठेगानाः**<br>**नाम** : रिता देवी साह **वर्ष** : ४१<br>**श्रीमानको नाम** : गोविन्द प्रसाद साह हलुवाइ<br>**ससुराको नाम** : लक्ष्मी साह हलुवाइ<br>**साविक ठेगाना** : सुनसरी जिल्ला श्रीपुर जब्दी वडा नं. ६<br>**ठेगाना** : सुनसरी जिल्ला इनरवा न.पां. वडा नं. ०४<br>**ना.प्र.नं.**: ०६३०४७/४२६४ **जारी मितिः** २०६३/१२/१२ | | <br>रिता देवी साह |
| ख. | **नाम** : गोविन्द प्रसाद साह हलुवाइ **वर्ष** : ४६<br>**बाबुको नाम** : लक्ष्मी साह हलुवाइ<br>**बाजेको नाम** : गनेसिसा साह<br>**साविक ठेगाना** : सुनसरी जिल्ला श्रीपुर बडा नं. ०६<br>**ह्ालको ठेगाना** : सुनसरी जिल्ला इनरवा न.पां. वडा नं. ०४<br>**ना.प्र.नं.**: २११२५/२३१२५ **जारी मितिः** २०५१/०१/२७ | | <br>गोविन्द प्रसाद साह हलुवाइ |
| २. | **ऋणीको नाम, थर र ठेगाना :**<br>**नाम** : सेसेफुङ कन्स्ट्रक्सन प्रा.लि.<br>**रजिष्टर्ड ठेगाना** : धनकुटा जिल्ला साँगुरीगढी गा.पा-६<br>**दर्ता नं** : २६६२०२/०७८/०७९<br>**दर्ता मिति** : २०७८।०४।१५<br>**प्यान नं** : ६१००३९१५५ | सवारी दर्ता नं.: प्रदेश १-०२-००१ क ४३६८ नं. को JCB NXT 221 Tracked Excavator<br>मेसिन नं.: PUNJD22APM2900358<br>इन्जिन नं.: 84937288<br>बनेको साल: 2021<br>सवारी रङ : पहेंलो<br><br>सवारी दर्ता नं.: प्रदेश १-०२-००१ क ४३६५ नं. को JCB NXT 221 Tracked Excavator<br>मेसिन नं.: PUNJD22APM2900361<br>इन्जिन नं.: 84937513<br>बनेको साल: 2021<br>सवारी रङ : पहेंलो<br><br>(जमानतकर्ता सीता कुमारी लिम्बुको नाउँमा रहेको सुनसरी जिल्ला, घोपा न.पा ०२ मा अवस्थित कि. नं. ५८४ र ५८९ को ज.क्ष.बि ०-०-१७-० को अतिरिक्त जग्गा समेत) | |
| क. | **जमानतकर्ताको नाम, थर र ठेगानाः**<br>**नाम** : आशिष राई **वर्ष** : ३६<br>**बाबुको नाम** : द्रोण राई<br>**बाजेको नाम** : हर्क मान राई<br>**स्थायी ठेगानाः** धनकुटा जिल्ला भेडेटार गाविस -०४<br>**हालको ठेगाना** : धनकुटा जिल्ला साँगुरीगढी गारन.पा -०६<br>**ना.प्र.नं** : १५९ **जारी मिति** : २०५९।११।२२ | | <br>आशिष राई |
| ख. | **नाम** : शिवाञ्ली राई **वर्ष** : ३५<br>**श्रीमानको नाम** : आशिष राई<br>**ससुराको नाम** : द्रोण राई<br>**स्थायी ठेगाना** : धनकुटा जिल्ला भेडेटार गाविस -०४<br>**हालको ठेगाना** : धनकुटा जिल्ला साँगुरीगढी गारन.पा -०६<br>**ना.प्र.नं** : ०७३०१४/५६ **जारी मिति** : २०६३।११।२६ | | <br>शिवाञ्ली राई |
| ग. | **नाम** : जिवन लिम्बु **वर्ष** : ३३<br>**बाबुको नाम** : सुरेन्द्र बहादुर लिम्बु<br>**बाजेको नाम** : गंगा बहादुर लिम्बु<br>**स्थायी ठेगाना** : धनकुटा जिल्ला भेडेटार गाविस -०४<br>**हालको ठेगाना** : धनकुटा जिल्ला साँगुरीगढी गारन.पा -०६<br>**ना.प्र.नं** : ३९५ **जारी मिति** : २०६२।०४।२५ | | <br>जिवन लिम्बु |
| घ. | **नाम** : लिला माया लिम्बु **वर्ष** : ३०<br>**श्रीमानको नाम** : जिवन लिम्बु<br>**ससुराको नाम** : सुरेन्द्र बहादुर लिम्बु<br>**स्थायी ठेगाना** : धनकुटा जिल्ला भेडेटार गाविस -०४<br>**हालको ठेगाना** : धनकुटा जिल्ला साँगुरीगढी गारन.पा -०६<br>**ना.प्र.नं** : ०७३०१४/१०२ **जारी मिति** : २०७०।०२।०६ | | <br>लिला माया लिम्बु |
| ङ. | **नाम** : सुरेन्द्र बहादुर लिम्बु **वर्ष** : ५७<br>**बबुको नाम** : गंगा बहादुर लिम्बु<br>**बाजेको नाम** : मनोज ध्वज लिम्बु<br>**स्थायी ठेगाना** : धनकुटा जिल्ला भेडेटार गाविस -०४<br>**हालको ठेगाना** : धनकुटा जिल्ला साँगुरीगढी गारन.पा -०६<br>**ना.प्र.नं** : ७९२४ **जारी मिति** : २०३९।१०।२० | | <br>सुरेन्द्र बहादुर लिम्बु |
| च. | **नाम** : सीता कुमारी लिम्बु **वर्ष** : ५८<br>**श्रीमानको नाम** : सुरेन्द्र बहादुर लिम्बु<br>**ससुराको नाम** : गंगा बहादुर लिम्बु<br>**स्थायी ठेगाना** : धनकुटा जिल्ला भेडेटार गाविस -०४<br>**हालको ठेगाना** : धनकुटा जिल्ला साँगुरीगढी गारन.पा -०६<br>**ना.प्र.नं** : २२३०६ **जारी मिति** : २०४७।०९।०८ | | <br>सीता कुमारी लिम्बु |

**कर्पोरेट कार्यालय , त्रिपुरेश्वर, काठमाडौं, नेपाल, फोन नं. ०१-५३३३०४८, ५३३२४९९**

पुनश्च : यसै सूचनालाई आधार मानी कम्पनीलाई तिर्न बुझाउनु पर्ने कर्जा किस्ता रकम वक्यौता रहेका ग्राहक महानुभावहरुले यथा समयमानै चुक्ता भूक्तान गर्नु हुन अनुरोध गर्दछौं । अन्यथा उपरोक्तानुसार सूचना प्रकाशित गरिने व्यहोरा सम्बन्धित पक्षलाई जानकारी गराइन्छ ।



## काठमाडौं उपत्यका विकास प्राधिकरण
### इचङ्गुनारायण (रानीवन) जग्गा एकीकरण आयोजना (दोस्रो)
अनामनगर, काठमाडौं ।

**विकसित घडेरी विक्रीको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७९/०९/१२ गते**

**सम्पर्क नं.०१४८८१०८९**

काठमाण्डौ उपत्यकाको चक्रपथ, वनस्थली चोक देखि करिब १.७ कि.मी. पश्चिम तर्फ रानीवनको काखमा रहेको रमणीय,स्वच्छ वातावरण सहितको पूर्वाधारयुक्त देहाय बमोजिमका विकसित घडेरी प्लटहरु गोप्य शिलबन्दी वोलपत्रको माध्यमबाट बढावढमा विक्री गरिने भएको हुँदा इच्छुक नेपाली नागरीकहरुले यो सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र कार्यालय समय भित्र आयोजना साईट कार्यालय इचंगुनारायणबाट रु ३,०००।-(तिन हजार/फिर्ता नहुने गरी) रकम सिद्धार्थ बैक, ईचंगुनारायण शाखा स्थित खाता नं. ०१९१५२६५९३३ मा जम्मा गरेको सक्कल बैंक भौचर बुझाई बोलपत्र फारम खरिद गरी आफुले खरिद गर्न चाहेको प्लटको जम्मा मूल्य अंक र अक्षर दुवैमा प्रष्ट उल्लेख गरी कबोल अंकको १० प्रतिशतले हुन आउने धरौटी रकम राष्ट्रिय वाणिज्य बैंक, सिहंदरबार शाखा स्थित खाता नं. ११३०००३३१६०१ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर संलग्न राखी नागरीकताको प्रतिलिपि सहित ३१ औं दिनको १२ बजे भित्र गोप्य शिलबन्दी बोलपत्रहरु काठमाडौं उपत्यका विकास प्राधिकरणको कार्यालय, अनामनगरमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**टेण्डर मार्फत बिकी गरिने जग्गाको विवरण**

| सि. नं. | प्लट नं. | ब्लक नं. | नयाँ कि.नं. | सिट नं. | क्षेत्रफल (व.मी.) | मोहडा (मिटर) | बाटो (मिटर) | तर्फ | बिक्री मूल्य: प्रति आना न्युनतम दर | बिक्री मूल्य: जम्मा न्युनतम मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १४ | F | ४ | १०२-०९८२-१५<br>१०२-०९८२-१० | १७७.०० | १०.८० | ६ | उत्तर | ३२०००००।०० | १,७८,१३,५६२।०० |
| २ | २५ | R | १६४ | १०२-०९८२-१४ | १३८.०० | ७.४५ | ८ | पूर्व | ३६०००००।०० | १,५६,२४,६०७।०० |
| ३ | २८८ | AD | २ र ५७ | १०२-०९८२-२०<br>१०२-०९८२-१९ | १६०.०० | ८.२० | ६ | पश्चिम | ३२०००००।०० | १,६१,०२,६५५।०० |
| ४ | ८ | D | ४३ | १०२-०९८२-१५ | १३९.०० | ६.४५ | ६ | पश्चिम | ३२०००००।०० | १,३९,८९,१८१।०० |
| ५ | १०a | A | ३ | १०२-०९८२-१० | ९१.०० | ७.२० | ६ | उत्तर | ३२०००००।०० | ९१,५८,३८५।०० |
| ६ | २६ | D | १९६ | १०२-०९८२-१५ | ११०.०० | ६.०० | ६ | पश्चिम | ३२०००००।०० | १,१०,७०,५७५।०० |
| ७ | ५७ | W | २४९ | १०२-०९८२-१३ | १०२.०० | ७.८० | ४ | उत्तर | २८०००००।०० | ८९,८२,२६२।०० |

क. म्यादभित्र दर्ता हुनआएका बोलपत्रहरु सोही दिन दिनको २ बजे काठमाडौं उपत्यका विकास प्राधिकरणको कार्यालय, अनामनगरमा बोलपत्रदाता वा प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाताहरुको प्रतिनिधि अनुपस्थित रहेमा पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।

ख. रित नपुगेका बोलपत्रहरु उपर कुनै कार्यवाहि हुने छैन ।

ग. विस्तृत जानकारी बोलपत्र फारमबाट प्राप्त गर्न सकिने छ ।

घ. बोलपत्र स्विकृत गर्ने वा नगर्ने अन्तिम अधिकार आयोजनामा सुरक्षित रहने छ ।

ङ. यो सूचना र बोलपत्र फारममा उल्लेख भएका कुराहरु सोही बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**आयोजना प्रमुख**

## छोटकरी

### डाक्टरविहीन स्वास्थ्य केन्द्र

बर्दिया (कास)- राजापुर नगरपालिकास्थित प्राथमिक स्वास्थ्य केन्द्र एक महिनादेखि डाक्टरविहीन बनेको छ । डा. आलोक झा जागिर छाडेर हिँडेपछि स्वास्थ्य केन्द्र डाक्टरविहीन बनेको हो । दुई जना डाक्टरको स्थायी दरबन्दी रहेकामा कृष्ण खनाल एमडी अध्ययनका लागि काठमाडौंमा रहेको र भानुभक्त ढकाल अर्घाखाँची सरुवा भएका छन् । पालिकाले नियुक्त गरेका झाले काम गर्ने उपयुक्त वातावरण नभएपछि जागिर छाडेको बताए । 'हरेक कुरामा चरम राजनीति र मनमुटाव भयो,' उनले भने ।

### अर्गलीमा आलु प्रवर्द्धन महोत्सव

पाल्पा (कास)- तानसेन नगरपालिका-१४ अर्गलीमा आलु प्रवर्द्धन महोत्सव गरिएको छ । महोत्सवमा आलुका विभिन्न परिकारको प्रदर्शनी गरिएको हो । आलुको चुकाउनी, खिर, अचार, पकौडा, आलु चिप्स बनाएर प्रदर्शन तथा बिक्री वितरण गरिएको थियो । स्थानीय स्तरमा उत्पादित वस्तुको प्रदर्शनीसहित विविध सांस्कृतिक कार्यक्रम गरिएको ग्रामीण आर्थिक विकास संघका कार्यकारी निर्देशक लीलाबहादुर कार्कीले जानकारी दिए । अर्गलीलाई आलु पकेट क्षेत्रका रूपमा विकास गर्न र यसको प्रवर्द्धनका लागि पालिकाले ग्रामीण आर्थिक विकास संघसँग मिलेर महोत्सव गरेको हो । आलु प्रवर्द्धन महोत्सव गर्न तानसेन नगरपालिका, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (यूएनडीपी)को सहयोगमा ग्रामीण आर्थिक विकास संघ रेडाले समन्वय गरेको हो ।

### लुम्बिनीमा सडक खाना महोत्सव

भैरहवा (कास)- अंग्रेजी नयाँ वर्ष २०२३ को अवसर पारेर लुम्बिनीमा पर्यटन प्रवर्द्धनका लागि नवौं सडक खाना तथा सांस्कृतिक महोत्सव आयोजना गरिने भएको छ । लुम्बिनी होटल संघको आयोजनामा पुस १६ मा महोत्सव आयोजना गर्न लागिएको हो । स्थानीय खानपानका परिकारलाई स्थानीय संस्कृतिको अभिन्न अंगका रूपमा मान्दै यसबाट आन्तरिक र बाह्य पर्यटकको आकर्षणको माध्यम बनाउन महोत्सव आयोजना गरिएको लुम्बिनी होटल संघका अध्यक्ष गोविन्द ज्ञवालीले बताए । 'यो महोत्सवमा स्वदेशी र विदेशी खानाका परिकार उपलब्ध हुनेछन्,' उनले भने, 'स्थानीय विभिन्न जाति तथा समुदायको खानाको परिकारदेखि पाँचतारे होटलसम्मका खानाका परिकारको स्वाद पर्यटकले पाउने छन् ।' लुम्बिनीका विभिन्न मुलुकका अन्तर्राष्ट्रिय मन्दिर एवं विहारसँगको समन्वयमा विदेशी खानाका परिकार उपलब्ध गराइने भएको छ । महोत्सवमा चीन, जापान, कोरिया, भियतनाम, कम्बोडिया, म्यानमार, श्रीलंकालगायत देशका परिकार उपलब्ध हुनेछन् ।

# प्रदेश सरकार बनाउन एमाले अग्रसर

## एमाले नेतृत्वका ६ पार्टी र ३ स्वतन्त्रसमेत गरी ५५ सिट

**घनश्याम गौतम** (रूपन्देही)

केन्द्रीय सरकारमा नयाँ समीकरण बनेसँगै लुम्बिनी प्रदेशमा एमालेले आफ्नै नेतृत्वमा सरकार गठनको तयारी सुरु गरेको छ । केन्द्रमा बनेको गठबन्धनमा प्रदेश मुख्यमन्त्री विभाजनको टुंगो नलागे पनि ठूलो दलको हैसियतले यहाँ एमालेले प्रयास सुरु गरेको हो ।

लुम्बिनीमा ८७ सिटको प्रदेशसभामा २९ सिटसहित एमाले पहिलो दल बनेको छ । कांग्रेस २७ सिटसहित दोस्रो र माओवादी ९ सिटसहित तेस्रो दल बनेको छ । केन्द्रमा भएको गठबन्धनअनुसार लुम्बिनीमा नागरिक उन्मुक्तिका ४, राप्रपाका ४, जसपाका ३ र जनमत पार्टीका ३ सांसद छन् । कांग्रेस गठबन्धनमा रहेको लोसपाका ३, समाजवादी र जनमोर्चाका १/१ सांसद छन् । माओवादी निकट ३ नेताले स्वतन्त्रबाट जितेका छन् । केन्द्रको गठबन्धनअनुसार एमाले नेतृत्वमा रहेका ६ पार्टीका ५२ र तीन स्वतन्त्रसमेत गर्दा ५५ मत छ । तीमध्ये नागरिक उन्मुक्ति पार्टीले रेशम चौधरीको मुद्दा फिर्ता नभएसम्म सरकारमा नजाने तर सरकारलाई समर्थन गर्ने नीति लिएपछि लुम्बिनीमा एमाले वा माओवादी नेतृत्वमै सरकार गठनको सम्भावना बढेको हो । राप्रपाले पनि समर्थन गर्ने तर सरकारमा सहभागी नहुने नीति लिएको छ ।

एमाले नेताहरूले प्रदेश सरकारको विषयमा एमालेले ४, माओवादीले २ र जसपाले १ प्रदेशको नेतृत्व लिने गरी केन्द्रमा सहमति भएको दाबी गरेका छन् । जनमत पार्टीले केन्द्रीय सरकारमा मन्त्री लिएकाले प्रदेशमा पनि मन्त्री मात्र लिएर सरकारमा सहभागी हुनेछ । त्यस्तो अवस्थामा प्रदेश १, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेश एमालेले लिनेछ । वाग्मती र सुदूरपश्चिम प्रदेश माओवादीले लिएर अघि बढ्ने सम्भावना रहेको एमालेका एक केन्द्रीय पदाधिकारीले बताए । यद्यपि, सहमति नै हुन भने बाँकी छ । एमालेका लुम्बिनी प्रदेश अध्यक्ष राधाकृष्ण कँडेलले एमालेकै नेतृत्वमा लुम्बिनीमा सरकार बन्ने सम्भावना भएपछि त्यसको तयारीस्वरूप छलफल सुरु गरेको बताए । 'हामीले अनौपचारिक छलफल त गरिरहेका छौं,' उनले भने, 'त्यसलाई औपचारिकतामा लैजान केन्द्रकै निर्देशन कुर्दैछौं ।' उनले प्रदेश र मुख्यमन्त्री केन्द्रबाटै टुंगिने र त्यसपछि मन्त्रालय र मन्त्रीको विषयमा छलफल सुरु हुने बताए ।

लुम्बिनीको मुख्यमन्त्री एमालेको भागमा परेमा एमाले पोलिटब्युरो सदस्य, लुम्बिनी प्रदेश सह-इन्चार्ज र अघिल्लो सरकारमा मन्त्री भइसकेका लीला गिरी नै पहिलो दाबेदार हुन् । केन्द्रले नेतृत्वको क्षमता, अनुभव र पार्टीभित्रको पोर्टफोलियो नै हेरेर निर्णय गर्ने एमाले प्रदेश कमिटीका एक सदस्यले बताए । 'लुम्बिनी एमालेले पाएको अवस्थामा मुख्यमन्त्री को भन्ने केन्द्रबाटै टुंगो लाग्छ,' ती सदस्यले भने, 'सबै हेर्दा लीला गिरी नै हुने देखिन्छ ।' एमाले नेता गिरीले प्रदेश र मुख्यमन्त्री केन्द्रबाटै टुंगो लाग्ने भएकाले अहिले नै को मुख्यमन्त्री हुने भन्ने निर्णय नभइसकेको बताए । 'मेरो दाबेदारी स्वाभाविक हो,' उनले भने । गिरी रूपन्देही क्षेत्र नं. २ (१)बाट निर्वाचित हुन् । एमालेकै भागमा परेको अवस्थामा अर्घाखाँची (२)बाट प्रदेशसभामा निर्वाचित चेतनारायण आचार्यले पनि दाबी गर्दै आएका छन् । उनी पनि प्रदेश सरकारका पूर्वमन्त्री हुन् ।




त्यस्तै मुख्यमन्त्रीमै रूपन्देही ५ (१)बाट निर्वाचित यसअघि प्रदेशसभाका प्रमुख सचेतक भूमिश्वर ढकाल पनि दाबेदार छन् । रूपन्देही २ (२) बाट निर्वाचित प्रदेशका पूर्वमन्त्री भोजप्रसाद श्रेष्ठ र कपिलवस्तु १ (१)बाट निर्वाचित प्रदेशसभाको सार्वजनिक लेखा समितिका सभापति विष्णु पन्थीले पनि मुख्यमन्त्रीमा दाबी गर्दै संसदीय दलको नेता बन्ने लबिङमा छन् । केन्द्रले तोकेको अवस्थामा गिरी पहिलो प्राथमिकता र अर्घाखाँचीका आचार्य दोस्रो सम्भावनाको सूचीमा रहेको एमाले स्रोतको दाबी छ । एमालेले केन्द्रको निर्देशन आएपछि शपथग्रहणकै दिन दलको नेता चयन गर्ने गरी तयारी गरिरहेको छ ।

**माओवादीमा महराको सम्भावना**

लुम्बिनी प्रदेशको नेतृत्व माओवादीले पाएमा रोल्पा (१)बाट निर्वाचित जोखबहादुर महरा नै मुख्यमन्त्री बन्ने बताइएको छ । तर, प्रदेशसभामा बाँके १ (१) बाट निर्वाचित कृष्णा केसीले पनि दाबी गरिरहेकी छन् । त्यस्तै पाल्पा २ (२) बाट निर्वाचित तुलाराम घर्तीले पनि दाबी गरिरहेका छन् । तर, पुष्पकमल दाहाल 'प्रचण्ड'को सचिवालयमा बसेर लामो समय काम गरेका र सबैलाई मिलाएर अघि बढ्न सक्ने क्षमता भएका महरा नै माओवादीले प्रदेशमा मुख्यमन्त्री पाएमा उनै बन्ने निश्चित जस्तै रहेको नेताहरू बताउँछन् । माओवादीका प्रदेश अध्यक्ष सुदर्शन बरालले अझै केन्द्रबाट सिन नआएकाले कसको नेतृत्व भन्ने टुंगो नलागेको बताए । 'तैपनि हामीले छलफल सुरु गरेका छौं,' उनले भने, 'दुई ठूला दलभित्रैबाट हुने सम्भावना छ ।'

**दलको नेता चुन्न अलमल**

केन्द्रमा सरकार र गठबन्धनको अलमलका कारण लुम्बिनी प्रदेशमा अहिलेसम्म कुनै पनि दलले संसदीय दलको नेता चुनेका छैनन् । धेरै दलले प्रदेशसभाका सदस्यको शपथ ग्रहणकै दिन दलको नेता चुन्ने तयारी गरिरहेका छन् । प्रदेश सरकारको बैठक बसेर अधिवेशन आह्वान गर्नु पर्ने भएकाले सरकारले अधिवेशन आह्वानको निर्णय नगर्दासम्म शपथ ग्रहणको समय पनि अन्योलमै परिरहेको प्रदेशसभाका सचिव दुर्लभकुमार पुनले बताए । लुम्बिनी सरकारको प्रस्तावमा लुम्बिनी प्रदेशको स्थायी राजधानी दाङको देउखुरीमै पुस १५ गते सातै प्रदेशका मुख्यमन्त्रीहरूको सम्मेलन हुँदै छ । त्यसअघि शपथ ग्रहणको सम्भावना कम छ ।

'हामीले १६ वा १७ गतेका लागि तयारी गरिरहेका छौं,' सचिव पुनले भने, 'पुस २१ गतेभित्रै प्रदेशसभाको पहिलो बैठक बस्नै पर्ने बाध्यताले सकेसम्म छिटो शपथग्रहण गराउने प्रयास छ ।' निर्वाचन आयोगले अन्तिम परिणाम बुझाएको २० दिनभित्रै प्रदेशसभाको बैठक बस्नु पर्ने संवैधानिक बाध्यता छ । त्यसैले पुस २१ गतेभित्र प्रदेशसभाको पहिलो बैठक बसाल्ने गरी त्यसको ३/४ दिनअघि नै शपथ ग्रहण गर्ने तयारी गरिएको सचिवालयले जनाएको छ ।

## कांग्रेसद्वारा नेता चयन प्रक्रिया सुरु

कांग्रेस लुम्बिनी प्रदेशले प्रदेशसभामा संसदीय दलको नेता चयन प्रक्रिया सुरु गरेको छ । कांग्रेस प्रदेश समितिको कार्यसम्पादन समितिको सोमबार बुटवलमा बसेको बैठकले नेता चयन प्रक्रिया सुरु गर्ने निर्णय गरेको हो ।

समितिले सोमबार नै प्रदेशका सह-महामन्त्री खगराज पाण्डेको संयोजकत्वमा तीन सदस्यीय संसदीय दलको नेता तथा कार्यसमिति चयन उपसमिति गठन गरेको कांग्रेस लुम्बिनी प्रदेशसभापति अमरसिंह पुनले बताए । सदस्यमा विष्णुकुमारी सापकोटा र देवनारायण चौधरी छन् । लुम्बिनी प्रदेशमा दलको नेताका लागि कांग्रेसबाट चार जना दौडमा छन् । केन्द्रीय सदस्य एवं पूर्वमन्त्री रहेका रूपन्देहीका अब्दुल रज्जाक, प्रदेश सरकारका मन्त्रीसमेत रहेका दाङका डिल्लीबहादुर चौधरी, पाल्पाका वीरबहादुर राना र दाङकै राजु खनाल प्रतिस्पर्धामा छन् । तर, पुनले भने पार्टीको वरिष्ठताका आधारमा छनोट हुने परम्परा रहेकाले त्यही अनुसार हुने बताए । प्रदेशमा रज्जाक सिनियर छन् । त्यसपछि पाल्पाका राना र चौधरी छन् । सभापति पुनले संसदीय दलको नेता छनोटका लागि पुस १६ गतेभित्रै प्रक्रिया सुरु गरेर सकेसम्म सर्वसम्मत नेता छनोट गर्ने बताए । 'सकेसम्म सहमतिमै गर्ने प्रयास छ,' उनले भने, 'नभए लोकतान्त्रिक विधि र प्रक्रियाबाटै टुंगो लगाउँछौं ।'

बैठकले पार्टीका सहमहामन्त्री विष्णु मुस्कानको संयोजकत्वमा तीन सदस्यीय संसदीय दलको विधान निर्माण उपसमिति पनि गठन गरेको छ । सदस्यमा महेन्द्र पाण्डे र रिना नेपाल रहेका छन् । उपसमितिले शुक्रबारसम्ममा विधान तयार गर्ने जिम्मेवारी पाएको छ ।


## एम.ए.डब्लु. इन्भेष्टमेन्ट प्रा.लि.

MAW INVESTMENT 'गन्तव्यको सहयात्री'

(M.A.W. Investment Pvt. Ltd.)

(नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज कर्जा प्रदान गर्न इजाजतपत्र प्राप्त संस्था)

**एम.ए.डब्लु. इन्भेष्टमेन्ट प्रा.लि. त्रिपुरेश्वरको कर्जा रकम चुक्ता भुक्तान गर्न आउने बारे तपसिलमा उल्लेखित ऋणीहरुलाई ३५ दिने सार्वजनिक सूचना साथै कालोसुचिमा समाबेश गरिने बारे**

(प्रथम प्रकाशित मिति २०७९।०९।१२ गते मंगलबार कान्तिपुर राष्ट्रिय दैनिक)

नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज कर्जा प्रदान गर्न इजाजतपत्र प्राप्त यस एम.ए.डब्लु. इन्भेष्टमेन्ट प्रा.लि. बाट हायर पर्चेज कर्जा शिर्षक अर्न्तगत सवारी साधन खरिद गर्नको लागि कर्जा उपयोग गर्नु हुने तपसिलमा उल्लेखित तपाई ऋणीहरुलाई सो उपयोग गर्नुभएको कर्जाको साँवा, ब्याज तथा दे दस्तुर समेत यस कम्पनीसँग गरेको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउन पर्नेमा सो नतिरी नबुझाई अनियमित गर्नुभएको हुँदा कर्जा रकम चुक्ता भुक्तान गर्ने सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तर-ताकेता तथा सार्वजनिक सूचना मार्फत जानकारी गर्दा समेत सोको बेवास्ता आलटाल गरी यस कम्पनीलाई तिर्न बुझाउन पर्ने रकम नबुझाई कर्जा सम्बन्धी यस कम्पनी समक्ष उपस्थित भई लेखाई दिनुभएको कर्जा तमसुक शर्त कबुलियतको शर्त बन्देजहरु उल्लंघन गनुभएकोले कर्जा रकम चुक्ता गर्नको लागि यो ३५ (**पैतिस**) दिने सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस कम्पनीमा सम्पर्क राखी कम्पनीबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दस्तुर चुक्ता भुक्तान गर्न अनुरोध गरिन्छ । सो म्यादभित्र ऋणीले आफूले लिएको कर्जाको साँवा, ब्याज र अन्य दस्तुर चुक्ता भुक्तान नगरेमा नेपाल राष्ट्र बैंक ऐन, २०५८, नेपाल राष्ट्र बैंकको नियम तथा विनियमहरु, कम्पनीको नियम तथा प्रचलित कानून बमोजिम यस कम्पनीसँग भए गरेको लिखत अनुसार ऋणी एवं व्यक्तिगत जमानीकर्ता समेतलाई कानूनी कारवाही गरी कम्पनीको लेना रकम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गरी असुल उपर गरिने छ । तसर्थ वित्तिय अनुशासन कायम गरी तोकिएको म्याद भित्र कर्जा रकम चुक्ता भुक्तान गर्नहुन पुनः ऋणी, धितो लेखी दिने र व्यक्तिगत जमानीकर्ताहरुलाई साथै कालोसुचिमा समाबेश समेत यसै सूचनाबाट जानकारी लिनुहुन सुचित गरिन्छ ।

**तपसिल**

| क्र.स. | ऋणी तथा जमानतकर्ताहरु | धितो सुरक्षणको विवरण | ऋणी तथा जमानतकर्ताहरुको फोटो |
